चौथो संस्करणमा

यो "मन" उपन्यासको तेस्रो संस्करण पनि सिद्धिए छ र पाठकवर्गको रुचिअनुसार यो चौथो संस्करण अब साझा प्रकाशनबाट निस्केको छ । अरू विशेष उल्लेखनीय कुरा त मेरो केही छैन । अँ, श्री तारानाथ शर्मा, एम्० ए० ले उपन्यासलाई "वेगवान्"—भन्नु-भएको कुरा यसले आफैंले [illegible] गरेर देखाउँदैछ । यसले अरू कति वेग हान्ने हो भविष्यले [illegible] । मेघाच्छादित यो त चौथो वेग मात्र हो ।—

[illegible]ादी साम्राज्यक[illegible]

[illegible] । एक बङ्गलाको प्रांगणमा बलेका लालटिन र मैन्टुल [illegible]विजयी प्रकाशले अँधेरी रातको आन्द्रा भूँडी नै खोतलेर देखाइरहेको थियो । विद्रोहको बिगुल जस्तै सहनाईको साथमा विभिन्न बाजाहरू घन्किरहेका थिए, एक स्वरले—विवाहको । बादशाही बाजाको-ढर्रढाम्, ढर्रढाम्—गर्ने आवाजले गुँडगुँडमा वास बसिरहेका चराचुरुङ्गी-हरूको मुटु हान्थ्यो ।

पटाङ्गिनीमा मानिसहरूको निकै चहलपहल थियो, सब खुशी देखिन्थे, सब फन्याक र फुरुक् गरिरहेका थिए ।

दिउँसो जन्तीमा आउने मानिसहरूको स्वागत, सत्कारको निमित्त टाँगिएका पालहरू दुलहालाई पुऱ्याएर मानिसहरू फर्किसकेका भए पनि सब दुरुस्त थिए । ती पालहरू दुलहाका केही आत्मीय मानिसहरूको निम्ति एकलौटी भइरहेको थियो ।

दलानको भित्तामा तखता घडीको लङ्गूर बाह्र बजाएर हल्लि-रहेको थियो—टक् टक् टक् टक् ।

दुलहाको विश्रामको निमित्त सजिसजाऊ भुइँ-बैठक दिइएको थियो । भुइँ-बैठकमा दुलहाका साथीहरूको चुरोटको धूवाँ रङ्ग-बङ्गिरहेको थियो, व्यङ्ग्यात्मक गफ उडिरहेको थियो—दुलहाको समक्ष । दुलहा फुरुङ्ग परेर बराबर मुसुक्क हाँस्थे ।

एक

असार महीनाको मेघाच्छादित अँधेरी रात थियो । त्यस अँधेरी रातको कालो छायावादी साम्राज्यको भूँडी फोर्दै विद्रोह भइरहेको थियो—बानेश्वरमा । एक बङ्गलाको प्रांगणमा बलेका लालटिन र मैन्टुल बत्तीहरूका विजयी प्रकाशले अँधेरी रातको आन्द्रा भूँडी नै खोतलेर देखाइरहेको थियो । विद्रोहको बिगुल जस्तै सहनाईको साथमा विभिन्न बाजाहरू घन्किरहेका थिए, एक स्वरले—विवाहको । वादशाही बाजाको-ढर्रढाम्, ढर्रढाम्—गर्ने आवाजले गुंडगुंडमा वास बसिरहेका चराचुरुङ्गी-हरूको मुटु हान्थ्यो ।

पटाङ्गिनीमा मानिसहरूको निकै चहलपहल थियो, सब खुशी देखिन्थे, सब फन्याक र फुरुक् गरिरहेका थिए ।

दिउँसो जन्तीमा आउने मानिसहरूको स्वागत, सत्कारको निमित्त टाँगिएका पालहरू दुलहालाई पुऱ्याएर मानिसहरू फर्किसकेका भए पनि सब दुरुस्त थिए । ती पालहरू दुलहाका केही आत्मीय मानिसहरूको निम्ति एकलौटी भइरहेको थियो ।

दलानको भित्तामा तखता घडीको लङ्गूर बाह्र बजाएर हल्लि-रहेको थियो—टक् टक् टक् टक् ।

दुलहाको विश्रामको निमित्त सजिसजाऊ भुइँ-बैठक दिइएको थियो । भुईं-बैठकमा दुलहाका साथीहरूको चुरोटको धूवाँ रङ्ग-बङ्गिरहेको थियो, व्यङ्ग्यात्मक गफ उडिरहेको थियो--दुलहाको समक्ष । दुलहा फुरुङ्ग परेर बराबर मुसुक्क हाँस्थे ।

तेईस-चौबीस वर्षको उमेर, गहुँ गोरो बर्ण र अलि डल्ले डल्ले कदका भए पनि दुलहा नराम्रा थिएनन् ।

दुलहाका बाबु के हो बिर्सेर–मोटरमा घर गएका थिए ।

हाँसो उडिरहेको थियो ।

एउटाले साखुल्ले भएर भन्यो––

"यसरी न हाँस ए, माथि दुलहीले सुन्लिन्––अब सुत्न पनि त दिनुपर्छ !"

एक जना पण्डित जस्ताले भने––

"हो, हो अब एक छिन दुलहाले पनि सुत्नुपर्छ ! बाह्र बजिसक्यो, दुइ बजे त उठिहाल्नुपर्छ फेरि, दुइ–बीसको साइत छ कन्यादानको !"

अर्कोले हाँसोको एक हल्का लहर छोडेर भन्यो–

"हो, हो दुलहा साहेब, बाह्र बजेको भए सुत्नू के त !"

बाहिर बाजामा झ्याउरे गीत गम्किरहेको थियो––

"जानै लाग्यो, जानै लाग्यो दुइ दिनको लाउरे जोबन जानै लाग्यो !"

पण्डितले कराएर भने––

"बाजा पनि कति बजाउन लाइरहेको–ए मोहन, अब त एक छिन बन्द गर्न लाउनू, सुत्नुपर्छ ! !"

अर्कोले भन्यो––

"दुलहाको भाइ भइखाएर हो कि आज मोहनको फूर्ति नै बेग्लै छ,– बाजा पनि रातभरि नै बजाउन लाउने–रे, पालै पालोसँग !"

मोहन दुलहाका भाइ पर्ने एक नवयुवक थिए ।

बाहिर एउटा पालभित्र चुरोटको फिल्ल फिल्ल उज्यालोमा दबेको स्वरले एउटी स्वास्नीमान्छे भनिरहेकी थिई––

"छि: यो मोहन काजी त असाध्ये पात्तिएको बाऽ, अर्काको चुरा पनि फुट्यो !"

उस्तै दबेको स्वरमा मोहनले भने––

"तिमी कलस्यौली भएर आउने कुरा थाहा पाएको भए त हिजै म चुराहरू पनि खल्तीमा राखेर आउँथें !"

पालबाहिर करांसोको परखालबाट एउटा कालो छाया 'भुद्रुक्क' गरेर खसेको सुनेर पालभित्र मोहन र कलस्यौलीको सातोपुत्लो उड्यो।

कालो छाया दौडेर ढोकाबाहिर पुगेपछि त्यो छाया–छायामा मिलेर हरायो।

डरले मोहन र कलस्यौली एक ज्यान भएर लिप्सिए।

बाजा बजिरहेकै थियो—

"जानै लाग्यो, जानै लाग्यो—दुइ दिनको लाउरे जोबन जानै लाग्यो !"

दुइ

कप्तान नरबहादुर बिष्ट एक घरानिया व्यक्ति थिए। नेपालको पूर्व पहाडमा उनको कुल–घर भए पनि उनी सदरमा आएर सिपाहीदेखि क्रमैले कप्तानसम्म भएका थिए। उनको विहावारी घरजम, रसबस सदरमै भयो। सदरमा उनको घर बानेश्वरमा थियो––घर के, कप्तान्नीको इच्छावमोजिम आधुनिक बङ्गला थियो।

कप्तान्नीको माइती सम्पन्नशाली नै भएकोले उनी बाठी र लेखे-पढेकी सभ्य गृहिणी थिइन्।

नरबहादुर जमादार छँदा गठिला र सुन्दर नवजवान थिए। ठूलठूला घरमा उनी कवायद पढाउन जान्थे। एक ठाउँमा एउटी मैयाँ-साहेबले उनीमाथि दृष्टि लगाइन्। हुँदाहुँदा उनीहरूको सम्बन्ध बढ्दै गयो। मैयाँसाहेबका बुवा, मुमाले पनि उनीहरूको बीचको रसिलो सम्बन्ध थाहा पाए। थाहा पाउनु के थियो––उनीहरूले मैयाँसाहेब र नरबहादुरको विवाह गरिदिए। उनै मैयाँसाहेब––कप्तान्नी साहेब भएकी थिइन्। उनी मैयाँसाहेबबाट कप्तान्नी साहेबमा बदलिए पनि जमदार्नी छँदैदेखि बच्चा काढेर उनको अहिले आफू एउटीको सट्टा दुइटी मैयाँसाहेब तयार पारेकी थिइन्––मन र धन,––दुरूस्त उनी मैयाँसाहेब। उनी कप्तान्नी भएर चाउरिदै गए पनि उनको ऊ वेलाको आलमारीमा जडेको दुइपाखे ऐनामा देखिने आफ्ना दुइटा प्रतिविम्ब––ऐनाकै गर्भमा जस्ताका तस्तै रहेर, अहिले ऐना फोरेर प्रकट भएका हुन् कि भन्ने ठान्दथिन् कप्तान्नी–आफ्ना छोरी-हरूलाई देखेर।

कप्तानका छोरी मन र धन पहिले त चीनिया पुतली जस्ता मात्रै थिए । हुँदा हुँदा उनीहरूमा रस भरिदाभरिदा उनीहरू साँच्चिकै रसदार फल नै भएका थिए ।

मन उन्नाईसकी थिइन् । धन उनीभन्दा दुइ वर्षले कान्छी ।

मनका हाँसेका आँखा, सलक्क नाक, गुलाफी गाला, बान्की परेका ओठ र ती मोती जस्ता दन्त–पंक्ति अवर्णनीय थिए । फलयुक्त शाखा जस्तै उनको छिमेको कम्मरलाई पुष्ट जघनले भर दिएका थिए । ज्यादै राम्री थिइन्—मन । उनको कद, चम्पक वर्ण, हिसी सब कुरामा जादू थियो । उनी मुसुक्क हाँस्दा उनको गुलाफी गालामा परेको खोपिल्टा र बायाँपट्टि चिउँडोको गहत बान्कीको कालो कोठीलाई मानिसहरू लच्छिन-को चिह्न भन्दथे ।

मन र धन पढ्दै थिए । उनीहरूलाई पढाउनको निमित्त मास्टर राखिएको थियो ।

मनको प्रतिभा र सौन्दर्यमा एक नवयुवक मास्टर भुतुक्क थिए । बिस्तार बिस्तार मन र ती मास्टरमा रसवस भयो ।

एकातिर मनको बारेमा ठाउँ ठाउँमा विवाहको कुरा आइरहेको थियो । यतातिर मनको महीना नाघ्यो । आफ्नो महीना नाघेको कुरा उनले हडबडाएर, मास्टर साहेबलाई सूचना गरिन् । निर्दयी मास्टर त झन् आफ्नो कर्तूतको सूचना पाएको दिनदेखि आउनै छाडे ।

मनले मास्टरलाई बोलाउन पठाइन्—नजाने के के कारणले हो मास्टर आएनन् ।

मन आकाश पातालको भ्रमण गर्दै थिइन्—उडेको मनले । जे जस्तो अनुभव भइरहे पनि तीन महीना हुन लागे पनि—उनले महीना नाघेको कुरा यता अरू कसैलाई पनि भन्न सकेकी थिइनन्, थाहा दिएकी थिइनन् ।

विवाहको कुरा चलिरहेकै थियो ।

एउटा राम्रो ठाउँबाट विवाहको कुरा आएकोले—कप्तान,

कप्तान्नीले विवाहको कामकुरो छिन्नको निमित्त मनसित सल्लाह गरे—

"···ज्यादै असल ठाउँ छ। सबभन्दा बेस कुरा त केटा असल छन्, पढेका छन्। यत्तिको ठाउँ हम्मेसि पाइँदैन,—कुरा छिन्नुपर्‍यो !"

मनले साहस गरेर रुँदै भनिन्—

"बा, म बिहा गर्दिन !"

कप्तानले विचार गरे—'बिहा गर्ने छोरीका कुरा यस्तै हुन्छन् !'

कुरा छिन्ने नै पक्का भयो।

मनले आमासित भनिन्—

"आमा, म बिहा गर्दिन !"

कप्तान्नीले मनलाई सम्झाएर भनिन्—

'किन ?—बहिनीको पनि त बिहा गर्नु छ ! दिदीको बिहा नगरीकन बहिनीको बिहा कसरी गर्ने ? केटा बेस छन्, हेरेको हैन र—बिहा गर्नुपर्छ !"

विवाहको कामकुरो छिन्ने दिन आयो,—कामकुरो छिनियो।

मन भन्थिन्—

"धनकै बिहा गर्नू,—म गर्दिन !"

मनको कुरा सुनेर कप्तान्नी हाँस्थे।

तीन

चेतबहादुर सिंह काजीका एक मात्र छोरा थिए—वसन्त बहादुर सिंह। उनको घर लाजिमपाटमा थियो।

वसन्त,—पटना कालेजमा बी० ए० मा पढिरहेका थिए। उनमा सौन्दर्यको पनि ठूलो कदर थियो।

वसन्तलाई कालेजमा—वसन्त बहादुर सिंहको छोटकरीमा अंग्रेजी अक्षरले बी० बी० सिंह पनि भन्दथे।

शीला—वसन्तकी सहपाठी एक सुन्दरी लडकी थिइन्—कालेजकी—जोसित वसन्तको सँधै भेट हुन्थ्यो। उनीहरूको परस्परमा खूब हेलमेल भयो। सँधै भेट हुँदाहुँदै पनि उनीहरूले चिठीपत्रको आदान–प्रदान गर्न थाले।

शीला—भारतकी एक ब्राह्मण–कन्या थिइन्, वसन्त—नेपालका क्षत्री–पुत्र। उनीहरूले आपसको मेललाई नेपाल र भारतको सन्धि सम्झेका थिए। उनीहरूको ठूलठूलो आशा र सपना थियो।

पहिले पहिले तं शीला सब लडका, लडकीको अगाडि नैं वसन्तसित खुलेर कुरा गर्थिन्। वसन्त पनि सबको अगाडि शीलासित बोलचाल र व्यङ्ग्यात्मक कुरासमेत गर्दथे। वसन्तको व्यङ्ग्यात्मक कुराले शीलाको मुखमा लाली चढ्थ्यो—सब मजा मान्थे।

पछिपछि जब शीला र वसन्तमा घनिष्ठता बढ्दै गयो—उनीहरू आपसमा चाहिंदो कुरा गर्न पनि कसैले सुन्ला कि भनेर खूब डर मान्न थालेका थिए। मामूली मामूली कुरामा पनि उनीहरूको एकान्त हुन

थालेको थियो। जति जति उनीहरू एकान्त गर्थे—उति उति उनीहरूको भेद प्रकट हुन खोज्थ्यो। पहिले उनीहरू सुखी थिए; अब उनीहरूलाई चिन्ता र दुःखले सताउन लागेको थियो। शीला गम्भीर भएर हरबखत वसन्तको ध्यान गर्थिन्। वसन्त—शीलाको अनुपस्थितिमा पनि ती मृगनयनी शीलालाई देखिरहन्थे।

एक दिन पटनाको 'अशोक सिनेमा' हलमा अवसर पारेर वसन्तले आफ्नो कमजोर हृदयमा उथलपुथल मचाउँदै शीलासित आफ्नो हृद्रोग बताए—

"शीला, म एक छिन पनि तिमीलाई बिर्सन सक्तिन! तिमीलाई बिर्सुंला कि भन्ने डरले होला—निद्रा पनि लाग्दैन, निदाए पनि सपनामा त तिमीलाई नै देख्छु—के भएको होला?"

शीलाको पनि त्यही हाल थियो। वसन्तसित छुट्टिएर घरमा गए-पछि—फेरि वसन्तसंग भेट गर्न उनको हृदय छट्पटाइरहन्थ्यो। वसन्तसित भेटेर के के न कुरा गरूँला, कति न कुरा गरुँला—भन्ने लाग्थ्यो उनलाई। अब वसन्तसित एकान्त भेट गर्थिन्—उनको सारा कुरा कता हराउँथ्यो कता। वसन्तसित गर्ने कुरा नै पाउँदिनथिन्—उनी। वसन्तले बताएको कुरा सुनेर आँखा भरिभरि आँसु डबडबाउँदै वसन्तको हात आफ्नो हातमा लिएर शीलाले ज्यादै मुश्किलसँग मृदुकण्ठ खोलिन्—

"प्रेम!"

वसन्त आफ्नो परिस्थितिको चेतनतामा उत्रे। परिस्थितिले उन-लाई फसाइसकेको थियो। उनलाई समाज र कर्तव्यको संरुनाले नराम्रो-सित डसिरहेको थियो।

बाबुको आज्ञा र सल्लाहबिना आफूले यसरी शीलासित प्रेम गरेको कुरा बाबुले थाहा पाए—अवश्य सहने छैनन्—भन्ने कुरा वसन्तलाई थाहा भयो। उनलाई बाबुको रिस थाहा थियो। न उनी प्रेमको निम्ति कर्तव्यलाई पन्छाएर बाबुसित विरोध गर्न सक्तथे। बाबुसित विरोध गरे—पैसाको मूल सुक्थ्यो, भीखमङ्गा बन्नु पर्थ्यो, उनको दुनियाँ एकदम

नीरस हुन्थ्यो—त के गर्ने ?—यही चिन्तामा थिए वसन्त ।

आखिर चेतबहादुर काजीले वसन्त र शीलाको प्रेमको घुइरो घुइरो खबर सुनिहाले । यसमा काजीलाई ठूलो दुःख र पश्चात्ताप भयो । जुन छोरोलाई पढाएर, शिक्षित र लायक बनाएर, समाजमा एउटा मान्छे तुल्याएर ठड्याउने सपना देखेका थिए—आज उही छोरो उच्छृङ्खल र कुमार्गगामी भएर बिग्रेको उनले कसरी सहने ? आफ्नो पुरातन उच्च वंशको एक मात्र अग्राखको खम्बामा धमिरा लागेर घरै ढल्न लागेको उनले कसरी टुलु टुलु हेर्ने ?—फेरि उनको सम्पत्ति, घरजग्गा र बेखबिर्ताको उत्तराधिकारी पनि वसन्त मात्रै । उही वसन्तले पढ्न पठाएको ठाउँमा यसरी मनपरी गरेर बिग्रेको—उनले कसरी सहने ?

चेतबहादुर काजीले धैर्यपूर्वक रिसको सट्टा वात्सल्यको आँखा उघारेर विचार गरे—"यो वसन्तकोभन्दा पनि उसको जवानीको दोष हो । जवानीले मानिसलाई अन्धो तुल्याउँछ—बाटो कुबाटो केही देख्तैन । जवानीको प्यासले मान्छेलाई फोहर नालको पानी पनि पियाउँछ । बी० बी० सिंहको विवाह गर्ने बेला भइसक्यो । कदाचित् उसको विवाह भएको भए–यस्तो हुने थिएन । उसको विवाह गरिहाल्नु अत्यन्त जरूरी छ । विवाह भएपछि यौवनमार्गका यत्तिका काँढा आफै पन्छिन्छन् ।

काजी साहेबले आफ्नो मुखिनीसित पनि वसन्तको विवाह गर्ने कुराको सल्लाह गरे—जोई, पोइको सल्लाह मिल्यो ।

काजी साहेबले वसन्तलाई झिकाउन पटनामा जरूरी तार गरे । तारमा बोलावट सिवाय विशेष कुरा केही खोलिएको थिएन ।

आँसुको बाढीले बाटो छेकिरहेको शीलालाई वसन्तले सम्झाए—

"शीला, म नेपालबाट चाँडै नै फर्कन्छु; यहाँ फाइनल परीक्षा पनि त छ, विश्वास गर म चाँडै नै आउँछु ! चाँडै आउँछु सत्ये !"

वसन्तको विश्वासमा शीलाले आँसु पुछिन् । वसन्तले हवाइजहाज चढे ।

वसन्त घरमा आएपछि काजी साहेबले आफूले वसन्तको बारेमा

थाहा पाएको कुराको भावसम्म पनि देखाएनन् । बाबुको नीति नबुझेर होला—वसन्त पनि ढुक्क भए ।

ठाउँ ठाउँमा वसन्तको निमित्त केटीको खोजी भयो । धेरै ठाउँ-मध्ये बानेश्वरमा कप्तान नरबहादुरसित पनि काजी साहेबले वसन्तको विवाहको कुरा चलाए ।

विवाहको कुराले—शीलालाई सम्झेर वसन्तको मनमा आँधि चलिरहेको थियो । उनले साहस गरेर बाबुको समक्ष मुख उघारे—

"बिहा···अहिले के त बा, जाँच आइरहेको छ—पहिले···!"

काजी साहेबले वसन्तलाई बडे बडे बल्डयाङ्ग्रे आँखाले हेरेर भने–

"चूप लाग् अहिले ! यसपालि तेरो फाइनल भनेर हामीलाई पनि थाहा छ । लाज लाग्दैन तँलाई हामीले गरेको काममा बडो बुज्रुग भएर यसो र उसो भन्न !"

काजीले अलि नरम भएर भने–

"बिहा गरेर पढाइ केही हुँदैन ! यहाँ काम सिद्धिनेबित्तिकै जालास्नाइँ फाइनलको पढाइमा—के भयो र !"

वसन्तलाई फेरि केही भन्ने साहस भएन ।

कप्तान नरवहादुरले छोरीको निम्ति केटो हेरे, काजी चेतबहादुरले केटी ।

कप्तान नरबहादुरका दुइटी छोरीमा काजी साहेबले वसन्तको निमित्त वर्षको लोभले वहिनीचाहिंको माग गरेका हुन्—तर कप्तानले पहिले ज्येठी छोरीकै बिहा गर्नुपर्छ भनेकाले काजीले हठ गर्न सकेनन् । दुबै थरिको चित्त बुझ्यो । बिहाको काम—कुरो छिनियो ।

सौन्दर्यका पुजारी वसन्तले केटीको सौन्दर्यको बयान त सुनिसकेका थिए । उनले पनि केटी हेरे । केटी ज्यादै राम्री थिइन् । उनको नाम थियो—मनमानेश्वरी ।

बसन्तले मनको सौन्दर्य देखेर मुग्ध हुँदै आँखा चिम्लेर शीला र मनको सौन्दर्यको तुलना गरे—

शीला पनि राम्री; मन पनि राम्री । ऊ अर्कै किसिमकी राम्री; यी अर्कै किसिमकी । शीलाको बाटोमा लाग्दा काँढामा कुल्चनुपर्थ्यो; मनको बाटोमा लाग्दा सुमनमा । शीलासित रित्तो प्रेम थियो; मनसित कर्त्तव्य पनि ।

तराजू पल्टियो ।

वसन्तले मनमानेश्वरीको अनादर गर्न सकेनन् ।

काजी चेतनबहादुर सिंहले विवाहको दिन जुराएर जन्ती जाने दिनको पनि निधो गरेका थिए ।

चार

कप्तान नरबहादुर खूब फूर्तिसाथ मनको विवाहको तमतयारीमा लागिरहेका थिए । आफ्नी छोरीको विवाहमा कुनै कुराको कमी नगर्ने उनको विचार थियो । उनले आफ्ना बन्धुबान्धव र इष्टमित्रहरू सबैलाई निम्ता पठाए ।

उता, चेतबहादुर काजीको पनि आफ्नो एक मात्र छोरोको विवाह भएकोले भुईंमा खुट्टा नै थिएन ।

जन्ती जाने दिन आयो ।

साइपाटा पठाएर काजीले आमन्त्रित इष्टमित्र र बन्धुवर्गलाई जन्ती गराएर धुमधामसित दुलहालाई अन्भाए ।

दुलहाको घरमा राती, दुलहाकी आमाको साथमा स्वास्नीमान्छे-हरू रत्यौली खेलिरहेका थिए—मादल ठटाउँदै, अश्लील गीतहरू गाएर, उफ्रेर, नाचेर, पोथी नै भाले भएर ।

दुलहीपट्टि—राती एक बजिसकेको थियो । वेलुका जन्ती पर्साएर दुलहालाई जग्गेमा बरनी गरेर प्रसन्न चित्त भएका दुलहीका बाबु कप्तान नरबहादुर—मनको कोठामा के हो सोध्न जाँदा—अकस्मात् छानाबाट खसे जस्तै भए । कोठामा मन थिइनन्—धन मात्रै घोप्टो परेर सुँक्क सुँक्क रोइरहेकी थिइन् ।

कप्तानले वातावरणमा हडबडाएर धनसित सोधे—

"मन खै त ?"

"...........”

कप्तान्नी पनि आइन् । उनीहरूले मताउति र कुनाकाप्चा घरभरी मनको खोजी गरे।

भुन्टीले सन्तेसित हेराहेर् गरेर भनी—

"अगिसम्म त मन मैसाप कोठामै होइबक्सिन्थ्यो !"

सन्तेले भन्यो—

"मा ता धान्दा गारी राकु थ्यु,—देखेना !"

बाटुलीले भनी—

"कुन्नि"

बाहुन भने—

"मन मैसापले आज राम्रो भान्छा पनि गर्नु भएन। भान्छाबाट त बेलुकै ओर्लनु भएको थियो।"

कप्तान, कप्तान्नीले अन्यत्री पाहुनाहरूसँग मनको बारेमा केही सोध्न पनि सकेनन्।

कप्तान्नीसित कप्तान जागे।

कप्तान्नीले भनिन्—

"बाह्र बजेसम्म त दुवै दिदी, बहिनी मसितै बसेर काम गरिरहेका थिए !"

कप्तान, कप्तान्नीले केरिएकी धनले रोएर—अलिकति कुरा बताइन्—

"दिदी हुनुहुन्न— मैले नजानोस् भनेर कति रोकें, समातें, तानें, रोएँ — मेरो सीप लागेन...जानु भो !"

कप्तानले सोधे—

"कहाँ ?"

धनले भनिन्—

"त्यो त मलाई केही पनि भन्नु भएन !"

कप्तान्नीले मातृ—हृदय छिया छिया भयो। उनको धैर्यले ठाउँ छोडिरहेको थियो। उनी ढुन्मुनिएर भुईंमा थचक्क बसिन्। कप्तानको पनि

विचित्र हालत भइरहेको थियो । उनलाई भाउन्न भइरहेको थियो । उनले दाह्रा किटेर आफ्नै छातीमा मुड्कीले हाने । उनको मुटुमा गोली लाग्यो। उनी डाँको छोडेर रुन मात्रै सकेका थिएनन् । धनले उनलाई एउटा कागत दिएर भनिन्–

"यो दिदीको ओछ्यानमा रैछ !"

कप्तानलाई त्यो कागत पाएर मन फेलापरेको जस्तो लाग्यो । उनले सर्सरी त्यो चिठी पढे—

"मेरा प्यारा पिता, माता !

म कुलकी कलङ्किनी हुँ, पापिनी हुँ ! तपाईंहरूले पियाएको दूधको वदला मैले विष ओकल्न खोजें ।—तर यसमा मेरो मात्रै दोष छैन । मलाई एउटा छलीले बेहोश पारेर मेरो सर्वस्व लुटेर भाग्यो । म ङगें, विग्रिएँ, भत्किएँ, लुटिएँ !

डर र शरमले म लुटिएको कुरा तपाईंहरूलाई मैले आजसम्म भन्न पनि सक्केकी थिइनँ । मेरो भित्रभित्रै गज्गजी पाकिरहेको थियो, उम्लिरहेको थियो—त्यो । म मर्न पनि सकेकी थिइनँ, भाग्न पनि सकेकी थिइनँ– तपाईंहरूले मेरो भलाइको निमित्त मेरो विवाह गरिदिन लाग्नु भयो । म नभागे, आज मेरो कन्यादान हुन्छ । कसैले लुटिसकेको वस्तु तपाईंहरूले कसरी दान गर्ने ?—मेरो अन्त्य अवस्था यही थियो—म टिक्न सकिनँ ।

मेरो पेटको तीन महीनाको बढ्दो पापले मलाई पोलिरहेको छ । म कसरी अपराधमाथि अपराध गरेर तपाईंहरूको मुखमा कालो पोतूं ? हुन त अहिले नै पनि मैले तपाईंहरूलाई ठूलो धोका दिएको जस्तो भयो ।- जन्ती आइरहेको छ । विवाहको बाजा मेरो छातीमा ठोकिएर–छाती धुजा धुजा भइसक्यो । कन्यादानको वेला हुनै लाग्यो ।—तल दुलहा र दुलहाका साथीहरू हाँसिरहेका छन्, घडी हेरेर कन्यादानको प्रतीक्षा गरिरहेका छन् !

मेरा पिता, माता मलाई माफ गर्नोस्,—मेरो अक्षम्य अपराधमा मलाई क्षमा गर्नोस् ! मेरो पाप तपाईंहरूलाई नलागोस् ! तपाईंहरू मेरो निम्ति ज्यादै असल हुनुहुन्छ, जाती हुनुहुन्छ ।—तपाईंहरू बुद्धिमान हुनु

हुन्छ,—मेरी बहिनी धन पनि !

म मेरो पापको प्रायश्चित्त गर्न जान्छु !

म पहिले त्यो मान्छेलाई खोज्छु—जसले मलाई छल गरेर भाग्यो !–पाए पाइहालें, नपाए पनि केही कुरा त पाइहालुँला !

बिदा ! बिदा !! बिदा !!

तपाईंहरूकी कलंकिनी छोरी

मन"

पाँच

धन सत्र वर्षकी लहलहाउँदी नवयुवती थिइन् । मन र मास्टरको मुसुमुसे गन्ध उनलाई थाहा थियो । उनी मनभन्दा दुइ वर्षकी कान्छी भए पनि अरू कुरामा कम्ती थिइनन् ।

मनको हँसाइमा हिसी थियो त धनको हेराइमै हिसी थियो ।

मन गम्भीर थिइन् । धनको मन चञ्चल थियो ।

मनलाई संगीतको सौख थियो त धनलाई साहित्यको ।

मन राम्री थिइन्, धन पनि मनभन्दा नराम्री थिइनन् ।

मन—मास्टरको कुरा धनसित लुकाउन खोज्थिन् । धन पनि मन र मास्टरको कुरामा वास्तै नगरे जस्तो गरेर उनीहरूलाई पनि आफ्नो गुह्य कुरा खोल्दिनथिन् ।

कसैलाई थाहा थिएन;—मन र मास्टर, कप्तान र कप्तान्नी भुन्टी र बाटुली, सन्ते र बाहुन कसैलाई पनि थाहा थिएन; सूर्य, चन्द्र लाई थाहा थियो; बगैंचा र रूख—पातहरूलाई थाहा थियो—कि थाह थियो धनका प्रेमी मधुलाई नै—धन र मधुको बीचको त्यो गाढा प्रेम !

धन र मधुको प्रेममा शिशुहृदयको पवित्रता थियो; रातको मोहनी, उषाको जागृति, चन्द्रमाको मादकता थियो । त्यो प्रेममा आकाशको गम्भीरता, झर्नाको स्वर सरिताको लय थियो । त्यो प्रेममा हिमालयको गौरव थियो । त्यसमा दृढताको सङ्कल्प थियो ।

मधु एक सुन्दर नवयुवक थिए—सम्पन्नशाली बाबु आमाको काखमा खेल्दै बढेका, पढेका । उसको घर—कप्तान नरबहादुरकै घ

नजीक थियो—पश्चिमपट्टि। उनी ठाँटिला, रसिला र हँसिला थिए। उनको कोठाको ख्याल धन र मनको ख्यालको हाराहारी थियो।

छिमेकी हुनाको कारण कप्तानपरिवार र मधुको अति घनिष्ठता थियो। उनी कप्तानको घरमा बराबर नै आइरहन्थे। मन, धन र मधुको शैशवकाल एकै ठाउँमा खाएर, खेलेर नै यौवनकालमा परिणत भएको थियो। कप्तान, कप्तान्नीका पनि मधु निकै प्यारा थिए, छोरा जत्तिकै थियो।

कप्तान, कप्तान्नीको अन्तःकरणमा मन अथवा धनको वैवाहिक सम्बन्धले मधुलाई छोरो वनाउने विचार पनि उदित भएको हो, तर त्यसो गर्न उनीहरूको हृदय–द्वारमा सामाजिक, भेद–भावको तगारो लागेको थियो। त्यही तगारोले त्यो कुरा गर्न उनीहरूको मुख वाउनै दिएन। धनले कता कता त्यो कुरा बुझेकी थिइन्। मधुलाई पनि त्यो थाहा थियो।

मधुका पिता समाजबाट बहिष्कृत भएका थिए। उनले क्षत्री भएर समाज–विरोधी काम गरेका थिए—रे! डेड दुइ वर्षको उमेरमा वावु, आमावाट हराएर सामान्य शूद्रको घरमा पालिएकी केटी विवाह गरेका थिए—रे उनले, जुन केटीका बाबु, आमाको कुनै पत्ता थिएन—रे! उनै बहिष्कृत र निन्दित पिता, माताका पुत्र थिए—मधु।

समाजबाट बहिष्कृत र निन्दित भए पनि मधुका पिताले समाजको कुनै पर्वाह नगरेर आफ्नो उन्नति नै गरेका थिए। तराईमा उनको एक ठूलो जमीदारमा गणना थियो। समाजका स्वार्थी सदस्यहरू व्यक्तिगत रूपले उनको चाकरी र खुशामद गर्थे। धन, मन, कप्तान, कप्तान्नी सबैलाई त्यो कुरा थाहा थियो। कप्तानपरिवारमा मधु सबका मधुनै थिए, प्रेमी थिए।

दिन बिते, हप्ता बिते, वर्षका वर्ष विते, कप्तान, कप्तान्नी चाउरिए मधु, मन र धन जवान भएर आए।

धनले विशेष रूपले बाबु, आमा र मनको अगाडिभन्दा पनि उनीहरू

सबैको आँखा छलेर मधुसित प्रेम बढाइन् । उनलाई किन–किन मधुलाई हेरीरहुँ—जस्तो लाग्थ्यो । मधुले पनि त्यो थाहा पाए । नजीक छँदाछँदै, सधैं देख्न पाउँदा पाउँदै पनि उनीहरूले पत्र व्यवहार गर्न थाले । पछि पछि त जब मास्टर साहेब आएर मन र धनलाई पढाउन वस्थे—धनलाई प्रायः कपाल दुख्थ्यो । उनी त्यहाँबाट उठेर कौसीमा जान्थिन् अथवा बगैंचातिर जान्थिन् । कौसीबाट मधुलाई देखेर इशारा भएपछि अथवा बगैंचामा भेट भएपछि मात्र उनको कपाल दुखेको निको हुन्थ्यो । यही क्रमले धन र मधुको प्रेम बढिरहेको थियो ।

धन र मधु जुनेली रातमा बगैंचामा वसेर चन्द्रमालाई हँसाउँथे, ताराहरूलाई गिज्याउँथे, फूल टिपेर हानाहान गर्थे । उनीहरूको प्रेम देखेर हावाले बाँसको झाँगबाट बाँसुरी फुक्थ्यो, रूखरूखका फलफूलहरू आपस आपसमा धक्कमधक्का गर्थे ।

एक दिन धन बगैंचामा माला उनेर मधुको प्रतीक्षा गरिरहेकी थिइन्—मधु टुप्लुक्क आइपुगे । उनले भने—

"धन, त्यो माला उनेर मलाई लाइदिने हो ?"

धनले मधुलाई माला लाइदिएर हाँस्तै भनिन्—

"माला लाइदिँदैमा के हुन्छ र !"

मधुले धनको हात समातेर उनको औंलामा आफ्नो औंठी लाइदिँदै भने—

"स्वयंवर ।"

धनले औंठी हेरेर भनिन्—

"ओहो, कति राम्रो औंठी !—साँच्चिकै यो मलाई दिएको हो त ?"

"साँचि नै त हो नि ! स्वयंवर पनि कल्ले ख्यालठट्टाको गर्छ—र !"

दुवै जना खित्का छाडेर हाँसे ।

एक छिनपछि आफ्नो छातीमा झुण्डिरहेको माला खेलाउँदै मधुले

भने—

"मनको विहा हुन लाग्यो । उनको विहा भएपछि तिम्रो विहा गर्ने—रे । भनन धन, तिमी कस्तो मान्छेसित विहा गर्छ्यौं ?"

धनले पहिले त आफ्नो विवाहको बारेमा केही पनि नभनेर कुरा छल्न खोजिन् । तर, मधुले जिद्दी गरिरहेकाले धनले अलि संकोचपूर्वक लाज मानी हाँस्तै मधुकै हुलिया बताएर भनिन्—

"गोरो वर्ण, राम्रो, बाठो, कद—मभन्दा एक टाउको अग्लो, दायाँ आँखाको कुनामा एउटा सानो खत भएको, म—बाट नाम उठेको मान्छे असाध्ये मनपर्छ मलाई त !"

कुरा गर्दागर्दै धनका आँखामा आँसु टल्कियो । उनी सुँक्कसुँक्क गरेर रोइन् । धनको त्यो प्रेम र ममताको आँसु थियो । त्यो परिस्थितिमा मधुले पनि आफ्नो हृदयमा उर्लेको प्रेम र ममता दबाउन सकेनन् । मधुले खेलाइरहेको धनको हातमा मधुका आँखाबाट दुइ बूँद आँसुका थोपा खसे । उनले भने—

"तिमीलाई मन परेर के गर्नु—त्यस्तो मान्छे । त्यो तिमीलाई मन परेको मान्छेसित बा, आमाले तिम्रो विहा गरिदिनुभएन भने नि !"

धनले भनिन्—

"अहिले त मैले पनि बा, आमालाई केही भनेकी छैन—पहिले दिदीकै विहा होस् अनि भनूँला—भनेर । मेरो विचारमा त बा, आमाले मान्नुहुन्छ जस्तो लाग्छ !—नमाने पनि म त्यही मैले भनेको मान्छेसँग भागिहाल्छु—के, बरु आफूले विश्वास गरेको मान्छेले धोका दियो भने मात्रै विष खाएर मर्छु !"

धनले अन्तिम वाक्यमा मधुले उनको मुखमा हात लगेर-भने—

"हा: के भनेको ?—उसो भए तिमी मैसित विहा गर्छ्यौं, हैन ?"

"हो !"

"साँच्चि ।"

"मेरो रगत खाने ?"

"साँच्चि ?"

"छि: कस्तो किरिया हाल्न लाउनुभएको !"

"उसो भए हैन क्यार – नत्र किरिया हालेर के हुन्थ्यो र !"

"तपाईंको रगत खाने – लौ !"

मधु–धनको प्रेममा मुग्ध भए, ज्यादै खुशी थिए उनी ।

मनको विवाह आयो । कप्तान, कप्तान्नीले विवाहमा मधुलाई पनि बोलाएका थिए ।

मधुका पिता नेपालमा थिएनन् ।

मधुले मनको विवाहमा खूब फूर्तिसँग निम्ता बाँड्ने काम— देखि लिएर जग्गेको तमाम काम र कप्तानसँगै जन्तीको स्वागत— सत्कार गर्ने काम पनि गरिरहेका थिए ।

छ

मनको चिठी पढेर कप्तान, कप्तान्नीको हृदयमा ठूलो हाहाकार मच्चियो । हृदयमा उथलपुथल र हाहाकार मच्चिरहेको भए पनि कति वेरसम्म त उनीहरूले केही बोल्नै सकेनन् । एक छिनपछि कप्तान्नी— कप्तानको खुट्टामा छाँद हाल्दै धुँक्का छोडेर रोइन् । कप्तानका आँखा बाट पनि ह्वाल–ह्वाली आँसुको मूल फुटिरहेको थियो ।

एकातिर धन रोइरहेकी थिइन् ।

कप्तान, कप्तान्नीलाई मनको टूलो विश्वास र ममता थियो । उनी सौन्दर्यकी प्रतिमा थिइन्, गुणी थिइन्, सुशीला थिइन् । कप्तान, कप्तान्नी-लाई मनसँग कहिले पनि, कुनै कुरामा पनि रिसाउनुपरेको थिएन । उनी बाबुका कति कामहरू सकाउँथिन्, आमाकी त दाहिने हात नै थिइन् । नोकरचाकर पनि सब उनकै अदबमा थिए । इष्टमित्र राख्न उत्तिकै सिपालु थिइन् । उनका दया, विवेक, धर्म सब कुरा थियो । उनी बाबु, आमालाई मन नपर्ने काम नै गर्दिनथिन् — कहिल्यै । कस्तो आश्चर्य, उनै मनले आज बाबु, आमालाई यसरी छाडेर गइन् ।

कति बेरसम्म त—मन गइन्—भन्ने कुरा कप्तान, कप्तान्नीले विश्वास नै गर्न सकेनन् ।

मनले चिठीमा लेखेकी थिइन्—

"मलाई एउटा छलीले बेहोश पारेर मेरो सर्वस्व लुटेर भाग्यो! ...."

आवेशमा कप्तानको हृदय बोलिरहेको थियो—

"को हो त्यो छली,—को हो मेरो मनको सर्वस्व लुटेर भाग्ने ?—

म त्यसको रगत पिउँछु, !"

कप्तान्नीले बिपनैमा पनि सपना देखिरहेकी थिइन्—ती राम्री मन जसको चिउँडोमा बायाँपट्टि कालो कोठी थियो । उनी रोएर भनिरहेकी थिइन्—

"मेरो पिता, माता, मलाई माफ गर्नोस्, मेरो अक्षम्य अपराधमा क्षमा गर्नोस्...! ...म पापिनी हुँ, कुलकी कलङ्किनी हुँ ! ..."

कप्तान्नीले तन्द्रै तन्द्रामा मनको टाउको मुसारेर भनिन् —

"म माफ गर्छु छोरी, तिमीलाई ! तिमीलाई के पऱ्यो यस्तो ?"

कप्तान्नीले मुसारेको मनको टाउको त कप्तानको खुट्टा पो रहेछ। कप्तान्नी व्दसङ्ग भइन् ।

तल पटाङ्गिनीमा विवाहको बाजा बजिरहेको थियो । भुईं — बैठकमा दुलहा र दुलहाका साथीहरू हाँसिरहेका थिए ।

तल बजिरहेको विवाहको बाजा—कप्तानलाई कुनै शोकको बाजा जस्तै लाग्यो । जति जति बाजा बज्थ्यो—उति उति उनी तर्सन्थे । सारा जन्ती समेत दुलहा र दुलहाका बाबुले उनीसँग विद्रोह गर्न आए जस्तै लाग्यो – उनलाई । समाजका विभिन्न पिशाचहरू जताततैबाट उनको परिहासमा अट्टहास गरेर निस्कँदै लखेटिरहेको जस्तो लाग्यो उनलाई । जति धैर्य लिएर अड्न प्रयत्न गरे पनि—'अब के गर्ने र कसो गर्ने ?'— भएर उनले केही सोच्नै सकेका थिएनन् ।

कप्तान्नीले अलपत्र परेको भावले विलाप गर्दै भनिन्—

"अब कहाँ खोज्ने मनलाई ?"

कप्तानले एकदमसित सन्केर भने—

"न ली नाम मेरो अगाड़ि त्यस पापिनीको ! त्यो त गई गई— यहाँ बाबु, आमाले के गर्लान्, बाबु, आमाको कुन वेइजत होला ?—त्यस स्वार्थीनीले विचारै नगरेर गई ! जा, अब तैं तलका मान्छेहरूलाई के भन्ने हो भन्, के गर्ने हो गर् ! म त अब केही पनि गर्न सक्तिनँ !"

कप्तान्नीले समातेको खुट्टा लछारेर थुत्तै; कप्तान मनको कोठाबाट

फन्केर निस्के । भुईंमा पछारिएकी कप्तान्नी पनि उठेर उनैको पछि लागिन् ।

एउटै विषयमा उठेका धेरै प्रश्नले कप्तानको टाउको भारी भइरहेको थियो—

'क्या हो यो ?
यो के भयो ?
अब के गर्ने ?
को हो त्यो छली ?
के हो त्यसको नाम ?'

घरको कोठा, भित्ता र तस्वीर तस्वीरले कप्तानको मौन भाषाको प्रश्नको उतर – मौन भाषामै दिइरहेका थिए ।—उनले सुन्न सकेनन् ।

कुरा कोल्टे परेकोले कप्तानको टाउकोमा केही पनि सुझन सकेन । उनले एउटा मान्छेलाई सम्झे । उसको नाम थियो·········!

सात

हृदयराज शर्मा—

हृदयराज शर्मा—पण्डित कुलमाधव खनालका कान्छा छोरा थिए—अंग्रेजीमा आई० ए० सम्म पढेका ।

ग्यालग्याल्ती छोरा, छोरी भए पनि घरमा हृदयराजजीको स्वास्नीसित पटक्कै मेल थिएन ।

पण्डित कुलमाधव ख्यातिप्राप्त विद्वान् थिए। उनको घर डिल्ली-वजारमा थियो । उनी बूढा भइसकेका थिए ।

धेरै दिन अगाडिको कुरा हो—बूढा पण्डितका कण्ठ–प्राण जस्वा कान्छा छोरा हृदयराजजी—पण्डितजीकै सम्बन्धबाट कप्तानको घरमा मन र धनलाई पढाउन नियुक्त भएका थिए ।

दाजुहरू छुट्टिसकेको घरमा आफ्ना स्वास्नी र छोराछोरीहरूसमेत भए पनि आफूतिर सिङ्गै बूढा बाबु भएकाले हृदयराजजीलाई घरको चिन्ता नै थिएन। उनी खूब वहस र गफ गरेर हिंड्थे, डुल्थे, निकै रमाइला थिए । सबै कुराभन्दा उनको वाक्चातुर्य नै मुख्य गुण थियो ।

हृदयराजजी जस्ता रमाइला नव–युवक मास्टर पाएर मन र धन पनि खुशी भएका थिए ।

प्रतिभा र सौन्दर्यका अपूर्व प्रतिमा मन र धनलाई पढाउन पाउँदा, उनीहरूसित गफ र रमाइला कुरा गर्न पाउँदा हृदयराजजीको घरमा हेमन्त हृदय–वसन्त जस्तै प्रफुल्ल भएर आएको थियो । उनी वरु कहिलेकाहीं खान विर्सन्थे, सुत्न विर्सन्थे, आफ्ना छोराछोरी र स्वास्नीसमेत बिर्सन्थे;

बहस गर्दा प्राणी मात्रको मृत्यु अनिवार्य छ—भन्ने कुरा पनि बिर्सन्थे तर मन र धनलाई पढाउन आउन भने उनले कहिले पनि बिर्सेनन् !—बिर्सनु त के कुरा, बिर्सिएला भनेर हो कि मन र धनलाई उनी सपनामा पनि सम्झन्थे।

पढाइमा गुरुत्वाकर्षण थियो;—मन र धनलाई हृदयराजजी कौतूहलपूर्ण किसिम किसिमका निबन्ध लेखाउँथे । निबन्धको विषय हुन्थ्यो—जागरूक प्रेम, शृङ्गार र रस, नारी र पुरुष, वैवाहिक जीवन, यौवन र सौन्दर्य इत्यादि इत्यादि ।

खास गरेर - मनसित हृदयराजजी गहीरो गहीरो व्यङ्गच र मनोरंजक कुरा पनि गर्दथे । मास्टरका रमाइला रमाइला कुरामा मन निकै चाख मान्न थालेकी थिइन् ।

आगोको अगाडि राखिएको घिउ मात्र पग्लँदैन—धेरै तताएपछि फलाम पनि पग्लन्छ ।

नचाउँदा नचाउँदा बाँदर र भालु पनि नाच्तछन् ! बोलाउँदा बोलाउँदा मूठीभरका चराहरू मान्छेको भाषामा 'गोपी कृष्ण' भनेर बोल्न थाल्दछन् । बनाउँदा बनाउँदा ढुङ्गाका - मूर्ति बन्दछन् ।

गरे नहुने केही छैन, धाए नपाइने वस्तु छैन, असम्भवको नामै छैन !

बग्ने पानीलाई कुलो खनेर खेतमा लाउनु, लहरालाई बढाएर थाँक्रोमा चढाउनु, मान्छेलाई एकोहोऱ्याउनु—यी सब कुराहरू त स्वाभाविकै हुन् !

मन अलि अलि गरेर मास्टरजीसित पूरा आकर्षित भइन् । चौबीसै घण्टा मास्टरजीको ध्यान गर्नेसम्म भएकी थिइन्—उनी !

भित्रै भित्र आगो दन्किरहे पनि, बिजुलीको करेण्टले झलमल्ल बत्ती बलिरहे पनि, कुतकुती लागेर रुनु न हाँस्नु भइरहे पनि, चन्द्रमा हाँसे पनि, खोलो बगे पनि, वसन्त लागे पनि, फूल फक्रे पनि, फूलमा भमरा भन्किरहेकै भए पनि—फूल फुलिरहेकै थियो, भमरा भन्किरहेकै

थियो—जस्ताको तस्तै थियो त्यो फूलको मकरन्द ।

काकाकुलले वर्षा कालको प्रतीक्षा गर्दागर्दा—चखेवीले उषा-कालको ध्यान गर्दागर्दा—च्याखुराले चन्द्रोदयको वेला हेर्दाहेर्दा—

एक दिन—

सयौं सयौं दिनमा त्यस्तो दिन पनि आयो—

जुन दिन—

ठूलो आँधिबेहरी आएर दिउँसै घोर अन्धकार भइरहेको थियो।

बिजुली चम्किरहेको थियो ।

आकासै खस्ला जस्तो भएर मेघ गर्जिरहेको थियो ।

मुशल–धारे पानी परिरहेको थियो ।

कप्तानको बङ्गलाको छतबाट बलेंसीको धारा छुटिरहेको थियो।

धनलाई लिएर कप्तान्नी माइत गएकी थिइन् । कप्तान पनि घरमा थिएनन् । नोकर–चाकरहरू आ-आफ्नै काममा थिए ।

तारुण्य–मदले युक्त मन कोठामा बसेर मास्टरसित "पूर्वस्मृति" पढिरहेकी थिइन्—जसमा गौरी र विजयको प्रेम थियो ।

मास्टरले पढाइसकेर मनलाई पुस्तक दिंदा—उनको सुकोमल हातमा मास्टरको हातको स्पर्श मात्रै के भएको थियो—फेरि मिलिक्क बिजुली चम्क्यो । त्यसपछि भयंकर शब्दले चटचाङ्ग गरेर नजीकै यसरी वज्र पऱ्यो—डरले होसहवास हराएर धर्र्र्र्र काँपिरहेकी मनलाई मास्टरले आफ्नो बाहुपाशमा लिए । अनि ?

अनि रूलमल्ल भयो । फूलको मकरन्द लिएर कालो कुटिल मधुकर भुनुनुन्न उड्यो ।

आठ

टक् टक्—टक् टक् गर्दै घडीको लङ्गूर हल्लिरहेको थियो—टाङ—टुङ—टिङ—टाङ गरेर बजेको तीन क्वाटरले कोठा रन्काउँदै रातको पौने दुइ हान्यो ।

कप्तान, कप्तान्नीको मुटु पनि हानिरहेको थियो-ढुक-ढुक-ढुक-ढुक ।

मनको कोठाबाट फन्कँदै, आफ्नो कोठामा आएर कप्तान सारा कामबाट फुर्सत पाएको जस्तै गरेर, उत्तानो परेर पल्टँदै उपर्खुट्टी आएको खुट्टा हल्लाइरहेका थिए ।

कीराले दलिन टोकिरहेको आवाज आइरहेको थियो — कटटट्ट कटटट्ट...

कप्तान साहेब चूपचाप थिए । उनको दृष्टि बुट्टे सिलिङमा जोतिएको थियो । तर त्यो बुट्टे सिलिङमा चल–चित्र जस्तै उनले समाज-का कर्णधारहरूको मूर्ति,–दुल्हा, दुलहाका बरियाँत र मनको दयनीय आकृति पनि देखिरहेका थिए । उनले हैरान भएर आँखा चिम्ले । आँखा चिम्ले पनि उनको टाउकोमा त्यही दृश्य घुमिरहेको थियो ।

कप्तान्नी पनि कोठामा आइन् । सातो गएको अनुहारले "किंकर्त्तव्यविमूढ" भएर उनले कप्तानलाई हेरिन् —

कप्तान चित परिरहेका थिए ।

तल खल्याङ मल्याङ भइरहेको थियो—शायद, कन्यादानको समय हुन लागेर होला ।

घडीले चार क्वाटरको साथमा टचाङ, टचाङ गरेर दुइ पनि

हान्यो ।

कप्तान्नीले ठूलो साहस गरेर सानो स्वरले कप्तानको ध्यान भङ्ग गरिन्—

"अब के गर्ने ?"

कप्तानले आँखा नउघारेरै भने—

"के—के गर्ने ?"

कप्तान्नीले उस्तै किसिमसँग भनिन् —

"वेला हुन लाग्यो, अब वीस मिनेट पनि छैन, तल सब उठिसके—के गर्ने ?"

कप्तानले होशमा आएर विचारले दुःख दिएको दयनीय अनुहारले सून्य गरेर कप्तान्नीसित भने —

"जानी जानी—'के गर्ने ?' भनेर मलाई कति घोच्छचौ, मनकी आमा !—म के गर्ने भनूँ ?—वरु तिमी नै भनन—अब के गर्ने ?"

कप्तान्नीले छातीमा गाँठो पारेर भनिन्—

"धनलाईं नै लैजानुपऱ्यो अब, नत्र के गर्ने त ?"

कप्तान जुर्मुरिएर उठे । उनले भने—

"हँ, हो—हो !—तर मान्लान् दुलहा ?"

कप्तान्नीले भनिन्—

"मन र धनमा के फरक छ—र नमान्ने ?—झन् खुशी होलान् । फेरि अहिले त मन हो कि धन हो—कसलाई थाहा हुन्छ—र !"

कप्तानले भने—

"हो हो हिंड उतापट्टि, काम त चलाउनैं पऱ्यो ! दुलहाका वावुको इच्छा पनि यही थियो ।"

कप्तान हाम्निदै आफ्नो कोठाबाट निस्केर धनको कोठाभित्र पसे ! कोठामा धन पनि थिइनन् ।

धनलाई कोठामा नदेखेर कप्तानको होशहवास फेरि गुम भयो । खल्खली पसीना काढ्दै उनले वेहोशमा कराएर कप्तान्नीलाई बोलाएका

मात्रै थिए—धन मटानतिरबाट भित्र पसिन् । कप्तान्नी पनि आइन् । धनलाई देखेर कप्तानको ज्यानमा ज्यान आयो । उनी ढुक्क भए तापनि अझै उनका खुट्टा काँपिरहेकै थिए । उनले धनलाई भने—

"कहाँ गइरहेकी ?"

"........."

कप्तान्नीले पनि भनिन्—

"धन, झट्टै लुगा फेरेर तल जानुपर्‍यो—कहाँ गइरहेकी ?"

कप्तान्नीको कुरा सुनेर धन ज्यादै नराम्रोसित हडबडाइन् । एकदमसित उनको मुख सुक्यो । यसरी अचानक बलि हुनुपर्ला भन्ने उनलाई के थाहा ?—मन नभएपछि बाबु, आमाले उनकै विवाह गरिदेलान् भन्ने कुरा उनको मनैमा थिएन । उनले धैर्य गरेर सोचिन्—"तल जानुपर्‍यो रे, किन ? उही कन्यादान हुन त हो नि !"

स्पष्टीकरणको निमित्त धनले कप्तान्नीसित सोधिन्—

"दिदी नै नभएपछि—अब किन तल जाने आमा ?"

कप्तान्नीले भनिन्—

"त्यसै भएर त झन् जानुपर्‍यो नि ?—दिदी नभएपछि दिदीको काम बहिनीले गर्नुपरेन ?"

धनले स्पष्टीकरण पाइन् । उनले डराएर बाबुको मुख हेर्दै आमासित भनिन्—

"आमा, नाईं—बिन्ती भन्छु, म जान्न !

धन रोइन् ।

कप्तान्नीले सम्झाइन् –

"त्यसो नभनन धन ! – हेर, तिमीले पनि यस्तो गरे – हामीले के गर्ने ?"

धनले आफ्नो जिद्दी छोडिनन्—

"मैले तपाईंको कुरा नमान्न खोजेको हैन आमा ! मलाई मर्न जा—भन्नुहुन्छ भने पनि मान्छु बरु; अहिले विहा त म गर्दिनँ – बिन्ती

भन्छु !"

धनको कुराले कप्तान्नीको मुटु उफ्रिरहेको थियो—कप्तान खूब-सँग रिसाए—

"हुन्छ, हुन्छ नजा ! तँलाई हामीले मार्न धकेलिरहेका छौं—नमान्, हाम्रो कुरा !—हेरिराख्, भोलि संसारले हाम्रो हँसी उडाउँदै, हामीलाई थुक्तै जन्ती फर्केको—हेरिराख्, बाबु, आमाको बेइजती भएको हेरिराख्, हाम्रो घरमा आगो लागेको ! अहाँ, क्या असल छोरीहरू नि, एउटीले त हामीलाई यत्रो धोका दिएर भागी—भागी ! यो चाहिं नभा-गेर, नमरेर हामीलाई मार्न बसिरहेकी छ; हामीहरूले विष खाएर मरे-को हेर्न बसिरहेकी छ !

धोका--धोका ! स्वार्थी साँपहरू !!—तँ पनि नभागेर के हेर्न बसिस् ए ! हामीलाई मार्न बसेकी हैन त, हाम्रो घरङ्खाट भएको, सर्व-नाश भएको हेर्न बसेकी हैन त यो ?—ए, मार् बरु अहिले नै धस् छुरी हामीहरूलाई अनि जे गर्ने हो गर् ! पापिनी, सत्तुर्नी !!"

कप्तान, दाह्रा किटेर क्रोधले थर् थर् काँपिरहेका थिए । उनका आँखाबाट आगोको मुस्लो निस्किरहेको थियो । कप्तान्नीले ढोकामा छेस्किनी लाएर उनलाई सह्यालन समातिरहेकी थिइन् ।

धनले कल्कली मधुको मुख देखिन्, आफ्नो भविष्य सोचिन् । उनलाई बाबु, आमाको हालत हेरेर—आफ्नो कुरामा आफैलाई पश्चात्ताप र घृणा पनि लाग्यो । बाबु, आमाको बेइजती हुने कुरा सत्य थियो । उनीहरूको हँस्सी उडाएर, बकवाद गरेर, थुकेर भोलि जन्ती फर्केको उनले कसरी हेर्ने ? जुन बाबु, आमाहरूले उनलाई पालनपोषण गरेर हुर्काए, बढाए, यत्रो तुल्याए । बाबु, आमाहरूको त्यत्रो प्रेम र स्नेहलाई अब उनले कसरी पदाघात गर्ने ?—छोरा, छोरीको निम्ति बाबु, आमा-हरूको हक र अधिकार नभए पनि—उनीहरूले पालीताली कति कति स्याहार-सम्भार गरेर बढाएको छोरा, छोरीको शरीरमा उनीहरूको अलि कति जरूर अधिकार छ, हक छ ।

बाबु, आमाको त्यत्रो वेइजती भएको हेर्नुभन्दा अगाडि, वरु आत्महत्या गरेर मर्नु वेस ! —तर धनले यसरी अपर्झटमा आफ्नो कन्या-दान हुन नदिएर, भोलि बाबु, आमाको वेइजती भएको पनि नहेरेर आत्महत्या गरिहाले पनि बाबु, आमाको वेइजती त हुन्छ – हुन्छ ! — उनीहरूको झन् ठूलो बेइजती हुन्छ, किन यस्तो भएको ?

धनले 'जेसुकै होस् — मलाई मारे पनि म विहा गर्दिनँ !' भनेर अड्डी लिन पनि सकिनन्, न भाग्न सकिन् न मर्न सकिन् । उनको आत्मा छट्पटाइरहेको थियो ।

बाबु, आमाको कुरा मानेर उनीहरूको इज्जत राख्नुमा नै धनले आफ्नो कर्त्तव्य ठहराइन् — अनि ठहराइन् त्याग र आफ्नो प्रेमको बलि-दान । उनको कोमल हृदय टुक्रा टुक्रा भएर पग्लिरहेको थियो । उनले बाबु, आमाको निमित्त आफ्नो शरीरको बलिदान चढाउने नै निश्चय गरिन् । उनले बलिन्द्र धारा आँसु वहाएर भनिन्—

"बा, नरिसाउनोस् ! — तपाईंहरू जे भन्नुहुन्छ—म त्यही गर्न तयार छु ! —तपाईंहरूले पालीताली हुर्काएर बढाएको यो शरीर तपाईं-हरूकै हो ! —म तपाईंहरूको बेइजती भएको हेर्न सक्तिनँ !"

कप्तानको टाउको रन्किरहेकै थियो । धनको कुराले उनको उडेको हंस ढुक्क गरेर ओर्लियो । उनले लामो सास फेरेर भने—

"लौ, त यसमा तिम्रो.. असलै हुन्छ ! लौत मनकी आमा, तल लान ठीक पार !"

कप्तान आफ्नो कोठातिर फर्केर फेरि उत्तानो परेर पल्टे । कप्तान्नीले धनलाई लुगा फेराएर सिंगार पारिदिइन् । उनले धनको बायाँपट्टि चिउँडोमा गाजलको गहत जत्रो कोठी पनि लाइदिइन् ।

पाँच मिनेट चलाक पारेको घडीले ठीक सवा दुइको क्वाटर पनि हान्यो ।

कप्तान्नीले धनलाई बाहिर मटानमा ल्याएर, कप्तानलाई बोला-उँदै भऱ्याङ उक्लिरहेकी भन्टीसित सोधिन्—

"ए भुन्टी, चाँदीको झारी लगिस् त तल ?"

भुन्टीले भनी—

"झारी, खड्कुलो—तल कन्यादानकै पलङअगाडि छ !"

भुन्टीले घुम्टो ओढेकी धनलाई हेरेर फेरि भनी–

"मन मैसापले कसरी अत्याउनुभएको अगि— म त एकचोटि खङ्ग्रङ्ग भएँ !"

भित्र जेसुकै भए पनि बाहिर नाटकको अभिनय गर्दै कप्तान्नीले भनिन्—

"कहाँ जान्थिन्—र !"

कप्तान कोठाबाट बाहिर आएपछि सब जना ततिर ओर्ले ।

नौ

मध्यरातमा कप्तानको बङ्गलाअगाडि, पटाङ्गिनीमा बाजा र मानिसहरूको खलबल छँदै थियो। बङ्गलाको पूर्व बगलको सानो परखालबाट एउटा कालो छायां 'भुद्रुग' हामफालेर एक्कै छिन टक्क अडियो। त्यसपछि त्यो छायां दौडेर पटाङ्गिनीबाट ढोकाबाहिर पुग्यो। पटाङ्गिनीका मानिसहरू कसैले पनि त्यसको वास्तै गरेनन्।

निस्पट्ट अन्धकार थियो। त्यस अन्धकारमा कप्तानको पटाङ्गिनी-बाट दौडेर निस्केको त्यो छायांलाई बालुकामय बाटोमा कुनै सानो थुम्को-ले लखेटिरहेको जस्तो भान हुन्थ्यो — अर्थात् अगाडि र पछाडि, ठूलो र अलि सानो, बेग्लाबेग्लै, अन्धकारमै विलीन हुन खोज्ने छायां दुइटा थिए। छायां बग्दै थिए। सानो छायां कहिले टक्क अडिन्थ्यो, कहिले फेरि द्रुत-गतिले हुत्त भएर ठूलो छायांको नजीक हुन्थ्यो।

कप्तानको घरको विवाहको बाजाको चर्को आवाजको मन्दताबाट ती छायां कप्तानको घरबाट निकै पर भइसकेका थिए जस्तो लाग्दथ्यो। बाटो शून्य र निर्जन थियो। अब बाजाको सट्टा ती छायांहरूको बाटोको अगलबगलबाट भ्यागुता र क्याउँकीरीहरू मात्र कराइरहेका थिए।

खाल्डाखुल्डी परेको बाटोमा कसो कसो चिप्लिएर एक ठाउँमा अगिल्लो छायां घुसमुन्टिएर लडेको मात्रै थियो—पछिल्लो सानो छायांले भेटेर त्यसलाई उठाउन प्रयत्न गरेको जस्तो देखिन्थ्यो।

ठूलोचाहिं छायांले सानो छायांलाई मुसारेर भन्यो—

"काले, तँ पनि मसितै आइस्—किन आइस् ?"

"ए भुन्टी, चाँदीको झारी लगिस् त तल ?"

भुन्टीले भनी—

"झारी, खड्कुलो—तल कन्यादानकै पलङअगाडि छ !"

भुन्टीले घुम्टो ओढेकी धनलाई हेरेरं फेरि भनी–

"मन मैसापले कसरी अत्याउनुभएको अगि— म त एकचोटि खङ्ग्रङ्ग भएँ !"

भित्र जेसुकै भए पनि वाहिर नाटकको अभिनय गर्दै कप्तान्नीले भनिन्—

"कहाँ जान्थिन्—र !"

कप्तान कोठावाट वाहिर आएपछि सब जना तलतिर ओर्ले ।

नौ

मध्यरातमा कप्तानको बङ्गलाअगाडि, पटाङ्गिनीमा बाजा र मानिसहरूको खलबल छँदै थियो। बङ्गलाको पूर्व बगलको सानो परखालबाट एउटा कालो छायां 'भुद्रुग्ग' हामफालेर एक्कै छिन टक्क अडियो। त्यसपछि त्यो छायां दौडेर पटाङ्गिनीबाट ढोकाबाहिर पुग्यो। पटाङ्गिनीका मानिसहरू कसैले पनि त्यसको वास्तै गरेनन्।

निस्पट्ट अन्धकार थियो। त्यस अन्धकारमा कप्तानको पटाङ्गिनीबाट दौडेर निस्केको त्यो छायांलाई बालुकामय बाटोमा कुनै सानो थुम्कोले लखेटिरहेको जस्तो भान हुन्थ्यो – अर्थात् अगाडि र पछाडि, ठूलो र अलि सानो, बेग्लाबेग्लै, अन्धकारमै विलीन हुन खोज्ने छायां दुइटा थिए। छायां बग्दै थिए। सानो छायां कहिले टक्क अडिन्थ्यो, कहिले फेरि द्रुत–गतिले हुत्त भएर ठूलो छायांको नजीक हुन्थ्यो।

कप्तानको घरको विवाहको बाजाको चर्को आवाजको मन्दताबाट ती छायां कप्तानको घरबाट निकै पर भइसकेका थिए जस्तो लाग्दथ्यो। बाटो शून्य र निर्जन थियो। अब बाजाको सट्टा ती छायांहरूको बाटोको अगलबगलबाट भ्यागुता र ङयाउँकीरीहरू मात्र कराइरहेका थिए।

खाल्डाखुल्डी परेको बाटोमा कसो कसो चिप्लिएर एक ठाउँमा अगिल्लो छायां घुसमुन्टिएर लडेको मात्रै थियो—पछिल्लो सानो छायांले भेटेर त्यसलाई उठाउन प्रयत्न गरेको जस्तो देखिन्थ्यो।

ठूलोचाहिं छायांले सानो छायांलाई मुसारेर भन्यो—

"काले, तँ पनि मसितै आइस्—किन आइस् ?"

त्यो स्वर स्वास्नीमान्छेको जस्तो मीठो स्वर थियो । उसले भन्यो—

"मलाईजस्तो तँलाई के पर्‍यो र—आइस् ?—तँ कुकुर मान्छे—रे, अझ स्वास्नीमान्छे ! तेरो जीवन र मेरो जीवनमा छ । तँ त जे परे पनि लडेर, भुकेर, चेइ—भने आएर, हट्—भने भ पनि घरमै बसिरहन सक्छस् । घरको रखवारी गर्नु, दिएको खानु, पु हल्लाएर मालिकको पछि लाग्नु—तेरो धर्म र विवेक यत्ति नै हो ! तँ लाज, शरम र समाजले के भन्ला भन्ने केही हुँदैन । तँलाई समा निम्ति मर्नु पर्दैन । तँलाई तेरो समाजले केही पनि गर्दैन, केही भन्दैन स्वतन्त्र छस् ! हो, तँ बिग्रे र—जसलाई पायो उसलाई टोक्न थालिस् मात्रै तँलाई सबैले खेद्छन्, पीट्छन्, मार्छन् । त्यस्तै मलाई पनि बिग्रे ठान् । अब म समाजमा बसिरहें—भने मलाई सबैले थुक्छन्, मेरो हेर्न पनि घिनाउँछन्, खेदो गर्छन् । त्यसैले मैले बस्नु भएन । म जान्‍ ए, म तँलाई माया गर्थें, खान दिन्थें—त्यसैले तँ आइस् ! तैंले आ कर्तव्य नै गरिस् !—तर तेरो घरको रखवारी गर्ने जात, तैंले घर रखवारी गर्नुपर्छ—अब जा ! तँलाई घरमा अरूले पनि खान दिन्छन् मसँग तँ पनि नआ ! मसँग आएर तँ अब केही पाउँदैनस् । म आफ्नै जीउ पनि बर्ता भइरहेको छ । बरु, घरमा गएर बा, आमाल धनलाई अब मन कहिले पनि आउँदिन–रे भनिदे ! के गर्नु तँ यति भन्न सक्तैनस्—भइहाल्यो ! अब जा, जा काले जा, जा भनेको !"

मन हात टेक्तै उठिन् । कुकुर पनि एक छिन मन उठेको हेरिर फरक्क फर्क्यो ।

मनको चारैतिर अँध्यारै–अँध्यारो थियो; भित्रै अँध्यारो, बा अँध्यारो । उनलाई लाग्यो—

'यो अँधेरीरात काट्न नपाए पनि कस्तो हुन्थ्यो ! या यो नसिद्धिएर सँधैभरी अँध्यारै भइरहे पनि— म यही अँध्यारोमा यसै ग संसारको आँखाबाट हराएर हिँडिरहन्थें, बरु ।—तर भोलि बिहान हु

बित्तिकै, मलाई छोप्ने यो अँध्यारो भाग्छ । म आफूलाई लुकाउन पाउँदिन । मलाई सबैले देख्छन्—किन यस्तो भएको होला ! उता मलाई बा, आमाले खोजे होलान् । म भागेको थाहा पाएर, मेरो, चिठी हेरेर उनीहरूको मन कस्तो भयो होला, मलाई के भने होलान्, उनीहरूले के गरे होलान् !—मबाट कत्रो ठूलो धोका भयो उनीहरूलाई !—जे भए पनि अब उनीहरूले मेरो ठाउँमा धनलाई लगेर कन्यादान गर्लान् । केही गरी, मेरो ठाउँमा धनलाई बिहा गरेर दिएको थाहा पाएर दुलहाले विरोध गरे भने—बा, आमा र धनकै पनि कत्रो बेइजती होला !—जे-सुकै होस्—अब एकचोटि मास्टरलाई भेट्छु,—तर मास्टरलाई पनि भेट भएन भने अथवा उसले मेरो तिरस्कार गऱ्यो भने— मैले के गर्ने, कहाँ जाने ?—हे भगवान्, किन यस अबलामाथि दया गर्दैनौ, किन मलाई एउटा बाटो देखाउँनौ ?–मैले तिम्रो के अपराध गरें ?–तिमीले नै मलाई कमजोर हृदयकी स्वास्नीमान्छे बनायौ–म स्वास्नीमान्छे भएँ–अनि एउटा छलीलाई पठाएर ममाथि छल गरायौ !—म के गरूँ, म कहाँ जाऊ ?'

अँध्यारैमा मन फेरि अगाडि बढिन् ।

बाटोको दायाँ–बायाँ बारीको मैदानमा अगणित मकैका जुँघ फौजहरू हावामा तरवार खेलिरहेका थिए ।

मन—मन, मनमा अनेक तर्कवितर्क गर्दै हिँडिरहेकी थिइन्–कतै केही देखिदैनथ्यो । एक्कासि अलिकति अगाडि एक हूल मान्छेहरूको खलबल सुनेर उनको गति टक्क रोकियो । उनी मकैबारीमा हामफालेर लुकिन् ।

बीच बाटोमा ढिस्को जस्तो के हो, कालो थुप्रोलाई घेरेर मानिसहरू खलबल गरिरहेका थिए । एउटाले भन्यो—

"ब्याट्री—शट भएको रहेछ— ठीक हुन्छ अब, मिलाउँछु—हजूर !"

त्यसपछि घ्यार्र घ्यार्र आवाज आयो ।

"छिट्टै गर्, सवा एक भइसक्यो ? उहाँ दुई—बीसको साइत छ कन्यादानको—अबेला हुन्छ !"

अर्कोले भन्यो—

"घच्याडेर हुन्छ कि फेरि ?"

फेरि उही दोस्रोले भन्यो—

"मोहन बदमाशले गर्दा कहाँको यो थोत्रो मोटरमा परिएछ—साफ हैरान भो, भोलि त हुँदैन यो !"

"दुलहा, दुलहीलाई के हुन्थ्यो त यस्तो मोटरले—अर्कै बन्दोबस्त गर्नुपर्छ ! राम्रो त यही पनि राम्रै थियो—के गर्नु र यस्तो भएपछि !"

"ए, भएन ?—भइहाल्यो त, हामी हिंडेरै जान्छौं, बनाएर कुद्दै ल्याउनू ! —मालताल पनि छ, हराउला नि !"

"हराउँदैन हजूर, म छँदैछु नि !"

मोटरलाई त्यसै छाडेर चार पाँच जना मानिसहरू गफ गर्दै हिंडेरै आए ।

मोटर बीच बीचमा घ्यारं घ्यारं गर्दै थियो, एउटाले भन्यो—

"काजीसाहेबले दुलहा, दुलहीको जोडी त खूब राम्रो मिलाइबक्सेको हो वा !"

हिंडेर आएका मानिसहरू मन लुकेको वारीको बाटैनिर आइपुगेका थिए । काजीसाहेबले भने—

"हो, दुलही ज्यादै वेस पाइएको हो । दुलहीका वावु, आमाहरू पनि खानदानकै रहेछन् !"

"दुलहीकी बहिनी पनि दुलहीजस्तै राम्री छन्—रे ?"

"हो, उमेरले त हामीलाई वहिनीचाहिं भए—छन् हुन्थ्यो कप्तानसित यो कुराको पनि छेड़खान त भएकै हो—भएर के गर्नु, दिदीचाहिं राखेर वहिनीचाहिंको विहा नगर्ने उनीहरू ! पर्खन सकिएन । विहा हुनेबित्तिकै वसन्तेलाई पठाइहाल्नुपर्छ—पटनामा, जाँच आइरहेको छ उसको बी० ए० को । ठीकै छ नाईं यही । सब दानापानीकै कुरा हो ! दुलही वेस छन्—मैले नै हेरेको !"

बाटोमा हिंडेका मानिसहरूको कुरा सुनेर मनको भित्र एक कुनामा

आफ्नो कामको निम्ति अलिकति ढुक्क भयो । तिनीहरूमध्ये एक जना-लाई मनले दुलहाका बाबु होलान्—भनेर लख गरिन्—जसको कुरा उनले दोहऱ्याएर सम्झिरहेकी थिइन्—

"...हामीलाई बहिनीचाहिं भए कन् हुन्थ्यो—! —सब दाना-पानीकै कुरा हो !"

मानिसहरू कुरा गर्दै गए ।

मोटर बीच बीचमा घ्यार्र घ्यार्र गर्दै थियो । एकपल्ट एकदम-सित त्यस अन्धकारको गर्भ चिर्दै मोटरको बत्ती झिलिक्क बल्यो । मनले त्यो उज्यालोमा मकैका बोट र पर पर केही कयाम्मिएका रूखहरू र घरहरू पनि छर्लङ्ग देखेकी मात्रै थिइन्—बत्ती फेरि निभ्यो । बत्ती निभेपछि कति बेरसम्म यस्तो महाअन्धकार भयो—अघि अँध्यारोमा रिउ रिउ ठम्याइने बाटो र मकैबारी त जति आँखा तानेर हेरे पनि बत्तीका टाटा पो देखिए । मनको मनमा कुरा खेल्यो—

'अँध्यारोमा बसिरह्यो भने आँखाको अभ्यासले अँध्याराका वस्तु-हरू पनि देखिएर मान्छेले अँध्यारोमै पनि निर्वाह गर्न सक्छ । यदि त्यो अँध्यारोमा उसलाई उज्यालोको दिग्दर्शन मात्रै भयो भने पनि—महा-अन्धगर्तमा परेर बिग्रेका आँखाले उज्यालोको टाटोको मिथ्यास्वप्न देख्तै उसको निर्वाहमा ठूलो विघ्न पर्छ !'

एकछिनपछि मोटरको बत्ती फेरि बल्यो । मोटर पनि घ्यार्र्र मन लुकेको ठाउँबाट बगेर गयो । कति बेरसम्म मनका आँखा फेरि बिग्रे ।

मन मकैबारीबाट निस्केर हिंड्ने विचार गर्दै थिइन्—मकैका बोट-हरूमा स्वात्राङ र सुत्रुङ आवाज भयो । मन डरले त्यहीं जमीनमा लिप्सिन् । उनको नजीकैबाट एक बथान श्याल एक स्वरले कराएर भागाभाग गरे ।

घण्टाघरमा टाङ—टुङ—टिङ—टाङ गरेर दुई क्वाटर हानेको मात्रै थियो—नजीकैका घरहरूबाट मान्छेहरू कराएको सुनियो—

"चोर, चोर !"

"गुहार गुहार !!"

"यतैबाट भाग्यो, यतैबाट !!"

मान्छेहरू लालटिन लिएर यता, उति हेर्न थाले। एक जना त मन लुकेको ठाउँसम्म पनि आयो। मन सासै नफेरेर कुलेंसोमा घुस्रिरहेकी थिइन्—तै उनलाई कसैले पनि देखेन।

एकछिनपछि फेरि चकमन्न सन्नाटा भएर क्याउँकीरी कराएको मात्रै सुनियो। रूखमा कतै कतै चराहरूले च्यार् च्यार र फ्याट् फ्याट् गरेको पनि सुनिन्थ्यो।

मन बाटोमा निस्केर बिस्तारै बिस्तारै हिंड्न थालिन्। खहरे-निरको सानो गल्छेंडोगा पुगेर उनका खुट्टा फेरि रोकिए। उनले विचार गरिन्—

"...यस वेला, यो अन्धकारमा यसरी डिल्लीवजारसम्म निर्विघ्न-सँग जानलाई ज्यादै मुश्किल छ। भूतप्रेतको त मलाई पर्वाह छैन, रमन र चौकीका पुलिसहरूले देखेर मलाई के—कसो ?—भनेर सोधपुछ गरे भने त बित्यास पर्छ। उनीहरूले मलाई पक्रेर भोलि घरमा बुझाए भने, कत्रो वेइजती !—बारी बारी र बगरै बगर गए पनि कोही चोरसोर र बदमाशले भेट्न सक्छ—अनि त कुन् फजिती पर्छ।—त्यसैले आजको रात धाई बूढीकै घरमा गएर काट्नुपर्‍यो। त्यहाँ बूढा, बूढीबाहेक अरू कोही छैनन् पनि। मलाई यस वेला, यस्तो हालतमा देखेर बूढा, बूढीहरू आश्चर्य मान्लान्, रोलान्। उनीहरूलाई मनाउनुपर्ला। उनीहरू जाती छन्।"

खहरेनिरको बाटैमाथि एउटा सानो परालेघर थियो। त्यही पराले घरमा गएर मनले बन्द ढोकाको खैमल बजाइन्।

दश

भित्रबाट आवाज आयो—

"को ?"

कप्तान्नीले भनिन्—

"म ! —किन यसरी ढोका लाएर बसेकी, ढोका खोलन धन !"

कन्यादानको काम सिद्धिएपछि धन माथि आएर, कोठाको ढोका—का बन्द गरेर एक्लै रोइरहेकी थिइन् । अब उनी बाबु, आमाबाट न भइसकेकी थिइन् ! उनको गलामा कसैको दाम्लो बाँधिइसकेको यो—तिलहरीको । उनले विवशतापूर्ण आफ्नो प्रतिज्ञा भङ्ग गरेकी इन्, मधुलाई धोका दिएकी थिइन् । उनको हृदय रोइरहेको थियो । नी रोइरहेकी थिइन् ।

अब जग्गेमा दुलहासित बसेर धनले मधुसितको आफ्नो पवित्र मको आहुति गर्ने काम बाँकी थियो ।—जग्गेको काम सिद्धिएपछि—मधु-सत हाँसेर, उफ्रेर, खेलेर बढेको त्यो प्यारो बगैंचा, त्यो पटाङ्गिनी, लान, कौसी र त्यो कोठा समेत छोडेर—बाबु, आमा र बाबु, आमाको गो घरै छोडेर—मधु र मधुको घरदेखि धेरै पर अर्काको घरमा जान नको शरीर नत्थिइसकेको थियो, उनको आत्मा भने मान्दैनथ्यो । आत्मा शरीरको त्यो तानातानीमा धन रोइरहेकी थिइन्, रोइरहेकी थिइन् । आँसुभित्रै उनले सम्झिन्—कुनै दिन उनले मधुलाई माला लाइदिएर स्वयंवर गरिसकेकी थिइन् । मधुसितै विवाह गर्ने उनको दृढ प्रतिज्ञा थियो । आज अकस्मात् उनको अर्कै मान्छेसित विवाह भइरहेको थियो ।

एउटासित स्वयंवर,—अर्कोसित विवाह; एकातिर मन, अर्कोतिर तन; एक तिर प्रेम, अर्कोतिर कर्त्तव्य भएर धनको आत्मा छट्पटाइरहेको थियो

धनको कन्यादान गरेर कप्तान, कप्तान्नीले दीर्घ निश्वास छोडे

विहानको पाँच बजिसकेको थियो ।

कप्तान, कप्तान्नी रातभरिनै सुतेका थिएनन् । मनको बारेम केही सोचविचार गर्ने पनि उनीहरूलाई फुर्सत थिएन । धनलाई फे दुलहापट्टिको लुगा फेराएर जग्गेमा लाने वेला हुन लागिसकेको थियो ।

दुलहीलाई कन्यादानमा दुलहाले दिएका लुगा, गहनाको बाकस बाट चाहिंदो लुगा र गहनाहरू लिएर कप्तान्नी—लुगा फेराउन धनला बोलाइरहेकी थिइन् । कप्तान्नीले धनको कोठाको ढोका घच्घच्याएर फे बोलाउँदै भनिन्—

"धन, ढोका खोलन—भनेको !"

धनले ढोका खोलिन्–

कप्तान्नीले कोठाभित्र पसेर ढोकामा फेरि छेस्किनी हालेपछि धन को मुखमा हेर्दै भनिन् ।

"धन, तिमी, रोइरहेकी ?—किन रुनु छोरी, नरोऊ !"

कप्तान्नीले धनलाई 'नरोऊ' त भनिन्—तर उनकै छातीमा पनि गाँठो परिरहेको थियो । फेरि उनी धनलाई सम्झाइरहेकी थिइन्—

"तिमीले त झन् यसरी बाबु, आमाको नाक राखिदिएकोम सन्तोष पो मान्नुपर्ने,—खै हामीलाई त रुन पनि फुर्सत भएन ! तिम्र बा–कति रमाइलोसँग हाँसी हाँसी छोरीको विहा गर्न तम्सिनुभएको थियो मनले सबै रमाइलो र हँसी, खुशी फीका पारेर गई । वहाँलाई ज्या ठूलो चोट परेको छ । तिमीले पनि यस्तो गर्‍यौ भने—हामीलाई कस्त होला ! हेर, एउटासित विहा गरेर जानै पर्ने छोरीको जात—यस्त हो !"

धन घोप्टो परेर रोइरहेकी नै थिइन् । कप्तान्नी उनलाई सम्झाइ रहेकी थिइन्—

"आफूले कति दुःख सहेर, स्याहार—सम्भार गरेर बढाएको छोरीलाई अर्काको हातमा सुम्पनुपर्दा बाबु, आमाको चित्त पनि त रहँदैन नि !—अब के गर्नु, व्यवहार यस्तै छ, चलन यस्तै छ ! समाजमा नमिल्ने काम गरेर बस्न नहुने !—तिम्रो त उही पनि के भएको छ—र !—दुलहा बेस छन्, घरमा एक मानाको दुःख छैन, सब थोक असल छ !—मन पर्नु र नपर्नु भन्ने कुरा त्यस्तै हो—मान्छेको मनलाई जता लगायो—उतै लाग्छ, जस्तो बानी गरायो, उस्तै बस्छ । मनलाई धैर्य गराएर भएको कुरामा सन्तोष मानेर, खुशी भएर बस्नुपर्छ ;—सुखै हुन्छ !—अब पात्ति-एर, आफ्नो भएको कुरामा असन्तोष मानेर समाजमा नहुने नहुने कुरा गर्न खोज्दै हिंड्यो भने त केही कुराले पनि पुग्दैन,—ज्यादै दुःखी हुनु-पर्छ मान्छेले.,.......!"

वाहिरबाट कसैले ढोका कोटचाएको जस्तो लागेर कप्तान्नीले ढोकातिर हेरेर सोधिन्—

"को हँ, त्यहाँ ?"

वाहिरबाट आवाज आयो—

"म !"

"ए, किन भुन्टी ?"

भुन्टीले भनी—

"तल मैसापका साथीहरू आका छन्—सावित्री, बन, राधा, जननी, सानी—अरू पनि छन् !—उनेरू सबै यहाँ माथि आउन खोज्थे । उनेरूलाई तल अलमल्याएर म माथि हजूरसित सोध्न आकी !"

कप्तान्नीले भनिन्—

"ल, उनीहरू सबैलाई तल ठूलो बैठकमै राख् ! दुलहीलाई म आफै सिंगार पार्छु, लुगा पनि मै फेराउँछु—उनीहरूलाई यसै भन्नू ! कुरा बुझिस् त, ए !"

"बुझें !"

कप्तान्नीले सोधिन्—

"ए भुन्टी, अरू नि अरू—को को आए ?"

"हामीतिरका चार, पाँच जना लोग्नेमान्छेहरू आका छन् !— काहींला बाजे, सानदाइ, चौतरिया बाबुसाहेब, भँडारीसुब्दार, थरी कान्छा, रामदल र मधु काजी पनि आउनुभएको छ । चौतरिया बाबुसाहेब, मधुकाजी र कप्तान साब कुरा गर्न लाग्नुभाछ ! अरू कोही दुलहाकाँ छन्, कोही पण्डितबाजेसित जग्गेमा बसिराछन् ।"

"नुहाउने पानी भरिस् त ?"

"भरें !"

"लौ त त्याँ मटानको ढोका पनि ढप्काएर जा—म आउँछु ! धन, तिमी झट्टै नुहाएर आऊ त ! ......के गर्नु, आफूलाई मन पर्ने कुरा मात्र पनि हेर्नु हुँदैन ! आफूलाई मन पर्ने कुरा गर्न मान्छेले पहिले समाजको दृष्टिबाट हेर्नुपर्छ । समाजको दृष्टिबाट हेर्दा राम्रै देखिन्छ भने आफूलाई मन परेको काम गर्न हुन्छ—नत्र हुँदैन । अझ सक्नेले त आफूलाई मन परेको काम नगरेर, जानी—जानी मन नपरेको चाहिं काम गर्छन्; मन परेको रेशमी वस्त्र त्याग गरेर खाँडी र खद्दर लाउँछन् । हामी त्यतिसम्म त सक्तैनौं तापनि बर्ता बर्ता कुरा गर्न पनि अलिकति त हामीले आफूलाई कस्नै पर्छ !—किन नउठेकी ?"

धन नुहाउन निस्किन् ।

धन नुहाएर आएपछि कप्तान्नीले उनलाई खूब प्यारो गरेर, सिंगारपटार पारेर लुगा पनि फेराइदिइन् ।

धनको बायाँपट्टि चिउँडोमा कालो कोठी बनाउन कप्तान्नीले फेरि पनि बिर्सेकी थिइनन् । त्यसमाथि उनले सितारा र झल्कने जरीहरू जडेको रातो रेशमी बाबरलेटको घुम्टीमा रातै रेशमी रुमालको भित्री छापेर धनको चन्द्रवदन छोपिदिइन् ।

घुम्टी धनको छातीसम्म लत्रेको थियो ।

एघार

त्यस्तो रातको वेलामा त्यसरी, त्यो हालतमा एक्कासि मनलाई देख्ता खहरेकी धाई बूढी आश्चर्य-चकित भइन् । झन् त्यही वेलामा उनले हातमा लिएको बत्ती पनि ढोका खोल्दाखेरि बाहिरबाट आएको बतासको झोंक्काले झ्याप्पै निभ्यो ।

बूढा, बूढी दिनभर कप्तानको घरमा मनको बिहाको काम गरेर आएका थिए । बिहा—घरको पात गाँस्ने, कसार बटार्ने, सेल पकाउने काम बूढीले नै गरेकी थिइन्— किनमेल र जग्गेको काम बूढाले गरेका थिए ।

कप्तान्नीले कामको चापाचाप भइरहेको हुनाले—बूढा, बूढीलाई राती पनि आज बिहा—घरमै बस्नुपर्छ—भनेकी थिइन्; तर उनीहरूको एकलासको घरमा अरू मान्छें कोही नभएकोले—जन्ती पर्साएको हेरेर आफ्नो भागको खानेकुरा खान र सुत्न पनि उनीहरू आफ्नै घरमा आए ।

बूढी उहिले कुन्नि कुन दरबारमा— हो, धाई थिइन्— रे । त्यसैले उनी निकै काइदा, कदर जान्दथिन्— फरासिली पनि थिइन् । केटाकेटी त उनीसँग असाध्ये झुम्मिन्थे । गाउँ, घरमा उनी सबैकी धामा थिइन् । उनलाई सबैले धामा भन्दथे ।

एउटै गाउँ हुनाको कारण बूढीको कप्तान—परिवारमा निकै हिचमिच भएको थियो । सबैभन्दा मनले बूढीलाई ज्यादै माया गर्थिन्, वेला वखतमा हेरविचार पनि गर्थिन् । बूढीको पनि मनमा ज्यादै प्रेम थियो ।

मनलाई देखेर बूढीलाई आफ्नी छोरीको झल्को लाग्थ्यो । बूढीकी छोरी पनि मनजस्तै थिइन्—रे । उनको नाम जमुना थियो ।

जमुनाले जस्तै मनले पनि बूढीलाई माया गर्थिन् । तीन वर्ष-अगाडिको बिफरको महामारीले जमुनालाई बूढीको हातबाट खोसेर लगेको थियो । बूढी बराबर जमुनालाई सम्झी सम्झी रुन्थिन् । उनी मनको रूप, स्वभावमा जमुनालाई हेर्न मनकहाँ गइरहन्थिन् ।

बूढा ठटचौला र मिज्यासिला थिए—गाउँभरको काम र परोपकार गरेर हिड्थे ।

बेलुका बूढा, बूढीले सुत्ने वेलामा बिहाको भाग खाने कुरा खाँदै, धेरै बेरसम्म बिहाघरको गन्थन गरेका थिए । बूढीले कसारको डल्लो बूढाको भागमा हालिदिदै भनेकी थिइन्—

"लौ बूढा, कसार जति तिमी नै खाऊ—मेरो त दाँतैले भएन !"

"तैं खा, तैं खा ! आफूले बनाएको कसार आफै खा— यस्तो साह्रो !"

"त्यसो त सेल पनि मैले नै पकाएकी त हुँ नि ! कस्तो मुख भरी घिउ आउँछ—हेर ! कप्तान्नी दिल त ठूलै भएकी हुन्, तर मनको जस्तो ठूलो हात त हैन—है !"

"ठूलो हात भए पनि, सानो हात भए पनि अब भोलिदेखि उनी अर्काको घरमा गइहाल्छिन् !"

"त्यही त !—अब आफ्नो निम्ति त कप्तानको घरै शून्य हुन्छ-आफूलाई धेरै चाहा गर्ने उनै थिइन् !"

"त्यसो भए मनसितै दाइजो जानू, के त !"

"जान्थें पनि—आफ्नो यो उमेर भएर पो !……साँच्चि, दुलहा मान्छे त धनी नै रहेछन् क्यार—कस्तरी गम्काएर जन्ती ल्याएको ! उमेर त ठीकै हो दुलहाको, तर हाम्री सुकुमारी मनलाई सुहाउने त हैनन् है !—जीउ नै अलि कस्तो कस्तो भद्दा किसिमको !"

"लोग्नेमान्छे त्यस्तै त हुनुपर्छ नि—खाइलाग्दो !—उही पनि

जीउडालले के गर्छ र—सब कुरा पैसै त हो नि !"

खानपीन सिद्धयाएर बूढा, बूढी गन्थन गर्दै सुतेका थिए । बूढी-लाई पटक्कै निद्रा लागेन । उनको दिमागमा बिहा—घरकै दृश्य घुमि-रहेको थियो । कहिले उनी मनलाई सम्झन्थिन्, कहिले दुलहालाई ।

अकस्मात् त्यस वेला राती कसैले बाहिरबाट ढोका घच्घच्याएको जस्तो लागेर—बूढीको तन्द्रा भङ्ग भयो । उनले सोधिन्—

"को, हँ ?"

"म !—ढोका खोल्नोस्न धामा !"

बूढीलाई ज्यादै आश्चर्य लाग्यो—त्यो स्वर सुनेर । त्यो स्वर परिचित स्वर थियो—स्वास्नीमान्छेको । बूढीले विचार गरिन्—त्यो मनको स्वर थियो, मनको—दुलहीको !

बूढीले धिब्री बालेर हत्तपत्त ढोका उघारिन् । ढोका उघारेर उनले देखेको मूर्तिको निम्ति कति वेरसम्म त उनलाई आफ्नै आँखाको समेत विश्वास भएन । त्यही वेलामा झन् बत्ती पनि निभ्यो । बूढीले मन-मा हजार उथलपुथल मचाउँदै सुतिरहेका बूढालाई घच्घच्याएर उठाइन् । मन अँध्यारैमा-सँघारभित्र पसिसकेकी थिइन् । बूढाले बूढीसित भने—

"किन, किन !"

बूढीले फेरि बत्ती सल्काइन् ।

बत्तीको उज्यालोमा अकस्मात् मनलाई देखेर बूढा पनि आश्चर्य, अवाक् भए ।

मनले बूढीको भाव थाहा पाइन् तापनि उनीहरूसँग के भन्नें, के नभन्ने भइरहेको थियो—उनलाई । एकछिनपछि मनले नै मुख उघारिन्—

"म तो१ चल्नेवित्तिकै जान्छु !"

बूढाले बेहोशमै सोधे—

"कहाँ ?"

"............"

बूढीको पनि होश आइरहेको थियो सशङ्कित भएर उनले पनि

सोधिन्—

"मैसाप यहाँ, यस वेला राती कति कामले त......, उहाँ बिहा...... ?"

मनले एकदमसित बूढीलाई छाँद हालेर रुँदै भनिन्—

'धामा, मसित केही पनि नसोध्नोस् ! मैले मेरा बा, आमा, धन र सबै कुरालाई छोडेर आएँ ! अब म कहाँ जान्छु, के गर्छु—मलाई नै थाहा छैन ! म तोप चल्नेबित्तिकै जान्छु !"

मनको कुरा सुनेर बूढा, बूढीहरू ठूलो विस्मयमा परे। उनीहरूलाई 'यो सब सपना त हैन ?' भन्ने पनि लाग्यो।

बूढी त्यसै पग्लिरहेकी थिइन्– स्नेहले। उनको हृदय छिया-छिया भइरहेको थियो। मन रोएको देखेर उनी रोइन्। उनले मनलाई प्यारो गरेर मुसार्दै सोधिन्—

"बा, किन यस्तो भयो ?"

बा-ह

जग्गेको काम सकेर दुलहा, दुलहीको खानपीनको काम पनि सिद्धियो ।

दुलहाका साथीहरू दुलहालाई व्यङ्ग्य गर्दै आपसमा ठट्टा गर्दै, सब यता र उता गरिरहेका थिए । कसैको जन्तेबाख्रोमा जाने सुरसार भइरहेको थियो ।

सब आफ्ना आफ्ना काममा संलग्न थिए । कसैलाई पनि फुर्सत थिएन—जस्तो देखिन्थ्यो,—फेरि हाँसो र ठट्टा गर्न भने सबैलाई फुर्सत थियो ।

मधु बिहानदेखि नै दुलहीपट्टिको बिहाको काममा व्यस्त थिए । दुलहा र दुलहीका साथीहरूको सम्मानको काममा पनि उनै खटिएका हुनाले उनलाई सास फेर्ने फुर्सतसमेत थिएन । उनी आफ्नो तन, मनले नै तन्मय भएर मनको विवाहको काम गरिरहेका थिए ।

सास फेर्ने फुर्सत नभए पनि मधुले दुलहीपट्टिका परिवार र आमन्त्रितवर्ग सबैलाई देखे । दुलहीको रातो आवरणमा ढाकिएकी मनलाई उनले माथि र जग्गेमै पनि धेरैपल्ट देखे । कप्तान, कप्तान्नी, भुन्टी, बाटुली, सन्ते, बाहुन र धन–मनका मामा, पल्ला घरकी महन्तिनी, गुरु, पुरोहित र भन्टाङभुन्टुङसमेतका बज्यैहरू, काहिँला बाजे, सानदाइ, चौतरिया, थरी कान्छो, भँडारी, खाँडो जगाउने रामदल र ऊ, ऊ, ऊ—सावित्री, वन, राधा, जननी, सानी सबैलाई देखे पनि—मधुले आज बिहानदेखि नै धन-लाई देखेका थिएनन् जो उनकी प्रणयिनी थिइन् । चोकमा, कोठामा,

झ्यालमा, आकाशमा, बादलमा जताततै धनलाई देखिरहेर पनि प्रत्यक्ष धनलाई आज बिहानदेखि नै उनले कतै पनि देखेनन् ।

मधुले दुलहालाई पछि लगाएर जग्गे घुमिरहेकी दुलहीलाई धन-को कल्पना गरेर हेरे; दुलहालाई आफ्नो ।

'एक दिन धनको र मेरो पनि यसै गरी विवाह हुनेछ, यसै गरी माहुर ख्वांउनुपर्नेछ, यसै गरी मैले धनलाई सिन्दूर हाल्नुपर्नेछ, यसै गरी लगन–गाँठो समातेर जग्गे घुम्नुपर्नेछ—कन्यादानमा मैले दुलहीको नाम राख्नुपर्नेछ । म त धनको अर्को नाम राख्तिनँ । धन नाम नै राम्रो छ उनको । फेरि स्वास्नीले भने लोग्नेको नाम पनि लिन नहुने रे, लोग्नेले भने स्वास्नीको नामसमेत अर्कै राख्नुपर्ने । लोग्नेलाई पनि स्वास्नीको अर्को नाम राख्ने के अधिकार ?'

धनलाई नदेखेर मधुले यताउति हेर्दै उनको खोजी गरे । 'आज धन कहाँ गइहोलिन्'—भनेर मधुले कतिपल्ट विचार गरे—उनको विचारको कलिलै अवस्थामा एउटा न एउटा कामले बिथलेर बीचमै उनको विचारलाई भङ्ग गरिदिन्थ्यो ।

चुरोट र जग्गेको धूवाँको बादलपारी–माथि झ्याल झ्यालको लोक लोकबाट तल जग्गेमा दुलहा र दुलहीलाई हेरेर कलिपरहेका चन्द्रमुखी भगवतीहरूलाई—चोकमा उभिएर चोर आँखाले हेर्ने दुलहाका ठाँटिला साथीहरूको साथसाथै बाजाले थर्काइरहेको मुटुलाई थामेर मधुले पनि कति-पल्ट माथि झ्यालतिर हेरे—झ्यालमा मन र धनका साथीहरू सब देखिन्थे, दुलही जग्गेमै बसेकी थिइन् दुलहासित—धन झ्यालमा पनि थिइनन् ।

दुलहा र दुलहाका साथीहरू सब खुशी थिए । दुलहीपट्टिका मानिसहरू अरू खास गरेर दुलहीका बाबु, आमाहरूको मुख भने म्लान देखिन्थ्यो ।—त्यो स्वाभाविकै हो—कति कति दुःख सहेर बढाएकी छोरी लाई अर्काको हातमा दिंदा बाबु, आमाहरूको मुख किन म्लान नहोस् ! दुलही पनि घुम्टीभित्रै रोइरहेकी जस्ती थिइन् ।

जग्गेको विधिविधान सब बेलैमाथि सिद्धिएको थियो । मुटुलाई हत्केलामा

थामिरहेका कप्तान, कप्तान्नीले जग्गेको काम सिद्धयाएर लामो सास फेरे। कप्तान्नीलाई अलि सञ्चो नहोला—जस्तो भइरहेको थियो। सात बजेपछि दुलही अन्भाउने समय ठीक गरेका थिए। दुलहासमेत जन्तीको फौज जन्तेबाखामा गएको थियो।

दुलहीको शृङ्गार भइसकेको थियो।

दुलहीको कोठाबाट आफ्नो कोठातिर आइरहेकी कप्तान्नीसित मधुले मौका छोपेर पेटमै प्रश्न भएको कुराले भने—

"धनलाई त आज देख्तै देखिएन !"

'धन खै ?'—भन्ने धन र मनका साथीहरूको प्रश्नको जवाफ दिँदादिँदा कप्तान्नीलाई जवाफको एउटा अभ्यास भइसकेको थियो तापनि मधुको कुराले कप्तान्नीको हृदयलाई जरैसमेत हल्लायो। उनी थर्र काँपिन्। आफ्नो कुराले कप्तान्नी काँपेकी मधुले पनि देखे।

कप्तान्नीले बडो मुश्किलसँग आफूलाई सह्मालेर धन र मनका साथीहरूलाई भनेकै कुरा मधुलाई पनि भनिन्—

"धन पर सरेर मावल गएकी छन् !"

कप्तान्नीको भावभङ्गिमा र कुरा गराइमा कुनै ज्यान थिएन। उनले हँसिलो मुख बनाउन खोजेर कुनै आन्तरिक व्यथालाई दबाइरहेकी जस्ती देखिएकी थिइन्—उनी।

मधुले सोधे—

"तपाईंलाई अलि आराम नभएको जस्तो छ नि ?"

कप्तान्नीले कायल हुन खोजेको चोरले जस्तै कुरा छल्न खोजेर भनिन्—

"हँ, ठीकै छ मलाई त !—तल खलबल गर्छन् नि, दुलहा आए क्या जन्तेबाखाबाट। कति बज्यो ?—अब दुलही अन्भाउनुपर्छ ?"

मधुले भने—

"हो, दुलहा त आए, दुलही अन्भाउने वेला अलि भएको छैन, अझ एक घण्टा बाँकी छ। कप्तानसाहेब नि ?"

कप्तान्नीले भनिन्—

"उहाँलाई अलि आराम भएन, कपाल दुखेको छ—तैपनि आउ हुन्छ अब ! बाबुले पनि ज्यादै तकलिफ गर्नुभयो—के गर्नु ! आ मान्छे भएपछि यस्तै हो ! अब दुलही अन्भाएपछि त हाम्रो सिद्धिन्छ !"

भऱ्याङ्को टाउकोसम्म आएर पुरेतले मधुलाई भने—

"काजी बाबु, अब एक छिन तल पाल्नुभए हुन्थ्यो !"

मधु—पुरेतसित तलतिर ओर्ले । उनी विचार गरिरहेका थिए

'धन अस्तिजस्तो मात्रै नछुनी भएकी थिइन्—दश, बाह्र, पनि भएको छैन, फेरि चाँडै नछुनी भइछन्—नछुनी नै भए पनि मावल जानुपर्थ्यो !—साइतको वेलामा छूतछात हुन्छ—भनेर हो अलग्ग बसे के हुन्थ्यो—र ! गए पनि अगिपछि त मलाई थाहा दिन्थि उनले ! —के अचम्म !'

हृदय—विदारक बिदाइको बाजा घन्किरहेको थियो ।

एक्कै छिनपछि दुलहीलाई तल ज्यौंतीकोठामा ल्याए ।

ज्यौंतीकोठाको विधि सिद्धिएपछि दुलही र दुलहालाई तीन जगे घुम्न लगाएर कप्तानसाहेबले दुलहीलाई अन्भाए ।

बाटुली दुलहीको लोकन्ती भएर दुलहीसितै गई ।

बाजाको घन्कावटमा कोही रोइरहेका थिए, कोही हाँसिरहे थिए ।

बिदाइको वेलामा दुलही पनि अति नराम्रोसित रोइन् ।

दुलहा, दुलहीलाई मोटरमा राखेर कप्तानले आँसु पुछे । उनत भाउन्न भइरहेको थियो । उनी बाटैमा लड्न लागेका थिए । उन मान्छेहरूले उनलाई भर दिँदै डोऱ्याएर फर्काए ।

कप्तान्नी कोठामा घोप्टो परेर रोइरहेकी थिइन् ।

पर—विवाहको प्रोसेसन मिलेर गएको बाजाको आवाज सुनि थियो तापनि कप्तानको घर एकदम शून्य भयो ।

दुलहा, दुलहीलाई पर मोडसम्म पुऱ्याएर दुलहीको बारेमा मनमा नानाथरि तर्क–वितर्क गर्दै, धनलाई सम्झँदै, केही खिन्न हुँदै, कामको बोझ सकिएकोमा केही हल्का अनुभव गरेर खशी हुँदै मधु पनि फर्के ।

तेह्र

राम्रोसित सारा कुरा नबुझे पनि केही मात्रामा बूढाबूढीले मनको कुरा बुझे। विहा—घरको चिन्ता गरेर उनीहरूको हृदय ढक्क फुल्यो। मनको हालतमा उनीहरूको हृदय छियाछिया भयो।

बूढा, बूढीले—अब के गर्ने हो—भनेर आफ्नो कर्त्तव्यको विचार गरे।

मनलाई ठाडै खुट्टाले फर्काउने अथवा कप्तान, कप्तान्नीलाई गएर-मन भागेर लुक्न आएकी कुराको सूचना गर्ने कुरा पनि बूढाले सम्झे। त्यसो गर्दा, शरणको मरण हुन्छ—के यो कर्त्तव्य हो ?—त्यसो नगरेर मनलाई लुकाएर राखे पनि कप्तान्नीप्रति ठूलो धोका हुन्छ र यो पनि छिमेकी अथवा आफन्तको कर्तव्यबाहिरकै कुरा हुन्छ— अब के गर्ने ? ओहो, मन–यिनी त ज्यादै बेस र मानिनी थिइन्—कसरी बिग्रिछन्। यिनलाई कसैले फसायो। धोकामा पर्नु यिनको दोष हैन;—तर समाजको निम्ति यो दोष नै देखिन्छ।

मन यस्ती राम्री र सुबानकी छन्। यिनलाई यसनी धोका दिएर भाग्ने मान्छे को होला ?—यिनी भन्दिनन्। यिनलाई फसाएर छोड्नलाई त्यो मान्छे जरूर पराधीन भयो होला—परिस्थितिको। मन त्यो मान्छेको खोजीमा निस्किरहेकी छन्। यिनले त्यो मान्छेलाई भेट्टाउन सकिनन् अथवा भेट्टाएर पनि त्यो मान्छेले यिनको अपमान गऱ्यो भने—जरूर आत्म–हत्या गर्छिन्—किनभने यिनी सिद्धान्तकी मानिनी छन्— यसै भएर नै भागेर आइन्। जब यिनको कसरी हत्या हुन्छ—यिनको पेटको बच्चाको पनि

हत्या भएर डबल हत्या हुन्छ । त्यो हत्याको पाप हामीले पनि भोग्नुपर्छ–किनभने हामीले थाहा पायौं । कस्तो धर्म—सङ्कट पऱ्यो ! यिनी हाम्रो निम्तिमा ज्यादै जाती थिइन्, उदार र दानी थिइन् । आज यिनलाई दु:ख पऱ्यो । हामीले यिनको मदत गर्नै पर्छ—कठै, बिचरी अबला—ऊ रोइरहेकी छन् ।

बूढीको काखमा घोप्टो परेर मन रोइरहेकी थिइन् । उनको महीनौंदेखि जम्मा भएर जमिरहेको आँसुको ढिका बूढीको आधार पाएर होला फुटिरहेको थियो; उनी रोइरहेकी थिइन् । बूढाले उनलाई सम्झाए—

"हुने कुरा कल्ले टार्न सक्छ, अब नरुनोस् मन मैसाप–हामीलाई आफ्नो देखेर आउनुभयो, बेस गर्नुभयो—एकचोटि सबैलाई दु:ख पर्छ हड्बडाउनु हुँदैन !—हामीले सकेको सेवा हामी गर्नेछौं !"

बूढाको उदारतामा बूढीको छाती पनि टुँडिखेलजत्रै भयो । उनले पनि आफ्नो उदारताको पोको खोलिन्—

"हामी छँदैछौं नि, किन रुनुपऱ्यो । हामी जसरी भए पनि मैसापको जीउ हल्का नभएसम्म लुकाएर राख्छौं !"

मनले अलिकति टाउको उठाएर भनिन्—

"हैन धामा, म जान्छु !"

बूढीले भनिन्—

"एउटा कुराको ठेगान नभईकन, फलानो ठाउँमा जाने भन्ने निधो नभईकन—मन भर्माएर त्यसै जता मन लाग्यो उतै जानु हुँदैन बा,—कहिले हुन्थ्यो !"

बूढाले बूढीको कुरामा सही थापे –

"हो, कहिले हुन्थ्यो !"

बूढा, बूढीको सहानुभूति र शरण पाएर मनको हृदयको बोझ निकै हलौं भइरहेको थियो । उनीहरूको उदारतामा उनलाई ठूलो आधार लाग्यो । उनले विचार गरिन्—

'यथार्थ कुरा थाहा नपाईकन अब यी बूढा, बूढीले मलाई' यसै छाड्दैनन् । यिनीहरू पनि मेरा बाबुआमा नै हुन् जल्ले मेरो यस्तो हालतमा पनि मलाई शरण दिए—नत्र मेरो [अरूको थियो र—आफ्ना आमा, बाबुलाई छोडेर आइहालें !

मेरो सर्वस्व लुटेर, मलाई तिरस्कार गरेर गएको मास्टरको घरमा दयाको भीख माग्न म एक्लै किन जाऊँ ?—गए पनि यी बूढा, बूढीलाई पनि सबै कुरा बताएर, यिनीहरूलाई पनि साथमा लिएर जान्छु म, दुई–चार दिनपछि । यसो गर्दा मलाई यहाँ बा, आमाहरूको कुरा र धनको बिहा भयो कि भएन,—त्यो कुरा पनि थाहा हुन्छ ! —हो म यी बाबु, आमाजस्ता मान्छेहरूको कुरा मानेर अहिले यिनीहरूकै घरमा लुकेर बस्छु !

—केही गरी त्यो मास्टरलाई भेट भएन अथवा उसले मेरो फेरि पनि अपहेलना गऱ्यो भने—मैले अपहत्ये गर्ने विचार गरेकी थिएँ । यो मेरो अधैर्य्य र मूर्खता हो । त्यो मास्टरले धोका दियो भन्दैमा म किन अपहत्ये गरूँ ?—केही दिनपछि मेरो जीउ हल्का हुन सक्छ । एउटा न एउटा काम गरेर म आफ्नो जीवन–निर्वाह गर्न सक्छु, पशुले पनि पेट पालेर बाँचेका छन्—मैले त दुई अक्षर पढेकी छु, म अरू पढ्न सक्छु, अरूलाई पढाउन सक्छु, सिउन सक्छु, बुन्न सक्छु म, अथवा अरू नै कुनै इलम गर्न पनि सक्छु, म !'

मनले बूढा, बूढीको हृदय छामिन्—

"मान्छेको थुकाइबाट बच्नको निम्ति अलि दिनसम्म मैले लुक्नै पर्छ—यहाँ तपाईंहरूलाई दुःख मात्र हुन्छ !"

बूढाले भने—

"मान्छे दुःखै भोग्न जन्मेको हुन्छ ! मानवताको कर्त्तव्यको दुःखमा नै वास्तविक सुख हुन्छ । अर्काले दुःखी देखे पनि हामी ज्यादै सुखी छौं। हामीलाई कुनै ठूलो कुरा र ऐश्वर्यको चिन्ता छैन । आफ्नो शक्तिले भेटेको परोपकार सेवा गरेर काल पर्खिरहेका छौं ! तपाईंको सेवा गर्नु पनि हाम्रो

कर्त्तव्य हो !"

बूढीले भनिन्—

"हामीलाई केही दुःख हुँदैन बा, बस्नोस्! बूढा गाउँ, घरतिर निस्केको वेलामा मलाई एक्लै बस्न पट्यार लागेर म पनि यताउति निस्कन्थें— अब बाबुकै स्याहार गरेर घरै बस्छु के !—म उहिले पनि धाई थिएँ अहिले पनि बाबुको साँच्चिकै धाई—आमा हुन पाएँ !— मलाई पहिलेदेखि नै बाबुको ज्यादै स्नेह लाग्छ—मेरी छोरी पनि बाबु-जस्तै थिई, गई ! अब बाबु नै मेरी छोरी...!"

बूढी रोइन् ।

आफूलाई आफ्नै बाबु, आमाले जस्तै माया गर्ने बूढा, बूढीलाई पाएर मनको दुःख आधा नै घट्यो । त्यसमाथि उनले धेरै दिनदेखि जमिरहेको आँसु पोख्न पाएकी थिइन् । केही दिनको निमित्त बूढा, बूढी-को घरबाट ननिस्कने नै उनको विचार भयो ।

भोलिपल्ट बूढाले बिहाघरमा गएर बिहाघरको चालामाला हेर्दै— कप्तान, कप्तान्नीलाई पनि सुँघेर आए ।

बिहाघरमा धन पर सरेर मावल गएकी थिइन् । मनको विवाह भइरहेकै थियो । कप्तान, कप्तान्नीको मुख अलि मलिन भए पनि उनीहरू विवाहको काममा लागिरहेकै थिए ।

बाबु, आमाको घरको खबर सुनेर बूढीको घरमा मनले लामो सास फेरिन् ।

चौध

दुलहीलाई पर—मोडसम्म पुऱ्याएर फर्केको मधु बाटोमा सोचि- रहेका थिए—

'दुलही ज्यादै नराम्रोसित रोइन् वा !—यस्तो विधिसित रुन त नपर्ने हो !—म मोटरको ढोका समातेर हिंडिरहेको थिएँ—अलि पर- सम्म दुलहा, दुलहीलाई पुऱ्याएर फर्कूं—भनेर। किन त्यसरी मेरो हात- मा घोप्टो परेर रोएकी होलिन्—मैले कति बेरसम्म त हातै पनि झिक्न पाइनँ। यस्तो त मसँग मनले कहिले पनि गरेकी थिइनन्—के अचम्म !- धनको कुरा भने बेग्लै हो !'

मधु सोच्दै कप्तानको घरमा आए।

कप्तानको घर शून्य र चकमन्न भएर रोइरहेको थियो।

बिहा—घरको नाममा चोक र दलानमा फालिएका पातका टपरी र कसिङ्गर, जगेमा अँगार भएर निभिसकेका खिचडी चरुका काला डल्ला र चँदुवा हल्लाइरहेका बाँसले उपहास गरिरहेका थिए। एक, दुइटा भुस्याहा कुकुरहरू—यताउति फ्याँकिएका पात चाटिरहेका थिए।

मधु मास्तिर उक्लेर कप्तानको कोठामा गए। कोठामा कप्तान, कप्तान्नी—केटाकेटीले जस्तै हिक्का छोडी छोडी रोइरहेका थिए। मधुले उनीहरूलाई सम्झाए—

"हजूरहरू, किन यसरी रोइरहेको त्यसै पनि ? बिहा सिद्धियो, खशी पो हुनुपर्ने ! छोरीलाई सधैंभरी बाबु, आमाले आफूहरूसँग राखेर निर्वाह नहुने, संसार नचल्ने—अब के गर्नु ! नरोइबक्स्योस्, अब

एक दिन धनलाई पनि यसै गरेर अर्काको हातमा सुम्पनुपर्छ—यस्तै हो ! म त यहाँ बाँकी रुपियाँ बुझाऊँ भनेर आएको, यस्तो !"

मधुले धनको नाम लिएर कुरा गरेको सुनेर कप्तान्नी झन् मुटुमा गाँठो पारी पारी रोइन् !

सन्तेले कोठाको ढोकाबाट मधुसित भन्यो—

"ताला हालुवाई हिजोको हिसाब आलि मिलेना—भान्न आएको छा !"

मधु तलतिर ओर्ले ।

साँझ परिरहेको थियो ।

हलुवाईको हिसाब मिलाएर मधु आफ्नो घरतिर गइरहेका थिए-पट्याउँदा पट्याउँदा जन्तरजस्तो सानो पारेको एक टुक्रा कागत भुन्टी-ले मधुलाई दिँदै यताउता हेरेर सानो स्वरले भनी—

"यो कागत—काजीलाई सुटुक्क दिनू—भनेर मलाई दुलहीले दिएको !"

मधुले कागत लिएर भुन्टीसित सोधे—

"हँ, कुन वेला ?"

भुन्टीले भनी—

"अन्भाउन ओह्लाल्ने वेलैमा दिनुभएको हो—अगि काजीलाई दिन मौकै परेन !"

भुन्टी गई ।

मधुले हत्तपत्त—सन्ध्याले छोपेर मलिन भइरहेको उज्यालोमा भुन्टीले दिएको कागत फुकाएर हेरे ।

चिठीमा धनको हस्ताक्षर थियो । त्यसमा थियो—

"मेरो आत्माको देवता !

मेरो मधु, मेरो आत्माको देवता—मेरो यो नश्वर शरीरमा अरूकै अधिकार रहेछ—यो मलाई थाहा नै थिएन । आज यो शरीर पराधीन भएर मेरो ईश्वरलाई छोडेर गइरहेको छ । यसैभित्र छटपटा-

चौध

दुलहीलाई पर—मोडसम्म पुऱ्याएर फर्केको मधु बाटोमा सोचि रहेका थिए—

'दुलही ज्यादै नराम्रोसित रोइन् बा !—यस्तो विधिसित रुन त नपर्ने हो !—म मोटरको ढोका समातेर हिंडिरहेको थिएँ—अलि पर सम्म दुलहा, दुलहीलाई पुऱ्याएर फर्कूं—भनेर। किन त्यसरी मेरो हात मा घोप्टो परेर रोएकी होलिन्—मैले कति वेरसम्म त हातै पनि झिक्न पाइनँ। यस्तो त मसँग मनले कहिले पनि गरेकी थिइनन्—के अचम्म !- धनको कुरा भने वेग्लै हो !'

मधु सोच्दै कप्तानको घरमा आए।

कप्तानको घर शून्य र चकमन्न भएर रोइरहेको थियो।

विहा—घरको नाममा चोक र दलानमा फालिएका पातका टपरी र कसिङ्गर, जगेमा अँगार भएर निभिसकेका खिचडी चरुका काला डल्ला र चँदुवा हल्लाइरहेका बाँसले उपहास गरिरहेका थिए। एक, दुइटा भुस्याहा कुकुरहरू—यताउति फ्याँकिएका पात चाटिरहेका थिए।

मधु मास्तिर उक्लेर कप्तानको कोठामा गए। कोठामा कप्तान कप्तानी—केटाकेटीले जस्तै हिक्का छोडी छोडी रोइरहेका थिए। मधुले उनीहरूलाई सम्झाए—

"हजूरहरू, किन यसरी रोइरहेको त्यसै पनि ? विहा सिद्धियो, खशी पो हुनुपर्ने ! छोरीलाई सधैंभरी बाबु, आमाले आफूहरूसँग राखेर निर्वाह नहुने, संसार नचल्ने—अब के गर्नु ! नरोइबक्स्योस्, अब

एक दिन धनलाई पनि यसै गरेर अर्काको हातमा सुम्पनुपर्छ—यस्तै हो! म त यहाँ बाँकी रुपियाँ बुझाऊँ भनेर आएको, यस्तो!"

मधुले धनको नाम लिएर कुरा गरेको सुनेर कप्तान्नी झन् मुट्टुमा गाँठो पारी पारी रोइन्!

सन्तेले कोठाको ढोकाबाट मधुसित भन्यो—

"ताला हालुवाई हिजोको हिसाब आलि मिलेना—भान्न आएको छा!"

मधु तलतिर ओर्ले।

साँझ परिरहेको थियो।

हलुवाईको हिसाब मिलाएर मधु आफ्नो घरतिर गइरहेका थिए- पट्याउँदा पट्याउँदा जन्तरजस्तो सानो पारेको एक टुक्रा कागत भुन्टी-ले मधुलाई दिंदै यताउता हेरेर सानो स्वरले भनी—

"यो कागत—काजीलाई सुटुक्क दिनू—भनेर मलाई दुलहीले दिएको!"

मधुले कागत लिएर भुन्टीसित सोधे—

"हँ, कुन वेला?"

भुन्टीले भनी—

"अन्भाउन ओह्राल्ने वेलैमा दिनुभएको हो—अगि काजीलाई दिन मौकै परेन!"

भुन्टी गई।

मधुले हत्तपत्त—सन्ध्याले छोपेर मलिन भइरहेको उज्यालोमा भुन्टीले दिएको कागत फुकाएर हेरे।

चिठीमा धनको हस्ताक्षर थियो। त्यसमा थियो—

"मेरो आत्माको देवता!

मेरो मधु, मेरो आत्माको देवता—मेरो यो नश्वर शरीरमा अरूकै अधिकार रहेछ—यो मलाई थाहा नै थिएन। आज यो शरीर पराधीन भएर मेरो ईश्वरलाई छोडेर गइरहेको छ। यसैभित्र छट्पटा-

इरहेको छ आत्मा—न यो शरीरबाट बाहिर निस्कन नै सकेको छ !—बिदा, मेरो देवता बिदा !......"

चिठी पढेर मधु एकदमसित हड्बडाए। उनको मुटु हानिरहेको थियो। चिठीमा पानीका थोपा जस्तो के हो परेर कतै कतै अक्षरहरू धेरै नै फुलेका थिए। मधुका आँखामा पनि आँसु टल्पलायो। ठूलो साहस गरेर उनले चिठीका पंक्तिहरूमा आँखा दौडाए—

"......

म ठान्दथें—मानिसमा आत्मा नै मुख्य हो। आज मलाई प्रत्यक्ष अनुभव भयो–आत्मा शरीरको एउटा कमजोर कैदी हो !

अब मेरो देवता, मेरो मधुलाई समाजको अगाडि मैले मेरो भन्न नहुने भयो, म के गरूँ ?......"

मधुले चिठीको कुराको मतलब राम्रोसित केही पनि बुझ्न सकेनन् तापनि—चिठीका वाक्य वाक्य र शब्दले पनि उनको हृदयलाई ठूलो आघात गऱ्यो।

साँझ छिपिएर मधुको चारैतिरबाट अँध्यारोले छोपिरहेको थियो। उनलाई आफै हराएजस्तो लाग्यो। उनले चिठीका अक्षरहरू देख्न सकेनन्।

बत्तीको उज्यालोमा चिठी पढ्नको निम्ति मधु दौडेर घरभित्र पसे। आफ्नो कोठामा आएर बत्तीको उज्यालोमा उनले फेरि चिठी हेरे–

"......मेरो निम्ति आज संसार नै अर्को भयो—यो भास्सिन सकेन, डुब्न पनि सकेन यो तर मेरो आत्माको देवताको निम्तिमा भने म भास्सिएँ, म डुबें—हराएँ, बेपत्ता भएँ !"

मधुको सातोपुत्लो उड्यो। उनी आत्तिरहेका थिए तापनि कुरा प्रष्टसित नबुझेकोले उनले चिठी पढेर सिद्ध्याउन फेरि हेरे—

"......

मेरो यो शरीरको आज बलिदान भयो। यसको यो किसिमसित बलिदान हुनुभन्दा अगाडि मैले आत्महत्या गर्न पनि सकिनँ। यसमा मेरा बा, आमाहरूको इज्जतको सवाल थियो। उनीहरूले जन्माएर,

हुर्काएर, पालन–पोषण गरेर बढाएको यो शरीर मैले उनीहरू-कै निम्तिप्रा वलिदान गरें—प्रेमको आहुति दिएर, आफ्नो प्रतिज्ञालाई भङ्ग गरेर,—अब आत्मा पनि मर्‍यो । मेरो आत्माको देवता, मेरो आत्मा मरिसकेको छ । आत्मा मरेको शरीर पानीबाट झिकेको माछाजस्तै विवश भएर बाँचिरहेको छ । समाज र मेरा बा, आमाहरूको निमित्त यही मेरो कर्त्तव्य—रे । म के गरूँ कर्त्तव्य र प्रेममा भिन्नता भएपछि ! म के गरूँ, मलाई कर्त्तव्यले घोक्र्याएपछि—के गरूँ......"

मधुलाई चिठीका अक्षरहरूबाट धनले बोलिरहेको जस्तो लाग्यो। उनले आफूलाई धैर्य गरेर मनैमनले सर्सरी चिठी पढे—

"......मलाई यो पत्र पनि नलेखूँजस्तो लागेको थियो किनभने यसमा नुनिलो आँसु मात्रै छ । फेरि मेरो आत्माको देवताको निम्ति म झूठी, बेईमान्नी र पापिनी ठहरिनेछु - भनेर यो नलेख्न पनि सकिनँ। हुन त, म झूठी, बेइमान्नी र पापिनी नै हुन आएँ !— मबाट मेरो देवतालाई ठूलो धोका भयो । म के गरूँ, कालसित कसैको केही लाग्दैन । के–के न गरूँला भन्दाभन्दै कसैलाई कालले त्यसै लैजान्छ । मलाई पनि त्यस्तै भयो । यो कर्त्तव्य, यो प्रेमको आहुति, यो बलिदान अथवा यो विवाह–मेरो काल हो ! अकस्मात् यसले मलाई घिच्च्याएर लग्यो — म मरें !

बिदा, मेरो देवता बिदा !!

—अभागिनी, अबला धन"

चिठी हेरिसकेर मधुलाई डाँको छोडेर रुन मन लाग्यो ।—तर उनले चिठीको कुरा प्रष्ठसित केही पनि बुझ्न सकेनन् । उनले चिठीको कुरा संझेर विचार गरे—

"...यो विवाह मेरो काल हो'''म मरें !"—क्या हो यो—यो धनको चिठी, त्यो मनको विवाह ।"

मधुको एक मनमा—यो धनले ठट्टा गरेको त हैन—भन्ने पनि पर्‍यो। उनी आश्चर्य भइरहेका थिए । उनको मन ज्यादै अधीर भइरहेको थियो। उनी ठाडै खुट्टाले हान्निएर फर्के ।

पन्ध्र

दुलही अन्भाएर कप्तान, कप्तान्नी मुटुमा गाँठो पारी पारी रोइरहेका नै थिए–अँध्यारोमा । वत्ती वाल्ने वेला भएर पनि उनीहरूले वत्तीसमेत वालेका थिएनन् ।

कप्तान रोएको देखेर कप्तान्नी रुन्थिन् । कप्तान्नी रोएकीले कप्तान रुन्थे । उनीहरू कुनै नि:सहाय, कातर र कमजोर जीव जस्तै भएका थिए। सन्ततिप्रेममा उनीहरूको हृदय त्यसै पग्लिरहेको थियो ।

कप्तानसमेत त्यसरी रोइरहेकोमा कप्तान्नीलाई संसारको वत्ती नै निभे जस्तो लाग्यो । उनले आफूलाई सह्माल्न खोज्दै कप्तानको काखमा मुख जोतेर भनिन्—

"हजूर किन रोइवक्सेको यसरी !"

कप्तानले रुँदै भने—

"तिमी नरोऊन त, मनकी आमा !"

कप्तान्नीले रोएर भनिन्—

"म त स्वास्नीमान्छे—आमाको चित्त—के गर्नु ! न रूँ भने पनि छातीभित्र भकानो परी परी आँसु आउँछ—थाम्नै सक्तिनँ !"

कप्तानले कप्तान्नीको भर गरेर रुँदै भने—

"मनकी आमा, म पनि वावु हुँ ! —मनले धोका दिई भन्दैमा—मैले आज आफ्नो इज्जत ढाक्न, आफ्नो स्वार्थमा धनलाई पनि त्यसै घोक्र्याएर निकालें । अहिले उसको विहा गर्ने मनै थिएन । विचरी, म रिसाएँ भनेर हाम्रो इज्जत वचाउन उल्ले आफ्नो वलिदान दिई । मैले ज्यादै नकाम

गरें । एउटा फुल त फुटयो फुटयो–अर्को निर्दोष फुललाई पनि मैले जानी जानी फुटालें–जस्तो लागिरहेको छ । झल्झली मैले ती दुइटीकै मुख मात्र देखिरहेको छु । धन पनि ज्यादै नराम्रोसित रोई ! —मैले हिजै, यहाँ जस्तो परेको थियो— उस्तै सोझो कुरा दुलहालाई देखाएको भए पनि के हुन्थ्यो र ! विहा गर्न नमानेर दुलहीले छलगरी भन्दैमा हामीलाई उनी-हरूले मार्न सक्तै नथे; काट्न सक्तै नथे— कसैले; फर्कन्थ्यो नाईं जन्ती लोप्रे कान लाएर, धनको बलिदान त हुँदैनथ्यो !"

कप्तान्नीले भनिन्—

"त्यसो गर्न त कहिले हुन्थ्यो ! —धनको विहा पनि गर्नै पर्थ्यो, गरियो । हामीलाई छोरीहरूको मायाले दुःख लागेको मात्रै हो ।

······यो घरमा हामीहरू चार जना थियौं—अब दुई जना मात्र भयौं ! जुन कोठामा जान्छु, जे माल हेर्छु— छोरीहरूलाई नै सम्झन्छु । यो घर उनीहरूले नै थामेका थिए । सबै काम छोरीहरूले नै गर्थे । घर उज्यालो थियो सधैं, कति रमाइलो थियो । अब त शून्य भएर घर र कोठाले नै सातो लिन्छ । मेरो त काम गर्न पनि उहिलेको जस्तो जाँगर छैन—के गर्नु । मेरो काम छोरीहरूले कति सगाउँथे । हजूरलाई पनि उनीहरूले नै पकाएको तर्कारी भए दुई गाँस रुच्थ्यो । अब के गर्नु हामी-लाई त नोकरचाकरहरू पनि उस्तो टेर्दैनन्—उनीहरूलाई जस्तो !"

कप्तानले आफ्नै सुरमा भने—

"······तर मनले यस्तो गर्ली जस्तो त मलाई लागेको थिएन । त्यो यस्ती त थिइन !"

कप्तान्नीले उठेर बत्ती बाल्दै भनिन्—

"उल्लाई कसैले धोखा दियो; कहाँ गईहोली मन ! उसको मन कस्तो भएको होला !"

कप्तानले हतोत्साह भएर दुई हातले आँखा छोप्तै—

"भो भो बत्ती नबाल, मनकी आमा ! —म अँध्य

कप्तान्नीले फेरि बत्ती निभाएर भनिन्—

"हजूर किन यस्तो गरिबक्सिन्छ, हजूरले पनि यस्तो गरिबक्स्यो भने मैले फन् कसरी चित्त बुझाउने! —मधुलाई, धनलाई सोधेको वेलाम मैले आफूलाई झण्डै सह्माल्न नसकेको!"

"के भन्यौ त मधुलाई ?"

"मावल गएकी छ पर सरेर—भनें!"

"हो त्यसै भन्नू, तर यो लुकाएर लुक्ने कुरा हैन! दुःख लुकाउन सकिंदैन! —दुई चार दिनमा त सबले थाहा पाउँछन्—मन भागेर धनको विहा गरेको कुरा! –तैपनि आलो घाउमा खाटा बसेपछि उत्तिको चह्‌ न्याउँदैन कि भनेको–तर म त यो दुःखवाट जीवनभर नै छुटकारा पाउँ दिनँ कि जस्तो लाग्छ–मलाई! –उता, दुलहाको घरमा पनि कुरा थाह पाएपछि खलबल होला। त्यस्तै केही पर्ला कि भन्ने शङ्काले–दुलहाको बाबु लाई दिन–भएको कुरा लेखेर, बाटुलीको हातमा चिठी दिएको–मैले!"

एक छिनपछि कप्तानले फेरि भने—

"अगिको चिठी नि—तिमीले सबै हेऱ्यौ ?"

"कुन चिठी ?"

"उही, धनको ओछ्यानमुनि पाएको के त! —मधुले धनला त्यस्तोविघ्न चाहा गरेका कुरा पनि हामीलाई केही थाहा भएन। त्यो उनीहरूको कुरा मैले पहिले नै थाहा पाएको भए पनि आज धनला यसरी घोक्र्याएर पठाउने थिइनँ। ज्यादै नकाम भयो!"

भित्र उथल पुथल भइरहेको भए पनि धेरै वेरसम्म दुवै जना चु लागे। कीराले दलिन खाएको आवाज प्रष्ट सुनियो।—

"कटट्ट कटटट्ट,..."

कप्तानको घर शून्य र चकमन्न थियो। कप्तान्नी भित्रभित्रै पिलि इरहेकी थिइन्। एक छिनपछि कप्तानले कप्तान्नीलाई बोलाए—

"मन... की आमा!"

–प्रतिघातको मातृहृदयको वेदनालाई दबाउँदै कप्तान

आज आफ्नो इज्जत
निकालें। अहिले उ
हाम्रो इज्जत बच

"हजूर !"

कप्तानले लामो सास छोडेर भने—

"मन आउली त ?"

"खै, के गर्ली, के गर्ली ! —मलाई त अब मन आउँदिन कि जस्तो लाग्छ !"

कप्तान्नी रोएको देखेर कप्तान पनि रोए । उनले भने—

"हामीलाई मनले त्यसै माया मारी ! मन छोरी भए पनि मेरो त छोरो जत्तिकै थिई ! त्यल्लाई त्यस्तै परेछ त के गर्नु, म के गर्थें—र! —तैपनि सकेसम्म त खोज्छु ।"

कप्तान्नी फेरि ज्यादै नराम्रोसित रोइन् ।

सोह्र

अँधेरीरातले कालो जगल्टा फिंजाइसकेको थियो ।

ताराहरू पिलपिलाइरहेका थिए ।

मधु हान्निएर कप्तानको घरभित्र पसे । उनको मथिङ्गलमा आकाश, पाताल नै एक भएर मथिइरहेको थियो । उनले देखे—

कप्तानको घर एकदम शून्य थियो । माथि कप्तान्नी रोइरहेकी थिइन्—

दलानको छिंडीमा भुन्टी मट्टीतेलको टुकी बालेर तानेतुने गरिरहेकी थिई । मधुले छिंडीको ढोकाबाट भुन्टीसित सोधे—

"ए भुन्टी दी, तिमीलाई अगिको चिठी कल्ले दिएको ?"

भुन्टीले पनि मनमा धेरै कुरालाई खेलाएर भनी—

"दुलहीले दिएको भनेर त काजीलाई मैले भनिहालेकी थिएं नि—अगि नै !"

"को दुलहीले ?"

भुन्टीले प्रश्नको उत्तरमा प्रश्न नै गरी—

"यो घरमा आज कसको बिहा भएको थियो ?"

मधुले आश्चर्य भएर भने—

"किन र मनको !"

"त्यसो भए मनले !"

"कस्तो त्यसो भए ?—धन खै त ?"

"धन मैसाप माबलमा भनेर—कप्तान्नीसाहेबले भन्नुभएको

हैन र"

मधुले माथि उक्लेर कप्तान, कप्तान्नीसित—'धन खै'—भनेर सोध्ने विचार गरेका थिए। कप्तान्नीले—'धन पर सरेर मावल गएकी छन्'—भनेकी थिइन्, भुन्टीले पनि उनलाई त्यही कुरा भनी।

मधु कप्तानको दलानबाट सासै नफेरेर फर्के।

भुन्टीले लामो सास फेर्दाखेरि मट्टीतेलको वत्ती क्याप्प निभ्यो।

ठमेलमा धनको मावल मधुलाई थाहा थियो। उनी केटाकेटी छँदा एकपल्ट मन र धनसित उनीहरूको मावलमा गएका पनि थिए।

धनको चिठी पढेर मधुको हृदय धनलाई भेट्न अत्यन्त हत्पताइ-रहेको थियो। उनी धनलाई नै झल्झली सम्झिरहेका थिए। उनी त्यतै-बाट ठमेलतिर लम्किसकेका थिए—उनलाई साइकलको सम्झना भयो। उनले फेरि घरमा आएर आफ्नो साइकल लिएर निस्के।

मधुले 'स्टचान्ड'—बाट साइकल झिकिरहेको वेलामा उनको नोकरले आएर उनलाई भनेको थियो—

"हजूर, भुजा तयार भइसक्यो!"

मधुको नोकरको नाम थियो—रामे। रामेको कुरा मधुले सुन्दै सुनेनन्।

मधुले साइकल चढेर—यसरी बढाए, टुँडिखेलको साइकलरेस भएको भए—उनी पहिला हुने थिए—शायद! बाटोको कुनै ओह्राला-मा पनि मधुले साइकलको ब्रेक छुँदै छोएनन्, उकालोमा कतै पनि ओर्लेनन्। साइकलभन्दा चाँडो उनको मन दौडिरहेको थियो। साइक-लको त ब्रेक थियो, उनको मनको त ब्रेक समेत थिएन। उडिरहेको थियो उनको मन वायुवेगमा; दौडिरहेको थियो उनको साइकल घोडे जात्राको रेसमा।

मधुको साइकलको घन्टीको आवाज सुनेर धनले टाढैबाट मधुको आगमन थाहा पाउन सक्तथिन्। मधुलाई त्यो कुरा थाहा थियो। उनले कतिपल्ट त्यो कुराको परीक्षण पनि गरेका थिए। उनले साइ-

कलको घण्टी वजाउनेवित्तिकै धन झ्यालबाट हेर्थिन् ।

ठमेलमा धनको मामाको घरको चोकमा पुगेर मधु साइकलवा ओर्ले ।—र उनले साइकलको घण्टी दिए ।

साइकलको घण्टी सुनेर – धनले झ्यालबाट हेरेर बोलाउलिन्— भन्ने आशा थियो—मधुको । त्यसैले उनले फेरि जोडसित घण्टी वजाए, फेरि वजाए । उनको घण्टीको आवाजको कसैले पनि वास्ता गरेनन् । घण्टी वजाउँदा केही सीप नलागेर मधुले ढोका घच्घच्याए कराए—

"माथि को हुनुहुन्छ ?"

मधुले तीन–चारपल्ट कराएर बोलाएपछि घरको माथिल्लो तलाको झ्यालबाट हेरेर एक जना मान्छेले सोध्यो—

"को, हँ ?"

मधुले माथि झ्यालबाट बोल्ने मान्छेलाई स्वरैले चिने । तिनी धनका मामा थिए—माहिला वाबुसाहेव ।

माहिला वाबुसाहेवसित मधुको दिउँसो कप्तानकै घरमा पनि भेट भएको थियो ।

मधुले भने—

"म, माहिला वावुसाहेव !—वानेश्वर–कप्तान साहेवको घरवाट धन मैयाँलाई एउटा समाचार लिएर आएको !"

माहिला वावुसाहेवले पनि मधुलाई स्वरले नै चिने । उनले भने—

"ए, मधुकाजी !"

मधुको कुराले माहिला वावुसाहेव आश्चर्य भइरहेका थिए किनभने, धन उनकहाँ थिइनन् । माहिला वावुसाहेवले पनि दिउँसो विहा – घरमा धनलाई नदेखेर कप्तान्नीसित सोधेका थिए—

"सानी भान्जी खैत, दिज्यू ?"

कप्तान्नीले उनलाई भनेकी थिइन्—

"उनी पर सरिन् ! —पर सरेको मान्छेलाई यहाँ साइतको वेला किन राख्नु—भनेर तीं पल्लापट्टि मधुकाजीको घरमा पठाइबक्सेको छ भिनाज्यूले !"

दिउँसो दिदीले भनेको कुरा र अहिले मधुको कुरा नमिलेकोमा माहिला बाबुसाहेबको मनमा चिसो पस्यो। उनले यथार्थ कुरा पत्ता लाग्छ कि भन्ने गम गरेर मधुलाई माथि नै बोलाए—

"माथि आउनोस् न त काजी !"

मधु माथि उक्ले।

माथि कोठामा धनका मामा माहिला बाबुसाहेब वालिस्टमा अडेस लाएर वसिरहेका थिए। धनकी माइज्यूचाहिं विरामी भएकीले अलि पर पलङ्गमा खोकिरहेकी थिइन्।

मधु कोठाभित्र पसेपछि—उनलाई वस्न लम्पट देखाउँदै माहिला वाबुसाहेवले भने—

"दुलही साहेवलाई सञ्चो छैन बिहामा पनि जान सकिनन्। म पनि ठूली भान्जीको विहामा—यसै भएर धेरै अलमलिन सकिनँ—के गर्नु ! —विहा त राम्रै भयो क्यार, दुलहीलाई कुन वेला अन्भाएको ?"

मधु लम्पटमा वसेका थिएनन्। उनले अन्यमनस्कभावले नै जवाफ दिए—

"त्यही साढे सात बजे नै हो !"

"बस्नोस् न ?"

"हैन हजूर, अबेर हुन्छ !"

विरामी भएर सुतिरहेकी दुलही साहेबले खोक्तै सोधिन्—

"कस्तो समाचार लिएर आउनुभएको हो, कुन्नि ?"

मधुले यताउति पल्याकपुलुक हेरेर भने—

"धन मैयाँलाई एउटा सानो कुरा भन्न आएको, उहाँ देखिनु नै भएन !"

मधु वस्तै नबसेर, अधीर जस्तो भइरहेको देखेर माहिला बाबु-

साहेबले कुरा अड्याइराख्न सकेनन् । उनले भने—

"को, सानी भान्जी ?—मैले पनि उनलाई दिउँसो उहाँ विहा. घरमा नदेखेर दिज्यूसित सोधेको—दिज्यूले त उनलाई पर सरेर तपाईं. को घरमा गएकी छन्—पो मर्जी भएको थियो !"

मधु खंग्रङ्ङ सुके । उनलाई त्यहाँ धनसित भेट होला भन्ने ठूलो आशा थियो । धनको मामाको कुरा सुनेर उनी अन्योलमा परे । अव उनलाई कसैले जालमा पारेको जस्तै लाग्यो । उनलाई के भन्ने, के न भन्ने जस्तो भइरहेको थियो ।

मधुले हावामा उड्न खोजेको आफ्नो होशको वलपूर्वक लगाम खिँचेर आश्चर्य मान्दै इदमित्थको निम्ति सोधे—

"धन यहाँ छैनन् ?"

माहिला वावुसाहेवले भने—

"भए म किन लुकाउँथे उनलाई—काजीसित झूठा कुरा गरेर मलाई के फाइदा ?"

मधुको संसारै घुम्यो । उनी ज्यादै अधीर भइरहेका थिए । उनले आफूलाई सह्याल्न खोजेको भाव प्रष्ट देखिन्थ्यो ।

मधु—माहिला वाबुसाहेवसित विदा भएर ठाडै खुट्टाले फर्के ।

Sunita devi Sapkota
Vishnu prasad Adhikari
Ramesh Prasad Adhikari

सत्र

बत्तीहरूले झकिझकाउ दुलहाको घरमा विवाहको रमाइलो भइरहेको थियो ।

सर्वप्रथम— दुलही लिएर विवाह— घरमा आइपुगेका दुलहाको बाटो छेकेर पुहुन्कीको निमित्त जोडतोडसित बाजा बजाउँदै, दमाईहरूले आ–आफ्नो कलाको प्रदर्शन गरे ।

दुलहा, दुलहीलाई विवाह—मण्डपमा लगेर दुलहाका दिदी, बहिनीहरूले विधिपूर्वक आरती — सियाली गरपछि उनीहरूले पनि ढोका छेके ।

दुलहाकी आमा र दुलहीको पाथी—चुल्ठोको काम पनि सुसम्पन्न भयो । त्यसपछि बैठकमा लोकन्तीले सिकाएबमोजिम दुलहीले सबै मान्य-जनहरूलाई रुपियाँ राखेर दर्शन गरिन् । दुलहीले राखेको रुपियाँमा रुपियाँ थपेर दुलहीलाई फर्काउँदै, सबै मान्यजनले दुलहीको मुख हेरे ।

दुलही ज्यादै राम्री थिइन्, कल्कलाउँदी थिइन् । सबभन्दा विशेष त दुलहीको त्रिउँडोको गहत बान्कीको कालो कोठीले दुलहीको चन्द्रवदन-लाई शोभायमान गराइरहेको थियो ।

तारीफपूर्वक दुलहीलाई सबैले राम्री नै ठहऱ्याए ।

दुलहीको प्रवेश–घरमा लक्ष्मीको प्रवेश भएजस्तै भान भयो ।

ढोग, भेट सिद्धिएपछि यन्त्रचालित वस्तुजस्तै दुलही— दुलहाको कोठामा ल्याइइन् ।

त्यो थियो—प्रथम रात्रि !

दुलहाको उमङ्ग र उत्सुकताको सीमा नै थिएन । उनी अत्यन्त हर्षित थिए । उनको निम्ति संसार नै रसिलो र हँसिलो थियो ।

दुलहा—बैठकमा बसेर साथीहरूको किसिम किसिमको व्यङ्ग्यात्मक गफमा हाँसिरहेका भए पनि उनलाई कोठामा आउन हतपत लागिरहेको थियो । उनी साथीहरूलाई विदा गरिरहेका थिए । उनलाई हत्तपत्त कोठामा प्रवेश गर्न बाबु, आमा र दिदी, बहिनीहरूको धक पनि लागिरहेको थियो । दिदी, बहिनीहरू पनि उनको मुखमा हेरेर हाँस्थे । जतिसुकै धक लागे पनि, कसैले ठट्टा र व्यंग्य गरे पनि आखिर सुत्नको निमित्त केही वेरपछि आफ्नो कोठामा जानु परिहाल्छ—भन्ने विचारले धैर्य गर्दै यताउति गरेर समय विताइरहेका थिए— दुलहा । कसै कसैले त आज राती—दुलहा, दुलहीको कुरा सुन्न उनको कोठामा च्याउने कुरा पनि उनीसँग गरेका थिए । वल्ल—वल्ल एघार बज्यो—आमा, बाबु र दिदी, बहिनीहरू सबैले उनलाई आफ्नो कोठामा जान बिदा दिए ।

हजार हजार उमङ्ग, कौतूहल र उत्कण्ठाले आतुर हुँदै दुलहा बसन्तबहादुर सिंहले कोठामा विस्तारै प्रवेश गरे । घरमा मान्यजन र दिदी, बहिनीहरूको उनलाई जतिसुकै ठूलो धक लागिरहेको भए पनि उनले धकलाई बलपूर्वक दमन गरेर निर्धक्कसित कोठाको ढोकामा भित्रपट्टिबाट सुरुक्क छेस्किनी पनि घुसारे ।

कोठा सजिसजाउ थियो । बिजुलीबत्तीमा पुतली कीराहरू रूमल्लिरहेका थिए । फूल र फल्लरले सजिएको पलङ्गमुनि भूईं ओछ्यानको तकियामा घोप्टिएर दुलही सुँक्क– सुँक्क रोइरहेकी थिइन् ।

दुलहासाहेब पनि त्यहीं भूईं ओछ्यानमा गएर बसे । उनको मनमा दुलहीसित के के न कुरा गरूँला—भन्ने थियो—तर वास्तवमा कुरा केही पनि थिएन । मनमनै कुरा सोचेर एक छिनपछि दुलहाले दुलहीको आङमा विस्तारै हात फेरे । दुलहाको कम्पित ऊष्णस्पर्शले रोइरहेकी दुलहीको आङ जिरिङ्ग भए पनि—उनले केही पनि बाधा गरिनन् । दुलहाले खूब मीठो बोलीले भने—

"किन रोइरहेको ?—उठेर बसन !"

"............"

"कन्यादानको वेलामा पुरेतले मलाई तिम्रो नाम राख्नू भन्दा, मैले तिम्रो के नाम राखें हुँला लौ त ?"

दुलही उही किसिमसँग घोप्टिरहेकी नै थिइन् । मधुको वियोग-को स्मृतिले उनको मन पोलिरहेको थियो—उनले केही पनि भनिनन् । दुलहाले अधीर भएर आफ्नो प्रेम – प्रदर्शन गरे—

"मलाई त तिम्रो नाउँ मन नै ज्यादै मन परेको छ—सत्ये ! त्यसै भएर मैले तिम्रो अर्को नाउँ राख्नै सकिनँ ! तिमीलाई म पनि मन नै भन्छु, है !"

दुलहाको कुरा सुनेर दुलही ज्यादै उद्विग्न भइन् । किनभने, उनी नक्कली मन भएर आएकी थिइन् । दुलहा मनसितै कुरा गरिरहेका थिए । दुलहीको हृदय छट्पटाएर बोलिरहेको थियो –

"यो चोरी हो ! म छद्मवेशमा मन भएर यिनलाई धोका दिइ-रहेकी छु – मैले । जब मलाई मन हैन, भनेर चिन्ने छन् यिनले, त्यो वेला म यिनको घृणा—पात्र हुनेछु ! —म कसैकी घृणाकी पात्र हुन आएकी हैन, म कसैलाई धोका दिन आएकी हैन; न मलाई कसैको नाउँ नै चोरी गर्नुपरेको छ । म मन हैन—भनेर यिनलाई अहिले नै बताइदिन्छु, मलाई यिनले स्वीकार गरून् या नगरून् !"

घडीमा बाह्र बज्न केही मिनेट मात्र बाँकी थियो । दुलहीले टाउको उठाएर भनिन्—

"तपाईंलाई धोका होला – म मन हैन, मेरो नाउँ धन हो !"

दुलहीको कुरा र कुराको भावले एकदमसित दुलहाको ज्वर उत्र्यो । उनी ताजूब भए । उनको मुटु खूबसँग हल्लियो । उनले हडबडा-एर प्रश्न गरे—

"मन को त ?"

दुलहाको त्यो भाव—परिवर्त्तन र त्यो प्रश्न गराइले धनको मुटु

पनि हाऱ्यो । उनले साहस गरेर जवाफ दिइन्—

"दिदी—दिदीको नाउँ मन हो !"

दुलहा जुर्मुरिएर उठे । उनले फेरि सोधे—

"उनी खै त ?"

धनले उपयुक्त जवाफ दिइन्—

"कन्यादानको अगाडि नै दिदी भाग्नुभो !"

\+ \+ \+

कप्तान, कप्तान्नीको कुरा सुनेर मधु चीत परे । उनको कोमल हृदयमा वज्र पऱ्यो, हाहाकार मच्चियो । जो उनकी प्रणयिनी थिइन्—धन, उनैलाई उनले अन्भाएर फर्केका थिए ।

बल्ल मधुलाई—धनको चिठीको पूरा अर्थ लाग्यो । धन गइन्; आजदेखि उनी अर्कैकी भइन् । उनले समाज र बाबु, आमाको निम्ति प्रेमको आहुति दिएर, आफ्नो सङ्कल्प र प्रतिज्ञालाई भङ्ग गरेर आत्म-बलिदान दिइन् ! अब मधुले के गर्ने, कसरी सहने, के गरेर बाँच्ने ?

टयाङ्ङ टयाङ्ङ गरेर रातको बाह्र हानिरहेको थियो ।

मधु—कप्तानको घरमा टिक्न सकेनन् । उनी दौडेर तल्तिर ओह्र्ले ।

मधुको साइकल तल चोकमा थियो । आफ्नै साइकलमा जोडले ठक्कर लागेर उनी पछारिए । उनको टाउकोबाट रगतको धारा छुटिरहेको थियो ।

मधु संज्ञा-हीन भए ।

\+ \+ \+

"दिदी भागेकी भए बहिनी यहाँ के गर्न आएकी रे ?—यत्रो धोका दिएर—तपाईंलाई धोका होला—रे, कसरी भन्न सक्नु !"

आफूलाई छल गरेर यसरी बेवकूफ बनाएकोमा बसन्तको रिसले तोरीको फूल देख्यो । उनले फेरि जङ्गिएर जोडसित कोठाको ढोका उघार्दै भने—

"—मेरो त दिदीचाईंनेसित बिहाको कुरा भएको थियो;— यत्रो धोका दिनुभन्दा अगाडि किन कोही डुबेर मर्न सकेन ?—कस्ता मान्छेहरूसित व्यवहार भएछ, कत्रो बेइज्जत !"

दुलहासाहेब भृकुटी चढाउँदै भन्भनाएर निस्के ।

धनले आफ्नो ठूलो अपमान भएको अनुभव गरिन् । उनको हृद-यमा ठूलो आन्दोलन मच्चियो । उफ्री उफ्री फुलेर फुट्न आँटेको मुटुलाई दुइ हातले किचेर उनी फेरि घोप्टो परेर रोइन् ।

\+ + +

मधु लडेको थाहा पाएर सन्ते दौडेर आयो । उल्ले देख्यो— मधु बेहोश भएका थिए । उनको टाउको फुटेर रगतको भल बगिरहेको थियो । भुन्टी पनि आई । कप्तान, कप्तान्नी घटनास्थलमा हामफाल्दै आए । ठूलो खलबल मच्चियो । मधुका घरका नोकर, चाकर र अरू छरछिमेकीहरू पनि त्यो रातको बखतमा लालटिन लिएर आए ।

\+ + +

वसन्तको पारा चढिरहेको थियो । उनले बाबु, आमाको कोठामा गएर दुलहीको कुरा गर्दै उधूम मचाए । उत्सुकतापूर्ण वसन्तका दिदी, बहिनी र घरभरीका परिवारहरूको पनि त्यहाँ समावेश भयो ।

"दुलही दुलही हैन", भन्ने वसन्तको रिपोर्टले सब उदेक मानि-रहेका थिए ।

दुलहा वसन्तबहादुर सिंहको सिंह–गर्जन थियो—

"यत्रो धोका, यत्रो छल ! अब साथी, भाइहरूलाई म कुन मुख देखाऊँ !—मलाई यस्तरी धोका दिएर उल्लू बनाएपछि—चाहिंदैन मलाई यो मान्छे, चाहिंदैन !"

दुलहाका बाबु काजी चेतंबहादुर सिंहले सोधे—

"के कुरा गर्छ—यो ?"

वसन्तले बाबुसित अपील गरे—

"हजूरले त कप्तानकी जेठी छोरीसित मेरो बिहा गर्न, बिहाको

कुरा छिनिवक्सेको थियो । हजूरले दुलहीको उताको नाम पनि वताइ वक्सेको थियो मन, भनेर । हामीहरूले पनि मनलाई नै हेरेर आएको !"

काजीसाहेवले गम्भीर भएर भने—

"त—के भो त ?"

वसन्तले भने—

"यो मान्छे नै त्यो हैन !—ऊ चाहिं त कन्या—दानभन्दा पहिले —वेपत्ता रे ! यो त वहिनीचाहिं—रे !"

वसन्तको कुराले काजीसाहेव गम्भीर भएर विचार गर्दै थिए– वसन्तलाई अगि लगाएर कजिनीसमेत सव जना ग्वारग्वार्ती नै दुल बसिरहेको कोठातिर ओइरिए ।

कजिनीले दुलहीको लोकन्ती भएर आएकी वाटुलीलाई प वोलाएर आफूहरूसँगै लगेकी थिइन् ।

सासूसमेत धेरै मान्यजनहरू आफ्नो कोठामा आएको देखेर– धन जुरुक्क उठेर उभिइरहिन् । उनका खुट्टा काँपिरहेका थिए ।

कजिनीले वमगोला जस्तै पड्केर भनिन्—

"यो दुलहीसाहेवको नाउँ के नि ?"

दुलही केही पनि न वोलेर निहुरमुन्टे 'न' जस्तै भइरहेकी थिइन् कजिनीले चरीचुच्चे 'च' को चुच्चो तेर्स्याएर फेरि पड्किन्—

"चोरी गर्नुभन्दा पनि ननिको कुरा—अर्काको ठाउँमा यस दुलही भएर आउन कसरी सक्नु···!"

त्यहाँ गोलमाल हुने लक्षण देखेर वाटुलीले डराउँदै यताउति हेरी उसका आँखाले दुलहाका वावुलाई खोजिरहेका थिए । वाटुलीले त्य दुलहाका वावुलाई नदेखेर त्यो कोठावाट खुरुक्क वाहिर निस्की ।

दुलहाका वावु आफ्नै कोठामा वसेर परिस्थितिको विचार सुल्झा रहेका थिए ।—वाटुलीले खोकिलावाट एक टुक्रा सानो कागत झिके उनलाई दिई । उल्लाई त्यो कागत कप्तानसाहेवले दिएका थिए । उन भनेका थिए—

"दुलहाको घरमा दुलहीको वारेमा केही गोलमाल जस्तो हुन आँट्यो भने—यो कागत दुलहाका बाबुलाई दिएस्—मैले दिएको भनेर ! अनि केही गोलमाल भएन भने भोलितिर उनको फुर्सतको वेला हेरेर दिए पनि हुन्छ—ला, खोकिलामा राख्—अरूलाई नदेखाउनू !"

बाटुलीले दिएको कागत लिएर काजीसाहेवले ऊसित सोधे—

"के यो ?"

बाटुलीले कपाल कन्याउदै भनी—

"यो हजूरलाई टक्र्याउनू भनेर कप्तानसाहेवले दिनुभएको !"

बाटुली फर्की ।

चेतबहादुर सिंह काजीले त्यो कागत फुकाएर हेरे । त्यो, कप्तान नरबहादुरले लेखेको चिठी थियो । काजीसाहेवले चिठी पढे—

"श्री माननीय सम्धीज्यू !

मेरी जेठी छोरी मनले बिहा गर्न नमानेर छल गरी । त्यो यस्ती त थिइन, त्यल्लाई कसैले यस्तो तुल्यायो—जुन कुरा अहिले मलाई केही पनि थाहा भएको छैन ।

यो बूढेसकालमा बेइज्जतीको डरले म अत्यन्त अधीर भइरहेको छु । अब मेरो इज्जत हजूरको हातमा छ । हडबडमा के कसो पर्ला—भनेर मैले यहाँ—यो कुरा हजूरहरूलाई भन्न सकिनँ, न जन्ती फर्काउनु नै उचित थियो ।

मैले मेरी कान्छी छोरी धनलाई कन्यादान गरेर हजूरहरूको सेवामा अन्भाएर पठाएँ । धन पनि सौन्दर्यमा, गुणमा; सीपमा मनभन्दा कम्ती छैन । यो, उभन्दा दुई वर्षमा कम्ती छ—त्यति हो !

हजूरले एक दिन मसँग धनकै माँगको मनसाय प्रकट गरिबक्सेको थियो । मैले—'पहिले दिदीचाईंकै विहा गर्नुपर्छ, भनेर धनको माँगको कुरा टारेको थिएँ !

आज मेरो हार र हजूरकै जीत भयो ।

धन केटाकेटी नै छ । अहिले उसको बिहा गर्ने मनै थिएन ।

अकस्मात् उसलाई विहा गरेर पठाउनुपर्दा मलाई र उसकी आमालाई पनि यहाँ ठूलो दु:ख भइरहेको छ !

धेरै के लेखूं,—हजूर आफैं बुद्धिमान् होइबक्सिन्छ ! मेरी छोरी धन पाउको सेवामा छ—मारे पापे, पाले पुण्य – जो निगाह !

दु:खी सम्धी

...... नरबहादुर......"

चिठी पढेर काजीसाहेबका आँखामा आँसु टल्वलायो । उनले सबै परिस्थिति बुझे ।

उता—सासूको वचनवाणले मुटु छियलिएर नववधू धन निहुरि रहेकी नै थिइन्—कजिनीले फेरि गर्जेर भनिन्—

"हेरन, बोल्दै नबोलेर उभिरहन सकेकी थेत्तर—घोक्ताओनए यल्लाई सबै जनाले ।"

धनका खुट्टा काँपिरहेका थिए–शायद, दु:खले भारी भएको उनको हृदयलाई थाम्न असमर्थ भएर होला ।

धन लडिन् ।

+ + +

कप्तानले आत्तिएको स्वरले कप्तान्नी, भुन्टी र सन्तेलाई पनि भने- "के हेरिरहेको, उठाओन—माथि लान !"

सब जना भएर मधुलाई उठाए – र माथि कप्तानको कोठामा पुऱ्याए । मधुलाई उठाउन कप्तानले पनि पूरा भर दिएका थिए ।

कप्तानको आज्ञाबाट सन्तेले त्यस्तो रातको वेलामा पनि एकछिनमै डाक्टर र कम्पाउण्डर पनि बोलाएर ल्यायो ।

मल्लल, पट्टिको उपचार भएपछि रातको एक बजे–मधु होशमा उत्रे । उनी होशमा उत्रेका भए पनि उनको कुरा वेहोशी नै थियो । उनी भनिरहेका थिए—

"धन, अब मनको विहा सिद्धियो ! ..."

मधु वर्वराएको कुराले कप्तान, कप्तान्नीको हृदयमा आधात पऱ्यो !

कप्तानले कप्तान्नीलाई नहेरेरै आँसु पुछे । कप्तान्नीले आफ्नो कोमल हृदयलाई कठोर गराएर मधुलाई बोलाउँदै भनिन्—

"काजी, बाबु, अब कस्तो छ तपाईंलाई ?"

मधुले आँखा हेरे । उनलाई आफू कप्तानको कोठामा सुतिरहेको थाहा भयो । कप्तान, कप्तान्नी उभिरहेका देखिए । भित्तामा भ्रुण्ड्याए-को मनको तस्वीर हाँसिरहेको थियो ।

एक छिनमै मधुले आफ्नो परिस्थिति बुझे । उनको टाउकोमा असह्य पीडा भइरहेको भए पनि—त्यो पीडाले उनको हृदयको वेदनालाई जित्न सकेको थिएन । धनको स्मृतिले उनलाई घच्घच्याइरहेको थियो । मधुले आफ्नै घरमा जाने मनसुबा प्रकट गरे ।

कप्तानले भने—

"आजको रात यहीं आराम गरेर घरमा भोलि जानुभए पनि त हुन्छ नि ! यो पनि आफ्नै घर हो !"

मधुले खिन्नताको हाँसो हाँसे । त्यो हँसाइले अर्थ जनाइरहेको थियो—

"आराम ?—यो आफ्नै घरमा ?—हा, हा !!"

मधुले त्यहाँ बस्न मानेनन् ।

त्यही दुई बज्न लागेको वेला थियो । कप्तान, कप्तान्नी, भुन्टी, सन्ते र रामे भएर मधुलाई उनकै घरमा पुऱ्याए ।

+ + +

काजीसाहेबले बसन्तको कोठामा आएर छोरा, छोरी र कजिनी-सित पनि खूब जङ्गिएर भने—

"तिमीहरू यहाँ के गरिरहेको—बदमाशहरू ?"

काजीले बसन्तसित कड्केर भने—

"लाज लाग्दैन तँलाई, आजै यसरी बौल्लाएर भाँडभैलो मचाउन!"

"...."

"यो तेरी दुलही हैन ? कोसित तेरो बिहा भयो ?—बिहाको

कामकुरो कल्ले छिनेको ?—तैंले कि मैले ? फटाहा !.........मैले
यिनैलाई माँगेको, यिनैसित तेरो बिहाको कामकुरा छिनेको !—तैंले पनि
हेरेको थिइस्, अरु हेर्‌न—के भए तेरा आँखा ? के भो तेरो बुद्धि ?"

कजिनीले भनिन्—

"यो बहिनीचाहि—रे, यसको नाउँ धन—रे !"

काजीले आँखा तरेर भने—

"हो, यिनै हुन्; यिनैलाई कप्तानसित माँगेको !—म बौल्लाएको
छैन—तिमीहरूजस्तो !"

सब चूप भए।

काजीसाहेबले फेरि सबलाई हप्काएर भने—

"जाओ, आफ्नो आफ्नो कोठामा !"

वसन्तबाहेक सब जना फर्के।

सबलाई निद्राले छोपिरहेको थियो—दुलहाका दिदी, बहिनी
लोकन्ती आ-आफ्नो कोठातिर लागे।

काजीसाहेबले आफ्नो कोठामा आएर कजिनीसित भने—

"तिमी पनि भो—लौ !—बूढी भएर पनि यही हो काम ?—
डाक, त्यो बसेलाई !"

दुई बजिरहेको थियो।

कजिनीले वसन्तलाई बोलाएर ल्याइन्।

बाबुको अगाडि डर र लाजले रातो मुख लाएर वसन्तजी उभि
रहेका थिए।

काजीसाहेबले कजिनीलाई अह्राए—

"त्यो ढोका पनि लाइदेऊ !"

काजी साहेब फूल लथालिङ्ग परेको पलङ्गमा पलेंटी मारेर बसे
का थिए। कजिनी फूलमा लामखुट्टे पसेको हेरिरहेकी थिइन्। काजीले
पलेंटी मारेको खुट्टा पलङ्गबाट भूईंमा खसालेर अलि नरम स्वरले वसन्त
लाई भने—

"यही हो तेरो बुद्धि ! — तेरो त झन् असलै भएको छ—किन त्यसै हो—हल्ला मचाइस् ?

कप्तानकी जेठी छोरी— के रे—अँ मन—ऊ अर्कैसित लहस्सि-सकेकी रहिछ - त गई—बेसै भो ! हामीलाई थाहा थिएन—अर्कैसित आशक भए पनि यहाँ बिहा गरेर उल्लाई ल्याएको भए—तेरो घर हुने थिएन, बुझिस् लाटा ! –फेरि यी दिदीचाहिंभन्दा बहिनीचाहिं कम राम्री छैनन्–तेरी दुलही ! अझ उमेरमा दुई वर्षले कान्छी छन्–दिदीचाहिंभन्दा यिनी–सत्र वर्षकी ! यसै भएर मैले पहिले कप्तानसित यिनैलाई माँगेको थिएँ । उनले—पहिले दिदीकै बिहा गर्नुपर्छ, भनेर मेरो कुरा टारेका थिए; तर दैवसंयोगले भनुँ वा तेरो भाग्यले भनुँ—अहिले मेरै कुराको जीत भयो ।

दिदीचाहिं भागिछन् । अब बिचरा कप्तान, कप्तान्नीले पनि के गरून्—जन्ती फर्काऊन् ? बहिनीचाहिंलाई ल्याएर बिहा गरिदिए–बुद्धि पुऱ्याएर काम गरे ।

बुझिस्, तेरो र हाम्रो निम्ति केही खराब भएको छैन—अझ उस्तै राम्री, उही छोरी, दुई वर्ष कम उमेरकी स्वास्नी पाइस् !

जा ! बुद्धि पुऱ्याएर काम गर् !

तैंले अहिले यस्तो गर्दा दुलहीको चित्त दुखेको होला—जा, मना ! जा ! !"

वसन्त, बाबुको कुराले मनमनै दङ्ग भएर—आफ्नो थोरै समय मात्र बाँकी भएको 'प्रथम—रात्रि' को कोठातिर फर्के ।

काजीसाहेबसित कजिनीले भनिन्—

"साँच्चि नै हो, हजूरले भनेको कुरा—हामीलाई त के भयो—र, जाती नै भयो हगि ?"

काजीसाहेबले भने—

"कुन्नि ! !"

अठार

"के कुन्नि नि—साथी भएर पनि !"

मन भागेर कप्तान, कप्तान्नीले–उनको ठाउँमा धनलाई विहा गरे पठाएको कुरा भोलिपल्टै वानेश्वरमा एक कान, दुई कान र मैदान भए फिजिइरहेको थियो । मन र धनका साथीहरूले त त्यो कुराको हिंजै शंक गरेका हुन् । उनीहरूसमेत आश्चर्य भए । यताउति र पानी पधेरातिर का स्वास्नीमान्छेहरूमा त्यही एक कुराको चर्चा थियो – शायद, ताज खबर हुनाले होला ।

बिहानकै समय भएकोले वानेश्वर महादेवको मन्दिरअगाि ललितादेवीको पूजा गर्न आउने स्वास्नीमान्छेहरूको ओहोरदोहोर थियो

मन र धनकी साथी सावित्रीलाई ललितादेवीको स्थानमा भेटे एउटी अधबैंसे उमेरकी भद्र महिलाले मन र धनको वारेमा निकै सोध पुछ गरिरहेकी थिइन् । उनले फेरि सोधिन्—

"उसो भए धन खै त ?"

"...........

हातमा पूजासामानको पञ्चपाला लिएर देवीको पूज़ागर्न आएक जननीलाई देखेर ती भूतपूर्व युवतीले सावित्रीको जवाफ नपर्खेरै सा नफेरेर जननीलाई बोलाइन्—

"ए जननी, यहाँ आऊ !"

जननी पनि धन, मनकै साथी थिइन् । उनले आफूलाई त स्वास्नीमान्छेले वोलाएको कप्तानकै घरको कुरा सोध्न होला–भनेर उनक

भावभङ्गिमावाट नै बुझिन्—कारण त्यो वेलासम्ममा जननीलाई कैयन् मानिसहरूसँग मनको बिहाको कुरा गर्नुपरेको थियो। कुरा नगरेर के गर्नु जसले भेटे पनि उनीसँग त्यही कुरा सोध्थे । बिहान सबेरै पनि राधा, सावित्री, भवानी र सानीसमेत ग्वार्ग्वार्ती ओछ्यानमै आएका थिए—उनी उठ्नै पाएकी थिइनन् । उनीहरूसित त्यही बिहाकै कुरा, घरमा वा, आमा, दाजु, भाउज्यूसित पनि त्यही कुरो—कत्रो चासो सबैलाई अर्काको कुराको !

जननीले भनिन्—

"हऽस्, आउँछु माहिली बज्यै । पहिले यति पूजा गरिहालुँ !"

"ल, चाँडै पूजा गर त अहिले होलो छ ! हामी यीं हुन्छौं !"

जननीले ललितादेवीको पूजा गरेर आएपछि माहिली बज्यैले उनको मुख सुँघिन्—

"हैन, जननी !—मनलाई त हिजो कप्तानले अन्भाएर पठाए, तर धन पनि छैनन्—रे नि क्याहो ?"

जननीले भनिन्—

"हैन, हिजो धनलाई नै अन्भाएर पठाएका हुन् क्या र !"

"के क्यार भन्छयौ,—तिमीहरू त साथी–साथी नै हौ नि साँच्चि साँच्चि भन न !"

"हामीलाई हिजो दुलहीको कोठामै लगेनन् ! दुलहीको सिंगार पनि कप्तान्नीले आफै गरिन् !—हिजो त हामीलाई उस्तो केही पनि थाहा भएन उही दुलही अन्भाइसकेपछि मात्रै मुसमुसे गन्ध थाहा पाएको त हो नि !"

माहिली बज्यैले जननीको कुरामा बडो चाख मानिन् । उनले फेरि सोधिन्—

"मन कता गइछन् त हँ !"

जननीले भनिन् —

"खै, केही पनि बुझिएन–मनको कुरा त ! हिजो दुलही नअन्भाउँदै हामीहरूलाई पनि दुलही मन नै होलिन्—भन्ने लाग्याथ्यो । हामीहरूले धनलाई नदेखेर सोद्धा—'धन मैयाँ पर सरेर मावल—गएकी छन्'—

भनिन् कप्तान्नीले । उहाँ धन भने मन भएर दुलर्हा वनेकी रहिछन् । उ वन पनि आइपुगिन्—उनलाई पो थाहा होला जम्मै कुरा त ! वनका आमा, छोरी विहान सबेरै कप्तानको घरमा गएका थिए—राधाले भन्या !"

कप्तानको घरको कुरा थाहा पाउन माहिली बज्यैले वनलाई बोलाएर कुराको उही सिलसिलामा भनिन्—

"हेर न वन, हिजो त धनलाई पो अन्भाएको भन्छन् नि !—जननी पनि त्यसै भन्छिन्—कसो ?'

वनले भनिन्—

"हो रै छ ! हामीलाई त तपाईंको—थाहा नै थिएन ! धन मामा विहान आएर तपाईंको—कप्तान्नीसित धनको कुरा गरेर पो तपाईंको अलिकति थाहा भयो । म पनि विहान आमासित तपाईंको कप्तानको घर गएकी थिएँ । आमासित तपाईंको—कुरा गरेर कप्ता असाध्ये रोइन् ! उता……"

"हैन, तपाईंको मनको कुरा गरेर; —उता मधु पनि हिजो रा लडेर तपाईंको—विचरा इन्तु न चिन्तु छन्—रे !"

माहिली बज्यैले सोधिन्—

"हैन, मन कहाँ गइछन्—त ?"

"त्यो उनीहरूलाई पनि तपाईंको—थाहा छैन—रे ! कन्याद हुनुभन्दा पहिले नै भागेकी—रे तपाईंको—मन ! मलाई त तपाईं—असाध्ये माया लागिरहेको छ, मन कहाँ गइहोलिन्, कठै वरी !"

मनको सम्झनामा वनले आँसु पुछिन् । जननी र सावित्री आँखामा पनि आँसु रसायो ।

जननी, वन र सावित्रीको भावं देखेर माहिली बज्यैको चित्त कुँडियो । उनले भनिन्—

"विचरी मन ! —त्यसरी भागिहाल्नुपर्ने उनलाई के कुरा परे होला त्यस्तो । कप्तान, कप्तान्नी पनि के गरून्—तै उनीहरूले

पुऱ्याए; धनको विहा गरिदिएर ।—साँच्चि, आज कप्तान्नी ललिता भगवतीको पूजा गर्न पनि आउँदिनन् कि क्या हो—वेला त भयो नि !"

कप्तान्नी सधैं जस्तो, बिहान ललितादेवीको दर्शन र पूजा गर्न आउँथिन् । उनलाई अलि पर आइरहेको देखेर जननीले भनिन्—"उ क्या त !"

फुस्रो कपाल, रूँदारूँदा सुन्निएका आँखा र फुङ्ग उडेको अनुहार लाएकी कप्तान्नी साधारण लुगामा आइरहेकी थिइन् । उनलाई देखेर जननी, वन र सावित्रीहरू यताउति लागे; माहिली बज्यै महादेवको मन्दिर—प्रदक्षिणा गर्न थालिन् ।

देवीको पूजा सिद्धचाएर कप्तान्नी महादेवको मन्दिर घुमिरहेकी थिइन् । यत्र, तत्रका धेरै दृष्टिहरूको एउटै लक्ष्य थियो;—त्यो थियो कप्तान्नीको आकृति ।

मन्दिरपछाडि कप्तान्नी र माहिली वज्यैको भेट भयो । माहिली बज्यैले भनिन्—

"ओहो, कप्तान्नी साहेब !—किन, आराम नभए जस्तो छ नि ?"

कप्तान्नीले माहिली वज्यैले छेकिएको बाटोमा ठिङ्ग उभिएर एउटा दीर्घ निःश्वास छोडिन् । उनको अन्तरचक्षुको अगाडि कुनै हृदय-विदारक चलचित्र लागिरहेको थियो—जस्तो थियो । उनले भनिन्—

"सन्चै छ माहिली बज्यै, मलाई त !"

माहिली वज्यैले कुरा खोतल्न खोजिन्—

"अँ, हजूरले भनेर हुन्छ अब ?-त्यसरी मुख फुलिरहेको छ, उ !"

कप्तान्नीले ठाउँमै अडेर भनिन्—

"तपाईंलाई थाहा छँदै छ नि, त्यत्रो विहाको काम थियो घरमा, के गर्नु सब काम आफैले हेर्नुपर्ने !—तपाईं त हिजो चाँडै नै जानुभयो !"

"हो घरमा काम थियो !—बिहा त अब सिद्धिहाल्यो नि !"

"सिद्धियो,—अब आज त दुल्हान फर्कने दिन—ज्वाइँ, छोरी

आउँछन् !"

माहिली वज्यैले केही थाहै नपाएजस्तो गरेर भनिन्—

"ए हो नि साँच्चि ! —कुन बेला आउँछिन् मन ?"

माहिली वज्यैको कुराले कप्तान्नी झण्डै फुस्केकी थिइन् । उन
अन्तर-पटमा मन र धनका आकृतिहरू फन्फन्ती घुमिरहेका थिए। उन
आँखामा अश्रु बिन्दु छचल्किरहेको थियो। उनले कुरा छल्न खो
भनिन्—

"भरे भरेतिर आउँछिन् !—अवेला भयो, जाऊँ त अब माहिलडेका
वज्यै !"

कप्तान्नी गइन् ।

माहिली वज्यैलाई पनि ननिको लाग्यो। कप्तान्नी गएपछि जन
वन, सावित्रीहरू पनि प्रकट भए । जननीले माहिली वज्यैसित सोधिन्

"के भनिन् त कप्तान्नीले, माहिली वज्यै ?"

"आज छोरी, ज्वाइँ आउँछन्'— मात्रै भनिन् । साँच्चि,
अलिकति कुरा फुस्काऊँ कि भनेर कुरा खोतल्न खोजेको—सकिनँ
मलाई त उनको अनुहारै देखेर पनि माया लागेर आयो । त्यस्तै त हो
सबैलाई ! अब भरेतिर त देख्न पाइहालिन्छ नि हिजो दुलही भएर जा
को मुख पनि—थाहा नपाऊँ भने पनि आफै सबै कुरा थाहा हुन्छ !"

वनले भनिन्—

"हो हुन त, –तर तपाईंको—अर्को कुरा थाहा छ ?–
अचम्म !"

"के कुरा ?"

"हिजो राती तपाईंको मधु लोटेर वेहोश हुँदा—उनले धनको न
लिएर तपाईंको— के के, के के वर्बराए–रे बाबै ! हामीलाई अलि अ
धन र तपाईंको—मधुमा शङ्का त थियो । साँच्चि नै उनीहरू तपाईंक
आशकी भइसकेका भए त—धनको बिहा हुँदा तपाईंको—मधुलाई
साँच्चिकै चोट पर्‍यो नि !"

वनको कुराले सब उत्कण्ठित भए ।

माहिली बज्यैले भनिन्—

“हँ, साँच्चि हो ?”

जननीले थपिन्—

“हो क्यार, हो क्यार !!”

माहिली बज्यैले तर्क गरिन्—

“हो हो, साँच्चि हो !—यसै भएर उनी हिजो वेहोश भएर लडेका !”

सावित्रीले भनिन्—

“वेहोश भएर लडेका कि लडेर वेहोश भएका !”

माहिली बज्यैले भनिन्—

“उही कुरा त हो नि !–जेहोस् भरेसम्ममा त सबै कुरा थाहा भइहाल्छ नि ! साँच्चि, धन आएपछि भरे हामी सबै जना धनलाई भेट्न जाने है !”

“हुन्छ, हुन्छ !”

“जाऊँ त अब !”

ललितादेवीको स्थानबाट माहिली बज्यै, जननी, वन, सावित्री सब आ-आफ्ना घरतिर फर्के !

दिनभरिमा उनीहरूले धन र मनको विषयमा पानीपँधेरा र भान्छामा, बारी र बगैंचामा, घरघर र बाटाघाटामासमेत कति कचहरी जमाए त्यसको साँधी नै भएन ।

कप्तानका छरछिमेकी र धनमनका सँगीसाथीहरू सारा दुल्लान फर्किने बाटो हेरेर धनलाई भेट्न उत्सुक भइरहेका थिए ।

घडी आफ्नै चालमा चलिरहेको थियो—

“टक् टक् टक् टक्……”

उन्नाइस

मनको सूचना पाएर हृदयराज शर्माजी ज्यादै नराम्रों हडवडाए । त्यो वेला उनको परिस्थिति बिलकुल वक्र गतिमा थि आफ्नो भूत, भविष्य र वर्तमान स्थितिको पनि विचार गरे । उ विचारले कुनै कुराको पनि समाधान गर्न सकेन ।

वूढा वावु काशीवास गर्न गएको एक महीना पनि पुगेको वघिनी जस्ती वाहुनीको सधैं गर्जना र खरीघोटाइ; छोरा भण्टाङभुण्टुङको उत्तिकै कच्कच्; भण्टाङभुण्टुङहरू—घण्टे, का भगवती, चमेरे, काले, पुकुली सब पूर्व—जन्मका साहू हुन् कि कुरा लाग्थ्यो शर्माजीलाई । उनलाई सब दोवाटोका छौंडाहरू लाग्थ्यो । यसपालि घण्टेको व्रतबन्ध रे—व्यर्थैको ढोंग ।

घरमा शर्माजीले केही बोल्नै हुन्नथ्यो—वाहुनीले उनलाई हाल्थिन् । शर्माजीले कुनै स्वास्नीमान्छेसित त के कुनै लोग्नेमान्छे कुराकानी गरे पनि—वाहुनी शङ्कै मात्र गर्थिन्, शङ्काकै दृ हेर्थिन् ।

युगअनुसार कुनै छूवाछूत नभन्ने र होटेलमा जमेर लसुन, छयापी, गोलभेडा त के स्वास्थ्यप्रद घडी—चराको सेकुवा र फु आम्लेट भोजन गर्नुपर्ने नयाँ विचार—धाराका शर्माजीलाई भान्छाको मौकामा उक्लँदा ठाडो टुपी हल्लाएर धोती फेर्नै पर्थ्यो । दे हरूले समेत सोम—रसको रूपमा पान गर्ने आजको सभ्य संसारमा विदेशी वोतलामृतको कदर गर्ने शर्माजीलाई घरमा नाङ्गै खुट्टाले धा

चोखो पानी लिन पठाउँथिन् – उनकी बाहुनी । उनले सधैं नुहाउनै पर्थ्यो–चाहे एक लोटा पानीले किन नहोस् !

उनले बाहुनीलाई भिजेको धोती देखाउनै पर्थ्यो—चाहे एक लोटा पानीले मुखसमेत नपखालेर धोती मात्रै भिजाएको किन नहोस् ।

घरको आम्दानी र खर्चको समेत यावत् काम बुहारी मङ्गलाकै जिम्ममा सुम्पेर आफू काशीवास गएका थिए बूढा पण्डित कुलमाधव । त्यसैले, घरमा मङ्गलाको बुहार्तन थिएन, शासन थियो; हैकम थियो । हृदयराजसित पनि उनी एक एक खर्च र आम्दानीमा खरीघोट्थिन् ।

मङ्गलाको शासनमा हृदयराजजीलाई निर्वाह गर्न बडो मुश्किल पऱ्यो । बाबुसित त उनी घुर्की लाएर पनि केही फार्दथे, मङ्गलाबाट त उनको घुर्कीले फुटेको चुनादाम पनि फर्दैनथ्यो; केही बोले घरमा राडो मच्चिन्थ्यो—त्यो दिन फन् मङ्गला चुल्होमा आगै फुक्तिनथिन् ।

हृदयराजजीलाई भने रुपियाँ, पैसाको आवश्यक भइरहन्थ्यो । उनले कहिले पुकुलीका कानका मुन्द्री नै उडाउनुपर्थ्यो त कहिले सुटुक्क घरका भाँडाकुँडा नै कुम्ल्याउनुपर्थ्यो ।

एक दिन ज्यादै विरक्त लागेर मन बहलाउन शर्माजी घरमै आएनन् । बस्, त्यत्तिमै मङ्गलाले मुलुकै हँसाएर घर–घर खोज्दै हिँडिछन्–कत्रो वेइजती ! फो

मङ्गलासितको क्रोधले शर्माजी तोरीको फूल देख्थे; तर के गरून् उनी—पिटून् त टोल हल्लन्थ्यो, मारून् त जेल जानुपर्थ्यो ।

हृदयराजलाई केही गरे पनि सुख भएन । मनको सूचना पाएर उनी सुखको कल्पनामा लालाचित त भए,—तर त्यो सुख वेहोर्नलाई उनको कुनै उपाय थिएन, साधन थिएन, शक्ति थिएन । उनी भित्र–भित्रै पाकिरहेका थिए, भुट्भुटिइरहेका थिए । उनको एक मनमा त मङ्गला, आधा दर्जन भण्टाङभुण्टुङ र मनको समेत माया मारेर– जोगी भएर हिँड्ने विचार पनि आएको हो—तर उनले त्यसो गर्न पनि सकेका थिएनन्; कारण, उनको वैराग्य सीमित थियो ।

मनलाई भेट्न दुई, तीनपल्ट उनी कप्तानको घरसम्म त गएक हुन्—तर उनी कप्तानको घरभित्रै पस्न सकेनन् । मनलाई के भन्ने उनको कुराको के जवाफ दिने, उनलाई कस्तो आश्वासन दिने—शर्माजी केही पनि निधो गर्न सकेनन्; उनी त्यसै फर्के ।

एकतिर सुन्दरी मनको चिन्ताले शर्माजी आकुलव्याकुल भइरहे का थिए—अर्कोतिर अनेक किसिमको विघ्नबाधाको साथै मलङ्गाक साक्षात् चण्डीरूपको उग्रताले उनको सातोपुत्लो नै उडिरहेको थियो ठीक त्यही वेला अकस्मात्सित बनारसमा वृद्ध पिताको देहान्त भएक खबर आयो । परिस्थितिवश हृदयराजजी दाजुहरूको साथ लागेर बना रसमा बाबुको काज—किरिया गर्न हिंडे ।

हृदयराजको हृदय रोइरहेको थियो—पितृशोकले हो या मनक प्रेमलाई जीउँदै परित्याग गर्नुपरेकोले हो अथवा भण्टाङभुण्टुङ मङ्गलासमेतको मातृ—भूमिलाई छोडेर डाँडा काट्नुपरेको पीरले हो केले हो—उनै जानून् ।

बीस

अस्ताचलमा सूर्य डुबिसकेका भए पनि रगतको आल जस्तै राता बादलका टुक्राहरू अँध्यारोमा हराउन यताउति रुमल्लिरहेका थिए। पर्वतमाला निष्पन्द थियो। काग र बकुल्लाहरू दिनभरि चरेर आकाश-मार्गबाट आफ्ना आफ्ना विहंगावासमा फर्किरहेका थिए। असार महीना-को हरियो संसार धमिलिइरहेको थियो। परिहास गरेर बासी चँदुवा हल्लाइरहेको कप्तानको चोकमा धन र मनका साथी र छरछिमेकीहरू धमाधम जम्मा भइरहेका थिए। उनीहरूका आँखामा कसैको प्रतीक्षा थियो। कुनै रहस्योद्घाटन हुने वेला जस्तै उनीहरू उत्कण्ठित थिए तापनि रातो बादलले रङ्ग चढाएको सबको लालिमामय मुख निस्तेज थियो।

कप्तानको घरमा आज दुल्हान फर्कने दिन-- रे !

कप्तानको बङ्गलानजीकै पश्चिमपट्टि मधुको घर ठिङ्ग उभिरहेको थियो। त्यसको मोहडा यता पूर्वपट्टि कप्तानको बँगलातिर नै थियो तापनि झ्याल, ढोकाहरू सब बन्दाबन्दी थिए। आकाश फर्केको कौसी मात्र उदाङ्ग थियो। वास वस्ने वेला भइसकेर पनि कौसीको परखालमा बसेर एउटा कौडे परेवा टाउको हल्लाउँदै आकाशतिर हेरिरहेको थियो। शायद त्यल्ले उसकी प्रेयसी परेवीलाई पर्खिरहेको हो कि ! त्यसकी प्रेयसीलाई आकाशमा वाजले गाँजिसकेको भए त्यसले प्रतीक्षा गरिरहेको के काम ! — कप्तानको चोकमा उपस्थित व्यक्तिहरूको मोहडा पनि त्यतै पर्थ्यो।

चोकको आकाशमा हल्लिरहेको चँदुवालाई हेरेर जननीले वनसित भनिन्—

"मोटरमै त आउलान् नि दुलहा, दुलही हगि !"

वनले निस्तेज मुखमा केही तेज चढाउँदै भनिन् —

"खै केमा आउने हुन्—घोडामा पो आउँछन् कि तिम्रो !"

वनको कुरामा उत्तेजित भएर नजनीले भनिन्—

"छि: यो वन पनि के भएकी,—दुलहीले पनि घोडा चढ्छन् कतै !"

"दुलहा त तिम्रो, चढ्छन् कि घोडा ?"

"दुलहा त चढ्लान्—तर दुलहीले घोडा चढ्ने कुरा त हाम्रे यहाँ चलेको छैन !"

"चलाए त चलिहाल्छ नि तिम्रो !"

जननीले भनिन्—

"तिमीले चढ्नु पहिले—अलि चल्ला !"

जननीले खित्का छोडेर हाँस्तै सबैलाई सुनाउने उद्देश्यले भनिन्-
"हेर हेर यो वन त कस्तीं पात्तिएकी, यो त बिहामा घोडा चढ्छे-रे !"

राधाले हाँसेर सोधिन्—

"हो, वन ?"

"खै, के भनूँ—यो जननी बहुलाउन आँटी कि क्या हो तिम्रो ! यल्ले तिम्रो दुलहा, मोटरमा आउँछन् कि, भन्दा—मैले तिम्रो दुलहालाई सम्झेर घोडामा पो आउँछन् कि भनेको तिम्रो कुरै नबुझेर यल्ले—दुलहीले पनि घोडा चढ्छन् कतै-भनी, र मैले तिम्रो चढाए किन चढ्दैनन् भनेकी ! त्यत्तिमै यल्ले तिम्रो मलाई नै चढ्ने तुल्याई लौ, फटाही कहाँकी !"

जननीले भनिन्—

"हेर न, कति कुरा बनाउन जानेकी !-यल्ले अहिले भर्खर दुलहालाई सम्झें—भनी, यसको दुलहालाई सम्झी लौ, लौ !"

जननी फेरि हाँसिन्, सब ठिटीहरू हाँसे । वनले भनिन्—"उसै अर्कालाई उडाउन खोज्दिरहिछ फतौरी, नचाहिने कुरा गरेर बड !-जसले दुलहालाई सम्झे पनि संझें त तेरो, तेरै दुलोले तँलाई साफसित भकुरेर

सम्झें तेरो—लौ, के गर्छेस् !"

जननीले भनिन्—

"तैं फतौरी, तैं बतौरी—उस्सै अर्कालाई नाउँ राख्ने रहिछ ! मेरो दुलो भए पो सम्झलिस्, तँ जस्तो अहिले नै घोडा चढ्न खोज्ने कहाँ हुँ र म बाबै !"

सबजना पेट मिचीमिची हाँसे ।

राधाले भनिन्—

"भो भो नबाझ ए तिमीहरू !—स्वास्नीमान्छेले पनि घोडा चढ्न पाए त मजै हुँदो हो नाइँ !—हुन त लोग्नेमान्छेले मात्तै घोडा चढ्नु, स्वास्नीमान्छेले चढ्दै नचढ्नु—भन्ने कुरा पनि अन्याय नै हो !"

फेरि सबै हाँसे ।

सावित्रीले भनिन्—

"कति हाँस्छौ ए तिमीहरू !—खै, कतिबेर बस्नु यहाँ, हिंड मास्तिर नै जाऊँ !"

जननीले भनिन्—

"आऽऽ, कहाँ माथि जानु—तलै भए पनि हुन्छ !"

वनले भनिन्—

"यो हामीसित मिल्ने हो र तिम्रो, यो तलै गाडिन्छे रे !"

जननीले भनिन्—

"नमिल्ने भने नमिल्ने नै सही—जाओन तिमीहरू नै माथि घोडा चढ्नेहरू !"

राधाले हाँसेर भनिन् –

"माथि चोटामा पनि कसरी घोडा चढ्नु ?"

जननीले भनिन्—

"मन लागे जहाँ चढे पनि हुन्छ—घोडा ! भऱ्याङको डँडाल्नीको घोडा चढ्नु के—नभए माथि भान्छामा आँट पनि त होला नि !"

सब हाँसिरहेका थिए ।

"मोटरमै त आउलान् नि दुलहा, दुलही हगि !"

वनले निस्तेज मुखमा केही तेज चढाउँदै भनिन् –

"खै केमा आउने हुन्—घोडामा पो आउँछन् कि तिम्रो !"

वनको कुरामा उत्तेजित भएर नजनीले भनिन्—

"छि: यो वन पनि के भएकी,—दुलहीले पनि घोडा चढ्छन् कतै !"

"दुलहा त तिम्रो, चढ्छन् कि घोडा ?"

"दुलहा त चढ्लान्—तर दुलहीले घोडा चढ्ने कुरा त हाम्रे यहाँ चलेको छैन !"

"चलाए त चलिहाल्छ नि तिम्रो !"

जननीले भनिन्—

"तिमीले चढ्नु पहिले—अलि चल्ला !"

जननीले खित्का छोडेर हाँस्तै सबैलाई सुनाउने उद्देश्यले भनिन्-
"हेर हेर यो वन त कस्ती पात्तिएकी, यो त बिहामा घोडा चढ्छे–रे !"

राधाले हाँसेर सोधिन्—

"हो, वन ?"

"खै, के भनूं—यो जननी बहुलाउन आँटी कि क्या हो तिम्रो ! यल्ले तिम्रो दुलहा, मोटरमा आउँछन् कि, भन्दा—मैले तिम्रो दुलहाला सम्झेर घोडामा पो आउँछन् कि भनेको तिम्रो कुरै नबुझेर यल्ले–दुलही पनि घोडा चढ्छन् कतै–भनी, र मैले तिम्रो चढाए किन चढ्दैनन् भनेकी त्यत्तिमै यल्ले तिम्रो मलाई नै चढ्ने तुल्याई लौ, फटाही कहाँकी !"

जननीले भनिन्—

"हेर न, कति कुरा बनाउन जानेकी !–यल्ले अहिले भर्खर दुलहालाई सम्झें—भनी, यसको दुलहालाई सम्झी लौ, लौ !"

जननी फेरि हाँसिन्, सब ठिटीहरू हाँसे । वनले भनिन्—"उस अर्कालाई उडाउन खोज्दिरहिछ फतौरी, नचाहिने कुरा गरेर बड ! –जसले दुलहालाई सम्झे पनि संकेत तेरो, तेरै दुलोले तँलाई साफसित भकुरे

सम्झें तेरो—लौ, के गर्छेस् !"

जननीले भनिन्—

"तैं फतौरी, तैं बतौरी—उस्सै अर्कालाई नाउँ राख्ने रहिछ ! मेरो दुलो भए पो सम्झलिस्, तँ जस्तो अहिले नै घोडा चढ्न खोज्ने कहाँ हुँ र म बाबै !"

सबजना पेट मिचीमिची हाँसे ।

राधाले भनिन्—

"भो भो नबाक ए तिमीहरू !—स्वास्नीमान्छेले पनि घोडा चढ्न पाए त मजै हुँदो हो नाइँ !—हुन त लोग्नेमान्छेले मात्तै घोडा चढ्नु, स्वास्नीमान्छेले चढ्दै नचढ्नु—भन्ने कुरा पनि अन्याय नै हो !"

फेरि सबै हाँसे ।

सावित्रीले भनिन्—

"कति हाँस्छौ ए तिमीहरू !—खै, कतिबेर बस्नु यहाँ, हिंड मास्तिर नै जाऊँ !"

जननीले भनिन्—

"आऽऽ, कहाँ माथि जानु—तलै भए पनि हुन्छ !"

वनले भनिन्—

"यो हामीसित मिल्ने हो र तिम्रो, यो तलै गाडिन्छे रे !"

जननीले भनिन्—

"नमिल्ने भने नमिल्ने नै सही—जाओन तिमीहरू नै माथि घोडा चढ्नेहरू !"

राधाले हाँसेर भनिन्—

"माथि चोटामा पनि कसरी घोडा चढ्नु ?"

जननीले भनिन्—

"मन लागे जहाँ चढे पनि हुन्छ—घोडा ! भऱ्याङको डँडाल्नीको घोडा चढ्नु के—नभए माथि भान्छामा आँट पनि त होला नि !"

सब हाँसिरहेका थिए ।

सावित्रीले जननीलाई अलि वर तानेर मधुको घरतिर हेर्दै भनिन्‌-

"कसैलाई हाँसो, कसैलाई मर्म ! हेर जननी, आज मधुको यतापट्टिका झ्यालहरू सब बन्दाबन्दी छन् ।"

जननीले मधुको घरतिर हेर्दै सावित्रीको कुरामा सही थापेर भनिन्—"अँ, हो नि साँच्चि !"

वनको ध्यान उनीहरूतिरै थियो । उनी पनि आइन् । उनले सोधिन्—"के हो सावित्री ?"

सावित्री भन्दै थिइन्—

"…आज मधु कोठा पनि बन्द गरेर—कोठाभित्रको भित्रै छन्-रे—कोहीसित भेट्ने कुरा त के—केही खाँदा पनि खाएका छैनन्—रे बाबै !—विहान डाक्टर आएको थियो—रे, डाक्टरलाई पनि त्यसै फर्काइदिए—रे !"

जननीले भनिन्—

"कस्तो अपहत्ये !"

"बिचरा !"

"धनसित उनको साँच्चि नै…रैछ…नत्र भने तिम्रो…!"

माथि कप्तान्नी कोठामा तानेतुने गर्दै बिछ्यौनामा पल्टिरहेका कप्तानसित भनिरहेकी थिइन्—

"अब त आउने वेला भयो – सात बजिसक्यो ! तल मान्छेहरू धनलाई हेर्न धर्ना कसेर बसिरहेका छन्—के गर्ने ?"

कप्तानले विछ्यौनाबाट उठ्तै भने—

"बसून् न के गर्नु त, अब लुकाएर लुक्ने कुरा हैन ! उही पनि सबले थाहा पाइसके, सबले थाहा पाइसकेको कुरा—के लुकाउने ? थाहा पाएर पनि नपुगेर आँखैले हेर्न आएका हुन् तिनीहरू—हेरून् न जति हेर्छन्—के गर्नु त अब !"

साँझ परिरहेको थियो ।

एक छिनपछि घ्यार्र गरेर आएको एउटा मोटर कप्तानकै बङ्गला

अगाडि घ्याच्च रोकियो।

मोटरबाट दुलहा, दुलही उत्रे।

दुलहा, दुलही चोकबाट आइरहेका थिए।

चोकका मानिसहरूको दृष्टिको लक्ष्य दुलहा, दुलहीमाथि नै थियो। दुलही धन नै थिइन्। सबको शङ्काको समाधान भयो, सबले आँखा-भरि हेरे, सबैले छर्लङ्ग देखे—तिनी धन नै थिइन्।—तर, हिजोअस्ति-सम्मकी धन र आजकी यी धनमा आकाशजमीनको अन्तर थियो। हो—आकाशजमीनको अन्तर—उत्तिकै फरक, उत्तिकै मिलान!

हिजोअस्तिसम्मकी धन—चञ्चल स्वभावकी, त्यसै लहलहाउँदी र पुष्ट शरीरकी थिइन्। आज यो वहुमूल्य परिधानमा वेह्रिएकी भए पनि त्यसै त्यसै टोलाएर फुङ्ग उडेकी जस्ती र दुब्ली र पातली छन्—उ धन नै हैनन् जस्ती—तर तिनी उही धन थिइन्। उनको शरीरमा मासु थियो, आँखा गडेका थिए।

धनलाई पनि बाबुको घरमा सब कुरा नौलो र नरमाइलो लाग्यो। आफ्ना सँगोसाथीहरू पनि सबै परचक्री जस्ता भएर पर, पर ठिङ्ग उभिरहेका थिए—क्वारक्वार्ती हेरेर, कोही र परैबाट उनलाई हेरेर कानेखुसी गरिरहेका थिए। अँध्यारो र धमिलो मधुको घर पनि बिरानो जस्तो लाग्यो उनलाई—झ्याल सब बन्दावन्दी थिए।

मधुको घर देख्नेबित्तिकै धनले आँखा फेरेर तलतिर हेरिन्। उनका हातखुट्टा नै फतक्क भएर गलिरहेका थिए। उनलाई त्यहीं बसूँ बसूँ जस्तो लागिरहेको थियो।

कप्तान्नीसमेत कप्तानसाहेबले ज्वाइँ, छोरीको स्वागतार्थ चोक-मा आएर खूब तत्परताका साथ दुवै हातले माथि जान देखाइरहेका थिए। दुवै जना कप्तानले देखाएको बाटो लागेर मास्तिर उक्ले।

धनले कसैलाई हेरिनन्—कसैलाई पनि हाँसिनन्, कसैसँग बोलिनन्। उनी त्यसै मास्तिर उक्लिन्।

माथि दुलहासाहेब कप्तानसित बैठकभित्र पसे।

धन मटानबाट दौडेर आफ्नो कोठाभित्र पसिन् । उनको पछि पछि कप्तान्नी आइरहेकी थिइन् । उनी धनसित कोठाभित्र पस्नै पाएकी थिइनन्—धनले भित्रबाट ढ्याम्म ढोका लाइदिइन् । कप्तान्नीको हत्केला लाई बन्द ढोकाका खापाले सुम्सुम्यायो । कप्तान्नीका आँखाबाट वर् ताता आँसुका थोपा झरे ।

\+ \+ \+

रात धेरै नै बितिसकेर पनि धनले ढोका खोलिनन् । माथि बाहिर भान्छा कुरिरहेका थिए—कप्तान्नीले पनि भान्छा गरेकी थिइनन् । धनसित भेटेर दुइटा कुरा गर्न चाहने साथीसँगिनीहरूलाई त्यसै निराश भएर फर्कनुपर्‍यो । कप्तानले आएर कतिपल्ट धनलाई बोलाउँदै ढोका घच्च्याए—ढोका खुलेन । धनको प्रतीक्षा गरेर बसिरहेका दुलहासाहेब पनि बैठकमा जिल्लाराम परिरहेका थिए ।

मधुले आफ्नै घरमा बसी बसी भुन्टी र अरू नोकरचाकरद्वारा पनि कप्तानका घरको कुरा थाहा पाइरहेका थिए । धनले कसैसित भेटघाट र बोलचालसमेत नगरेर, केही खाँदा पनि नखाएर, कोठाको ढोका समेत थुनेर बसिरहेको कुराले उनको चित्त ज्यादै विभ्रम भइरहेको थियो। अझ धनको निन्याउरो मुख र हिजोभन्दा आज उनको आधा जीउ घटेको बयानले मधुको आतमा फत्र्याक फत्र्याक गरेर खूबसित छट्पटायो। उनी अत्यधिक वेहाल भए । धनले केही नकाम गर्छिन् कि भनेर उनलाई डर पनि लाग्यो । उनले सहन सकेनन् । धनसित भेट गर्ने उनको ठूलो इच्छा भयो । उनले हत्तरपत उठेर एक हातमा कोटको बाहुला घुले उनको बायाँ हातमा चोट परेकोले बायाँ हात—छातीमा बाँधिएको थियो टाउकोमा निधारसम्म ब्याण्डिज कसिएको थियो ।

मधु कोठाबाट निस्कन बिलकुल तयार भइसकेका थिए—उनको अर्को व्यथित मनले उनलाई फेरि किन हो पलङ्गको पलङ्गमै थच्च्यायो उनले विचार गरे—

"जाऊँ ?—किन जाऊँ ?

जाऊँ न, भेट गरूँ ! हैन, म अब धनसित किन भेट गरूँ ?—उनलाई नराम्रो पर्छ !—तर उनको के दोष, उनलाई त्यस्तै परिस्थिति पऱ्यो—उनी के गरून् ?—जे भए पनि मैले उनको हिजोको चिठीको जवाफ त दिनैपर्छ !"

'मधुले चिठी लेखे—च्याते । अर्को चिठी लेखियो—केरियो । फेरि तेस्रो चिठी लेखेर पढे—जुन चिठी, चिठी जस्तै थिएन । त्यसमा उनलाई अलि सन्तोष लाग्यो । त्यसमा थियो—

"जो भयो, सो भयो !

मान्छे परिस्थितिको दास हो ! परिस्थितिले जता हुत्याउँछ, जे गराउँछ—मान्छे उतै हुत्तिन्छ, उस्तै हुन्छ !

मान्छेले चिताएको सबै कुरा पुग्दैन—पुगेदेखि संसार अर्कै हुन्थ्यो !

भएको कुरामा सन्तोष गरेर निर्वाह गर्नु—जीवन हो !—नगर्नु आत्महत्या !

हो, मान्छेले कुनै कुनै भद्दा कुरामा समाजको शृंखला तोड्नुपर्छ; तर आफ्नै कुरालाई लिएर हैन । आफ्नो कुरालाई मात्र लिएर सामाजिक शृंखला तोड्न खोज्ने मान्छे स्वार्थी र समाजद्रोहीमा गणना हुन्छन् ।

पानी परेर निर्वाहमा बाधा परे—छाता ओढ्नुपर्छ !

जीवनमा प्रेम र सब थोक उपलब्ध हुन्छन् आत्महत्यामा संसारको पाप, दुःख र छट्पटी !

आत्मघातीमा आफ्नै विश्वास पनि हुँदैन !—त्यसमा प्रेम भन्ने कुरा पनि हुँदैन !

मन परेको वस्तुलाई छोडेर कर्त्तव्य—मार्गमा लाग्नु नै त्याग हो ! त्याग सत्य—प्रेम हो !

सत्य—प्रेम, परमात्मा हो—त्यो अमर छ !

परमात्मालाई नपाएर उपासना गर्नु, तल्लीन भएर लीन हुन चाहनु—भक्ति हो, प्रेम हो; तर उपासक अथवा प्रेमी परमात्मादेखि अलग नै हुन्छ !

परमात्मामा लीन भइसकेपछि प्रेम र भक्ति भन्ने कुरा हुँदैन;- जस्तो पाइसकेपछि पाउने कुरा हुँदैन; त्यसैले नपाउनु झन् पाउनु हो, पाउने बाटोमा लाग्नु हो !

मेरो हकमा म त खुशी नै छु, ज्यादै खुशी छु;—किनभने मैले पाउन खोजेको वस्तु नपाएर जीवभर उपासना गर्न पाउने भएँ । मेरो यो उपासना अमर छ—मलाई यति भए पुग्यो !"

मधुले पत्र पट्याउँदं रामेसित भेटघाट गर्न आएकी भुण्टीलाई रामेद्वारा नै आफ्नो कोठामा बोलाए ।

भुण्टी आई । उल्ले मधुको टाउकोको व्याण्डिज हेरेर सोधी—

"अब कस्तो छ काजीलाई ?"

मधुले भुण्टीलाई त्यो कागत दिन हात लम्काउँदै भने—

"ठीक छ !—यो एउटा कागत धन मैयाँलाई देऊ न है !"

भुण्टीले कागत लिएर भनी —

"धन मैयाँले ढोकै उघार्नुभएको छैन—कसरी दिनु र !"

मधुले एक छिन सोचेर भुण्टीलाई युक्ति बताउँदै भने—

"खोल्छिन् !—तिमी गएर त्यो बन्द ढोकामा कसैले नदेख्ने गरी चोर औंलाको नङ्ले दुइ दुइचोटि गरेर तीनपल्ट हिर्काउनू–टचाक् टचाक् टचाक् टचाक्—गरेर, मुखले केही नबोल्नू—उनले ढोका उघार्छिन् । ढोका नउघारेर उनले केही आवाज गरिन्—भने फेरि एकचोटि, एकचोटि मात्रै नि, टचाक्क हान्नू— अनि त उघार्छिन्, लौ त जाऊ !"

भुण्टी मधुको कुरामा छक्क पर्दै कागत लिएर निस्की । उ हिँड्दै, हिँड्दै गमिरहेकी थिई—

"यो, मधु र धनको इशारा रहेछ—चोर औंलाको नङ्ले दुइ दुइचोटि गरेर तीनपल्ट टचाक् टचाक्, टचाक् टचाक्–अनि त धनले ढोका उघार्छिन्—रे ! उघार्छिन् अब काम नपाएर धनले ढोका—कप्तान-कप्तान्नीले त्यसरी कतिचोटि बोलाउँदा त नउघारेकी !–हँ ?–उघार्छिन् कि त !—उघार्छिन् रे, कत्रो विश्वास मधुलाई ! हेरिहालँ न––मधुको

विश्वास !!" कसरी हान्ने रे !

भुण्टीले आफ्नै निधारमा चोर औंलाले हिर्काउँदै प्र्याक्टिस गरेर खिस्स हाँसेकी मात्रै थिई—अँध्यारोमा ठेस लागेर ढण्डै घुस्मुण्टिएकी। उनले ढोका उघार्लिन् त यसो गरेर—भन्ने कुराले उल्लाई बडो चाख लागिरहेको थियो।

भुण्टी—धनको बन्द ढोकामा आइपुगी।

धनको कोठाबाहिरको बन्द ढोकाको दायाँबायाँमा—धनलाई बोलाउँदा बोलाउँदा निराश भएर कप्तान, कप्तान्नी कुनै निःसहाय जीव जस्तै दयनीय अनुहारले टाउकोमा हात लाएर टक्र्याक्टुक्रुक्क बसिरहेका थिए। हो-हल्ला मचाएर कराउन पनि उनीहरूलाई साहस भएको थिएन।

एक बजिसकेको थियो—रातको।

भुण्टीले कप्तान, कप्तान्नीलाई टाउकोले भऱ्याङनिर बोलाएर विस्तारै भनी—

"किन हजूरहरू यहाँ—आफ्नो कोठामा राज नभएर ? हजूरहरू उता सवारी होस्, म मैसापलाई ढोका खोल्न लाउँछु !"

कप्तानले भने—

"हँ, खोल्छिन् र ढोका धनले ?—तैंले………!"

"मैले भनेपछि मेरो मैसापले ढोका खोल्नु हुन्न त ?—सवारी होस्, आफ्नो कोठामा हजूरहरू !"

भुण्टीको हाँक स्वीकार गर्दै कप्तानले भने—

"ल हेरूँ—जाउँ त मनकी आमा !"

कप्तान, कप्तान्नी दुवै जना आफ्नो कोठामा पसेर कोठाबाट हेरिरहेका थिए।

भुण्टीले कप्तान, कप्तान्नीको कोठाको ढोकातिर पिठिउँ फर्काएर चोर औंलाको नङले मधुले अह्राएबमोजिम धनको बन्द ढोकामा तीनपल्ट टचाक् टचाक्, टचाक् टचाक् हानेर अर्को एकपल्ट हान्न धनको आवाजको प्रतीक्षा गर्दै थिई—ढोका उघ्यो।

भुण्टीले प्रसन्न मुख लाउँदै धनको कोठाभित्र पसेर धनला दिएको कागत स्वाट्ट दिई । धनलाई कागत दिंदा उल्ले खुस्म थिई —

"यो मधु काजीले दिनुभएको !"

धनले डोकामा मधुको साङ्केतिक शब्द सुनेर बेसुरमै उ खोलेकी थिइन् । उनको हातलाई त्यो साङ्केतिक शब्द सुन्ने ढोका खोल्ने अभ्यास भइसकेको थियो ।

ढोका खोल्नेबित्तिकै धनले मधुको सट्टा भुण्टीलाई देखे उनको होश ठेगानमा उत्र्यो । उनले केही सोच्नै सकेकी थिइनन् उनको हातमा कागत घुसार्दै भनेकी थिई—

"यो मधु काजीले दिनुभएको…!"

धनले विचार गरिन्—

"आजै हो यो सङ्केतले मान्छेको सट्टामा कागत आए यही सही, यो पनि पाएँ ! शायद, यो उनको आखिरी पत्र हो

भुण्टी कोठामै उभिरहेकी थिई । कोठाको ढोका पनि थियो । रुँदारुँदा डम्म फुलेको मुख लुकाउन खोज्दै धनले चि मौका विचार गर्दै थिइन्—कप्तान, कप्तान्नी कोठाभित्र पसे ।

धनले कसैको मुख नहेरेर तकियामा घोप्टो परिन् । कप्ता ओछ्यानमा लामो सास फेरेर बसे । धनको टाउकोनिर कप्तान्नी भुण्टी बाहिर निस्केर ढोकानिरबाट भित्र कान थापिरहेकी थिई

धन तकियामा मुख जोतेर रोइरहेकी थिइन् । रुँदारुँ तकिया निथ्रुक्क भएर भिजेको थियो ।

कोठा एकदम सन्नाटा थियो । कप्तान, कप्तान्नीले कुरा नै गर्न सकेका थिएनन्—उनीहरूको मुटु मात्र जोडले चलिरहे ढुक् ढुक्, ढुक् ढुक् ।

एक छिनपछि कुनै अपराधीले जस्तै डराउँदै ठूलो सा विनयपूर्वक कप्तानले भने —

"नरोऊ बा, छोरी"

द्रवीभूत कप्तान्नीले पनि बर्र आँसु झार्दै धनको टाउको मुसारेर आफ्नो रुग्ण – कण्ठ खोलिन्—

"नरोउन बा धन, उठ !"

धनले तकियाबाट अलिकति टाउको उठाएर रुँदै भनिन्—

"आमा, मलाई रुन दिनोस् – मलाई रुन दिनोस्, जानोस् तपाईंहरू ! —तपाईंहरूले आफ्नो इजत राख्न मेरो कन्यादान गर्नुभयो ! — मैले पनि कर्त्तव्य नै ठानेर आफ्नो वलिदान गरें–तपाईंहरूको काम पूरा भयो ! — अब म जीवनभर रोई रहूँ, हाँसी रहूँ — तपाईंहरूलाई के ! तपाईंहरूबाट त म दान भइहालें नि !"

धन रोई नै रहेकी थिइन् । कप्तान्नीले धनलाई तानेर उनको टाउको आफ्नो छातीमा लगाउँदै खूबसँग रोइन् । उनको छाती एकदम गह्लौं भइरहेको थियो । रुनुसिवाय उनको वाक्य नै फुटेन ।

कप्तानको हृदय पनि छियाछिया भयो । उनले आफ्नो धैर्य नै हराए । उनलाई डाँको छोड्न मन लागिरहेको थियो । उनले धनसित हात जोर्दै धोत्रो स्वरले रोएर भने—

"धन, म अपराधी हूँ ! तिमीमाथि गरेको पापले मलाई पोलिरहेको छ । म तिमीसित माफी माग्छु; – यो बूढो बाबुलाई माफ देऊ छोरी, माफ देऊ !"

बूढो बाबुले त्यसरी धोत्रो स्वर निकालेर रुँदै माफी मागेको सुनेर धनको चित्त रहन सकेन । उनले आमाको छातीबाट टाउको उठाएर बाबुको काखमा घोप्टिदै रोइन् ।

कप्तान पनि खूबसित रोए ।

एक छिनपछि धनले भनिन्—

"नरुनोस् बा, नरुनोस् ! — तपाईंहरूको केही अपराध छैन, मलाई यस्तै पर्‍यो !"

कप्तान, कप्तान्नीले हिजो धनको ओछ्यान मुनि पाएको परबाहेक

मधुको छट्पटी र आघातबाट, उनले बर्बराएका शब्द शब्दबाट—
बुझिसकेका थिए। त्यसैले पनि आफूहरूले एक्कासि धनलाई जबर्जस्ती
धकेलेर बिहा गरिदिएकोमा उनीहरूलाई ठूलो पश्चात्ताप भइरहेको थियो
अहिले झन् धनको कुराबाट कप्तानलाई ठूलो आघात पऱ्यो । किन
उनले अपराधी बाबुमाथि पनि दया गरेर—'तपाईंहरूको केही अपरा
छैन'—भनिन् ।

कप्तानले आफ्नो हृदयको घात, प्रतिघातको यन्त्रणाभित्रै
"धन कति सहनलीला, कति जाती ! बाबु, आमाको इज्जतको निमि
आफ्नो बलिदान गरेर पनि यिनले हामीलाई माफी दिइन् । यिनले
कन्याघाती अपराधमा मलाई कुनै किसिमको प्रतिघात गरेकी भए-
मलाई अलिकति शान्ति हुन्थ्यो होला ! तर यिनले मलाई माफी दिइ
अब म कसरी यिनीमाथिको पापको प्रायश्चित्त गरूँ !"

कप्तानले भने —

"हैन धन, मैले पाप नै गरें हिजो जबर्जस्तीसँग तिम्रो बि
गरिदिएर ! — मैले पाप गरेको हैन—भन्छ्यौ भने, तिमी किन
छौनौ त ?— रुँदा रुँदा आफ्नो त्यो हाल बनाइसक्यौ ! हिजो राती
दुलहाको घरमा पनि गोलमाल पऱ्यो रे ! यहाँ आएर केही खाएकी
छैनौ — किन त ?—किन त धन ? धन, मलाई त तिम्रो पहिलेकै
हँसिलो मुख, उज्यालो मुख देख्न पाए मात्रै सन्तोष लाग्छ ! यसको निमि
तिमी जे भन्छ्यौ म उसै गर्छु ! तिमीलाई केही चाहिएको छ
भनन !"

कप्तान्नीले थपिन् –

"भनन धन, तिमीलाई के चाहिएको छ ?"

बाबु, आमाको कुरामा हृदय पगालेर धनले आफूलाई चाहिने
सम्झिन् केही थिएन । जुन चाहिने त के नभई नहुने वस्तु थियो
उनको, अब उनले त्यसको चाहना प्रकट गर्नै नहुने भयो । अहिले उनले
आफ्नै जीउ पनि बर्ता भइरहेको थियो । चाहिने कुराको मात्रा अत्यधि

भएर हो कि—जति सम्झे पनि उनले आफूलाई चाहिने कुरा पाइनन् । उनलाई मनको सम्झना त भइरहेकै थियो—परिस्थितिले नै सम्झाइरहेको थियो । उनले फेरि सम्झिन् —उनकी दिदीलाई ।

'मन !'

'दिदी —कहाँ गइहोलिन् ?'

मनको मायाले पनि धनलाई रुन मन लाग्यो । मनले उनको ज्यादै माया गर्थिन् । दिदी, बहिनीमा ठूलो प्रेम थियो ।

धनले ठूट्ट बाबुसित भनिन् —

"मलाई केही पनि चाहिएको छैन बा, अब !—दिदीको पत्ता लाग्यो त ?"

"केही पत्ता लागेको छैन !"

धनले आफ्नो चाहना प्रकट गरिन्—

"जसरी भए पनि पत्ता लगाएर दिदीको केही बिराम भए पनि माफी दिनोस्—मलाई यत्ति भए पुग्छ ।"

कप्तानले धनको टाउको मुसारेर भने—

"यो कुरा त तिमीले भन्नै पर्दैन बा,—म जसरी भए पनि मनको पत्ता लगाएर उल्लाई घरमा ल्याउँछु ? — तिमी अब उठ त, केही खाऊ-यसवेला भइसक्यो ! —हेर, आफ्नी आमालाई त हेर—तिमीले केही नखाएकीले आफू पनि भोकै बसिरहेकी छन्—केही नखाएर !"

धनले उठ्न खोज्दै भनिन्—

"आमाले किन केही नखानुभएको ? अब पनि मलाई हेरेर साध्य हुन्छ —र ! दान गरिसकेको गाईको को पछि लाग्छ—र ? मलाई खान त पटक्कै मन लागेको छैन सत्ये—तैपनि भात त खान्न; अरू नै केही खाने कुरा ल्याउनोस् अलिकति खान्छु !"

कप्तान्नीले बाहिर निस्केर आफ्नो कोठाबाट खानेकुराको किस्ती ल्याइन् ।

कप्तानले बडो प्रेमसँग आफ्नै हातले धनलाई खानेकुरा ख्वाए ।

कप्तान, कप्तान्नीसमेत धन र दुलहा साहेबको रात पनि छलंङ्ग बित्यो ।

वाहिर यताउति कुखुराहरू वासिरहेका थिए ।

भोलिपल्ट बिहानै दुलहा, दुलहीलाई लिन मोटर आइपुग्यो ।

धनले मौका पारेर मधुको पत्र पढिसकेकी थिइन् । त्यो पत्रले उनलाई झन् अलपत्र पाऱ्यो । उनको अलपत्र परिरहने पनि समय थिएन । हृदयलाई कसी कसी मधुको पत्रमा दुई थोपा मोती चढाउनु सिवाय अरू उनले केही गर्न सकिनन् । उनी घिच्चिइरहेकी थिइन् अ... तिर । उनले घिच्चिइँदै विचार गरिन्—

"देवता—देवता नै हुन् !
आत्मा नै परमात्मा हो !!
आत्मा नै परमात्मा हो भने—
मेरो आत्मा पनि स्वतन्त्र भएर
अवश्य परमात्मामा लीन हुनेछ !!"

धनले वावु, आमासित विदा हुँदै भनिन्—

"दिदीको पत्ता लगाएर मात्र मलाई सम्झनोस् !"

धन—दुलहासँगसँगै चोकवाट निस्किरहेकी थिइन्—उनका आँखामा झवास्स मधुको घर परिहाल्यो । मधुको घरका झयाल, ढोका सब बन्दावन्दी नै थिए;—तर हिजो बेलुका पश्चिम उज्यालो भएर फर्केका वन्द झयाल, ढोकाहरू अँध्यारा थिए; अहिले पूर्व उज्यालो भएकोले वन्द झयाल, ढोकाहरूमा रछाया रङ्ग चढिरहेको थियो – बस् ।

हृदयको वोझले धनका खुट्टा धर्मराइरहेका थिए—कप्तानले उनलाई डोऱ्याएर मोटरमा बसाले ।

धनको कलेजा र मुटुलाई थर्काउँदै मोटर स्टार्ट भइरहेको थियो ।

कप्तान, कप्तान्नीले आँसु पुछे ।

एक्काईस

मधु—एकदमसित पागल भएको कुरा सुनेर कप्तान, कप्तान्नीको
डंत हृदयको आलो घाउमा वज्र पऱ्यो ।

मधुको कुरा सुन्ने उनाउ मानिसहरूसमेत पागल जस्तै भएर
ाक् भए—सबलाई ठूलो आघात पऱ्यो ।

मधु अत्यन्त मिलनसार र अनुपम प्रेमी नवयुवक थिए । उनी
सित पनि नहाँसेर बोल्दैनथे । उनी किन पागल भए ?—सबलाई थाहा
; तर उनी कुन वेला, कसरी, के भएर, कुनचाहिँ कुराको आघातले
ल भए – कसैलाई पनि सबै कुरा थाहा भएको थिएन ।

आधारातको वेलामा—जब मधुले धनलाई चिठी लेखेर भुण्टीद्वारा
ए, उनी घण्टौंसम्म ध्यानमग्न भए । कसैसित बोलेनन् सुतेनन्,
को ठाउँबाट पनि उठेनन् उनी । बिहानीपख रामेले आएर उनलाई
ायो—डाक्टर बोलाउन जाने कुरा गऱ्यो—उल्ले, उनी बोलेनन्, ।
ले आश्चर्य मानेर डराउँदै धनको नाम लिएर— उनले ढोका खोलेको
सुनाएको मात्रै थियो—मधुलाई;—मधुले रामेको गालामा एक
ड हानेर ठूलो स्वरले गर्जंदै कराए—

"के रे,—कसको नाम लिइस् तैंले ? किन लिइस् धनको नाम ?
मैले धनको नामै लिनु हुँदैन । हुँदैन हुँदैन, हुँदैन—हुँदैन—रे !—म
को नामै लिन्न—लिन्न !"

घण्टौंसम्म मधु विढङ्गसित उपऱ्युक्त वाक्यका शब्दहरू दोहो-
उँद गर्जिरहे ।

रामे डराएर कोठाबाट बाहिर निस्किसकेको थियो ।

एक्कासि मधुको त्यो हालत भएकोमा रामे खूबसित रोयो–पाएको चोटले हैन । ऊ रोयो मालिकको प्रेमले ।

मधु कराएको सुनेर घरभरिका मानिसहरू आए । रामेले लाई पनि आफ्नो मालिकको तमाशा हेर्न कोठाभित्र जान दिएन।

भित्र मधु गर्जंदा गर्जंदा अलि ठण्डा भएर फलाकि थिए । उनको मन स्वतन्त्र भएर आवाज निकाल्दै फलाकिरहेको

"धन मेरी हुन् ! बिहा नगरेर भए पनि म उनलाई अहि अहिले नै ल्याउँन सक्छु – कसले के गर्छ, उनी मेरी नै हुन् ! –यसो धनको इज्जत जान्छ । समाजले मेरी धनलाई घृणा र बहिष्कार उनको इज्जतमा धक्का लाग्ने काम म गरूँ ?—भो गर्दिनँ, गर्दि उनलाई ल्याउन्न ! उनको विहा भयो, विहा ! उनको इज्जतको मैले अब उनको नामै लिनु हुँदैन ! म धनलाई विर्सन्छु ! ओहहो !

मधुले आफ्नै गालामा थप्पड जमाएर भने –

'मैले नाम लिनु हुँदैन —भनेर आफैले धनको नाम लिएं फेरि लिएँ !"

मधुले फेरि आफ्नो टाउकोमा एक मुक्का हाने । रगतले भएको उनको टाउकोको ब्यान्डिजबाट तप् तप् तातो रगत चुहि थियो । उनी फलाकिरहेका थिए—

"हुँदैन हुँदैन उनको नाम लिन ! अब मैले उनको माया पर्छ सम्झनै हुन्न, बिर्सनुपर्छ !—म उनलाई बिर्सूं, उनको मारूँ ? हो हो हो, म उनलाई बिर्सन्छु, म धनको नामै लिन्नँ, लिन्न म धनको !

मधुले पागल भएर पनि उनको विवेकले धनलाई बिर्स माया मार्नुपर्छ भन्दै विवशतापूर्वक सम्झिरहेका थिए । जति उनी धनलाई बिर्सनुपर्छ—भनेर बिर्सन कोशिश गर्थे—उति उनको मस्तिष्कमा धनको स्मृति ताजा भएर दोहरिन्थ्यो – क

बिर्सने र कसको माया मार्ने ?—भनेर ! उनी जपिरहेका थिए, घोकिरहेका थिए—धनको नाम !!

मधुलाई टाउकोबाट व्याण्डिज खुस्केर रगतको भल बगिरहेको केही पनि शाहा भएको थिएन। त्यसमाथि उनी चोट लागेको टाउको र गालामा बराबर थप्पड र मुक्का हान्दथे। उनी रगतमै मुछिइसकेका थिए। उनको निधार, गाला, नाक, मुख, छाती, हात, खुट्टा सब रक्ताम्य भएर रगतमै मुछिएको थियो—तैपनि उनी काँपी, काँपी कराइरहेकै थिए।

डाक्टरसमेत धेरै जना मानिसहरू, मधुको कोठामा पसेर—उनलाई सह्माल्ने प्रयत्न गरे।

मधु कराइरहेकै थिए। एक छिनपछि उनी पूरा बेहोश भएर लडे।

डाक्टरले तातो पानीले मधुको रगत धोए—कतिले तातो आँसुले।

मल्लम—पट्टी र ब्याण्डिज गरिसकेपछि जान खोज्दै डाक्टरले कप्तानसित भने—

"यिनको मस्तिष्कमा ठूलो आघात परेको छ। बचाउन मुश्किलै पर्नेछ यिनलाई तैपनि तपाईंहरूले यिनलाई एक्लै नछाड्नुहोला ! म पनि आउँछु, औषधि र अर्को डाक्टर पनि लिएर—एक छिनपछि। तीन घण्टा यता त यिनी होशमा पनि आउँदैनन्। केही गरी बचाउँन सकियो भने पनि यिनी सद्दे हुने छैनन् - हेरूँ अब !"

कप्तानले रोएर डाक्टरसित हात जोर्दै भने—

"बचाउनै पर्छ डाक्टर साहेब, यिनलाई बचाउनै पर्छ ! यिनी बाँच्छन् भने म आफ्नो सर्वस्वसमेत ज्यानै दिन पनि तयार छु ! यिनलाई बचाउनोस्, डाक्टर साहेब ! जसरी पनि यिनलाई बचाइदिनोस् ! ......"

कप्तानले त्यसरी रोएको देखेर डाक्टरको पनि चित्त कुँडियो।

उनले गहभरी आँसु गरेर भने—

"यसरी नहड्बंडाउनोस्—कप्तान साहेब, भगवान्को इच्छा हो! म पनि सकेसम्म मेरो इलम र बुद्धिले भेटेसम्मको कोशिश गर्छु ! अरू अहिले म गइहाल्छु त—औषधिहरू ल्याउँन, चाँडै आउँछु ! तपाईं यहाँ नछोड्नोस्, कुनै खलबल पनि नगराउनोस् !"

बाईस

मङ्गला बज्यैको साक्षात् चण्डी—रूप देखेर मनको सातोपुत्ओ नै उड्यो।

मिर्मिर् उज्यालो हुँदै थियो—

मन—डिल्लीबजारमा हृदयराजको घर सोद्धै सोद्धै आएकी थिइन्—बिहानको तोपचल्नेबित्तिकै बानेश्वरबाट।

धाई बूढी पनि मनकी साथी भएर आएकी थिइन्।

मनको मनमा ठूलो आन्दोलन मच्चिरहेको थियो; रातभरि सुतेकी थिइनन्, न उनलाई केही कुराको रुचि थियो। बूढा, बूढीको आग्रहबाट केही खाइहाले पनि उनलाई वमन हुन्थ्यो। बूढा, बूढीहरूले मनलाई औसानी लागेको हो—भन्ने कुरा बूझ गरेका थिए। मिठाई रोटीसमेत खान मन नगर्ने मन माटाका भाँडाका खपटाहरू मर्मरी चपाउँथिन्।

एकपल्ट त्यो पापी मास्टरको अनुहार हेर्ने म उसित दुइटा कुरा गर्ने उग्र इच्छा थियो मनको। त्यसैले, उनी सधैं बूढा, बूढीहरूसित उनीहरूको घरबाट निस्कने कुरा गर्थिन्। बूढा, बूढीहरूको घरमा लुकेर बस्ता बस्ता उनी कुँजी पनि भइसकेकी थिइन्। सधैं स्वतन्त्र भएर बाबु, आमाका काखमा पढेर, खेलेर, खाएर, हाँसेर, उफ्रेर बसेकी मनलाई—खोक्नसमेत डर मानेर आकाश, पातालको भ्रमण गर्दै थलामै बस्न ज्यादै नै तकलिफ भइरहेको थियो।

बूढा, बूढीलेभने मनलाई—त्यसै भौंतारिएर कहाँ जानु—भनेर

रोकिरहेका थिए ।

गाउँ, घर नै ठहरियो । कसो कसो गाउँलेहरूको नाकले बूढा, बूढीको घरमा मन लुकेको कुराको गन्ध पाइहाल्यो । गाउँलेहरूले शङ्का गर्नुपर्ने कारण पनि प्रशस्तै थिए । अगिपछि बूढा, बूढी दिउँसो घरमा ताल्चा मारेर एक, एकतिर हिँड्थे; हिजोआज बूढा, बूढी आलोपालो गरेर भए पनि एक जनाले गुँड छोड्दै छोड्दैनथे । फेरि दिउँसै पनि घरमा भित्रबाट ढोका अग्ल्याएको हुन्थ्यो ।

कामविशेषले बूढा, बूढीलाई बोलाउनुपर्दा— गाउँका मानिसहरू आफ्नै घर सम्झेर बूढाको घरमा समसम्ती नै पस्ने गरेका थिए; कोही एकछिन बसेर बूढा, बूढीसित गन्थनसमेत गर्थे, कोही तमाखु खान्थे ।

हिजो विहान, थरी कान्छा के कामले हो कुन्नि–बूढालाई बोलाउन आउँदा—बूढा थिएनन्, बूढीले कति बेरसम्म ढोकै उघारिनन् । आखिर बूढीले ढोकासम्म खोले पनि आफू संगारमै बसेर, थरी कान्छालाई टालटुल गरेर चाँडै फर्काउने मेलो गर्दै थिइन्— झन् त्यही वेलामा भित्र मनले निसासिई निसासिईकन वाक् वाक् गरिन् ।

थरी कान्छाले भित्र कोही स्वास्नीमान्छे भएको चाल पाएर बूढीसित सोधिहाल्यो—

"भित्र को त धामा"

बूढीले हडबडाएर भनिन्—

"कोही हैन, कोही हैन—ए, भित्र मेरी भदै शहरबाट आएकी !" थरी कान्छो केटाकेटी थिएन । उल्लाई बूढीले यो छकाएकी हो—भनेर शङ्का भइहाल्यो । उल्ले शङ्का पाउनु के थियो—गाउँभरी झ्याली पिटिनु थियो ।

फेरि खरी—बोटको साहिला पाँडेले पनि मनलाई अस्ति वेलुका झ्वास्झ्वास्ती नै देख्यो—तै साँझ परिसकेको हुनाले उल्ले चिनेन होला भनेर बूढा, बूढी र मन ढुक्क भएका थिए ।—तर सब गाउँलेहरू

बूढाको मुखमा वेल्लै भावले हेर्थे, कोही मुख सुँघ्थे, कोही बाङ्गा बाङ्गा कुरा गरेर छेड हान्थे । हिजो त दुई तीन जना मानिसहरूले बूढा, बूढी को घरनिरको वाटोबाट धेरैपल्ट ओहोरदोहोर पनि गरे । फेरि त्यसरी कप्तानको घरमा आवतजावत गरिरहने बूढी—पटक्कै जान पाएकी थिइनन् । त्यो पनि मान्छेको निम्ति शङ्काकै कुरा भयो । हिजो बेलुका त घरतिर आइरहेका बूढालाई कप्तानले बोलाइहाले । वत्ती बलिसकेको थियो । पहिले त कप्तानले बूढाको मुख मात्रै सुँघे । बूढाले धर्म—सङ्क-टमा परेर एउटा झूठलाई टाल्न मनको निम्ति त्यो उमेरमा पनि धेरै झूठ बोल्नुपर्‍यो । कप्तानले बूढाको कुरा नपत्याएर बूढालाई डर र धम्की देखाउँदै खूबसँग छाँसे । तै कप्तान्नीले बूढाको माया गरेर भनिन् —

"त्यसो हैन···आफ्नो मान्छे भएपछि भलो, कुभलोको विचार गर्नुपर्छ ?—भइहाल्यो नाइँ अब, जे भए पनि उनको निम्ति तिमीहरू पनि बाबु, आमा नै हो ! आज यसवेला भइहाल्यो—हामीले पनि भखरै थाहा पायौं·······। कप्तान साहेब त अहिले नै सवारी हुन लाग्याथ्यो, म पनि आइसकेकी थिएँ; तर आज उनी गएको नौ दिन भएछ !—नौ दिनमा किन भेटघाट गर्नु भनेर आज आएनौं ! भोलि बिहान सबेरै ल्याउनू—उनलाई !—हामीहरू पनि लिन आउँछौं !"

बूढाको कुरा सुनेर मनलाई रातभर ठूलो छट्पटी भयो । बूढा, बूढीले उनलाई धेरै सम्झाए—

"·······अब के गर्नु त ! हामीलाई त बाबुको भरमग्दुर सेवा गरौंला -- भन्ने थियो दुनियाँ नै यस्तो छ के गर्नु ! बाबु यहाँ बसेको गाउँभरी खैलाबैला भइसक्यो । अब आफै नगए पनि कप्तान साहेब, कप्तान्नी साहेबहरू नै लिन आउनुहुन्छ ! जानुपर्छ बा, आफ्ना बाआमा-लाई छाडेर अन्त कहाँ जानु आफ्नो यस्तो वेलामा ! उहाँहरूको बाबु-माथि ठूलो प्रेम छ, स्नेह छ ।"

मनले आँसुभित्रै विचार गरिन्—

"हो, वा, आमाहरूको ममाथि ठूलो स्नेह छ; दया, माया र कुरा छ; – तर वा आमाहरूकै निम्ति पनि मैले उहाँहरूकहाँ जा हुँदैन !…मेरो पेटमा पापको पोको बढिरहेको छ । एक दिन निस्कन्छ, निस्कन्छ ! मैले कसरी बा, आमाहरूको घरमा बसेर य सन्ततिलाई जन्माऊँ ? मलाई सबले थुक्छन्, मेरो नानाथरि कु काट्छन् । मेरो खातिरमा बा, आमाहरूको नाकमा समेत का टीको लाग्छ । जान्न ँ म उहाँहरूको घरमा – निक्लें निक्लें अब म वा, आमाहरूलाई यो मुखै देखाउँदिनँ, देखाउँदिनँ कस देखाऊँ ! मेरो कारणवाट मेरा निर्दोष पिता, मातासमेत निन्दि हुन्छन्—भने म पापिनी नै हुँ ! म यी बुढा, बूढीको घरमा आश्र लिएर बसिरहेकी थिएँ; अब यहाँ पनि टिक्न सकिनँ, मलाई पाप टिक्न दिएन ! अब जान्छु म, जान्छु त्यही पापी मास्टरको घरमा – अ जे होला होला !"

मन बूढा, बूढीको घरबाट निस्कन तयार भइन् । मनला सम्झाउँदा–सम्झाउँदा बूढा, बूढीले हार खाए । मनको हठसित उनीहरू केही सीप लागेन ।

मनलाई पनि बाबु, आमा जस्ता बूढा, बूढीको कुरा नमान्नुप र बाबु, आमा र बाबु, आमाको गाउँ नै छोडेर जानुपर्दा आफ्नो छाती लाई ढुङ्गा बनाउनुपऱ्यो ।

विहानको तोप* हानेको मात्रै थियो— मन बाहिर निस्किन् बूढीले मनसितै बाहिर निस्केर भनिन्—

"बाबु, उसो भए म पनि आउँछु त !"

---

*नेपालमा पहिले पहिले विहान र बेलुका पनि दिउँसो १२ बजेको तो समेत गरेर दिनको ३ पल्ट तोप पड्काउने चलन थियो ।

"हैन, नआउनोस् धामा---तपाईं !"

"बाबु कता जाने हो, पुऱ्याएर,—म फर्कुंला !"

मनले फेरि केही बोलिनन् ।

बूढी—मनको पछि लागेकी थिइन् ।

मनमा हजार तर्क, वितर्क गर्दै र लड्दै पड्दै अँध्यारैमा मन डिल्लीबजार पुगिन् । चारैतिर चकमन्न थियो । कतै कतै पसलको ढोका खोलेको शब्द र कुचो लाएको आवाजसम्म सुनिन्थ्यो ।

डिल्लीबजार पुगेर, ढोका खोलिरहेको एकाध पसलमा सोधपुछ गरेपछि मनलाई हृदयराजको घर पनि फेला पऱ्यो ।

मङ्गला बज्यै पोतारी लिएर ढोका पोतिरहेकी थिइन् ।

बिहानको छिस्मिसे उज्यालोमा एक छिन टक्क उभिएर चोकको तगारोबाट च्याइसकेपछि, बिस्तारै चोकभित्र पसेर मनले मङ्गलासित सोधिन्—

"मास्टरजी हुनुहुन्छ ?"

मङ्गला बज्यैले मनलाई खूब आँखा गाडेर हेरिन्, केही बोलिनन् । उनलाई कता कता उनको अनुहार देखेको जस्तो लाग्यो ।

मनले एक छिन अडेर फेरि सोधिन्—

"मास्टर बाजे हुनुहुन्छ कि ?"

मङ्गला बज्यैले आफ्नो स्वाभाविक ढङ्गले अलि कराएर प्रश्न-माथि प्रश्न नै गरिन् –

"को, मास्टर बाजेलाई सोध्ने एकाबिहानै – को मास्टर ?"

मनले भनिन्—

"हृदयराज मास्टर बाजे के त, उहाँको घर यही हैन त ?"

मङ्गला बज्यै पड्किन् –

"यो घर नभए के त ओडार ?"

मनसितै उभिरहेकी बूढी छक्क परिन् । उनले भनिन्—

"ओडार हो कि घर हो—त्यो त तपाईंलाई नै –

मनले आँसुभित्रै विचार गरिन्—

"हो, बा, आमाहरूको ममाथि ठूलो स्नेह छ; दया, माया र स कुरा छ;—तर बा आमाहरूकै निम्ति पनि मैले उहाँहरूकहाँ जा हुँदैन !...मेरो पेटमा पापको पोको बढिरहेको छ । एक दिन निस्कन्छ, निस्कन्छ ! मैले कसरी बा, आमाहरूको घरमा बसेर यस सन्ततिलाई जन्माऊँ ? मलाई सबले थुक्छन्, मेरो नानाथरि कु काट्छन् । मेरो खातिरमा बा, आमाहरूको नाकमा समेत का टीको लाग्छ । जान्न म उहाँहरूको घरमा—निक्लें निक्लें अब ! म बा, आमाहरूलाई यो मुखै देखाउँदिनँ, देखाउँदिनँ कस देखाऊँ ! मेरो कारणबाट मेरा निर्दोष पिता, मातासमेत निन्दि हुन्छन्—भने म पापिनी नै हुँ ! म यी बुढा, बूढीको घरमा आश्र लिएर बसिरहेकी थिएँ; अब यहाँ पनि टिक्न सकिनँ, मलाई पाप टिक्न दिएन ! अब जान्छु म, जान्छु त्यही पापी मास्टरको घरमा – अ जे होला होला !"

मन बूढा, बूढीको घरबाट निस्कन तयार भइन् । मनला सम्झाउँदा–सम्झाउँदा बूढा, बूढीले हार खाए । मनको हठसित उनीहरू केही सीप लागेन ।

मनलाई पनि बाबु, आमा जस्ता बूढा, बूढीको कुरा नमान्नुप र बाबु, आमा र बाबु, आमाको गाउँ नै छोडेर जानुपर्दा आफ्नो छात लाई ढुङ्गा बनाउनुपर्‍यो ।

बिहानको तोप(※) हानेको मात्रै थियो— मन बाहिर निस्किन्
बूढीले मनसितै बाहिर निस्केर भनिन्—
"बाबु, उसो भए म पनि आउँछु त !"

(※)नेपालमा पहिले पहिले बिहान र बेलुका पनि दिउँसो १२ बजेको तो समेत गरेर दिनको ३ पल्ट तोप पड्काउने चलन थियो ।

"हैन, नआउनोस् धामा--तपाईं !"

"बाबु कता जाने हो, पुऱ्याएर,—म फर्कुंला !"

मनले फेरि केही बोलिनन् ।

बूढी—मनको पछि लागेकी थिइन् ।

मनमा हजार तर्क, वितर्क गर्दै र लड्दै पड्दै अँध्यारैमा मन डिल्लीबजार पुगिन् । चारैतिर चकमन्न थियो । कतै कतै पसलको ढोका खोलेको शब्द र कुचो लाएको आवाजसम्म सुनिन्थ्यो ।

डिल्लीबजार पुगेर, ढोका खोलिरहेको एकाध पसलमा सोधपुछ गरेपछि मनलाई हृदयराजको घर पनि फेला पऱ्यो ।

मङ्गला बज्यै पोतारी लिएर ढोका पोतिरहेकी थिइन् ।

बिहानको झिस्मिसे उज्यालोमा एक छिन टक्क उभिएर चोकको तगारोबाट च्याइसकेपछि, बिस्तारै चोकभित्र पसेर मनले मङ्गलासित सोधिन्—

"मास्टरजी हुनुहुन्छ ?"

मङ्गला बज्यैले मनलाई खूब आँखा गाडेर हेरिन्, केही बोलिनन् । उनलाई कता कता उनको अनुहार देखेको जस्तो लाग्यो ।

मनले एक छिन अडेर फेरि सोधिन्—

"मास्टर बाजे हुनुहुन्छ कि ?"

मङ्गला बज्यैले आफ्नो स्वाभाविक ढङ्गले अलि कराएर प्रश्न-माथि प्रश्न नै गरिन् –

"को, मास्टर बाजेलाई सोध्ने एकाब्यानै – को मास्टर ?"

मनले भनिन्—

"हृदयराज मास्टर बाजे के त, उहाँको घर यही हैन त ?"

मङ्गला बज्यै पड्किन् –

"यो घर नभए के त ओडार ?"

मनसितै उभिरहेकी बूढी छक्क परिन् । उनले भनिन्—

"ओडार हो कि घर हो—त्यो त तपाईंलाई नै थाहा होला, यहाँ

मास्टर बाजे हुनुहुन्छ कि ?—भनेर सोधेको !"

पोतारीको लुँडो खूबसँग निचोर्दै दुइ पाइला अगाडि बढेर मङ्गला बज्यैले स्वर चढाउँदै भुकिन्—

"किन चाहियो तिमीहरूलाई एकान्यानै मास्टर बाजे ?"

बूढीले भनिन्—

"चाहियो, उहाँसित काम छ !"

मङ्गलाले डाँकैले निल्न खोजिन्—

"काम, काम, काम ! चोरको पनि काम, डाँकूको पनि काम ! —हुनुहुन्न, मास्टर बाजे !"

मङ्गला बज्यैको चर्को आवाजले माथि सुतिरहेका केटाकेटीहरू पनि सब बिउँझे ! कोही रोइरहेका थिए। एउटाचाहिं झ्यालबाट हेरेर कराइरहेको थियो—

"आमा, ए आमा !"

मङ्गला बज्यैले मास्तिर मुण्टो फर्काएर कराइन्—

"किन कराउँछ ए. यो घण्टे मोरो—त्यसको बाबुको काट्टो घिच्न, एका ब्यानै !"

वरपरबाट कुकुरहरू पनि भुक्न थालेका थिए।

घण्टेले उसरी नै कराएर भन्यो—

"मेरो हिजोको पैसा खै त राँडी !"

"मलाई के सोध्छस्, माथि नै होला— खोज्न तेरो टीलो !"

धाई बूढी र मन वाल्ल परेर त्यसै टोलाइरहेकै थिए—मङ्गलाले फेरि आफ्नै धूनमा ढोका पोत्न थाल्दै फत्फताइन्—

"कस्ता लाज, शरम पचेका नकच्चरीहरू ! बेला न कुबेला एका ब्यानै—जल्लाई पायो उल्लाई चाहियो, भनेर गाडिन !"

झ्यालबाट मन र बूढीलाई देखेर घण्टे पनि तलै ओर्लेर आएको थियो।

मनले मङ्गलालाई हृदयराजकी श्रीमती, घण्टेलाई छोरो होला

भनेर लख गरिन् । मङ्गलाबाट सोझो जवाफ केही पनि नपाउँदा उनी त्यसै बिलखबन्द परेर उभिरहेकी नै थिइन् । उनका हात, गोडा पनि त्यसै त्यसै गलिरहेका थिए । उनलाई न त्यसै फर्कनु, न बस्नु, न त केही बोल्नु भएर उकुसमुकुस भइरहेको थियो ।

बूढीले मनको भाव थाहा पाएर मङ्गलानिर जाँदै भनिन्—

"हैन बज्यै, मास्टर बाजेसँग हाम्रो एउटा सानो काम भएर तपाईंसित सोधेको— तपाईं त्यसै जङ्गिनुभयो !— उहाँलाई एकपल्ट बोलाइदिनोस्न !"

मङ्गलाले बूढीलाई एकदमसँग बघिनीले जस्तै क्म्टेर कराइन्—

"एकपल्ट, बाजे हुनुहुन्न भनेर भनिदिएपछि नभएको मान्छेलाई कहाँबाट बोलाउने ? म त यिनीहरूलाई गए होलान् भनेको !···बाजे यहाँ हुनुहुन्न, हुनुहुन्न, हुनुहुन्न— लौ भयो अब ?— लौ गइहाल अब तिमीहरू, गइहाल, गइहाल !······एका ब्यानै···"

मङ्गला बज्यैको चण्डी स्वरूप देखेर बूढी र मन साफसित हच्के । उनीहरूको सातोपुत्लो नै उड्यो । उनीहरू त्यसै डराएर फर्किरहेका थिए— मङ्गला बज्यै मनपरीसित जथवा तथवा फलात्तै थिइन् ।

तगारो बाहिरपट्टि आएर मन भुईंमा थ्याच्च बसेकी मात्र थिइन् मङ्गला बज्यै दौडेर मननिर आइन्— र उनले मनको मुखमा फेरि खूबसँग नियालेर हेरिन् । मन र बूढी जिल्ल पर्दै थिए—उनले फेरि फर्कन खोजेर भनिन्—

"तिमीहरू एकछिन पर्ख है, म आएँ !"

मङ्गला दौड़ेर मास्तिर उक्लिन् । मनलाई अलिकति आश लाग्यो । बूढीले घण्टेसित भनिन्—

"नानी कति राम्रो हगि, अँ···नानीको बा को त ?"

घण्टेले फूर्त्तिसाथ जवाफ दियो—

"हृदयराज शर्मा !"

मास्टर बाजे हुनुहुन्छ कि ?—भनेर सोधेको !"

पोतारीको लुंडो खूबसँग निचोर्दै दुइ पाइला अगाडि वढेर मङ्गला बज्यैले स्वर चढाउँदै भुकिन्—

"किन चाहियो तिमीहरूलाई एकाव्यानै मास्टर बाजे ?"

बूढीले भनिन्—

"चाहियो, उहाँसित काम छ !"

मङ्गलाले डाँकैले निल्न खोजिन्—

"काम, काम, काम ! चोरको पनि काम, डाँकूको पनि काम ! —हुनुहुन्न, मास्टर बाजे !"

मङ्गला बज्यैको चर्को आवाजले माथि सुतिरहेका केटाकेटीहरू पनि सब विउँझे ! कोही रोइरहेका थिए । एउटाचाहिं झ्यालबाट हेरेर कराइरहेको थियो—

"आमा, ए आमा !"

मङ्गला बज्यैले मास्तिर मुण्टो फर्काएर कराइन्—

"किन कराउँछ ए. यो घण्टे मोरो—त्यसको बाबुको काट्टो घिच्न, एका ब्यानै !"

वरपरबाट कुकुरहरू पनि भुक्न थालेका थिए ।

घण्टेले उसरी नै कराएर भन्यो—

"मेरो हिजोको पैसा खै त राँडी !"

"मलाई के सोध्छस्, माथि नै होला— खोज्न तेरो टीलो !"

धाई बूढी र मन वाल्ल परेर त्यसै टोलाइरहेकै थिए—मङ्गलाले फेरि आफ्नै धूनमा ढोका पोत्न थाल्दै फत्फताइन्—

"कस्ता लाज, शरम पचेका नकच्चरीहरू ! वेला न कुवेला एका ब्यानै—जल्लाई पायो उल्लाई चाहियो, भनेर गाडिन !"

झ्यालबाट मन र बूढीलाई देखेर घण्टे पनि तलै ओर्लेर आएको थियो ।

मनले मङ्गलालाई हृदयराजकी श्रीमती, घण्टेलाई छोरो होला

भनेर लख गरिन् । मङ्गलाबाट सोझो जवाफ केही पनि नपाउँदा उनी त्यसै बिलखबन्द परेर उभिरहेकी नै थिइन् । उनका हात, गोडा पनि त्यसै त्यसै गलिरहेका थिए । उनलाई न त्यसै फर्कनु, न बस्नु, न त केही बोल्नु भएर उकुसमुकुस भइरहेको थियो ।

बूढीले मनको भाव थाहा पाएर मङ्गलानिर जाँदै भनिन्—

"हैन बज्यै, मास्टर बाजेसँग हाम्रो एउटा सानो काम भएर तपाईंसित सोधेको– तपाईं त्यसै जङ्गिनुभयो !— उहाँलाई एकपल्ट बोलाइदिनोस्न !"

मङ्गलाले बूढीलाई एकदमसँग बघिनीले जस्तै झम्टेर कराइन्—

"एकपल्ट, बाजे हुनुहुन्न भनेर भनिदिएपछि नभएको मान्छेलाई कहाँबाट बोलाउने ? म त यिनीहरूलाई गए होलान् भनेको !···बाजे यहाँ हुनुहुन्न, हुनुहुन्न, हुनुहुन्न– लौ भयो अब ?—लौ गइहाल अब तिमीहरू, गइहाल, गइहाल !······एका ब्यानै···"

मङ्गला बज्यैको चण्डी स्वरूप देखेर बूढी र मन साफसित हच्के । उनीहरूको सातोपुत्लो नै उड्यो । उनीहरू त्यसै डराएर फर्किरहेका थिए – मङ्गला बज्यै मनपरीसित जथबा तथबा फलाक्तै थिइन् ।

तगारो बाहिरपट्टि आएर मन भुईंमा थ्याच्च बसेकी मात्र थिइन् मङ्गला बज्यै दौडेर मननिर आइन्– र उनले मनको मुखमा फेरि खूबसँग नियालेर हेरिन् । मन र बूढी जिल्ल पर्दै थिए—उनले फेरि फर्कन खोजेर भनिन्—

"तिमीहरू एकछिन पर्ख है, म आएँ !"

मङ्गला दौडेर मास्तिर उक्लिन् । मनलाई अलिकति आश लाग्यो । बूढीले घण्टेसित भनिन्—

"नानी कति राम्रो हगि, अँ···नानीको बा को त ?"

घण्टेले फूर्त्तिसाथ जवाफ दियो—

"हृदयराज शर्मा !"

"उहाँ, कहाँ हुनुहुन्छ त !"

"वा बनारस जानुभएको छ !"

मङ्गला वज्यै फेरि दौडेर मननिर आइपुगिन् र उनले हातमा एउटा कार्ड साइजको तसवीर लिएर धेरैपल्ट – घरी मनको मुख र घरी त्यही तसवीर खूबसँग दाँजेर हेरिन् –

मनले डराउँदै मङ्गलासित सोधिन्—

"के हेर्नुभयो, यसरी !"

मनलाई आफूले हातमा लिएको तसवीर देखाएर कर्कस आवाजले कराउँदै मङ्गलाले पनि सोधिन् –

"यो कसको तसवीर ?"

मनले मङ्गलाको हातको तसवीर हेरेर चिनिन् त्यो उनको फोटो थियो । उनले मनन गरिन् —

"– ज्यानबहादुर फोटोग्राफरलाई घरैमा बोलाएर कप्तान छोरीहरूको बेग्लाबेग्लै तसवीर खिच्न लगाएका थिए । त्यो त्यही तसवीर थियो उनको चाहिं ।—तर यो अहिले कताबाट आइपुग्यो ?"

मङ्गला चाहिं घण्टेको बाबुको खल्तीमा स्वास्नीमान्छेको तसवीर फेला परेकोले आफूले सुटुक्क झिकेर लुकाएको कुरा सम्झिरहेकी थिइन् –

तीन, चार महीनाअघिको कुरा हो आफ्नो खल्तीबाट मनको तसवीर गायब भएकोमा हृदयराजले कतै खस्यो कि, कतै पऱ्यो भनेर कसरी घरभरी खोजेका थिए । उनले मङ्गलामाथि शङ्का गरेका थिए—तर सोध्न सकेनन् । मङ्गलाले हृदयराजको त्यो भाव तुलबुलीमा क्षोभको साथसाथै खूब मजा मानेकी थिइन् ।—यो त्यही तसवीर थियो । मङ्गलाले लुकालुकी धेरैपल्ट त्यो तसवीर हेर्थिइन् कसको होला ? भनेर । अहिले त्यो तसवीरसित मनको आकृति मिलेको जस्तो लागेर मङ्गला वज्यैले अलि विस्मय

तसवीर र मनको मुख मिलाएर हेरिन्—उनलाई उस्तै लाग्यो । उनले मनसित फेरि सोधिन् —

"कसको यो तसबीर ?"

मनले भनिन् —

"तपाईंको हातको माल कसको भन्नु – तपाईंकै त होला नि !"

मनको जवाफमा मङ्गला बज्यैले फन्केर नानावली शब्दहरू फलाक्तै फत्फताइन्— जुन शब्दहरू सभ्य समाजमा न वोल्न हुन्छ, न सम्झनै हुन्छ । उनको पछिल्लो वाक्य थियो—

"……नाठो खोज्दै अर्काको घर, घरमा आउन सक्ने कस्ती नकच्चरी, फुँडी !"

उज्यालो भइसकेको थियो–मनलाई भने संसार नै अँध्यारो लाग्यो । उनका खुट्टा काँपिरहेका थिए, हृदय शून्य थियो ।

घण्टेले तगारो घुसार्‍यो ।

बूढीले लामो सास फेरेर मनलाई भनिन् —

"फर्कौं बा, अब यहाँ बसेर केही काम छैन—हाम्रो !"

मनले धर्मराउँदै उठेर बूढीको हात समातिन् । उनले टाउको– समेत ढाकेर पछ्यौरा ओढेकी थिइन् ।

मनलाई आँखाले घोची, घोची बाटामा फाट्टफुट्ट मान्छे हिंडिरहेका थिए । हृदयराजको घरभन्दा दुइ तीनेक घर यताको घरबाट एउटा मान्छेले मन र बूढीलाई समेत अघिदेखि नै खूबसित हेरिरहेको थियो । उल्ले उनीहरूलाई फर्किरहेको देखेर शिष्टाचारपूर्वक नै सोध्यो—

"तपाईंहरूले यहाँ कल्लाई खोज्नुभएको ?"

बूढीले भनिन्—

"हृदयराज मास्टरलाई खोजेको– कुकुरले भुकेर चोकमा पनि उभिन दिएन !"

हृदयराजको त्यो छिमेकी व्यक्तिले मनको मुखमा जोतेको दृष्टि नफेरेरै अलिकति हाँसेर भन्यो –

"ए, हृदयराज ? उनी त छैनन् यहाँ,– बनारस गएका छन् क्या र—बाबु मरेर !"

घण्टेको कुरा र त्यो मान्छेको कुरा मिलेकोमा हृदयराज घरमा नभएको कुरा – मन र बूढीलाई विश्वास भयो ।

धाई बूढी गन्गनाइरहेकी थिइन् ।

मनको अब कुनै लक्ष्य थिएन—के गर्ने, कहाँ जाने ?—उनी केही पनि सोच्न सकेकी थिइनन् । सडक आइपुगेपछि उनका खुट्टा त्यसै रोकिए । बूढीले भनिन्—

"अब कहाँ जाने त बा ? जाऊँ उतै ! कप्तान साहेब आए खोजिरहनुभएको होला !"

मनले बाबु, आमाको घरमा नफर्कने नै निश्चय गरेकी थिइन्- कुन मुख देखाउन जाने ? भनेर। त्यसमाथि संसार फलमल्ल भइसकेको थियो । उनलाई बाटामा सबले देख्दछन्, सबले चिन्छन् – कुन मुख देखाउने ?

मनले भनिन् –

"उता त म जान्नँ धामा, विन्ति भन्छु ! मेरो खुट्टै चल्दैन उतातिर !"

"कहाँ जाने त अब ?

"मलाई मेरै कर्मको भोगमा छोडिदिनोस् धामा, तपाईं जानोस् ! – जान्छु– जहाँ कसैले देख्तैन, जहाँ मलाई कसैले चिन्दैन त्यहीं जान्छु, जान्छु !"

"हा: के भनेको, कहिले हुन्थ्यो - यसरी हिँड्न !"

"धामा, विन्ति भन्छु ! म हात जोर्छु तपाईंलाई, तपाईं जानोस् !'

बूढीलाई ज्यादै नमिठो लाग्यो । उनले सम्झिन –

विशालनगरमा उनकी भदै पर्नेको घर थियो ।

बूढीले मनसित भनिन्—

"विशालनगरमा मेरी एउटी भदै छन् !—उनको घरमा अलि दिन बसेर बाबुलाई सुविस्ता हुन्छ कि !"

निःसहाय मन बूढीको पछि लागिन् ।

तेईस

गोदावरी—छत्तीस वसन्तकी एउटी रहस्यमयी स्वास्नीमान्छे थिइन् । जवानी ढल्किसकेको भए पनि उनको हृष्टपुष्ट शरीर, सुगठित हात—पाखुरा र राता, पीरा मुख देखेर पट्ठाहरू त्यसै भुल्दथे, फुल्दथे । पट्ठाहरू फुल्दथे भन्दैमा उनी कुनै गल्लीकी वेश्या जस्ती त थिइनन्— उनलाई कसैले रहस्यमयी नै ठानेका थिए—गाउँ, घरमा । व्यक्तिलाई त उनको नामसम्म पनि थाहा थिएन । बूढापाकाहरू उनलाई नानी नानी भन्थे त कसैले बहिनी, कसैकसैले दिदी या मात्रै पनि भन्दथे । उनका बाबु, आमाको घर गोदावरीमा थियो— उनी गोदावरीमा जन्मेकी—रे ! त्यसैले यहाँ उनलाई गोदावरी भन्न परेको हो ।

गाउँमा गोदावरीको एउटा अनुपम व्यक्तित्व थियो । उनी एकनासकी देखिन्थिन् । उनका मदयुक्त गम्भीर आँखामा चञ्चलताको तीखो छुरी भएको कसलाई के थाहा ?

गोदावरीको दान—धर्म, तीर्थ, व्रत र कर्म—काण्डमा मानिसहरू रिझिएका थिए । वर्षमा दुइ चारपटक उनी आफ्नो घरमा सत्यनारायणको पूजा र हरिकीर्त्तनको साथसाथै हलुवा, पुरीको भण्डारा पनि लगाउँथिन् ।

गोदावरीको घरमा एकाध नोकरचाकरको अतिरिक्त हरबखत कुनै न कुनै किसिमका पाहुनाहरू भइरहे पनि वास्तवमा उनी एक्लै थिइन् । उनी सधवा हुन् कि विधवा—न उनी कुमारी नै हुन्—

सम्म पनि गाउँलेहरूलाई थाहा थिएन–ज–जसलाई उनको कुरा थाहा थियो— उसैलाई मात्र थाहा थियो । जो मर्छ, मृत्युको अनुभव उसैले गर्छ,— बाँच्नेलाई मृत्युको के अनुभव ?— त्यसमाथि गोदावरी सबकी हाई हाई नै थिइन् । घिउको स्वाद कस्तो ?—भन्ने प्रश्न गर्दा – स्वाद थाहा पाउनेले पनि 'मीठो' भने झैं–गोदावरी कस्ती हुन् ? भन्ने सवाल उठिहाले पनि सब जना भन्थे 'बेस !' कुनै कुनै मानिसहरूले उनलाई बूढी कन्या हुन्— भन्ने कुरा पनि गर्दथे ।

गोदावरी गाउँमा प्रायः कसैको घरमा जान्नथिन्, न उनी कुनै उनाउ मानिससँग भेटघाट र बेमतलबका कुरा नै गर्थिन् । त्यसैले उनको भेद सुरक्षित थियो । उनको घर छुट्टै र खेतमा भएको हुनाले गाउँलेहरू पनि विशेष काम परेमात्रै जान्थे ।

गोदावरीको घर विशालनगरमा हाँडिगाउँ र चण्डोलको बी[illegible] धोबीखोलाको किनारामा थियो । उनको घरवरिपरि एउटा सानोसान[illegible] उद्यान थियो –अनि खेत ।

वसन्त ऋतुमा विशालनगरतिर सुनिने कोइलीको मीठो आवाज शायद, गोदावरीकै घरवरिपरिको उद्यानबाट आएको हुनुपर्छ ।

आज गोदावरी चिन्तित त के भन्नु—विशेष गम्भीर जस्ती थिइन् । विहानको आठ बजिसकेर पनि उनले कोठाका ढोका खोलेकी थिइनन् । नोकरचाकरहरू अनौठो मानिरहेका थिए ।

पूर्वको क्यालबाट आएको घामले आँखा घोचिएर गोदावरी ओछ्यानबाट उठिसकेकी भए पनि—हिजो बेलुकाको कुरामा ध्यानाकृष्ट भएर अझै अल्झिरहेकी थिइन् । उनी कहिले आफ्नो विचार—सागरबाट उत्रेर मुसुक्क हाँस्थिन्, कहिले आलमारीको ऐनातिर हेरेर आफ्नो मुखमा चिन्ताको रेखा – जाँच गर्थिन् । उनको मस्तिष्कमा फेरि हिजो बेलुकाको कुराको तन्द्रा लाग्यो—

कोठा उही भए पनि बत्ती बलिरहेको थियो ।

भुईंमा खुड्डा बसालेर पलङमा एक वयोवृद्ध भद्र व्यक्ति विराजमान

थिए। उनको उमेर लगभग साठीको हुँदो हो। उनी अग्ला र हृष्टपुष्ट थिए। शुद्ध, सेतो कपाल र मुठे जुंघाबाट उनी कुनै ऋषि, महर्षि जस्ता देखिन्थे। उनलाई गोदावरीको पितामह भन्न सुहाउँथ्यो। पलङ्ग–मुनिको भुईं ओछ्यानमा उनको खुट्टै निर गोदावरी निहुरेर सुँक्क सुँक्क रोइरहेकी थिइन्। आल्मारीमाथि तखता—घडीको लङ्गूर हल्लिरहेको थियो—टक् टक्, टक् टक्— दश बजाएर। वातावरण निकै गम्भीर थियो। एक छिनपछि ती वयोवृद्ध सज्जन महाशयले बराबर दाँतले जुंघा रूङ्दै भने—

"रानीसाहेबले तँलाई नसहे पनि मैले यो सात सात हजारको घरबारी दिएर यो हैसियतमा राखेको के तेरो कदर गरेको हैन ? त उहाँ गएर के गर्छेस्—दुःख पाउँछेस्; बुझिस् ! अब यहीं पनि···तँलाई ऐसो लागेछ आफ्नो काम दिन छोडिस् ! स्वास्नीमान्छेको बहार ,कचोटि आउँछ,—अब त्यो तेरो बहार सिद्धियो। तैंले त्यो मखमली उन समेत हात लिन सकिनस्! —त्यल्लाई नभए पनि खै मेरो निम्ति अलि वेस वेस नयाँ मान्छे ठीक गर्न सकेकी ? मसँगै भुलिरहोस्, यो बूढो भन्ने विचारले हो कि कसो ? यसै हो भने भइहाल्यो—त्यो चुरी पाउँदिनस्, यस पालिदेखि अब महीनावारी पनि पाउँदिनस्—बुझिस् ?- म गएँ, खै वर्षादी ?"

ती वयोवृद्ध सज्जन उठ्न आँटेको देखेर गोदावरीले उनको खुट्टामा छाँद हाल्दै भनिन्—

"प्रभु ! खै र मैले आफ्नो काम छोडेकी ?—हेल्मुका–मान्छेहरू मगाएकी थिएँ आइपुगेनन्। भइहाल्योनाइँ अब भोलि म आफै जान्छु पुल्चोकतिर पुल्चोकमा एक जना मान्छे खूब काइदाको छ—हाजिर गराउँछु !"

प्रभुले भने—

"सधैं भाका मात्रै राख्—अनि धोखा दे ! यसो गर्दागर्दै आफ्नो भने फेरि उतातिर जाने वेला भइसक्यो; हेरूँ भोलि एक दिन !"

"अस्ति सवारी हुँदा त रिझाएकी नै हुँ नि !"

"केको अस्ति भन्छेस्, एक महीना पनि बर्ता भयो। त्यो मान्छे पनि उत्तिको बेस त हैन—एकदम काँठे—मिजास! त्यही पनि आज किन ठीक गरिनस् त, खै ?"

"विन्ति गरिहालें नि त्यसको कुरा !"

"लौ त म एक छिन पल्टन्छु, जीउ अँठ्या !—तल सूर्जे आयो भने अगि भनेको कुरा भन्नू—बुझिस् !"

"........."

तल चोकमा स्वास्नीमान्छेको स्वरले कुरा गरेको सुनेर गोदावरीको तन्द्रा भङ्ग भयो। उनले एकपल्ट खूबसँग आङ तानेर पेटीकोटमाथि झस्टो बेर्दै झ्यालबाट तल हेरिन्।

चोकमा धाई बूढी र मन ठिङ्ग उभिएर झ्यालतिर हेरिरहेका थिए। गोदावरीको तीक्ष्ण दृष्टिले मनको मुख देखिहाल्यो। मनलाई देखेर उनलाई केही देखेको जस्तो लाग्यो। उनले झ्यालैबाट भनिन्—

"ओहो फूवा, आज कताबाट—माथि नआएर किन त्यहाँ उभिरहनुभएको ?"

गोदावरीले ढोका उघारिसकेकी थिइन्।

बूढी र मन—गोदावरीको कोठामा दाखिल भए।

मनको सौन्दर्यमयी प्रकाशले गोदावरीको कोठा शोभायमान भइरहेको थियो। मनको सुकोमल सौन्दर्यमा आकृष्ट भएर गोदावरीको हृदयको गति नै कति बेरसम्म त बन्दै भयो। उनी मूर्तिजस्तै अचल भइन्। मनको सौन्दर्यपानमा गोदावरीको दृष्टि अल्झिरहेकै भए पनि मुखबाट कुनै शब्द निस्केको थिएन। बूढीलाई पनि के भनेर कुराको उठान गर्ने जस्तो भइरहेको थियो। आखिर, बूढीले नै कुराको भूमिका बाँधिन्। बूढीको कुराले गोदावरीको हृदयमा पनि चाल आयो। बूढीको भूमिका थियो—

"काकीलाई सन्चै छ त ?"

गोदावरीले मनको मुखबाट एकपल्ट आफ्नो दृष्टि फेरेर भनिन्-

"सञ्चै छ फूवा मलाई; —बस्नोस् न ! बस्नोस् न तपाईं पनि !"

गोदावरीको पछिल्लो वाक्यको लक्ष्य मनप्रति थियो । दुवैजना-गोदावरीले देखाएको गलैंचामा बसे । गोदावरी पनि वसिन् । मनको परिचय सुन्न उनको हृदय अधीर भइरहेको थियो । बूढीले भनिन्—

"एउटा आपत् परेर—नानीलाई दु:ख दिन आएको के गर्नु !"

"के कुरा, भन्नोस् न !"

गोदावरीको कुराको गर्वित गर्भमा थियो—को होली यो सुन्दरी ?—यसको निम्ति त पाँच सय रुपियाँ पनि खर्च गर्छु म ।

बूढीले यताउति आँखा डुलाइसकेपछि गहभरी आँसु डबडबाउँदै मनलाई लक्ष्य गरेर गोदावरीसित सानो स्वरले भनिन्—

"यहाँ मैसाप मेरै काखमा हुर्कनुभएको···!"

· घडीकै तालमा मनको छाती ढुक्, ढुक् हानिरहेको थियो । उनले बूढीलाई बिस्तारै कोटचाइन्, शायद, आफूलाई मैसाप नभन्नू— भनेर, बूढीलाई इशारा गरेकी होलिन् ।

बूढीको कुरामा उत्सुकतापूर्ण गोदावरी टाउको हल्लाएर सही थापिरहेकी थिइन् । बूढी भन्दै थिइन्—

"यहाँलाई अहिले ठूलो आपत् परेको छ—अलि दिन नानीले शरण लिनुपर्‍यो के अब ! नानीको उपकारको रिन तिर्न सकिने कुरा त हैन नाईं—तैपनि यहाँ मैसापलाई ठूलो गुन लाग्छ ! म पनि आउँदै गर्छु !······बिहाकै दिनमा········"

बूढीले उपर्युक्त वाक्यको शेष कुरा गोदावरीको काननिर मुख लगेर पूरा गरिन् ।

बूढीले कुरा गर्दागर्दै गोदावरीको हृदय प्रफुल्ल भइरहेको थियो ।

उनले फेरि हिजो बेलुकाको प्रभुको कुरा सम्झिन् । आफ्नो आज पुल्चोक जानुपर्ने काम र मनलाई आश्रय दिनुपर्ने कुरा पनि दाँजेर मिलाइन्– गोदावरीले ! उनको दँजाइमा मनलाई आश्रय दिने कुराले पुल्चोक जानुपर्ने कामलाई त्यसै जित्यो । मन ज्यादै सुन्दरी र लायककी लक्का युवती थिइन् । गोदावरीले भनिन् —

"के भयो त —यहाँ अरामसित बस्नुहुन्छ नाईं, आफ्नै घर सम्झेर !—हुन्छ बस्नोस् ! म पनि आफ्नै वहिनी सम्झन्छु ! भइहाल्यो नाईं अब, यहाँ केही कुराको धन्दा मान्नु पर्दैन !

गोदावरीको कुरामा मनले अलिकति ढुक्क भएर लामो सास फेरिन् ।

बूढीको हृदयले पनि गोदावरीलाई लाख धन्यवाद दियो ।

मनको एउटा थान्को लगाएर—उनलाई सम्झाइबुझाइ गरि सकेपछि गोदावरीसित बिदा भएर खुशी हुँदै बूढी फर्किन् ।

चौबीस

आफू ताक्छ मूढो, बञ्चरो ताक्छ घुंडो—भनेजस्तै भएर धन छट्पटाइरहेकी थिइन् । मधुको वियोगले उनको हृदय पोलिरहेको थियो। त्यसमाथि मनको माया र आमा, बाबुको सम्झनाले पनि धन ज्यादै नै विह्वल भइरहेकी थिइन् । यता घरमा वसन्तसित उही पहिलो रातको एक दुइ कठोरतम जवाफ–सवालको अतिरिक्त विवशतापूर्ण केही निगूढ, अप्रिय व्यवहार भए पनि फेरि कुनै किसिमको मुख बोलाउ भएको थिएन—उनको । सासू पनि सधैं उनलाई देख्योकी एक दुइ व्यंग्यात्मक वचन—वाण छोडिहाल्थिन् । ससुरा, बाबु जस्तै लागे पनि नयाँ दुलही हुनाले ससुरासित बोल्न, कुरा गर्न उनलाई धक लाग्थ्यो । एउटी नन्द मात्रै उनीसँग मिलेर कुराकानी गर्न आउँथिन् !

धन त्यसै सुकिरहेकी थिइन् । संसार नै उनलाई शुष्क र नरमाइलो लागिरहेको थियो । उनी एक्लै कोठामा बसेर रोइरहन्थिन् । ...न् ...को अस्वस्थताको खबरले त उनलाई प्रलय भएको जस्तै लाग्यो । ...नको शरीर वसन्तको घरमा भए पनि मन मधुकै स्मृतिमा उडिरहेको थियो। उनले समाज र कर्त्तव्यको निम्ति धैर्य गर्न खोजिन्,—अप्रिय वस्तुमा प्रेम लगाउन खोजिन्, अतीतका कुरा बिर्सन खोजिन्—तर जति जति उनी त्यसरी अड्न खोज्थिन्—उति उति उनको भित्र मन र बुद्धिको लडन्तले होला उनको शरीर झिर्नो झिर्नो भइरहेको थियो ।

वसन्त र उनकी आमाको उही पहिलो रातका रूखा शब्दहरू पनि धनको हृदयमा नराम्रोसित गडेका थिए ।

धनको नीरस व्यवहारले होला वसन्तलाई पनि आफ्नो जीवन राम्रो लागेन । उनले धनसित हात जोर्ने नै विचार गरे । एक त उनको पटना जाने वेला भइसकेको थियो । उनको मन पटनामै थियो— हरवखत । पढाइमा हो वा शीलाको प्रेममा हो ! धनको व्यवहारले उनको हृदयको तराजू फेरि पल्टिसकेको थियो । उनी शीलालाई सम्झि-रहेका थिए ।

विवाह भएको दोस्रो हफ्तामै बी० बी० सिंहले बावुसित पटना जान बिदा माँगे । काजी चेतबहादुर सिंहले छोरोलाई रोक्न सकेनन् । उनको उद्देश्य पूरा भइसकेको थियो । बी० बी० सिंहले पढाइको कुरा देखाएर विवाह गर्न आनेकाने गर्दा—उनले विवाह हुनेबित्तिकै जालास्, भनेका थिए । अब वसन्तकै कुरा माथि थियो । काजीले वसन्तलाई पटना जान बिदा दिए ।

वसन्तलाई आफ्नो इच्छा नभएर पनि बाबु, आमाको सम्मतिबाट ससुरालीमा पनि बिदा हुन जानुपर्‍यो ।

बाबु, आमा, दिदी, बहिनीसँग र ससुरालीमा समेत भएर वसन्त पटना जान बिदा भए—तर उनले धनसित एक वचन पनि सोधेनन् ।

वसन्तको पटना जाने दिन आयो । वसन्तकी बहिनी मिठ्ठूको जिद्दीवाट मोटरमा बसेर धन पनि गउचरनसम्म वसन्तलाई पुर्‍याउन गइन् । वसन्तलाई गउचरनसम्म पुर्‍याउन मोटरमा काजी, मिठ्ठू र धन आएका थिए ।

वसन्तले हवाईजहाज चढे ।

पटनामा शीला अश्रुविन्दुको माला जपेर वसन्तको प्रतीक्षा गरिरहेकी थिइन् । किन प्रतीक्षा नगरून् वसन्तको उनी ?—कालेजमा उनको प्रेमको कदर गर्ने वसन्त नै थिए ।—उनका पिता, माता

चौबीस

आफू ताक्छ मूढो, बञ्चरो ताक्छ घुंडो—भनेजस्तै भएर धन छट्पटाइरहेकी थिइन् । मधुको वियोगले उनको हृदय पोलिरहेको थियो। त्यसमाथि मनको माया र आमा, बाबुको सम्झनाले पनि धन ज्यादै नै विह्वल भइरहेकी थिइन् । यता घरमा वसन्तसित उही पहिलो रातको एक दुइ कठोरतम जवाफ–सवालको अतिरिक्त विवशतापूर्ण केही निगूढ, अप्रिय व्यवहार भए पनि फेरि कुनै किसिमको मुख बोलाउ भएको थिएन—उनको । सासू पनि सधैं उनलाई देख्योकी एक दुइ व्यंग्यात्मक वचन—वाण छोडिहाल्थिन् । ससुरा, बाबु जस्तै लागे पनि नयाँ दुलही हुनाले ससुरासित बोल्न, कुरा गर्न उनलाई धक लाग्थ्यो । एउटी नन्द मात्रै उनीसँग मिलेर कुराकानी गर्न आउँथिन् !

धन त्यसै सुकिरहेकी थिइन् । संसार नै उनलाई शुष्क र नरमाइलो लागिरहेको थियो । उनी एक्लै कोठामा बसेर रोइरहन्थिन् । ऊन् ्को अस्वस्थताको खबरले त उनलाई प्रलय भएको जस्तै लाग्यो । नको शरीर वसन्तको घरमा भए पनि मन मधुकै स्मृतिमा उडिरहेको थियो। उनले समाज र कर्त्तव्यको निम्ति धैर्य गर्न खोजिन्,—अप्रिय वस्तुमा प्रेम लगाउन खोजिन्, अतीतका कुरा बिर्सन खोजिन्—तर जति जति उनी त्यसरी अड्न खोज्थिन्—उति उति उनको भित्र मन र बुद्धिको लडन्तले होला उनको शरीर झिनों झिनों भइरहेको थियो ।

वसन्त र उनकी आमाको उही पहिलो रातका रूखा शब्दहरू पनि धनको हृदयमा नराम्रोसित गडेका थिए ।

धनको नीरस व्यवहारले होला वसन्तलाई पनि आफ्नो जीवन राम्रो लागेन । उनले धनसित हात जोर्ने नै विचार गरे । एक त उनको पटना जाने वेला भइसकेको थियो । उनको मन पटनामै थियो— हरवखत । पढाइमा हो वा शीलाको प्रेममा हो ! धनको व्यवहारले उनको हृदयको तराजू फेरि पल्टिसकेको थियो । उनी शीलालाई सम्झिरहेका थिए ।

विवाह भएको दोस्रो हफ्तामै बी० बी० सिंहले बाबुसित पटना जान बिदा माँगे । काजी चेतबहादुर सिंहले छोरोलाई रोक्न सकेनन् । उनको उद्देश्य पूरा भइसकेको थियो । बी० बी० सिंहले पढाइको कुरा देखाएर विवाह गर्न आनेकाने गर्दा—उनले विवाह हुनेबित्तिकै जालास्, भनेका थिए । अब वसन्तकै कुरा माथि थियो । काजीले वसन्तलाई पटना जान बिदा दिए ।

वसन्तलाई आफ्नो इच्छा नभएर पनि बाबु, आमाको सम्मतिबाट ससुरालीमा पनि बिदा हुन जानुपर्‍यो ।

बाबु, आमा, दिदी, बहिनीसँग र ससुरालीमा समेत भएर वसन्त पटना जान बिदा भए—तर उनले धनसित एक वचन पनि सोधेनन् ।

वसन्तको पटना जाने दिन आयो । वसन्तकी बहिनी मिठ्ठूको जिद्दीबाट मोटरमा बसेर धन पनि गउचरनसम्म वसन्तलाई पुर्‍याउन गइन् । वसन्तलाई गउचरनसम्म पुर्‍याउन मोटरमा काजी, मिठ्ठू र धन आएका थिए ।

वसन्तले हवाईजहाज चढे ।

पटनामा शीला अश्रुविन्दुको माला जपेर वसन्तको प्रतीक्षा गरिरहेकी थिइन् । किन प्रतीक्षा नगरून् वसन्तको उनी ?—कालेजमा उनको प्रेमको कदर गर्ने वसन्त नै थिए ।—उनका पिता, माता

निर्धनी भए पनि वसन्तकै मेहरवानीबाट टिकेर उनी कालेजमा पढिरहे-की थिइन् । शीलाले केवल एउटा कुरावाहेक अरू सारा कुराको भेद खोलेकी थिइन् – वसन्तसँग । उनको संसार नै वसन्त थिए— जसमा वसन्तश्री थियो। जुन वसन्तको निविडतम उपवनमा कोइली वासिरहेका थिए, फूल फक्रिरहेको थियो, पराग झरिरहेको थियो ।

शीलाको प्रेममा वसन्त वशीभूत भएका थिए । एक्कासि घरबाट जरूरी बोलावटी तार आउँदा केही दिनको निम्ति उनीहरूको विछुट भए पनि वसन्तले शीलालाई सम्झिरहेकै थिए । नेपाल आएर आमा, वावुको आज्ञाबाट उनले विवाह गर्नुपऱ्यो । वसन्तले सम्झेका थिए— उनको त्यो विवाह वाबु, आमाकै लागि मात्र भयो, उनले पितृ – आज्ञा पालन गरे—बस् ।

वसन्तको तार पाएर शीला पटना हवाईअड्डामा उनको स्वागतको निमित्त आएकी थिइन् । ठीक समयमै वसन्त पटना हवाई-अड्डामा हवाईजहाजबाट उत्रे । हवाईअड्डामै दुई प्रणयीहरूको भेट भयो । उनीहरू आपसमा यसरी मिले - जसरी चिर वियोगी पति, पत्नीहरू भेट हुँदा मिल्दछन् । दुवैका आँखामा प्रेमको आँसु उर्लिरहेको थियो ।

पच्चीस

अजिङ्गरको आहारा दैवले जुराउँछ—भनेजस्तै भएर मनलाई पाउँदा गोदावरी अतीव प्रसन्न भइन् । उनलाई आज पुल्चोकसम्म नगइनहुने भएको थियो । हिजो वेलुका उनले प्रभुसित आजको भाका राखेकी थिइन् । आज पुल्चोक गएर पनि मान्छे भेट हुन्छ, हुँदैन; काम बन्छ, बन्दैन; —भन्ने उनलाई बडो चिन्ता थियो । मान्छे भेट भएर ल्याउन सके पनि त्यो आहारा देखेर सिंह खुशी हुन्छ वा हुँदैन त्यो कुराको पनि उनी फिक्री मानिरहेकी थिइन् । पुल्चोक गएर केही गरी काम बनेन भने पनि सिंहको निम्ति कुनै न कुनै जन्तु त आफ्नो ज्यान जोगाउन आज उनले जसरी भए ठीक गर्नै पर्थ्यो त कुन जन्तु ठीक गर्ने ?—गोदावरीले थलाको थलै बसेर, ढोकै नउघारेर बिहानदेखि नै मनमनै सारा नेपालै छामिरहेकी थिइन्—

त्यो हुँदैन, त्यो बेस छैन, आउँदैन, त्यो······त्यो······त्यो ! आजकल त्यसको पनि पखेटा उम्रिसक्यो । त्यो चाहिं आफैलाई खाला जस्तो छ—कसरी ज्यान जोगाउने गोदावरीले ! त्यो पापी सिंह बूढो भएर पनि किन यस्तो असन्तोषी भएको होला सधैंको व्यर्थैको पीर ! कस्तो जीवन बिताउनुपर्‍यो नि गोदावरीले !······तर के भयो र, यही बूढो सिंहको कारणबाट उनका दुवै हातमा लड्डू थिए । उनले सिंहलाई बिरालोलाई जस्तै नचाइरहेकी थिइन्, खेलाइ-रहेकी थिइन् । बूढो बिरालोको निम्ति उनले केवल मुसो खोजिदिनु-

पर्थ्यो—सूसो । मूसो फसाउने पासो उनीसँग छँदै थियो— के त ! केवल तुरुन्तै पासोमा कुनै मोटो मूसो पार्नुपर्ने समस्या थियो—कस्तो फसाद !

गोदावरी हैरान भएर आफ्नो अल्झेको विचारको तन्तु सुल्झाउँदै थिइन्—कता कताबाट गजबको एउटा मूसो आफै पासोमा पर्न आयो-यही जन्तु हो ! त्यो बूढो सिंह यो जन्तु देख्तैमा कति खुशी होला ! यो जन्तुको नाम—मन—रे !

गोदावरीले मनलाई नुहाई धुंवाई गराएर सुकिलो लुगा फेर्न लगाइन् । आफ्नो इच्छा नभएर पनि गोदावरीको सद्व्यवहार र अनुरोधबाट मनले सुकिलो लुगा फेरेर हँसिलो मुख लाउनैं पर्‍यो ।

सुकुमारी मनले सुकिलो लुगा फेरेर हँसिलो मुख लाउँदा हिलामा मुछिएको कमलमा पानी परेजस्तै भयो अथवा बादलबाट चन्द्रमा निस्क्यो अथवा हीरा कुँदिएर जग्मगायो अथवा अँध्यारोमा बत्ती बल्यो ।

मनको सुकोमल सौन्दर्यमा गोदावरीलाई ईर्ष्या पनि लाग्यो, गर्व पनि । तर सौन्दर्यको साथै मनको दयनीय प्रकृति देखेर गोदावरीको गर्वले ईर्षित भावनालाई ह्याकुलैले मिच्यो । उनी नाक फुलाइरहेकी थिइन्—आज पनि प्रभुलाई खुशी पार्न सकिएन भने त के—भनेर होला ।

गोदावरीले मनलाई आफूसँगै खानपिन गराइसकेपछि कोठामा बसेर कुरा गर्दै आफ्नै हातले उनको कपाल बाटिरहेकी थिइन् । गोदावरीको कुरामा आफूमाथि जतिसुकै दया, माया र सद्भावना भए पनि कुनै कुनै शब्दको भावार्थले मनको मुटु छुन्थ्यो । उनी सिरिङ्ग सिरिङ्ग हुन्थिन् । गोदावरीका कुरा ज्यादै मीठा र मसिना थिए । कहिले त उनी यति मीठो बोल्थिन्— मनलाई मोटयार लाग्दथ्यो । मनमाथिको उनको स्नेहले सीमा नाघ्न खोजेर अस्वाभाविकता झल्कन्थ्यो । गोदावरी कडाइमा कोमलता र कोमलतामा कडाइ भर्न खोज्दथिन् । उनको

करकमल मनको चुल्ठो बाट्नमा व्यस्त भए पनि कोमल—कण्ठबाट हृदयको उद्‌गार छचल्किरहेकै थियो………।

"भइहाल्यो नाइँ अब, उसो भए म अब बहिनी नै भन्छु ! मलाई पनि बहिनीको ज्यादै रहर थियो……।—कठै, यस्तो राम्रो मान्छेलाई पनि दुःख पर्नु—के होला यस्तो—तैं हाम्रो भेट भयो, कत्रो दैवसंयोग !……बहिनीले त्यो दुलहा हुनेलाई त हेरेकै हो क्यार नि—अलि मन नपरेकै हो कि क्या ?"

गोदावरीको प्रश्नगर्भित कुराले मन फेरि झस्किन् । उनलाई आफ्नो हृदय—सिन्धुमा कसैले ढुङ्गा हानेर खोलेको जस्तै लाग्यो । जसले गर्दा पानीमा चक्का परेजस्तै उनको हृदयमा चक्का, चक्का परेर फैलिदै किनारमा पुगेर मात्र विलीन हुन खोज्थ्यो, तर आकाश-जस्तै उनको हृदयको किनाराको पत्ता नै थिएन । त्यसैले त्यो चक्का फैलि नै रहन्थ्यो । मनले आफ्नो हृदय-सिन्धुमा परेको चक्काको उत्तिको पर्वाह नगरेर शिष्टताको निम्ति गोदावरीको कुराको जवाफ दिइन्—

"खै, हेर्नत हेरेकी हुँ क्यार ! तर मैले मन पर्ने, नपर्ने—राम्रो, नराम्रोको केही पनि विचार गरिनँ—किनभने मलाई…विहा गर्नु नै थिएन !"

गोदावरीले भनिन्—

"भइहाल्यो नाइँ अब, गएको कुरा गयो;—तर अब यसरी मन बिगार्नु हुँदैन । उमेर छदैछ, ईश्वरले रूप दिएको छ—भने केको धन्दा भइहाल्यो नाइँ अब ! हामी स्वास्नीमान्छेको निम्ति रूप र उमेर नै धन हो, ऐश्वर्य हो ! उमेर र रूप भएपछि संसारभरका लोग्नेमान्छे-हरूलाई रोजी—रोजी दास बनाउन सकिन्छ, दास !"

मनको हृदय—सिन्धुमा फेरि ढुङ्गा बज्रेर चक्का—चक्का पऱ्यो । उनले मनमनै गोदावरीको कुराको जवाफ दिइन्—

"मलाई कसैलाई दास बनाउनु परेको छैन न आफू नै कसैकी

दासी वन्ने इच्छा छ !"

गोदावरी भन्दै थिइन्—

"भइहाल्यो नाइँ अव, मन भए मेरी वहिनीको मै विहा गरिदिउँला के – एक सय एक धनी मान्छेहरू रोजेर । तर, लोग्नेमान्छेहरू सव स्वार्थी हुन्छन् । विहा गरेपछि स्वास्नीलाई त लोग्नेमान्छेहरू कमारी नै सम्फन्छन् !"

गोदावरीको कुराले मनको मुटु फेरि हल्लियो । उनी गहिरिएर विचार गर्दै थिइन्–गोदावरीले कपाल वाटिसकेर आल्मारीको घरी तान्दै भनिन्–

"···अव वहिनीलाई सिङ्गार पनि पारिदिन्छु ! हुन त, सुनलाई खोल हाल्नुपर्ने हैन, तैपनि अलिकति वान्की त पार्नैपर्छ !—भइहाल्यो नाइँ अव, खैत यता !"

गोदावरीले आल्मारीको घर्राबाट क्रिम, पाउडर, लाली, गाजल, टीका इत्यादि सिङ्गारको सामान झिकेको देखेर मनले भनिन् —

"हैन दी, यति भए पुग्छ अब,—सिङ्गार नपारे पनि हुन्छ !"

गोदावरीले भनिन् --

"आऽऽवहिनी त के भएको छि: सिङ्गार पारेपछि मन चङ्गा हुन्छ–के!"

मनको मुखमा जवाफ आएको थियो—'मन त चङ्गाजस्तो भएर उडिरहेकै छ' - भनूँ भनेर, तर उनी वोलिनन् ।

गोदावरीले खूब दत्तचित्त भएर मनलाई सिङ्गारिन् । मनले—यो गोदावरीको स्नेह हो भन्ने कुरा सम्झेर आफ्नो सिंगार गराइरहेकी भए पनि उनको मन कता कता उडिरहेको हुनाले आफू सिङ्गारिएकी कुरा उनलाई थाहा नै भएन ।

दरवारी चालको सिङ्गारपटार गरिएर सुहाउँदो वस्त्रालङ्कारले सुशोभित भएकी मन अँधेरी रातकी वत्तीजस्तै वलिरहेकी थिइन् ।

महारानीलाई माथ गर्ने मनको सौन्दर्यले गोदावरीको हृदय कल्पनाकाशमा उडेर बाजी खाँदै, वतासे फुल पारिरहेको थियो । उनले अर्को कोठामा गएर मान्छेद्वारा प्रभु कहाँ खबर पठाइन् ।

छब्बीस

मान्छेको जीवन उज्यालो र अँध्यारोले बनेको फोटो—चित्र-जस्तै हो। फोटो चित्रमा के हुन्छ ? कालो पोतो र रेखा न हो ! फोटोको कागतमा—कालो पोतो मात्र भएको भए—केही पनि हुँदैनथ्यो, तर कालो पोतोले ठाउँ–ठाउँमा छोड्दा निधार, नाक, मुख, गाला र शरीर बनेर वस्तुको तद्‌रूप देखिन्छ। त फोटोमा त्यही रेखा र टाटो वताउने कालो पोतो नै मुख्य कुरा हो—जो स्वतः उज्यालोले डढेर बनेको बुन्छ।

मान्छेको जीवन घाम र छायाजस्तै हो; कहिले शीत कहिले—ताप; कतै अँध्यारो, कतै उज्यालो।

जीवनमा के हुन्छ ?—सुख र दुःख अथवा दुःख। सुख भनेको त दुःखकै विकार न हो—जो आशा र निराशा, उत्थान र पतन, सफल र असफल भएर उपलब्ध हुन्छ।—त्यही जीवन हो।

बाबु, आमा र बाबु, आमाको घर, वहित्ती धन, पापी मास्टरको अनुहार, बूढा, बूढीको सद्व्यवहार, मङ्गलाको चण्डीरूप र आफ्नो फजिती एक एक सम्झिरहेकी मन गोदावरीको स्नेहमा आश्चर्य मानिरहेकी थिइन्। गोदावरीको कुरा कहिले त मनलाई सपना हो कि जस्तो पनि लाग्यो—तर त्यो विपना नै थियो। गोदावरीका मीठा कुरा, त्यो दया, माया र त्यो स्नेहमा मनको हृदयले ठूलो गुन मानिरहेको भए पनि—उनी अलिकति विचार गर्न वाध्य पनि भइन्—यो के हो ?—भने। त्यसमाथि गोदावरीको कुरा नै विचित्र किसिमको

थियो। हर एक कुराको अर्थ हुन्छ भने उनको गहिरो कुरामा पनि धेरै अर्थ होलान् – भन्ने विचार गरिरहेकी थिइन्— मन।

बिना अर्थ र मतलबको कुरा नै हुँदैन संसारमा। संसारको वस्तु, वस्तुमा स्वार्थ हुन्छ। सूर्यचन्द्र स्वार्थमै उदाउँछन्, अस्ताउँछन्। नदीनाला स्वार्थमै बगेका छन्। पशु, पन्छी स्वार्थमै छन्। मान्छे, मान्छेमा स्वार्थ छ। बाबु, आमा र सन्ततिमा स्वार्थ छ। पति, पत्नीमा स्वार्थ छ। यो चराचर जगत् नै स्वार्थमा अडेको छ—भने गोदावरीले निस्वार्थमा सेवा गरिरहेकी छन्— भन्ने कुरा मनले कसरी सम्झून्। कसैले कसैलाई केही कुरा किन दिन्छ – स्वार्थमा ! — यो विचार गर्ने नै कुरा हो। हुन त मन पनि स्वार्थमै थिइन्। हृदयराजसित उनको लसपस भएको निस्वार्थमा हैन। उनले बाबु, आमाको घर छोडेर भागिन्— स्वार्थमै। अहिले गोदावरीको आश्रय लिइरहेकी छन् मन— स्वार्थमै।

मनले विचार गरिन्—

"सब कुरामा स्वार्थ हुन्छ भन्दैमा—सधैं सबैदेखि डराएर भागिरहन पनि त भएन। आफ्नो पनि त स्वार्थ छ। जे होस्, गोदावरी जाती रहिछन्। यिनले मलाई मेरो यस्तो वखतमा आश्रय दिएर स्नेह गरिन्। मैले पनि यिनको यो ऋण चुकाउनै पर्छ। म दुई चार काम गर्न सक्छु – अरू केही न भए पनि लुगा सिउन सक्छु—कल चलाउन राम्रै जानेकी छु, बालाई मैले सिएका लुगा ज्यादै मन पर्थ्यो। किसिम–किसिमका पचासन ब्लाउजहरू पनि सिएकी छु। धन र मैले सिएका ब्लाउजहरू देखेर सूचिकारहरूसमेत छक्क परेका थिए। यहाँ पनि मैले अर्काको सित्तैमा खाएर बस्नु हुँदैन। भोलिदेखि नै म लुगा सिउने काम गर्छु – अब। म यो कुरा गोदावरीसित आजै भन्छु। यिनैको पनि कति लुगा सिउनु होला ! हो, म लुगा सिउँछु ! सुइटर, गन्जी र मोजा, पन्जाहरू बुन्छु अनि अलि दिनपछि त मेरो जीउ हल्का भइहाल्छ—अनि अरू काम पनि

गरूँला !"

मनले आफ्नो भूतकालको सम्झना र भविष्यको चिन्तनामै वर्त्त-मान समय पनि बिताइरहेकी थिइन् ।

आज गोदावरीको घरमा निर्धक्क भएर होला—मनमा तर्क वितर्क गर्दा–गर्दै आँखामा ऋपऋपी निद्राले छोपेर मन उँघ्न लागिन् । बेलुकी-पखको समय् हुनाले नसुतेर उनले आफूलाई सह्मालिरहेकी थिइन् । कोठा-भित्र आएर गोदावरीले मनसित भनिन्—

"बहिनीको यो पहिलो पालिको जीउ भएको हुनाले— केही देखि-एको छैन । भइहाल्यो नाइँ अब, भर्खरै चार महीना लागेको भए; अहिले के देखिन्थ्यो ! अँ,·········यसमा बहिनीको के विचार छ कुन्नि ?"

गोदावरीले फेरि भनिन्—

"भइहाल्यो नाइँ अब औषधि गर्ते भए चाँडै नै गरिहाल्नुपर्छ—नत्र पछि छिपिएपछि अलि गाह्रो हुन्छ !"

मनले अझै पनि कुरा बुझिनन् । उनले भनिन्—

"दीले के भन्नुभएको ?—मैले त बुझिनँ !"

गोदावरीले श्लील–भाषामा भनिन्—

"ए,···बहिनीको यो जीउ नि—चाँडै हल्का गराउने विचार छ कि भनेर सोधेको—भइहाल्यो नाइँ अब ! मेरो विचारमा त व्यर्थैको झ्झट वेसाएर यस्तो राम्रो रूप र जवानीलाई थोत्र्याउनुभन्दा जीउ हलौं गराएर आफ्नो रूप र जवानीको कदर गर्नु नै वेस हो कि जस्तो लाग्छ !"

बल्ल मनले गोदावरीको कुरा बुझिन् । गोदावरीको कुराले मनको सारा शरीर नै सिरिङ्ग भयो । गोदावरी भन्दै थिइन्—

"······भइहाल्यो नाइँ अब, औषधि गर्ने मान्छे पाइन्छ । बेलै-मा एक मात्रा औषधि खाए—जीउ जस्ताको तस्तै हुन्छ ! बहिनीलाई मेरो कुरा कस्तो लाग्यो कुन्नि, मैले त असलै होस् भनेर भनेकी—भइ-हाल्यो नाइँ अब !"

मनको मुखको रङ्ग उडिरहेको थियो । गोदावरीले एकपल्ट मन-को मुखतिर हेरेर फेरि भनिन् ।

"·········नत्र पछि बहिनीलाई व्यर्थैको दुःख हुन्छे के ! बच्चा भएपछि अनेक टण्टा हुन्छ—फेरि दुनियाँले चाहा गरे त हो नाइँ, बाबु नभएको सन्तानलाई सबैले छिः छिः र दूर दूर गर्छन् । भइहाल्यो नाइँ अब, अहिलेसम्म त के भएको छ र एक्लो जीउलाई के, जे गरे पनि हुन्छ, जहाँ गए पनि आनन्दै हुन्छ, बादशाही सुख लुट्न सकिन्छ । त्यस-माथि अब त झन् हाम्रो भेट भयो । भइहाल्यो नाइँ अब, म बहिनीलाई कुनै हालतमा पनि दुःख काट्न दिन्नँ । बहिनीलाई नै सन्तानको रहर भएको भए त बेग्लै कुरा हो । दश हैन, बीस हैन—बहिनीका छोराछोरी कुन, मेरा छोराछोरी कुन । बहिनीको दुइ, चार ओटा छोराछोरी भएसम्म पनि के, मै पालुँला !"

मन चूप थिइन् ।

गोदावरीले मनको मुखमा तीक्ष्ण दृष्टि गाड्दै अझ खोतलिन्-

"·········तैपनि भइहाल्यो नाइँ अब, मैले त पछिको बाटो हेरेर कुरा गरेकी । बहिनीले अहिले बेलैमाथि जीउ हलौं गरेर—कल्ले के भन्ने ? बिहा नभएसम्म बहिनीलाई कन्याकेटी भन्न करै लाग्छ दुनियाँ-लाई । अनि बिहा गरे पनि हुन्छ, जे गरे पनि हुन्छ !"

कुरा गर्दागर्दै कल्ले बोलाएर हो, गोदावरी उठेर कोठाबाट निस्किन् ।

गोदावरीले मनलाई एउटा छुट्टै कोठा दिएकी थिइन् । कोठा सफा, सुग्घरको साथै चाहिँदो माल, सामानले सजिएको थियो । बेलुका-को खानपिन सिद्धिएपछि—मन कोठामा बसिरहेकी थिइन् ! गोदावरी-का एक एक कुराहरू उनको मस्तिष्कमा खेलिरहेका थिए । उनी त्यसमा गहिरिएर विचार गर्न पाउँदिनथिन् – फेरि गोदावरीको आगमनले उन-को विचार भङ्ग गरिदिन्थ्यो । गोदावरी आएर कहिले के भन्थिन्, कहिले के भन्थिन् ।

मनको दृष्टिमा गोदावरी निकै चुल्बुले देखिएकी थिइन् ! उनको कुराले मनको एकाग्रतालाई निकै खल्बल्याएको थियो । उनको मस्तिष्कमा कुरा खेल्थ्यो —

"गोदावरीको कुरा ठीक हो । मास्टरले मलाई धोका दियो–अब उसको सन्तानलाई जन्माएर म के गरूँ ? यो जन्मेपछि फन् मैले जहाँ गए पनि रातो मुख लगाउनुपर्नेछ । मैले त्यल्लाई कसको सन्तान भन्ने ?— जहाँ गए पनि यल्ले मेरो बाटो छेक्नेछ । दुनियाँले मलाई कलङ्किनी भनेर थुक्नेछ । शायद, मेरो पेटमा मास्टरको गर्भ नभएको भए बिहाको दिनमा नभागे पनि हुन्थ्यो !"

मन फेरि आफ्नो विचारले आफै तर्सन्थिन् । उनको अर्को मन बोल्थ्यो—

"ओहो, मैले के विचार गरें यस्तो ! –यो मेरो कुकर्मको प्रायश्चित्त हो अथवा आफ्नो कर्मको फल ! आफ्नो कुकर्मको प्रायश्चित्तको निमित्त बिहानको राती बाजा बजिरहेको रनाहामा वा, आमाको घरबाट भाग्नु नै मैले उचित देखें—भागें ! मैले आफ्नो अपराधको सजायँ आफैले रोजें—यही ठीक छ । एकपल्ट अनजानमा, भूलमा, धोकामा अथवा आफ्नै कमजोरीमा अपराध भयो भन्दैमा—अपराधमाथि अपराध गरेर के म जीवनभर अपराधकै समुद्रमा डुबूँ ?— मलाई मास्टरले धोका दियो भन्दैमा यो गर्भको बालकले के बिराएको छ र यल्लाई तुहाएर म फेरि भ्रूण—घातिनी बनूँ ? —किन मलाई गोदावरीले यस्तो सल्लाह दिएकी ?—अहँ: म आफ्नो स्वार्थमा भ्रूण—हत्या गर्दिनँ । सबै आमाले यस्तो गरे— संसार शून्य हुन्थ्यो, जन्मोस् न यो जन्मोस्, जन्मोस् संसारमा !– यो कसरी बाबुको ? यो हृदयराजको गर्भ हो । यो जन्मेपछि पनि— यसको बाबु हृदयराज हो भनेर औंल्याइदिन्छु के — म संसारको अगाडि । अनि कसरी त्यो बाबुको ठेगान नभएको हुन्छ ? म खान्नँ खान्नँ, त्यो औषधि ! —औषधि ! विष भो त ! मान्छे पनि मरदैका छन्—विषलाई औषधि

भन्छन्, औषधिलाई विष !!—गोदावरीको कुरामा अवश्य कुनै मतलब छ। यिनको नियत ठीक छैन—नत्र के सल्लाह दिएकी त मलाई यस्तो ?—उमेर र रूप भएपछि संसारका लोग्नेमान्छेलाई दास बनाउन सकिन्छ—रे, म बिहा गरिदिउँला – रे; फेरि जवानीको कदर गर्ने भनेको क्या हो ?—अनि फेरि यस्तो कुरा ! मलाई यिनले के सम्झिछन्—यिनलाई मेरो रूप र जवानीको किन चासो ? मेरो रूप र जवानीमाथि यिनको कुनै दाउ त छैन ? यिनको जरूर कुनै मतलब छ। यिनको चालामाला ठीक देखिदैन । म बस्दिनँ यिनको घरमा, बस्दिनँ !"

मन फेरि आफ्नो विचारले आफैं कस्किन् । उनको विचारले हाँगा हाल्यो—

"म यहीं बसिरहेंभने बा, आमालाई पनि मेरो पत्ता लाग्न सक्छ, किनभने धाई बूढीलाई उनीहरूले केरेपछि बूढीले कुरा नखुस्काउलिन् भन्नुपर्दैन । बा, आमाले पनि बूढीलाई नकेर्ने कुरै छैन । बा, आमालाई म यहाँ भएको कुरा थाहा भएपछि—उनीहरूले मलाई लिन आउनेछन् । मलाई फेरि अर्को मुश्किल पर्नेछ । त्यसैले मैले यहाँ बस्नु हुँदैन – एक छिन पनि बस्नु हुँदैन ! – म जान्छु, आजै जान्छु, अहिले नै निस्कन्छु यताबाट ।—तर कहाँ जाऊँ म हे ईश्वर, साँझ परिसक्यो ! यत्रो संसारमा मेरो कतै पनि आधार छैन !!"

मन ज्यादै व्यग्र भइरहेकी थिइन् । जतिजति वेला घड्कँदै थियो, उति उति उनी अधीर भएर छटपटाइरहेकी थिइन् । उनको मुटु जोडले उफ्रिरहेको थियो - ढुक् ढुक् ।

गोदावरीले बराबर मनको कोठामा आएर एक एक थोक कुरा गर्दै उनको निगरानी लिइरहेकीले मनलाई गोदावरीको घरबाट निस्कने अवसर पनि परेको थिएन । गोदावरीले कोठाभित्र पसेर मनको मुखमा दृष्टि गाड्दै भनिन्—

"भइहाल्यो नाइँ अब, बहिनीको कत्रो भाग्य ! आजै यहाँ एक

ठूला ठूला मान्छे पनि आउने भएका छन् !"

गोदावरीको कुराले मनको छाती ढक्क फुल्यो। गोदावरीको मान्छे कति ठूलो होला–'भैंसी जत्रै, साँढे जत्रै, हात्ती जत्रै या कुनै ढिस्को र पहाड जत्रै?'–मनले कल्पना नै गर्न सकेकी थिइनन्–उनलाई गोदावरीले सोधिन्-

"को मान्छे होला त लौ बहिनी ?"

मनको मस्तिष्क चक्कराइरहेको थियो। उनले गोदावरीको कुराको कुनै जवाफ दिइनन्—नसुनेर हो या सुनेर, बुझेर हो या नबुझेर।

मनबाट आफ्नो प्रश्नको कुनै उपयुक्त उत्तर नपाउँदा गोदावरी पनि अलिकति अधीरजस्ती भइन्। उनले फेरि सोधिन्—

"हँ बहिनी ?"

मनले केही विचारै नगरेर भनिन्—

"को होला को – म के जानूँ !"

मनको कानैनिर मुख लगेर गोदावरीले के हो फुसफुसाइन्। गोदावरीको कुराले मनको सातो नै गयो। बल्ल उनले गोदावरीको सकली रूप देखिन्, उनको मतलब थाहा पाइन्। उनलाई ठूलो पश्चात्ताप भयो। उनी अब त्यहाँ पलभरको निमित्त पनि टिक्न डराइरहेकी थिइन्। गोदावरीको त्यो आश्रयबाट मुक्ति पाउन उनको आत्मा छट्पटाइरहेको थियो।

गोदावरी आफ्नै विचार–धारामा मस्त थिइन्। उनले भनिन्–

"···मन पऱ्यो भने अब बहिनीको भाग्य खुल्यो। यस्तो सुनको मूर्ति कल्लाई मन नपर्ला ?—भइहाल्यो नाइँ अब, बहिनी जसरी भए पनि···खुशी पार्नु पर्छ—

मनले आफ्नो मनलाई सकेसम्म दृढ गराएर केही बोलेकी थिइनन्-यता र उताबाट दवेको स्वरमा सुनियो !"

"सवारी भो ! ए, सवारी भो !"

गोदावरी हत्तपत्त सवारीको स्वागतमा मटानमा निस्किन्। एक छिना मात्रैको ... आवाज आयो। गोदावरीले स्वागतपूर्ण

सरासर मनकै कोठामा आगन्तुक महाशयको सवारी चलाइन् ।

गोदावरीको साथमा एक दीर्घ–काय स्वरूप कोठाभित्र आएको थाहा पाएर—मन तर्सेर जुरुक्क उठिन् । उनका खुट्टा काँपिरहेका थिए।

आफ्नो स्वागतमा मनलाई त्यसरी उठेको देखेर ती वयोवृद्ध नवागन्तुक खुशी भए । गोदावरी पनि खुशी भइन् । उनीहरूले अनुशासनको पालन भएको सम्झे ।

बत्तीको अगाडि, बत्तीको तेज खिचेर बलिरहेकी अनुपम सौन्दर्यमयी मनको मुखमा तीखो दृष्टि गाड्दै मेचमा बसेर नवागन्तुकले गोदावरीसित भने—

"यही हो ? – मान्छे हेर्दा त वेसै जस्ती रहिछ, बुझिस् !"

मनको हंसै उड्यो ।

नवागन्तुकले आफ्नो प्रभुता जमाउँदै दुवै खुट्टा तेर्स्याएर गोदावरीसित फेरि भने—

"ए, जुत्ता खोल्न !"

हँसमुखा गोदावरीले आदरपूर्वक विन्ति गरिन्—

"उतै, ठूलो कोठामा सवारी भए आराम हुन्छ कि भनेर,—भइहाल्यो नाइँ अब, बहिनी पनि उतै हाजिर हुन्छिन् !"

"हुन्छ त उतै जाऊँ !"

नवागन्तुक मेचबाट उठेर मनलाई लोभी आँखाले हेर्दै कोठाबाट निस्के । गोदावरी उनैको पछि लागिन् । उनलाई नवागन्तुकसित केही भन्नु थियो जस्तो थियो ।

गोदावरीको सजिसजाऊ कोठामा पुगेर नवागन्तुक पलङ्गमा बसे । गोदावरी खुशी मनले नवागन्तुकको जुत्ता र कोट फुकाल्न हस्याङ्ग फस्याङ्ग गर्दै थिइन् । उनले भनिन्—

"भइहाल्यो नाइँ अब, आज त पाउमा सुनकी चरी नै छोपेर हाजिर गराएकी छु !"

"........."

उता, मन पनि नवागन्तुक र गोदावरी ठूलो कोठामा पस्ने-बित्तिकै कोठाबाट बाहिर निस्केर भ्याङ ओर्लिन् । तर दलान र चोक-मा एक दुइ जना मान्छेहरू बसेर कुरा गरिरहेका भए पनि मन स्वाट्ट निस्केको उनीहरूले यादै गरेनन्-- अथवा मन भागेको कुराको उनीहरू-लाई शङ्का नै भएन । त्यो अँध्यारोमा मन सासै नफेरेर खेतै-खेत—बाटो अबाटोको पर्वाह नगरेर धोबीखोलातिर हानिइन् । उनी धोबीखोलातिर हानिएको कुरा उनैलाई पनि थाहा थिएन ।

यता नवागन्तुकलाई कोठामा राखेर मनलाई लिन आएकी गोदा-वरी—कोठामा मनलाई नदेख्ता एकदमसँग निसासिएर कराइन्—

"बहिनी !

ए, बहिनी !!

ए, खै हँ !

कता गई, कता गई !!"

गोदावरीले घरभरी मनको खोजी गरिन्, तलका मान्छेहरूसित सोधिन्, मान्छेहरूलाई दौडाएर बाहिर बाटोतिर हेर्न पठाइन्, बगैंचातिर हेरिन् । दौडिएर गएका मान्छेहरू त्यसै फर्के ।

आगन्तुक महोदय पनि जिल्ल परे । त्यो रूप, त्यो छटा, त्यो कान्ति –उनले बिर्सन सकेनन् उनी गोदावरीसित खूब जङ्गिए । गोदा-वरी चूप थिइन् ।

रात धेरै व्यतीत भइसकेको थियो ।

मन कता भागी, कता - गोदावरी चुक्चुकाइरहेकी थिइन् ।

आगन्तुक महोदय —गोदावरीसित जतिसुकै जङ्गिए पनि गोदा-वरीको कुरामा उनी फेरि मोह भए, वशीभूत भए ।

अनि ?

अनि—

पिण्ड स्थाने पिण्डः—भयो, दीप स्थाने दीपः ।

सत्ताईस

"लोग्नेमान्छेको विश्वास हुँदैन—भनेको साँच्चि नै हो ! मुख-मा एक कुरा, पेटमा एक कुरा !"

"साँचो कुरामा पनि विश्वास नमानेर शङ्का मात्रै गर्ने स्वास्नी-मान्छेको भन् के विश्वास नि !"

"हो ! मलाई त अब साँच्चि नै विश्वास छैन; तर जति जति विश्वासको मात्रा कम हुन्छ—उति उति यो प्रेम भने बढिरहेको छ ! शायद, अब यसैमा जलेर मर्छु कि क्या म त !"

"हरे ! तिमी किन यस्तो कुरा गर्छ्यौ ?—मलाई पनि अहिले तिमीसित छुट्टिएर जान मन त पटक्कै छैन; तर के गरूँ, नगएर ! घर-मा जान, आउनसमेत बन्द गरेर तिमीसितै त बसूँला—लौ, खर्च कहाँ-बाट चलाउने नि ?—बिनाखर्चले निर्वाह नहुने । त्यसैले त घरमा पनि जाने-आउने गर्दै रहनुपर्छ —भनेर मैले भनेको ! म जान्छु, जानको निम्ति हैन सत्ये, तिमीकहाँ आउनको निम्ति ! म मेरो घरबार र सबथोक छोड्न सक्छु, तिम्रो निम्ति यो ज्यानै त्याग्न सक्छु; तर यो ज्यान भए-सम्म तिमीलाई केही गरे पनि छोड्न सक्तिनँ ! मेरो कुराको तिमी विश्वासै गर्दिनौ भने त मेरो के लाग्यो !—मैले तिमीलाई रिझाउन सकिन छु—यही सम्झनुपर्‍यो !"

"उसो भए—मैले एउटा कुरा सोचेकी छु,—मैले भनेको कुरा मान्ने त ?"

"भनन, के कुरा ?"

"......हामी दुवै जना यतैबाट बम्बई जाऔं ! मैले चिनेको मान्छेको एउटा ठूलो कम्पनी छ बम्बईमा । त्यहाँ गएर केही काम गरे त भइहाल्छ नि – दुवै जना मजासित स्वतन्त्र भएर काम गरौंला के ! बी. ए. सम्म पढेर पनि खर्चको निम्ति आफ्नो उद्देश्य नै छाडेर सधैं अर्काको केको कच्कच् – केको दासता ?"

"दासता हैन, कच्कच् पनि हैन शीला !—तिमीले किन कुरा नबुझेकी—मान्छेले आफ्नो कर्त्तव्यको पनि त विचार गर्नुपर्छ ! —तिमीले भनेजस्तै अहिले मैले यतैबाट तिमीसित बम्बईमा गएर नोकरी गर्न थालें भने—अरू कुरा त त्यस्तै हो - बा, आमासित राम्रै बिछोड हुन्छ। बाको रिस ज्यादै कडा छ । त्यसैले उता पनि दुरूस्त हुनै पऱ्यो ! मलाई त तिम्रो ज्यादै विश्वास छ – तिमी किन मेरो बिश्वास गर्दिनौ ? मैले भनिहालें – यो वसन्त तिम्रै हो, - तिमी विश्वास गर !......बम्बईमा तिम्रो मान्छे छ - भनेर तिमीले पनि भनेकी हौ, मैले बिर्सेको छैन;—तर अहिले एकदमसित बम्बई कसरी गइहाल्नु – फेरि परीक्षाको नतीजा पनि निस्केको छैन !"

वसन्तले जति सम्झाए पनि शीलाको चित्त बुझेन ।

वसन्तको बी० ए० को फाइनल परीक्षा सिद्धिसकेको थियो । बाबुको बोलाहट भएकोले उनी घर जाने भएका थिए ।

साँझको वेला थियो । वसन्त शीलाको शयनागारमा, शीलाकै बाहुपाशमा आवद्ध थिए —

प्रेम—वशीभूत शीलाले रोएर भनिन्—

"मैले विश्वास गरेर नै धोका पाएँ ! अर्काको मान्छेको अब फेरि के विश्वास.. ......!"

शीलाले वसन्तको विवाह भएको कुरा थाहा पाइसकेकी थिइन् । उनले फेरि भनिन् —

"......अर्कालाई त्यत्रो विश्वास दिलाएर फेरि कसरी विहा गरेर आउन सक्यौ ! आफ्नो त सोझो मन–किन आउन ब्याँलो भयो, चिठी

पनि आएन—भनेर रातदिनको छट्पटी—आफूलाई, उता चैं विहाको त्यत्रो रमक्रम रैछ !—कसको के वास्ता ? वास्ता भए दुइ अक्षरको चिठी त अवश्य लेख्नुपर्ने.........!"

वसन्तले भने—

"तिमीलाई मैले बिहा गर्नुपरेको सबै परिस्थिति वताएर, सञ्चो, विसञ्चोको कुरा पनि हालेर चिठी लेखेको थिएँ—सत्ये ! तर तिमीले मेरो मनको कुरा नबुझेर उल्टो कुरा सम्झिल्यौ कि भनेर—त्यो चिठी पठाउन सकिनँ अनि त अलमल पनि पऱ्यो । मैले भनिहालें नि तिमीलाई त्यो विहा—वा, आमाको निम्ति गर्नुपरेको हो भनेर— के गर्नु, यस्तै पऱ्यो !"

"भो भो मलाई ढाँट्नुपर्दैन !"

वसन्तले उतर्सेर सोधे—

"के कुरामा ?"

"जे कुरामा पनि......त्यही बिहाकै कुरामा लौ !—मन, मनमा भने कहिले घर पुगेर प्राण—प्यारीको मुख हेरूँला भन्ने हत्पत्—मुखमा भने अर्कै कुरा; तर मुखले मसँग दुरूस्त भएर मात्र के गर्नु र यसरी घर जान जिद्दी गरिरहेपछि ! अँ, म एउटा कुरा सोध्छु है त ! म पनि कस्तो मान्छे—के कुरा सोध्न आँटेकी हुँला — उही पनि सोद्धै मा - सोझो जवाफ कल्ले देला — रे, यस्तो कुरामा पनि !"

"के कुरा भनन !"

"हँ, सोधिहालूँ त ! – भइहाल्यो, सोद्धिनँ !"

"सोधन सोध !—तिमीसित लुकाउने यो संसारमा मसँग कुनै कुरा पनि छैन—सत्ये !"

"भइहाल्यो त्यो कुरा, अर्कै कुरा सोध्छु त एउटा—सोध् भन्ने वर पाएपछि ! अँ...अहिले दुलहीको कत्तिको माया लागेको छ त? फल्फली उसैको मुख देखिइरहेको होला के, झन् त्यै कुराको चर्चा चल्यो !"

"तिमी मेरो विश्वासै लाग्दैन—भन्छचौ, म के भनूँ ! मेरो छाती

भित्र माया बस्ने ठाउँमा तिम्रो मायाले नै शासन जमाइसकेको हुनाले अरूको मायाको यसमा स्थान नै छैन ! छाती चिरेर देखाउन हुने भए म तिमीलाई देखाइदिन्थें: तर के गर्नु र— हनुमान् हुन सकिएन ! मैले केवल मेरा पिता, माताको आज्ञा पालन गरें बस— मेरो दोष भन्छयौ भने यति हो ! कठपुतलीजस्तो बनेर अर्काको स्वार्थमा एक दिन दुलहाको पाठ लिएर मैले नाटक खेलेको मात्रै हूँ— अरू कुरा त मलाई केही पनि वास्ता छैन, मलाई कसैको पर्वाह पनि छैन— सत्ये ! मलाई त खालि तिम्रै प्रेम भए पुग्छ, तिम्रै वास्ता छ, तिम्रै पर्वाह लाग्छ; — तर तिमीले चाहिं मेरो विश्वास नमान्दाखेरि भने दुःख लाग्छ, सत्ये ।"

"भो, भो, धेरै कुरा बताउनुपर्दैन ! माता, पिताको आज्ञा पालन गर्ने पितृ - भक्त छोरोलाई मैले कसरी दोषी भन्नु, दोषी त म पो हुन आएँ— बीचमा ! अब फेरि श्रीमतीमा प्रेम गर्नू — भन्ने आज्ञा पनि त होला नि, पिता, माताको— त्यो आज्ञा पनि पालन गर्नै न पऱ्यो ! कसैको वास्ता छैन— रे, पर्वाह छैन — रे — पर्वाह नभए, वास्तै नभए— विहाको राती गोलमाल पऱ्यो भनेको हैन नि ! किन गोलमाल परेको त ? आफूले हेरेर आएको, मन परेको स्वास्नी हैन रहिछ भनेर न हो ?—कि त्यो पनि नाटकै गरेको ?—फेरि दुइटै दिदी, बहिनी उस्तै भए–रहँदा–बस्दा बहिनीमै पनि त माया बसिहाल्यो, रसबस भइहाल्यो होला नि !— व्यर्थै पनि मलाई किन छकाउनु—म के गर्छु र, अर्काको प्रेममा म के गर्न सक्छु — र ! मेरो विश्वास गर् रे, विश्वासै गरेकी थिएँ; तर यत्रो धोका पाएपछि फेरि के विश्वास गर्ने ! जानी–जानीकन अर्काको मान्छेलाई कसरी आफ्नो मान्छे भनेर विश्वास गर्न सक्नु !— हुन्छ, मेरो विश्वासै छ विहा भयो, अब विवाहिता श्रीमतीमा दिन–दिनै प्रेम बढीरहेको छ—यसभन्दा बढ्ता अरू के विश्वास गर्नु !"

साबित हुन लागेको चोरजस्तै भएर वसन्तले भने—

"हैन, शीला········ !"

शीलाले टिपेर भनिन—

"नभएदेखि अहिले तात्तातै जानुपर्ने के बितिहालेको छ त?" वसन्तले शीलालाई तोड्न सकेनन् । उनले मसक्क आँटेजस्तो गरे भने—

"तिमी त्यसै भन्छयौ भने—लौ म जान्नँ, अब त मेरो विश्वास गर्छयौं कि ?"

शीलाले आफ्नो खुशी दबाउन नसकेर भनिन्—

"साँच्चि हो ?—तैपनि मलाई त यो कुराको अझै विश्वास लाग्दैन !"

शीलाले पुनः आफ्नो प्रस्ताव राखिन्—

"उसो भए अब बम्बई गइहाल्ने त !"

वसन्तले भने—

"हैन;—पहिले मलाई तिमीले एकचोटि वीरगञ्जसम्म जान त दिनै पर्छ ! त्यहाँ–श्रीपुरमा यसपालिको हाम्रो रुपियाँ मै उठाउँछु, जम्मै दिए भने सात हजार उठ्छ । त्यहाँबाट फर्केपछि—अनि जहाँ जाने हो जाउँला !"

शीला गम्भीर भएर वसन्तलाई क्वार्क्वार्ती हेरिरहेकी थिइन्! वसन्तले फेरि भने—

"किन नबोलेकी नि—घर जाला भनेर कि कसो ? जान्नँ म सत्ते जान्नँ !

"वीरगञ्ज कहिले जाने त ?"

"भोलि नै जान्छु !"

\+ \+ \+

भोलिपल्टै वसन्त वीरगञ्जतिर हिंडे । उठ्ती–पुठ्तीको काम- वीरगञ्जमा उनलाई दुइ दिन अड्नै पर्‍यो । उनी ज्यादै चञ्चल भइरहेका थिए । उनको मन बोलिरहेको थियो—

"जाँच सिद्धियो । घर त एकचोटि जानैपर्छ—वसन्त । यसरी यतैबाट विदेशिदा के भन्लान्—दुनियाँले ? बा, आमा, दिदी, बहिनी

के भन्लान् मलाई अनि—उल्ले पनि के भन्ली, के सम्झली ?—जसलाई पटना आउने वेलामा समेत एक वचन पनि सोधिएन । उसको चित्त कस्तो भयो होला ! वसन्त—घर जानैं पर्छ !—शीला !"

जुनेली रात थियो ।

वसन्त—कौसीमा टहलिरहेका थिए—मनमा तर्कवितर्क गर्दै—वीरगञ्जको उनको निवासस्थानमा । शीलाको सम्झनाले उनी एकदम-सित झस्के । उनको विचार एकपल्ट फेरि खलवलियो—तापनि उनले घरमा जान कम्मर कसिसकेका थिए । त्यसैले, उनले आफ्नो विचारमा शीलाको सम्झनालाई कति पनि महत्त्व दिएनन् । शीला र वसन्तको बीचमा जत्रोसुकै ठूलो प्रेम किन नहोस्—शीला एउटी हठिली स्वास्नीमान्छे न हुन्—जो आफ्नो स्वार्थमा वसन्तको जीवन सिङ्गै निल्न खोजिरहेकी थिइन्—त्यो कुरा वसन्तले थाहा पाइसकेका थिए । शीला-को आशय थाहा पाए पनि वसन्त उनलाई तोड्न भने सक्तैनथे । मोहिनी-मूर्ति शीलाको सम्मुख उनको तर्क, विवेक सब गुम हुन्थ्यो । उनी शीला-को कुनै कुरा पनि काट्न सक्तैनथे । त्यसैले त उनले घरमा जाँदै नजाने कबूल गर्न पनि बाध्य हुनुपर्‍यो !—अहिले किन न झस्कून् शीलाको सम्झनाले वसन्त ?—उनले शीलाको इच्छा र आफ्नो कबूलको विपरीत आफ्नो घरमा जाने एउटा गहकिलो आँट गरिसकेका थिए । वीरगञ्ज आएको त्यो दोस्रो रातको विचार थियो वसन्तको ।

तेस्रो दिनमा वीरगञ्ज बजारमा वसन्तले काठमाडौंको हवाई-जहाजको टिकट लिए । टिकट लिएर घरमा उनले बाबुको नाममा तार पनि गरे—

"सिमराको प्लेनबाट भोलि गउचर हवाईअड्डामा तीन बजे उत्रन्छु ।

—वी० बी० सिंह"

अठ्ठाईस

छोरो बिरामी भएको थाहा पाएर मधुका पिता हामफाल्दै आएका थिए घरमा । गुणी र लायक, सुन्दर र सुचतुर आफ्नो एक मात्र छोरोको हालतमा उनको हृयद ज्यादै विह्वल भयो ।

कप्तान, कप्तान्नीको स्याहार, सम्भार र डाक्टरको वैज्ञानिक चिकित्साको प्रभावले सात महीनापछि मधुले आरोग्यता हासिल गरे। उनको शरीर मोटोघाटो र फूर्त्तिलोसमेत देखिन थालेको थियो । अहले टाढाबाट झलक्क हेर्दा उनी जस्ताका तस्तै देखिन्थे । उनको टाउको बाहिरको चोटको साथै भित्र मस्तिष्कको रोग पनि निको भएकोले अब उनमा दुःख, चिन्ता, पीर, रोग, शोक, कुनै कुरा थिएन । उनको मुसुक्क हाँसिरहेको मुख सधैं हाँसिरहन्थ्यो; तर कसैलाई हँसाउन हैन । उनी विरहको रोग अलापिरहन्थे, कसैको सम्झना हैन न उनको गीतको कसै· माथि लक्ष्य नै थियो । दिनभरी एउटै शब्द उनी जपिरहन्थे; तर जपना· को उद्देश्यले हैन । उनको सारा काम––निष्काम कर्म थियो ।

धन ?·········कुन चरीको नाम हो ?––रुपियाँ, पैसा, दौलत पूंजी ?–यी सब वस्तु त सात ताल्चा ठोकिएको ढुकुटीबाटै वायु–वेगले बेपत्ता भएर उड्छन् ! कता ?––कता, कता––हात हातमा, बजार बजार, घर घर र कन्तुर–कन्तुरमा, यताबाट उता, उताबाट यता कता कता ! त्यसलाई समातिरहन सक्ने को ? को, को ? पखेटा भए पनि मान्छेले काटेर राख्थे होलान्–तर धनको पखेटा होस् न काटून् !–यो त पखेटै नभए र पनि वायु–वेगले उड्छ । कस्तो अचम्म ! यो जति जति

उड्छ—लुब्ध, क्षुब्ध, मनुष्यले यसको स्मृतिलाई निरन्तर आफ्नो मथिङ्गलको कुनामा थुनेर राख्छ । मधुको मस्तिष्कबाट भने उपर्युक्त शब्दको स्मृतिसमेत उडिसकेको थियो—धन कुन चरीको चुच्चो हो, कुन जनावरको सिङ हो ?

धनको स्मृति त के—मधु आफ्नो भोक र निद्रासम्म पनि थाहा पाउँदैनथे । डाक्टरको सम्मतिअनुसार मान्छेहरूले वेला वेलामा उनको खानपिनको विचार गरे पनि उनलाई कसैले पनि सुताउन सक्तैनथे। उनी लक्ष्मणजस्तै चौबीसै घण्टा जागा रहन्थे । चौवीसै घण्टा अखण्ड जागा रहेर मधुले कसको पहरा गरेका हुन्—उनैलाई थाहा थिएन । पछि डाक्टरले मधुलाई निद्राको निम्ति पनि वैज्ञानिक औषधिको प्रयोग गर्न थालेका थिए ।

कप्तान, कप्तान्नी, डाक्टर, नोकर, चाकर र जोसुकै चिरपरिचित व्यक्तिलाई पनि मधु चिन्दैनथे । घर, व्यवहार, कर्त्तव्य, नियम, संयम, प्रेम र सारा संसार नै उनको विस्मृतिको गर्भमा पर्‍यो ! उनी गाइरहन्थे, हाँसिरहन्थे सिङ न पुच्छरका कुरा फलाकिरहन्थे—सब विस्मृतिमै, कहिले र सित्तैं पनि उठ्, वस् र नाना किसिमका कसरत गरिरहन्थे - विस्मृतिमै । कसैको कुरा उनी सुन्दैनथे, सुने पनि बुझ्दैनथे, बुझे पनि जवाफ दिंदैनथे, जवाफ दिए पनि– सोधिएको कुराको जवाफ नभएर अप्रासङ्गिक कुरा हुन्थ्यो ।

एक दिन कप्तानले मधुसँग सोधे—

"तपाईंलाई कस्तो छ त बाबु ?"

मधुले कप्तानको उपर्‍युक्त प्रश्न नै सुनेनन् । कप्तानले मधुलाई खूबसित हल्लाएर फेरि सोधे—

"हैन बाबु, तपाईंलाई कस्तो छ भनेको ?"

मधु आफ्नै तरङ्गमा थिए । उनले खित्का छोडेर हाँस्तै भने—

"मैदानको पापमा पुण्य हुन्छ—पुण्यको रूखमा तारा फल्छ !"

मधु फेरि जोडसँग हाँसे ।

मधुको दशामा दुई थोपा आँसु चुहाउनु सिवाय कप्तानले फेरि केही पनि भनेनन् । मधुलाई हेरी, हेरी कप्तान्नी पनि रुन्थिन् ।

त्यस्तो विस्मृतिमा पनि मधु गीतभने राम्रैसँग गाउँथे—जुन गीत गाउँथे, पूरा गाउँथे—तिघ्रा ठटाई, ठटाई कहिले र मेच अथवा टेबुललाई नै तबला बनाई, बनाई । उनी तबलाको बोल पनि मुखैले बोल्थे ।

डाक्टरले मधुको विस्मृतिको मनोवैज्ञानिक निरीक्षण गरे । डाक्टरले चिनाएको वेलामा मधु वर्णमालाका ठूलठूला भङ्रे अक्षर समेत चिन्दैनथे । विस्मृतिको धूनमा उनी अंग्रेजी र नेपाली पुस्तकहरू पनि हेरेर हरफका हरफ र पत्रका पत्र पनि मजासित बाँच्दथे ।

पौष महीना थियो ।

डाक्टरले मधुलाई नोकर, चाकरको साथ लगाएर विहान, वेलुकाको ठण्डीमा बारी, बगैंचा र घरवरिपरिसम्म एकाध घण्टा घुमाउने सल्लाह दिएका थिए ।

घरमा खानपिन गराउँदा, बाहिर घुमाउँदा मधुले गरेको तमाम बौलट्टी व्यवहार र उनले बोलेका शब्दहरू सबै नोकरचाकरले 'डाक्टरलाई बताउनुपर्थ्यो ।

मधु त विस्मृतिमा थिए, पागल भएका थिए । उनलाई कुनै किसिमको दुःख, चिन्ता र यन्त्रणा थिएन । तर मधुको हालमा धन वेहाल थिइन् । विवाह भएदेखि उनी - उनी नै थिइनन् । उनले आफूलाई मुर्दा सकेकी थिइन् । उनका श्रीमान्ले पनि उनलाई अरूको चिठीमा समेत सोध्दैनथे । – तर जेजस्तो भए पनि स्वास्नीमान्छेको जात—धनले पेट बोकेकी थिइन् । उनको गर्भ सात महीनाको भइसकेको थियो ।

माघे संक्रान्तिको दिन थियो, आफ्नो यन्त्रणालाई दबाएर धन माइतीको निमन्त्रणा मान्न आएकी थिइन् । तामदानबाट ओर्लेर माइतीघरभित्र नपस्दै अकस्मात् उनको र मधुको जम्काभेट भयो ।

मधुले धनलाई देखेर एकदमसित उत्सुकको आँखले हेरे र उनी

यसरी भागे—जसरी हिंस्रक जन्तुलाई देखेर मृग भाग्दछ । धन ठिङ्ग उभिएर मधुलाई हेरिरहेकी थिइन्—फेरि केही बिर्सेर गएको छाँटले मधु दौडेर नै धनको अगाडि आएर उनलाई टाउकोदेखि खुट्टासम्म र खुट्टादेखि टाउकोसम्म खूब गडी, गडीकन हेर्न थाले । धनको शरीर र मुखमा अक्षरका हरफ भएर—ती अक्षर पढेजस्तै गरी गरी अथवा कुनै वस्तुको निरीक्षण गरेजस्तै, अथवा धनको मुखमा नै चल–चित्र देखे-जस्तै । मधुको चालमा धन पनि के, के हो विचार गर्दै जिल्ल परेर ट्वाल्ल हेरिरहेकी थिइन् । उनले मधुको त्यो व्यवहारमा कुनै किसिमको बाधा गरिनन् । मधुको कुनेत्रो लागेको कमीज, उडेको अनुहार, रूखो कपाल देखेर धनको हृदय विचलित भएर छट्पटाइरहेको थियो । मधुको अनुहार हेर्दा—धनको मुखको निरीक्षण गर्दागर्दै मधुको टाउकोमा स्मृति र विस्मृतिको द्वन्द्व—युद्ध परिरहेको जस्तो देखिन्थ्यो । मधुले केही सम्झन खोजेकों जस्तो भाव देखिन्थ्यो । उनको टाउकोमा ठूलो कष्ट भइरहेको जस्तो पनि देखिन्थ्यो । मधुले एकपल्ट ठूलो स्वरले कराएर बोलाए—

“धन !”

प्रतिध्वनि भयो—“धन !”

धन बोल्नै पाएकी थिइनन्—उनको कर्त्तव्य डगमगाइरहेको थियो । मधु बतासले ढालेको रूखजस्तै भएर एकदमसित भूइँमा पछारिए ।

धन पनि हडबडाएर एकोहोरो स्वरले आतसमै कराइन्—

“मधु ! मेरो मधु !! कान्छा !!!”

यताउताबाट मधुका रक्षकहरू दौडेर आउँदै थिए । घरभित्र-बाट कप्तान, कप्तान्नी र अरू मान्छेहरू पनि दौडादौड गरेर आए—धन आफ्नो भएभरको बल लगाएर मधुलाई उठाउन खोज्दै अतासिएर करा-इरहेकी थिइन्—

“लौन ! लौन ! मधुकलीलाई के भयो, लौन !”

मधु मूर्च्छा परिरहेका थिए । उनलाई धेरै मान्छेहरूले एक सासमा उठाएर उनकै घरतिर लगे । कप्तान, कप्तान्नी पनि उतैतिर लागे ।

मधुलाई पुऱ्याउन मान्छेहरू मधुको घरतिर लागेपछि— धनलाई पनि त्यहाँ टिक्न ज्यादै मुश्किल भइरहेको थियो । उनलाई भाउन्न भइरहेको थियो, उनका खुट्टा काँपिरहेका थिए । आँखाले देखुञ्जेलसम्म त उनको आफ्नो यन्त्रणलाई दवाएर मान्छेहरूले मधुलाई लगेको हेरिरहेकी थिइन् । उनलाई असह्य पीडा भइरहेको थियो, उनलाई त्यहीं बसूं-बसूं जस्तो लाग्यो । सकी नसकी बावु, आमाको [घरभित्र पसेर दाह्रा किट्तै डँडाल्लीको भर गरेर उनी भऱ्याङ उक्लिन् । उनलाई ऋवाम्म छोपिरहेको थियो । कसैले देखेन— उनी बेहोश भएर मटानमै लडिन् । उनको उक्सेको पेट मात्र खलाँती जस्तै चलिरहेको थियो ।

\+ + +

डाक्टर, छिमेकी जस्तै नजीकका, कप्तान परिवार र मधुका परिचित थिए ।

मधुको सारा रिपोर्ट सुनेर डाक्टरले गौर गरे—

"धन —मधुको सम्पर्कमा रहे—मधुलाई पूर्वस्मृति भएर यिनी सद्धे हुन सक्छन् ?"

औपधिकों प्रयोगले मधु मूर्छावाट बिउँझे पनि उनले टाउको उठाउन सकेका थिएनन् । उनलाई के के सम्झिएजस्तो, के के बिर्सिए-जस्तो लागिरहेको थियो । उनी लडिरहेका थिए ।

डाक्टरले मधुका पिता र कप्तान साहेबसित भने—

"अब मधुकाजी सद्धे हुन सक्नुहुन्छ !"

सब खुशी भए ।

घरमा आएर—धनको अवस्थामा कप्तान, कप्तान्नीको हृदयमा

फेरि बज्र पऱ्यो ।

डाक्टरले धनको रोगको जाँच गरेर औषधि पारे। उनले कप्तान, कप्तानीलाई सम्झाएर भने—

"नरुनोस् तपाईंहरू—एक छिनपछि बिरामीको मूर्छा खुल्छ—बरु नर्सहरूलाई पनि बोलाउन पठाउनोस्, अब यिनको बच्चा अड्दैन ।"

उनन्तीस

माघ महीनाको झरी, रातको बखत—जाडोले त्यसै त्यसै मुटु कँपाउँथ्यो ।

त्रिपुरेश्वरको अनाथालयको सत्तलको पूर्वलङ्को खुला दलानको अँध्यारो कुनामा एउटी स्वास्नीमान्छे—ठाडो ईंट छापिएको भए पनि खिइसकेको हुनाले बङ्गाराजस्तै चोसेमोसे ईंटको धार निस्केको धूले भूईंमा घोप्टो परेर असीम वेदनाले बराबर कनिरहेकी थिई—ऊँ: ऊँ: ऊँ: ऊँ:……! त्यो स्वास्नीमान्छेका बान्धवजस्तै भएर त्यही दलानमा एकाध भुस्याहा कुकुरहरू गुँडुल्किएर सुतिरहेका थिए । बाग्मतीको चिसो सिरेटोले मुटु छेडेर होला ती कुकुरहरू पनि काँप्तै बरावर कुईं कुईं गरेर कराउँथे । ती कुकुरहरू र त्यो स्वास्नीमान्छेमा त्यस्तो फरक थिएन—जस्तो थियो । कुकुरहरूको आङमा लुतोले रौं खुइलिएर ठाउँ ठाउँमा टाटा परेका थिए—त्यस्तै त्यो स्वास्नीमान्छेको लुगा पनि ठाउँ ठाउँमा फाटेको हुनाले नाङ्गो आङ देखिन्थ्यो । कुकुर पनि बेवारीस, स्वास्नीमानिस पनि बेवारीस । एउटी कुकुर्नीलाई त छाउरा पाउने व्यथा लागिरहेको थियो—त्यसैले ऊ कनिरहेकी थिई – तर त्यो स्वास्नीमान्छे ?– त्यसको पनि त्यही व्यथा हो कि ! जस्तो भए पनि, लुतोले जम्मै रौं झरिसकेको भए पनि कुकुर्नीको डाँगो साथमै थियो—स्वास्नीमान्छेको भने कोही पनि थिएन !—कस्तो बेईमानी हुन्छ नि, मान्छेको जात !

कुकुरहरू दिउँसो रछान कुरेर; यताउता फालिएका पातका रित्ता टपरी चाटेर, बाग्मतीको किनारामा पडिरहेका नाङ्गा हाड टोकेर भए

पनि बास बसेका थिए—तर त्यो स्वास्नीमान्छे चाहिं ? कुन्नि है ।

चारैतिर एकदम सन्नाटा थियो, निष्पट्ट अन्धकार थियो, माघे झरी परिरहेको थियो, सिरेटोले मुटु छेडिरहेको थियो, कुकुरहरू चुइँकिरहेका थिए, सत्तलको दलानको कुनामा स्वास्नीमान्छे कनिरहेकी थिई–दलानको बाहिर पेटीमुनि थामको आडमा दुई, तीन जना मानिसहरूले साउती गरेको सासको शब्द सुनियो । कुकुरहरूले ङ्यार्र गर्दै एकपल्ट टाउको उठाएर चूप लागे । ती कुकुरहरू चूप लागेको भुक्ने शक्ति बिलकुलै नभएर हो वा ती साउती गर्ने मानिसहरूलाई चिनेर हो—बुझिएन ।

साउतीको फुसफुसाहट शब्दको साथै मादक – वस्तुको चर्को गन्ध पनि उडिरहेको थियो—जुन गन्धपूर्ण मादक–पदार्थको सेवन गरेर ती मानिसहरू त्यस्तो जाडोमा पनि त्यसरी तातो भएर हिंडिरहेका थिए । ती मानिसहरूमध्ये एक जनाले बिस्तारै गुनगुनाएर भनेको सुनियो—

"लै जान त, —तँलाई मनपरेको भए !"

अर्कोले भन्यो—

"कल्ले लग्ने, यो भीमेले ?—लग्लास् भीमे तैंले !—तेरो त छँदैछ नि डल्लीमाई, बरु मै लैजान्छु !"

फेरि उही पहिलोले गुनगुनाएर सोध्यो—

"भीमे दिउँसैदेखि कुरिरहेको छ—असाध्ये राम्री छ–रे, हैन कताबाट आइछ ?"

भीमेले बतायो—

"खै आउन त कहाँबाट आएकी हो ! ती मूलसडकको डचोढी-बाट यतातिर दौडेर आई– त्यही साढे पाँच बजेको हुँदो हो, अनि त्यो ढोकाबाहिर लडी पनि । त्यहीं बसिरहेकी थिई—कुन बेला यहाँ पसिछ ! म त बाग्मतीतिर पो खोज्न गएँ । मैले अगि नै भनिहालें नि—मान्छे काइदाकी छ, तर बिरामी जस्ती छ ! हेन र ऊ, कनिरहेकी ! हामी आएको पनि यल्लाई पत्तै छैन !"

पहिलोले भन्यो—

"नाक, कानतिर नि—हेरिनस् ?"

"खै, त्यो त केही पनि याद भएन !".

"वडो हेरिछस् त लाल—बुझक्कड, चाहिने कुरा छैन—नचाहिने कुराको धन्दा !"

दोस्रोले भन्यो—

"डल्ली माईको पोइ यो भीमगिरीको दाउ अर्कै छ—बिरामी जस्ती छ पनि आफै भन्छ उहाँ भने । सूरो भने कत्तिको हेरन, आफू नजीक पर्न समेत नसकेर हामीलाई गुहाऱ्यो—अहिले लैजान्छु भन्छ ! अलिकति इन्साफको कुरा त गर्नुपर्छ—जसको छैन, उसैले लाने ! फेरि यो ठाउँको शिकार मेरै हुन्छ, यो मेरो ठाउँ हो–हेरन, मेरो दाहिने हातै बेकम्मा भएर पो—नत्र म नेपाल हानिसक्थें !—अहिले पनि आओन, दाहिने हातै नचले पनि तिमीहरू दुई जनालाई एकै धक्कीमा पछार्न सकिन भने—मेरो नाम भश्मेश्वर नै हैन !—त्यसैले, वल भने वलै सही, अब बाबा भश्मेश्वरले यो स्वास्नीमान्छेलाई लगेर आफ्नो दाहिने हातको सट्टा एउटा छोरो जन्माउनैपर्छ—हेरन !"

भीमगिरीले आफ्नो दावी गरेर भन्यो—

"पछि जल्ले लग्ला लग्ला—तर मेरो भाग लाग्नैपर्छ ! यसमा मेरो हक छ;—मैले पहिले देखेको, मैले नै तिमीहरूलाई थाहा दिएको–कसो कुम्भेश्वर, भन्न ?"

कुम्भेश्वरले भन्यो—

"हो लग्नत भश्मेश्वरले नै लगोस्—यसको छैन; तर अहिले तीनैजनाले बाँडचूँड गर्नुपर्छ ? हेर्न जा, कस्ती छ, ए भश्मेश्वर—नाक, कानतिर पनि हेर् नि ?"

भश्मेश्वरले भन्यो—

"लाटोकोसेरो हुँ र म—अँध्यारोमा देख्ने ?"

कुम्भेश्वरले भन्यो—

"छामन त !"

भीमगिरीले भन्यो—

"मैले सलाई लिएर आएको छु………!"

तीनजना साथीहरू आपसमा बन्दोबस्त मिलाउँदै थिए।

दलानमा स्वास्नीमान्छे छट्पटाइरहेकी थिई। उसलाई जीवन, मरणको समस्या परिरहेको थियो। ऊ जोडले कनिरहेकी थिई। उसले कसैको कुरा सुनेकी थिइन्—न उसलाई कसैको आगमनको नै पत्ता थियो।

तीनैजना साथी दलान उक्लेर स्वास्नीमान्छेको नगीचै आए। भीमगिरीले सलाई कोर्‍यो। सलाईको उज्यालोमा तीनैजनाले स्वास्नीमान्छेलाई देखे—मरणासन्न स्वास्नीमान्छे ठूलो वेदनामा दाह्रा किटेर छट्पटाइरहेकी थिई। उसको निमित्त यो विश्व—ब्रह्माण्ड नै फुट्न खोजेको जस्तो देखिन्थ्यो। उसका नाक, कानतिर हेरेर कुम्भेश्वर निराश भयो।

भीमगिरीको हातको सलाई निभ्नै पाएको थिएन—एकदमसित त्रिपुरेश्वर महादेवको मन्दिर, चोक र त्यही सत्तलको दलानको नीरवतालाई भंग गरेर दलानकी त्यही स्वास्नीमान्छेकै काख जस्तोबाट धारावाही क्रमले तीखो आवाज आयो—

"चि…हाँऽ! चि…हाऽऽ!! चि…हाँ!!
……………………"

महादेवको मन्दिरबाट प्रतिध्वनि गुञ्जिदै आइरहेको थियो—

"चि…हाँऽ! चि…हाँऽऽ!! चि…हाँ!!!
…… … ……………"

आवाजको पहिलो प्रवाहमा कुम्भेश्वर, भीमगिरी र भश्मेश्वर तीनैजना साथी खूबसँग झस्के। तर उनीहरूलाई चाँडै नै थाहा भयो—यो बच्चाको आवाज भनेर। स्वास्नीमान्छेले बच्चा पाएकी थिई। सब आश्चर्यचकित भए।

भीमगिरीले फूर्तिसाथ अर्को सलाई कोर्‍यो—

स्वास्नीमान्छेको अगाडि बच्चा कराइरहेकै थियो। "स्वास्नीमान्छेलाई अ[illegible] त्यसै भएर ऊ कनिरहेकी

थिई, अहिले बच्चा पाई, हेरन ऊ—छोरो नै रहेछ—छोरो, छोरो !"

कुकुरहरू कराएर चूप लागिसकेका थिए ।

अर्को सलाई पनि कोरियो—

रगतको आहालमा डुबेर बच्चा कराइरहेकै थियो । वेदनाले वेहोश जस्तै भएकी स्वास्नीमान्छे लम्पसार परेर सुस्ताइरहेकी थिई ।

स्वास्नीमान्छे—मन थिइन् ।

तीस

कुम्भेश्वर, भश्मेश्वर र भीमगिरी – एक स्वतन्त्र समाजका स्वतन्त्र मूर्तिहरू थिए जन्मयोगी, साधुमहाराज, गुरुमहाराज, महाराज, सन्त, सिद्ध, बाबा। उनीहरू जोगी थिए । उनीहरूलाई उत्तिसाह्रो सामाजिक बन्धन र डर नभए पनि आफ्नो पारिवारिक जीवनलाई संसारी समाजमा उनीहरू गोप्य राख्न खोज्दथे । बाबु, आमा, कुलकुटुम्ब, लोग्ने–स्वास्नी, ज्वाइँ, भानिज, साला, ज्येठान, ससुराली, घर र माइतीले परिपूर्ण नातागोता भएको उनीहरूको पारिवारिक जीवन व्यावहारिक जीवनजस्तै थियो । बिहानभर उनीहरू बगलमा बडे बडे झोली भिरेर, हातमा खपरू लिएर यत्र, तत्र—गाउँ, शहर र गल्ली गल्लीमा सपरिवार नै छरिएर अलख जगाउँदै भिक्षाटन गरेर हिड्थे, झोली भर्थे। उनीहरूको यो भिक्षाटनको खेतीमा अनिकाल कहिले पनि पर्दैनथ्यो— न यो खेतीमा उनीहरूलाई त्यस्तो परिश्रम नै गर्नुपर्थ्यो। उनीहरूलाई जहिले पनि सहकालै थियो । कुकुर भुक्ने घर र भिक्षा दिन वेर गर्ने घरलाई भने उनीहरू श्राप दिन्थे । धेरै बेर कुर्नुपर्ला भनेर होला 'तुरुन्त दान, महा कल्यान—अलख' भन्ने महामन्त्र पनि उनीहरू जगाउँथे। अलख जगाउँदै हिड्दा—जाने पनि नजाने पनि उनीहरूलाई हिन्दी बोल्नुपर्दथ्यो। गेरुवा वस्त्रसहित विशेष तवरले निधारमा खरानीको त्रिपुण्ड्र, गलामा रुद्राक्ष-माला, हातमा त्रिशूल र डमरू धारण गरेर हिडेको बखतमा कतै उनीहरू महात्मा पनि भनिन्थे । ठूली एकादशी जस्तो पर्व र त्यस्तै बेला वेलाका मेलामा उनीहरू दोबाटोमा आगो बालेर त्रिशूल र चिमटा गाडेर,

अगाडि रुमाल फैलाएर, हातमा जपमाला लिएर, पद्मासन कसेर तपस्या गर्दथे,—च्याँखे थाप्थे । कुनै महात्मा बिहानभर अलख जगाएर हिँडे पनि दिउँसो खेतीपातीको काम र अरू व्यवसाय समेत गर्दथे । कसैकसैको घरबारै हुन्थ्यो । प्रायः ती जोगी परिवारहरू नेपालका पचली, त्रिपुरेश्वर, पशुपति र ठाउँ ठाउँका देवस्थलका सत्तलहरूमा एकलौटी गर्दै आफ्नै कुल-घर संकेर पुख्यौली बिताउँथे । तिनीहरूका स्वास्नीमानिसहरूलाई माई, माई आमा र गुरुमा भन्ने चलन थियो । येनकेन प्रकारले नयाँ नयाँ मोटा शिकारलाई मुड्दै आफ्नो समाज बढाउनको लागि अथवा आफ्नो रोब जमाउनको लागि उनीहरू गुरु महाराज र गुरुमा बन्दथे । हरएक डफ्फामा एक जना थकाली जस्तै एक जना गुरु महाराज अथवा एउटी गुरुमा हुन्थे-अरू सब शिष्य । दाजु, भाइ, छोरा, छोरी, बुहारी, ज्वाइँ, भानिज किन नहुन्— सब शिष्य । एकजना गुरु महाराजका धेरै माईहरू पनि हुन्थे । राम्रा राम्रा युवती माईहरू जवानीको अवसर छोपेर, जवानीको रोजगार गर्न पनि चुक्तैनथे । त्यसैले, प्रायः युवती माईहरूलाई भिक्षा माँगेर हिड्ने उत्तिको फुर्सत हुँदैनथ्यो । कुनै कुनै युवती माईहरू गृहस्थीसँग गएर आफ्नो भेष पनि छोड्दथे । कतै कतै बाबाजीहरूको समेत त्यही चाल थियो । कोही आफ्नो चाकरीले राजालाई रिझाएर बडे बडे जमीनदार, मठाधीश अथवा महन्त महाराज बनेर भूँडी फर्काएर डकार्दै लम्पट हुन्थे, त कसै कसैले ठूल ठूलो जागीर पनि खान्थे–कप्तान, कर्नेल र यता सेक्रेटरीसम्म। उनीहरूको फेशन (भेष) हेरेर—यो फक्कड बाबाजी हो भन्न मुश्किलै पर्छ। धनधान्यको भकारी लगाएर तिनीहरू आफ्नो बिहावारी समेत क्षत्री जाति-सित गर्दछन् - गृहस्थीकै रीतिरिवाजले । तर जतिसुकै धनी भए पनि उनी-हरूलाई गाली गर्नेले फुस्रा र जोगी भनेको सुनिन्छ । माछा, मासु, मद्य र किसिम किसिमका मादक बस्तु यिनीहरू जे पनि सम्भोग गर्दछन्, जे पनि सेवन गर्दछन् । आजकल कति सन्यासी र महन्त महाराजहरू मन्त्री बन्ने धूनमा हिंडेको पनि देखिएको छ । सन्यास–धर्मावलम्वी भएको हुनाले होला-उनीहरूको सम्प्रदायलाई सन्यासी भन्ने चलन छ । सन्यासी धेरै थरीका

हुन्छन् — ती मध्ये नेपालमा विशेष गरेर गिरी, पुरी, भारती र वन इत्यादि देखिन्छन् । तर सन्यास—धर्म के हो ? उपर्युक्त सन्यासीहरू सन्यास धर्मानुसार रहन्थे ?—भन्ने तर्कमा एक कुरामा धेरै सन्यासीहरूले सन्यास—धर्म राखेको देखिएको छ, त्यो हो—जस्तोसुकै भेष बदलिरहे पनि टाउकोमा टुपी नराख्नु । यसमा पनि जटाधारीको कुराचाहिं बेग्लै हो । कुनै कुनै सन्यासीले भने गृहस्थीलाई समेत जितेर मुठी भर भरको टुपी राखेर हिंडेको पनि देखिएको छ । अब, टाउकोमा टुपी नहुने सन्यासी चाहिं आजकाल लुङ्गी अथवा पतलून लगाएर, घाँटीमा कण्ठ—लगौंटको फुर्का झुण्ड्याएर हिंडेको पनि निकै सुहाउँछ ।

ए, अर्को एक कुरामा पनि सन्यासीहरूले सन्यास—धर्मको पालन गरेको देखिएको छ—तर त्यो मरेपछि मात्रै । कुरा के भने—सन्यासीहरूले आगो छुनु हुँदैन—रे । यो कुरा बाँचुन्जेल साध्य नभए पनि मरेपछि भने उनीहरूको लाश नपोलेर गाड्ने चलन छ ।

कुम्भेश्वर, भश्मेश्वर र भीमगिरी कुनै महन्त महाराज अथवा मठाधीश नभए पनि सन्यासी सम्प्रदायकै त्रिपुरेश्वरका महसुर त्रिमूर्ति थिए । बिहानभर उनीहरू नक्कली जटा लगाएर भिक्षाटन गर्दै झोली भर्थे, दिनभर सुत्थे, रातभर निशाचर भएर यत्रतत्र घुम्थे, जुवाको अड्डा जमाउँथे, भट्टीको शान राख्तै भगवतीको मान् गर्थे । यी त्रिमूर्तिहरू पनि चारखुट्टेमा खाट र उड्नेमा चङ्गा छोडेर अरू सब थोक चपाउँथे, सब थोक पचाउँथे । यिनीहरू के गर्दैनथे !—यो भन्न मुश्किल छ ।

भश्मेश्वर—कुम्भेश्वरको सालो थियो, भीमगिरी मामा । भीमगिरी र कुम्भेश्वरको अखाडा पचलीमा भए पनि भश्मेश्वरको सङ्गतमा उनीहरू त्रिपुरेश्वरमै विचरण गर्थे । भश्मेश्वरको निवासस्थान त्रिपुरेश्वरकै सत्तलको दक्षिण—पश्चिमलङको कुनाको एउटा छिंडीमा थियो । ऊ त्यहाँ एक्लै वस्थ्यो । भश्मेश्वर हृष्ट—पुष्ट भूसतिघ्रे र साँढे जस्तै वलियो र जोधाहा भए पनि राती बाली खान जाँदा, किसानको नोल लागेर उसको दाहिने हात वेकम्भा भएको थियो । उसको हात वेकम्मा भए पनि उसित अरू दुवैजना

दथ्यो । ऊ साथीहरूभन्दा विशेष खग्गू र छट्टू पनि थियो ।

नवजात शिशुसहित मनलाई त्यो हालतमा देखेर ती त्रिमूर्तिहरू जिल्लाराम परे । कुम्भेश्वर— मनका नाक, कानतिर केही नदेखेर घाँटी-तिर छाम्ने दाउमा थियो, तर भश्मेश्वरले उल्लाई त्यसो गर्न दिएन । उनीहरूले फेरि अलि वरतिर आएर साउती गरे ।

कुम्भेश्वरले भन्यो—

"मान्छे त राम्री नै हो, कताबाट यहाँ बच्चा पाउँन आइछ ?"

भीमगिरीले भन्यो—

"...होला कसैको गुप्ती पेट—यहाँ आएर बिसाई नाइँ, अब यल्ले यो यहीं फालेर जाने हो कि लिएर जाने हो – बुझ्नुपर्छ । अनुहारले त मान्छे घरानियाँ जस्ती छ कसो भश्मे ?"

भश्मेश्वर गहीरो सोचमा डुबुल्की मारिरहेको थियो—

"भाग्यमानीलाई परी परी आउँछ— यो स्वास्नीमान्छे भए अब भश्मेश्वर बाबाको घरबार राम्रैसित जम्छ - तर यसको यो बच्चो नि ! बच्चोले केही गर्दैन – जसको बच्चो पनि बच्चै हो ! 'उदार चरितानांतु वसुधैव कुटुम्बकम्...' बाबा भश्मेश्वरको छोरोको रहर पुग्ने भो नाइँ ! अरूको भुकाई ? त्यसको पनि बुझो छ ! यही बच्चाले नै यो स्वास्नी-मान्छेलाई यहाँ डोऱ्याएर ल्यायो ! यस्तो ठण्डीको वेला, यो नाङ्गो बच्चो, यो सुत्केरी—बाबा भश्मेश्वरले यिनीहरूको यो सङ्कटकालीन अवस्थामा दया देखाएर स्याहार गरेपछि - यो स्वास्नीमान्छेको हृदयले बाबाको ठूलो गुन मान्नेछ । जे कुराको पनि पहिले अलिकति स्याहार त गर्नै-पर्छ—अनि मात्रै फल फल्छ । स्याहार गरेको फलमा स्याहार गर्नेको हक पनि हुन्छ । महीना, पन्ध्रमै स्वास्नीमान्छे तयार हुन्छे । के हेर्छस् भश्मेश्वर, किन ढीलो गर्छस् ? उठा बच्चा, उठा ! स्वास्नीमान्छेमा आफ्नो वाक्कलाको प्रयोग गर् ! मौका नगुमा !"

भश्मेश्वरले साथीहरूलाई अझ वरतिर तानेर भन्यो—

"कसो भीमगिरी, लग्छस् त तँ ?"

भीमगिरीले आफू पन्छिएर भन्यो—

"अगि त खूब उछिन पाछिन पारेर इन्साफको कुरा गरिटोपलेर कुरा गर्थिस्—अहिले के सोध्छस् मलाई ? माछा देखे दुलोमा हात, सर्प देखे पाखामा—लैजान तैं, छोरो पनि नाफा हुन्छ !"

भश्मेश्वरले भन्यो—

"बढ्ता कुरा नगर, मर्द जे बोल्छ त्यही गर्छ—हेरन, जाओ तिमीहरू !!"

कुम्भेश्वरले आश्चर्य मानेर सोध्यो—

"साँच्चि नै आँटिस् भस्मे ! सुत्केरी पनि भन्दैनस् ?"

भश्मेश्वरले कुम्भेश्वरको कानैनिर मुख लगेर आफ्नो हृदय बोल्यो ।

कुम्भेश्वरले भन्यो—

"त्यसो गरे त हुन्छ—नभए छँदैछ नि अनाथालय ! लौ त जा, फका ! – हामी उही अगिकै ठाउँमा जान्छौं, यहाँ जाडो छ !"

साथीहरूसित छुट्टिएर भश्मेश्वर बिस्तारै सत्तलमा उक्ल्यो ।

मन अर्द्ध चेतनावस्थामा थिइन् । भश्मेश्वरले खूब मीठो र गम्भीर बोलीले साधुवाद प्रकट गर्‍यो—

'जय शिवशङ्कर ! यहाँ केको आवाज हो ?–अहो, बच्चा ? च्व, च्व, च्व, प्रभुको माया अपरम्पार छ ! आमा, बच्चालाई ठण्डी लाग्यो भने खराब हुन्छ ! यहीं सत्तलमै उतापट्टि बाबा सदाशिवको धूनी छ—धूनी तापेर बच्चालाई धूनीको विभूति रमाउनोस्, सकल रोग र पीडा हरण हुन्छ –जय शिवशङ्कर !"

मनलाई त्यो साधुवादमा ठूलो आधार लाग्यो । उनले कुनै देवता प्रकट भएजस्तै मानिन् । उनी केही बोल्न सकेकी थिइनन् ! मौनं सम्मत्ति लक्षणम् – को नीतिले आँट गरेर भश्मेश्वरले सालनालैसमेतको बच्चालाई उठाउँदै भन्यो—

"जय शङ्कर ! — संवैव परमो धर्मः…चिरञ्जीव ! चिरञ्जीव !

बच्चो कठ्यांग्रिसक्यो, अब उठ्नोस्, आमा ! –नजीकै छ धूनी ! शङ्कर, शङ्कर !!"

मनलाई पेट हल्का भए पनि सास फेर्नसमेत प्राणांत परिरहेको थियो । साधुको आशीर्वाद र साधुवादले आफ्नो सारा कष्ट हरण भएको जस्तो लागे पनि साधुले बच्चा उठाएको थाहा पाएर—उनलाई कसैले आफ्नो मुटु, कलेजो नै उठाएको जस्तो लाग्यो । जब भश्मेश्वर बच्चालाई लिएर उठ्यो—मन पनि सकी, नसकी हात टेकेर उठिन् । उनका खुट्टा लग्लगी काँपिरहेका भए पनि उनी बच्चाको पछिपछि लागिन् । उनलाई थाहा थिएन—बच्चाले उनलाई तानिरहेको थियो, आफूतिर खिचिरहेको थियो । त्यो तनाइकै नाम होला—माया, सन्तति – प्रेम !

त्रिपुरेश्वरको चोक पार गरेर भश्मेश्वर—सत्तलको दक्षिण, पश्चिमलङ्को एउटा छिडीमा पस्यो—मन पनि पसिन् । त्यहाँ आगो बलिरहेको थियो ।

एकतीस

माघे संक्रान्तिको दिन वेलुकीपख, सात महीनैमा धनले छोरो पाइन् ।

कप्तान, कप्तान्नी—नातिको मुख देख्न पाएर ज्यादै खुशी भएका थिए—तर धन उठ्न सकिनन् । माइतीको माइतीमै उनी नराम्रोसित थला परिन् ।

उता मधु अर्द्ध—विस्मृतिमा थिए ।

डाक्टरलाई धनको अस्वस्थताले हडबडाउनुपरेको थियो । कारण, धनलाई मधुको सम्पर्कमा राखेर उनको मस्तिष्कमा पूर्वस्मृति गराउने दाउ गरेका थिए—डाक्टरले । अरु धनको मुखबाट उनको प्रेम—कथा नै सुनाउन लाउने विचार थियो—डाक्टरको । तर धन आफै नराम्रोसित ढलिन्, सिकिस्त नै भइन् । एकपल्ट त उनको निम्ति डाक्टरले समेत हरेस खानुपर्‍यो । सब निराश भएर धनलाई घाटमा लाने बन्दोबस्त समेत गर्दै चोकमा पनि सारिसकेका थिए—रुवावासी चल्यो । धनलाई हेर्न सासू, ससुरा, नन्द—धनको माइतीमा आइरहन्थे । उनीहरूले समेत धनको आशा मारिसकेका थिए तर धन आफै बौरिइन् । बिस्तार बिस्तार, उनी औषधीको जोडले तङ्ग्रिँदै आइरहेकी थिइन् । उता, मधु पनि ठीक जस्तै देखिन थालेका थिए—कहिलेकाहीं मात्रै उनको स्मृति बिग्रन्थ्यो । विस्मृतिमा उनी अब उत्पात समेत मचाउन थालेका थिए—मान्छेहरूलाई पिट्ने, गाली गर्ने र भाँडाकुँडाहरू फ्याँक्ने इत्यादि; कहिले भने एकदम सद्दे ।

ओछयानको औछयानैबाट आफ्ना वन्धु, आमा र सासू, ससुरा हरूमा धनले एउटा प्रस्ताव राखिन् । उनको प्रस्ताव थियो– मधुला वसन्तकी बहिनी मिठ्ठू दिएर उनीहरूको विवाह गरिदिने ।

धनको प्रस्तावमा सब खुशी भए । धन र मिठ्ठका पिता, माता हरूबाट प्रस्ताव स्वीकृत भयो । मधुका पिताले पनि मिठ्ठूलाई हेरेर मधुको विवाह गर्न राजी भए । धनकी नन्द मिठ्ठूले लाज मानेर मञ्जूरीको टाउको हल्लाइन् । मधुले पहिले त बिहा गर्न मञ्जूर गरेका थिएनन्– तर सबले सम्झाए, बुझाए, पछि धनको प्रार्थना– पत्र पढेर आफ्नो धनमा उनले "हुन्छ" भन्ने बचन दिए । सबतिरबाट धनको प्रस्ताव पास भयो । दुवैतिरबाट विवाहको कामकुरा छिनियो ।

मिठ्ठू - हलक्क बढेकी, सलसलाउँदी पन्ध्रवर्षकी ललना थिइन् । नागरिक जीवनमा बाल्यावस्थादेखि नै पुतलीको विहा गरेर खेल्दै कुखुरे बैंसको भावुक खुड्कीलोमा उक्लिरहेकी । अमरमाया जस्ता प्रेमनाटकका पुस्तक उनलाई प्रिय लाग्थ्यो । गजलका गीतहरू पनि उनी लुकी, लुकी गाउँथिन् । विवाहको नाम सुन्दैमा पनि उनलाई कसैले कुत्कुती लाइदिए को जस्तै लाग्थ्यो । जसको होस् बाहिर सडकमा ल्याइरहेको विवाहको बाजा सुन्नेबित्तिकै उनी मीठो निद्राबाट पनि बिउँझेर दुलहा, दुलही हेर्न दौडन्थिन्, भर्खर खान बसेकी किन नहुन्—भागै छाडेरसमेत दौडन्थिन् । अनि किसिम किसिमका टीका, टिप्पणी र समालोचना गर्थिन्—दुलही यस्ती र दुलहा यस्तो भनेर ।

दाजुको विवाहको मिठ्ठूलाई खूब चासो थियो– शायद रोलको निम्ति होला । दाजुको बिहामा रत्यौलीकी नायिका पनि उनै थिइन् । विवाह गर्ने दाजुलाई र अरू परिवारलाई भन्दा उनलाई नै बढ्ता रमाइलो लागेको थियो । विवाहको रातमा त दाजु, भाउज्यूको गोलमाल पर्यो– विवाहको भोलि, पर्सिपल्टसम्म पनि उनले दाजु, भाउज्यूको कोठामा च्याउन छाडेकी थिइनन् । दिउँसै पनि मटानमा ओहोरदोहोर गर्दा दाजु भाउज्यू बसिरहेको कोठाको ढोकानिर यस्सो अडिएर भित्रतिर कान थापे

…सुक्क हाँसेर टाउको हल्लाउनुपर्थ्यो उनलाई—भित्रको कुनै कुरा सुनेर …या नसुनेर हो—उनै जानून् ।

हँसमुखी मिठ्ठू बित्पातेको साथै नक्कले पनि थिइन् । उनलाई …, खुट्टा, नाक, मुख र जीउको समेत भाउ लगाई, लगाई अर्काको नक्कल … गर्नुपर्थ्यो । उनी जसको पनि दुरूस्त नक्कल गर्थिन् । उनी नाच्थिन् …नि ।

मिठ्ठू गोरी नै थिइन्—तैंपनि उनलाई पाउडर यसरी पोत्नु-…र्थ्यो–उनको मुख चून पोतेको चिवा जस्तै देखिन्थ्यो । ओठमा लाली …स्तै किसिमले थोपर्थिन्, उनी महिषासुरको रगत पिएकी भगवती जस्ती …खिन्थिन् । उनी आँखामा गाजल उस्तै लोपर्थिन्— वज्राचार्यको ढोका-…मा लेखेको बलडयाङग्रे आँखा न हो ।

मिठ्ठूको हुलिया लेख्नुपरेमा — उनको त्यस्तो देखिने किसिमको …ठीसोठी त केही थिएन—न कुनै घाउको खत नै देखिन्थ्यो । अरू …वयवको बयान लेख्ने हो भने ठाउँ ठाउँमा सबैको हुन्छ, अलिकति बान्की …रक होला —त्यत्ति हो । अँ, उनका आँखिभौं भने उनले कुरा गर्दा …ातिनैपिच्छे कुनै जीवधारी वस्तु नै हो कि भने झैं गरेर खूब सल्सलाइ-…रहन्थे । उनी चूप लागेको वेलामा पनि बोल्न सक्सकाए जस्तै उनको …ओठ फरफराइरहन्थ्यो । उनको चिउँडोको बीचैमा विशेष तवरले गहीरि-…एको एउटा यस्तो ऊर्ध्वरेखा थियो—जसले गर्दा चिउँडाका दुइ फक्ल्याँटा …स्पष्ट छुट्टिएका थिए, उनको हिसी पनि त्यसैमा थियो । उनको ध्यान पनि …त्यही हो – कम्मर ज्यादैसँग छिनेकोले शरीरको भार थाम्न सक्ला जस्तो । …पुट्ठा निकै उक्सेकोले पुष्ट जाँघले थामेको, सुडौल पिडौंला र कोमल पाउ …सब दुरुस्त थिए ।

मिठ्ठूले भाउज्यूको मुखबाट मधुको बयान सुनिसकेकी थिइन् । …मधु खूब मन पर्‍यो उनलाई । त्यसैले, उनले मधुसँग आफ्नो विवाहको …कुरा चल्नेबित्तिकै सफलताको निम्ति दक्खिनकालीमाईलाई बोको भाकल …गरेर प्रार्थना गरेकी थिइन् ।

मिठ्ठू र मधुको स्वयम्बर भयो ।

विवाहको शुभ–मुहूर्त तय भए पनि एकाध हप्ता बाँकी नै थियो। विवाहको लगन—त्यस वर्षको फागुन महीनाको आखिरी हप्ताको दिनको अन्तिम लगन थियो ।

मिठ्ठू घडीको टिक टिक गनेर—विवाहको दिनको प्रतीक्षा गरिरहेकी थिइन् । उनी नानातरहको कल्पना गर्थिन्, कल्पनै कल्पनामा रातका रात छर्लङ्ग बिताउँथिन् ।

विवाहघरको दुवैतिर धूमधामसित विवाहको बन्दोबस्त भइरहेको थियो । जति जति विवाहको दिन नजीक हुन्थ्यो उति उति मिठ्ठू आतुर हुन्थिन् । आखिर विवाहको दिन आयो । विवाहको दिन आए पनि साइपाटापछि जन्तीको प्रतीक्षा गरिरहेकी थिइन्—मिठ्ठू ।

भडक साथ जन्ती आयो—मिठ्ठू लुकेर च्याइरहेकी थिइन् । बरनीको काम पनि भयो । कन्यादानको काम पनि वेलैमा सुसम्पन्न भयो ।

भोलिपल्ट दुलहा, दुलहीलाई जग्गेमा बसाले । विवाहको मन्त्र फलाक्तै ब्राह्मणहरू होम गरिरहेका थिए—विवाहको विधिविधान चल्दै थियो । मधुलाई विधिविधानहरू सब भद्दा र नचाहिंदो लागिरहेको थियो । उनी फर्को मानिरहेका थिए । उनको मस्तिष्कमा बिजुलीको करेण्ट लागेजस्तै बराबर फन्न फन्न भइरहेको थियो । लगनगाँठो समातेर दुलहीको पछि पछि जग्गे घुमिरहेको वेलामा मधुले—कसैले धनको नाम उच्चारण गरेर कुरा गरेको सुने । धनको नाम सुन्नेबित्तिकै उनलाई एकदमसित सनक चढेर आयो । उनले कराएर भने—

"को हो यहाँ धनको नाम लिने—को हो ? मेरो धनसँगै त बिहा भइरहेको छ नि !"

दुलही जिल्ल परेर थर्र काँपिन् ।

मधुको बौलट्टी कुरा सुनेर एक डफ्फा मान्छेहरू खूबसँग खित्का छोडेर हाँसिरहेका थिए ।

मधुको सनक बढिरहेको थियो । मान्छेहरूले हाँसेर उनको हुँस्सी उडाएको, उनलाई गिज्याएको, उपेक्षा गरेको–उनलाई अनुभव भयो । उनले आफ्नो तलाङ्ग तुलुङ्ग मालासाला सब चुँडाल्दै फेरि ठूलो स्वरले सन्केर कराउँदै भने—

'दुलही धन हैनन् भने—मलाई यहाँ किन ल्याएको त ? म गर्दिनँ बिहा, गर्दिनँ, गर्दिनँ !"

ब्राह्मणहरूसहित जग्गेमा उपस्थित सारा मान्छेहरू उर्तसिएर—"हा, हा यो के गरेको !" भनेर कराउँदै मधुलाई सह्माल्ने अभिप्रायले समाते । एकजना दुलहा मधुसित धेरै मान्छेहरूको कुस्ताकुस्ती पर्‍यो । जग्गेका सामग्री र मालसामानहरू सब हान्डाङ्ग हुन्डुङ्ग भए, छ्यान्न म्यान्न भयो, चक्नाचुर भएर फुटे, छरपुट्ट भएर छरियो, छताछुल्ल भएर पोखिए, भताभुङ्ग भएर बिग्रियो, भत्कियो, भलिद्र भयो, सखाप भयो हाहाकार मच्चियो । सारा मान्छेहरूबाट फुत्केर मधु कराउँदै दौडे—

"म गर्दिनँ यो बिहा, गर्दिनँ गर्दिनँ !"

मधु कराउँदै बेपत्ता भए ।

मधुलाई समात्न पछि पछि गएका मान्छेहरूको हार भयो ।

स्वाँ, स्वाँ र फ्वाँ, फ्वाँ गरिरहेका मानिसहरू सब आश्चर्यचकित भइरहेका थिए । जग्गे चँदुवा हल्लाएर हाँसिरहेको थियो ।

मोहनले रिसाएर भने—

"मैले पहिले नै नभनेको हुँ र—बौलाहाको भर हुँदैन भनेर लौ, भएन के बिहा…!"

मिठ्ठूले आफ्नो भयङ्कर मान–हानि भएको संझिन् । उनी पनि दौडेर मास्तिर उक्लेकी थिइन्—आवेशमा उनले आफ्नो जीउको लुगामा मट्टीतेल खन्याएर आगो सल्काइछन् । माथि नै फेरि ठूलो कोलाहल मच्चियो । तलका मानिसहरू पनि सब अटाई नअटाई माथि नै पुगे—तै

माथिका मान्छेहरूले मिठ्ठूको जीउको आगो निभाए छन् । ठाउँ ठाउँमा पोलिएर भए पनि मिठ्ठू बाँचिन् ।

तर—

विहाको लगन टऱ्यो ?

बत्तीस

चारैनिर सन्नाटा र अँध्यारो थियो, खरीको आवाज मात्र प्रष्ट सुनिन्थ्यो ।

आगोको उज्यालोमा मनले आफ्नो नवजात शिशुलाई बोकेर ल्याउने उपकारी व्यक्तिलाई दयनीय दृष्टिले हेरिन्—गेरुवा वस्त्रधारी त्यो मूर्तिको रूप र रङ्ग ज्यादै नै डरलाग्दो थियो, जति उसले उनलाई आफ्नो परोपकारिता देखाइरहेको थियो–हृष्ट–पुष्ट, भूसतिघ्रे र कालो-मुस्लो अनुहार । मनको शरीर सिरिङ्ग भएर काँप्यो । आगोको ज्वाला-मा उनले आफ्ना बितेका दुःखका दिन र समाज, समाजको व्यक्तिको धोका, जाल र पापी अनुहारहरू एकपल्ट फेरि दोहोऱ्याएर देखिन् । उनले गोदावरी र गोदावरीका प्रभुलाई देखिन्—अनि आफू त्यस महाजालको फन्दाबाट फुत्केर त्यो रातको बखतमा खोलाको बगरै बगर भागिरहेको कुरा पनि संझेर देखिन् ।

मनले आफ्नो अतीतका घटना कुन रूपले संझिन्—त्यो उनकै कुरा हो; तर उनको यथार्थ घटना—

मन–गोदावरीको घरबाट निस्केर अँध्यारोमा सासै नफेरेर, बाटो अबाटोको पर्वाह नै नगरेर सोझै पूर्वतिर . खेतै खेत दौडेर धोबीखोला पुगिन् । बाढी आएको धोबीखोलाले उनको बाटो छेक्यो । उनी फेरि किनारै किनार खोलोसँगै तलतिर दौडिन् । उनी कतिपल्ट हिलामा परिन्, कतिपल्ट लडिन्, उनका हात, खुट्टामा कति काँढा बिझे ।—उनलाई केही थाहा भएको थिएन । केही बेर दौडेपछि लामो सास फेरेर उनले यता

उति आँखा लगाइन्—अब कहाँ जाने, भनेर होला । धोबीखोला–पारी कतै कतै बत्ती बलिरहेका थिए—तर खोला तर्न मुश्किल थियो । किनारै किनार दौडिरहे पनि कहाँ जाने ? खोलोको त लक्ष्य थियो, नियमित गति थियो—मनको थिएन । उनी विचलित भइरहेकी थिइन्—खोलाको किनारबाट पश्चिमतिर लाग्ने एउटा डोरेटो फेला पर्‍यो—उनी त्यतैतिर लागिन् । डोरेटो उकालो लागेको थियो ।

अलिकति डोरेटो उक्लने बित्तिकै मनले दायाँतिर ढिस्कोमा एउटा मन्दिरजस्तो देखिन् । ढोका नभएको मन्दिर खुला थियो—मन त्यहीं पसिन् ।

मनले छामेर थाहा पाइन्–मन्दिरको देवता पश्चिम फर्केर भित्तामा अडेस लागेका थिए । उनले अझ छामेर लख गरिन्—'वीणा, पुस्तक धारिणी' ढुङ्गाको त्यो स्निग्ध मूर्ति सरस्वतीको थियो । मनले सरस्वतीको पाउमा शिर राखेर प्रणाम गरिन्—अश्रु–जल चढाइन् । त्यहीं लम्पसार परिन् ।

मनले यति जोडले सरस्वतीको पाउमा शिर राखिछन्—ढलोटे भाँडाको आवाजले मूर्ति ठ्याङ्ङ बज्यो● । उनलाई अन्त कतै पनि ढुङ्गाको मूर्ति यसरी बजेको थाहा थिएन ।

रात धेरै नै बितिसकेको थियो । सरस्वतीको पाउमा लम्पसार परेको डेढ दुई घण्टापछि नै मनले यता र उता अलि परबाट घण्ट बजेका सुनिन्, कुकुराहरू पनि बास्न लागे । मन अब कहाँ जाने र के गर्ने भनेर सोच्तै थिइन्– डोरेटोमा मान्छेहरू हिंडेको आवाज पनि आयो । उनले मन्दिरबाट बाहिरतिर च्याएर हेरिन्—अलिकति अगाडि उही डोरेटोको बायाँपट्टि परखालभित्र बगैंचा—जस्तोको बीचमा अर्को

● यो मूर्ति यसरी बज्दछ । यो बज्ने मूर्ति चोरी भएको थियो, पछि पुनः पाइएर हाँडीगाउँको डबलीमा नयाँ मन्दिरको निर्माण भएर स्थापना गरिएको छ । —ग्रन्थकार

मन्दिर थियो । त्यो मन्दिर, सरस्वतीको मन्दिरभन्दा ठूलो थियो । डोरेटोको अझ अगाडि ढुङ्गाको ठाडो सिंढी थियो – अनि धेरै घरहरू थिए । मिर्रिर् उज्यालोमा सरस्वतीको मन्दिरबाट निस्केर मन अगाडिको मन्दिरमा गइन् । त्यो कुनै नारायणको मन्दिर थियो—मन्दिरअगाडि शिलास्तम्भमा गरुडको मूर्ति थियो । मन—मन्दिरको प्रदक्षिणा गरेर बाहिर निस्किन् । परखालको ढोकाबाहिर उही डोरेटोको बीचमा एउटा भूँडे गणेशको मूर्ति विराजमान थियो । मन त्यहीं थ्याच्च बसिन् । कारण, कहाँ जाने र के गर्ने भन्ने चिन्ताले उनका हातखुट्टा नै फतक्क गलिरहेका थिए । उनको कुनै लक्ष्य थिएन । उनका दुवै हातले टाउकोलाई टेवा दिएर अड्याएका थिए ।

मनको हिजोको शृङ्गार आज वासी भए पनि दुरुस्तै थियो । लुगामात्र कतै कतै बिग्रेका थिए ।

धोबीखोलातिरबाट एक जना मान्छे लट्ठी टेक्तै आइरहेको थियो । त्यति सबेरै झिसमिसेमै त्यो मान्छे कुनै मौलिक काम या मामको बन्दोबस्तमा हिंडेको हो वा मन्दिरको देवताको दर्शन गर्न हो अथवा धोबीखोलाबाट शौचादि क्रियाले गह्रौं पेटलाई हल्का गराएर आएको हो—मनलाई थाहा भएन । खियाउटे र सानो गाँठी जीउको भए पनि चाउरी परेको अनुहारले त्यो मान्छेलाई अलि पाकै उमेरको बताउँथ्यो । उसले बाँडाहरूले लाउने किसिमले नाकको डाँडीमा अडाएको बदामी बान्कीको चश्माबाट उसका दुई आँखा नाङ्गै देखिन्थे । ऊ भलाद्मी जस्तै थियो । उसले त्यसरी अलपत्र परेर डोरेटोमा बसिरहेकी मनलाई देखेर गड़ेर हेर्दै, अडकल लगायो —

"आकाशको तारा आज यहाँ कसरी खसेछ अथवा यी स्वर्गकी अप्सरा खसेर आएकी हुन् ? – कस्तो आँखै तिर्मिराउने सौन्दर्य ! हैन, भित्र मन्दिरका सत्यनारायणलाई चढाउन ल्याइएका फूलहरूमा कसैले यसलाई हिलो लागेको ठहऱ्याएर यहीं फालिदिएको होला—तर यो सूर्य... पार्वतीलाई

विष्णुको झूठो कुरा पत्याएर यहीं मिल्काएर हिंडेको हो—के हो? कहिले त राजमुकुटमा जडिने हीरा पनि कसरी मिल्किन्छ भूईंमा ! भूईं ?—भूईंबाटै संसारका अमूल्य वस्तु उत्पन्न हुन्छन् । सीता पनि भूईंबाटै निस्केकी न हुन् !—तर यी सुन्दरी कुन सीता हुन् ? —बुझ्नैपर्छ ?"

चश्माधारी व्यक्तिले आफूलाई अरू पुरुषबाट छुट्टाएर हो वा आफू पुरुषत्वबाट बाहिर भएर हो मनैमन खूब कुरा कथेर भूमिका बाँद्धै मनसँग प्रश्न गऱ्यो—

"संसारका चाइने लोग्नेमान्छेहरू ज्यादै बेइमान हुन्छन् । आफ्नो घरमा गएको चाइने सिन्धुको बिन्दुलाई अनादर गरेर चाइने नालको पानीको कदर गर्छन् ! नानी, यहाँ कताबाट चाइने यो वेलामा ?"

मनले टाउको उठाएर त्यो चश्माधारी प्रौढ व्यक्तिलाई हेरिन् । त्यो व्यक्तिले आफ्नो परिचय दिएर फेरि सोध्यो—

"म त चाइने यहाँकै वासिन्दा हुँ, यही चाइने हाँडिगाउँको ! तर हाँडिगाउँ त चाइने नाम मात्रै हो, मनमानेश्वरीको स्थानैनिर चाइने मेरो घर छ ! नानी चाइने कताबाट हो कुनि—यतातिर त चाइने नानीको घर हैन !"

मनमानेश्वरीको नाम सुनेर मन झसंग भएजस्ती भइन् । किनभने, उनको नाम पनि त्यही थियो । उनलाई ती चश्माधारी व्यक्तिसित केही दुःख पुकारा गरूँ गरूँ जस्तो लाग्यो । उनले भनिन्—

"बा ! म दुःखले खेदिएकी अभागिनी हुँ । अँधेरी रातमा लड्दै-पड्दै म यहाँ आएँ; कुन बाटो आएँ, कताबाट आएँ—मलाई नै थाहा छैन, मेरो कतै जाने ठाउँ पनि छैन !"

बा, भनेर दुःख पुकारा गर्दा मनको आँसु पनि उर्लियो ।

मनको पुकाराले ती चश्माधारी व्यक्तिको हृदय बेसरी हल्लायो। उनी सोचिरहेका थिए, तर्क गरिरहेका थिए—

"जस्तो राम्रो रूप, उस्तै मीठो कण्ठस्वर ! दुःखले खेदिएकी रे, कुरा साँचो हो ! नत्र यिनी यहाँ किन आउँथिन्—के भेट हुन्थ्यो

चश्माधारीको ! यो त नसीबको कुरा हो, यिनलाई घरमा लग्दा कसको जीवन सफल नहोला ? यस्ती राम्री स्वास्नीमान्छे– मान्छे सपनामा पनि पाउँदैनन्– यो त बिपनै हो; कि यो विपना जस्तो सपना हो ! हैन, सपना जस्तो विपनै हो ! यिनलाई आश्रय दिएर कदर गरे यिनको दुःख पनि जान्छ— किनभने, स्वास्नीमान्छेकै दुःख न हो ! अरूले के भन्ला ? अरूको के पर्वाह, आफ्नो घरको आफै मालिक – आफै राजा ! आफ्नो परिवार, आफ्नै परिवार हुन्– अरूलाई अर्काको घरको कुरामा के वास्ता ? अरूले के भन्ला भन्ने लाछीलाई दुनियाँको कुनै सुख पनि उपलब्ध हुँदैन; मान्छेमा आँट पनि हुनुपर्छ ! उमेर ? यसै भएर नै यो मौका चुक्नु हुँदैन ! बाटोमा एउटाले अमूल्य रत्न भेट्टायो—कुन जवान, कुन बूढो—जल्ले पनि लिन्छ ! बूढोले नभेट्टाउनु, उमेरदारले भेट्टाउनु भन्ने नियम पनि छैन ! समुद्रको पानी सबको निम्ति, सूर्यको तेज सबको निम्ति, बगैंचाको फूल सबको निम्ति – यसमा कसैले पनि एकाधिपत्य गर्न पाउँदैन ! कुरा के भने कसले, कुन वस्तु, कति उपभोग गर्न सक्छ—त्यति गर्छ, त्यो बेग्लै कुरा तो ! तर बाको साहिनु ? – यो अलि मन नपर्ने कुरा हो । यसमा पनि के ? - यो त मुखको साहिनु हो ! नानी भनेपछि, एक किसिमले बा भन्नु पनि पऱ्यो । जीउको साहिनु लागेपछि मुखको साहिनु त्यसै बखत हुन्छ ! दुइटी ? मर्दका दसौटी हुन्छन्—भने, तीनौटीका के कुरा ! मुख्य कुरा – मान्छेले हात परेको वस्तु गुमायो भने, पछि सान गरेर त के टाउकै फोरे पनि पाउँदैन । मान्छे त यति राम्री, नाम कस्तो होला यिनको सोध्नै पर्छ ! अरू कुरा त यिनलाई अहिले नसोधेर आँखा चिम्लनु बेस छ किनभने; कुनै विघ्नबाधा आइपर्ला, फेरि यिनको कत्रो घाउ होला— त्यसको खाटै उप्कला, आँसु झर्ला—अनि के फाइदा ? नाम पनि एक्कासि कसरी सोध्नु ! ए, पहिले आफ्नो नाम बताएर सोधे त सिलसिला मिल्छ !"

चश्माधारीले मनको कुरामा बडो दुःख मानेजस्तै जिब्रो बजाएर भने—

"च्व, च्व, च्व, च्व, कठै ! भइहाल्यो बा ! दुःख भनेको चाइने एकपल्ट सबैलाई पर्ने कुरा हो—आत्तिनु चाइने हुँदैन ! त्यसो भए चाइने मेरो घरमा जाऊँ त ! मेरो चाइने छोरा, बुहारी छन् जहान छन् चाइने नानीलाई सुविस्तै हुन्छ—नजीकै छ र घर ! मलाई चाइने यसतिरका चाइने मान्छेहरू "चाइने सुब्बा" भन्छन्—गाउँ घरमा चाइने जसलाई पनि मै चाइने चाहिन्छु, त्यसै चाइने भएर होला। अघि चाइने म सुब्बा थिएँ। अहिले आकाश— खेती चाइने भए पनि नोक्सान छैन। म मान्छेहरूको चाइने मुद्दामामिलाको कागतपत्र हेरेर वकीली काम गर्छु, झगडियाहरू चाइने निकै धुइरिन्छन् ! अँ,···चाइने बितेका कुरा सम्झन चाइने हुँदैन, त्यो बिर्सन चाइने अरू कुरा नै गर्नुपर्छ ! अँ, नानीको चाइने नाम के होला !"

मनले सुब्बाको भरोसा गरेर बताइन्—

"मन मानेश्वरी !"

सुब्बाले खुशीको साथै आश्चर्य भएर सोधे—

"मन मानेश्वरी भगवती।"

मन चूप थिइन्। सुब्बाले तेल हाल्नुपर्ने आवश्यक परेको सुख्खा कलको जस्तै रूखो आवाज निकालेर भने —

"मन मानेश्वरी चाइने मन मानेश्वरीमा ! यसमा चाइने कुनै दैवी कुरा छ—लौ त जाऊँ जाऊँ !"

मनलाई कसैको आश्रय चाहिएकै थियो— नत्र कहाँ जाने, कहाँ भौंतारिने—कहाँ मर्ने ? उसमाथि उनलाई सुब्बा आफ्नै बाबु प्रकट भए जस्तै लाग्यो।

मनले रोएर विनय गरिन्—

"मलाई टाउको लुकाउन वास दिएर मेरो शरण लिनुभए गाँसको निम्ति म बाको घरको काम गर्छु !"

"लौ लौ जाऊँ ऐले—कुरा पछि गरे पनि चाइने हुन्छ !"

तेत्तीस

सुब्बाको घरमा आएर मनले थोरै दिनमै सुब्बा र उनको घर-को बारेमा धेरै कुरा थाहा पाइन् । सुब्बाका ब्याहिते र ल्याइते गरेर दुइटी स्वास्नी रहेछन्, पाँच छोराछोरी— तिनीहरूमध्ये दुई जना जुँगा मुठे छोरा—यद्यपि जुँगा खौरेका किन नहुन्, जवान जवान दुइटी छोरी; एउटी छोरी भने सानी नै थिई । ज्येठो छोरो गोज्याँग्रो र हरिलट्ठक भए पनि आकाशको चरो खसाल्ली जस्ती बुहारी । कान्छो छोरो लायक र बाठो भए पनि विवाह भएको थिएन । भाउज्यू र देवरमा मेल थियो। एउठी नातिनीसमेत गरेर सम्पूर्ण परिवार गाभ्दा सुब्बाको दशाननावतार थियो ।

सुब्बाको घरमा अशोक बाटिकाकी सीता जस्तै मन एक्लै कोठामा बसेर रोइरहन्थिन् ।

गाउँ, घरमा "चाइने सुब्बा" कहलिए पनि कागत - पत्रमा सुब्बा लेख्ता रहेछन्—"सु० चक्रवीर खत्री ।"

सुब्बा बडा खग्गड र रकमी थिए । उनी मान्छेहरूलाई आफ्नो वशमा राख्न – पहिले मान्छेको दोष पत्ता लगाएर कसैको टुपी, कसैको जुँगा र कसैको नाक नै आफ्नो मुठीमा राखेर मान्छेहरूलाई खूब खेलाउँथे । आफ्नो खल्तीको स्वार्थमा मान्छे, मान्छेमा उनी मुद्दा पनि लगाइदिन्थे । गाई, भैंसीहरूलाई कन्याउँदा, कन्याउँदै ब्वाँसोले आन्द्रा, भूँडी मात्रै झिक्छ - सुब्बा साहेब त चिप्लो घस्दाघस्दै मान्छेको घर, खेतसमेत झार्दथे । उहिले अड्डामा पनि उनको खल्ती भर्ने दाउ धेरै

थियो। वास्तै नभएको मान्छेको दोष पत्ता लाउनसमेत उनी रात रात-भर यता र उता घुम्थे। उनको मुख्य इलम नै त्यही थियो। उनी चोर पक्रन पनि ज्यादै चतुरा थिए। त्यही किसिमसँग घरमा पनि उनले आफ्नो सत्ता जमाएका थिए। उनी विचार गर्थे—यति बुद्धिमानी नगरे कसरी दुइटी स्वास्नी सुमर्नु!—न भन्दै सौता, सौतामा जत्रोसुकै इवी र जलन भए पनि दुइटै स्वास्नी सुब्बाको अगाडि यसरी दब्थे—जसरी पुलिसको अगाडि चोर दब्छ। ज्येठो छोरो त हरिलट्ठक नै थियो, बुहारी जतिसुकै छत्तीसे भए पनि ससुरासित बोल्न सक्तिनथी, बाठोमा दरिएको कान्छो छोरोसमेत बाबुको अगाडि टाउको ठड्याउन सक्तै नथ्यो। बाबुलाई देख्नेवित्तिकै छोरीहरू पनि डराएर रातो मुख लाउँथे। केटा-केटी त केटाकेटी नै भइहाले—घरमा एकाधिपत्य शासन थियो—सुब्बा साहेबको।

सुब्बा कुन बेला, कहाँ जान्छन्—के के काम गर्छन्, कुन बेला घरमा आउँछन्—उनका परिवार कसैलाई पनि थाहा हुँदैनथ्यो। उनी आधारातमा पनि निस्कन्थे।

सुब्बाले मनको निमित्त एउटा छुट्टै कोठा दिएका थिए।

मनलाई—"अहिले कसैसित केही कुरा नगर्नू, कसैले खोजीनिती गरे पनि केही नबताउनू" भन्ने सुब्बाको सम्मति थियो। मनलाई पनि कसैसित कुरा गरिरहने कुनै आवश्यक थिएन।

घरका परिवारहरूलाई पनि सुब्बाले मनको परिचयमा साउती गर्दै उस्तै किसिमको कुनै ठूलो कुरा देखाएर—कसैले केही कुरा नगर्नू भन्ने कडा उर्दी दिएका थिए। उनले भनेका थिए—

"..... चाइने भन्नु हुँदैन, नाम लिनसमेत चाइने मलाई मनाई छ। यिनी एउटा चाइने ठूलै मान्छेकी छोरी हुन्!—दरबारी चाइने पेच के के हो, के के हो, चाइने जानि नसक्नु! बिचरी यिनी पनि चाइने आफन्तकै पेचमा परिछन्। मान्छे जतिसुकै ठूला भए पनि चाइने ममाथि यिनका बुबा, मुमाहरूको चाइने ठूलो विश्वास भएकोले अति

दिन चाइने यिनलाई मेरा जिम्मामा चाइने सुम्पेका ! ठूला, बडाका कुरा के गर्नु—त्यस्तै त होनि आफूले पनि चाइने उहिलेदेखि नै मानिआएको । अहिले पनि नाइँ—नास्ति गर्न सकिएन ! यिनी यहाँ छन्—भन्ने चाइने कतै कुरा नगर्नू, यिनीसँग चाइने कुनै चाहिने नचाहिने कुरा गरेर खोजीनीति पनि नगर्नू !"

सुब्बा साहेबको तीक्ष्ण दृष्टिले मनलाई देख्तैमा यो नम्बरी सुनको मूर्ति हो—भन्ने कुरा पहिचान गरिसकेका थिए । कोमलाङ्गिनी सुन्दरी मनलाई ठूलैकी छोरी हुन् भन्दा सुब्बापरिवारले नपत्याउने कुनै कुरा थिएन ।

ज्येटी, कान्छी सुब्बिनीहरू समेत सुब्बापरिवारले यता र उताबाट च्याइरहे पनि, आश्चर्य मानेर हेरिरहे पनि मनले सुब्बाको घरमा दिनपछि हप्ता र हप्तापछि महीना पनि व्यतीत गरिरहेकी थिइन् ।

केटाकेटीलाई समेत ह्प्काएर आउन नदिए पनि सुब्बा आफूचाहिं एक एक कुराको बहाना गर्दै मनको कोठामा आइरहन्थे, बसिरहन्थे । ऊँचो स्वरमा उनी मनलाई "मैसाप" भन्थे, सानो स्वरमा "नानी" । उनको कुरा सधैं बेठेगानको हुन्थ्यो । उनी कहिले के भन्न आउँथें, कहिले के । कहिले उनी ऐना, काँगियो र तेलको सिसी लिएर आउँदै भन्थे—

"किन कपाल चाइने फुर्त्रै राखेको ?—जे चाहिएको चाइने कुरा त भन्नु पो पर्छ !"

मनसँग कुरा गर्दा सुब्बा साहेब मनको सौन्दर्य हेरी हेरी खूब रद्द हुन्थे । मनको माथिदेखि तलसम्मको एक एक शरीरावयवमा सुब्बाको दृष्टि खूब गड्थ्यो, रसास्वादन गरी गरी खूब रम्थ्यो । मन भने सुब्बाको अगाडि बसेर कुरा गरिरहन सङ्कोच मान्थिन् कहिले उनलाई फर्को लाग्थ्यो ।

सुब्बा कहिले बाहिरैदेखि आवाज गर्दै आउँथे, कहिले र उनी बिरालोको चालले लुसुक्क मनको कोठामा पसेको पत्तै हुँदैनथ्यो । सुतिरहेको बेलामा समेत उनी लुसुक्क मननिर आएर बस्तथे, उनका आँखाले

घण्टौंसम्म मनको शरीर सुँघ्थे, खुट्टादेखि टाउकोसम्म र टाउकोदेखि खुट्टासम्म सुँघ्थे—थाहा नहुने किसिमले यताउति मनको शरीर हल्का तवरसँग मुसारेर स्पर्श पर्न पनि उनको हात लाज मान्दैनथ्यो। सुब्बा साहेब कहिले मनको फरियाको टुप्पो गुट्मुटचाएर खेलाइरहन्थे।

सुब्बा साहेबको हातले बाहिरैबाट मनको कोठाभित्रको आग्लो खोल्न पनि जानेको थियो। आफ्नो व्यवहारले मन रिसाउलिन् कि भन्ने उनी डर पनि मान्दथे। त्यसैले, उनले वासनाको आतुरतामा जतिसुकै उच्छृङ्खल विचार गरे पनि, जत्रोसुकै आँट र दाउ गरिरहे पनि आफ्नो अन्तःकरणको कुराको निम्ति मनसँग मुख फोर्न सकेका थिएनन्। मही माग्ने, ढुङ्ग्रो लुकाउने—भनेजस्तै भइरहेको थियो तापनि उनी उद्योग गर्दै थिए। मनको सारा भेद लिने सुब्बाको ठूलो कोशिश थियो—तर मन भने केही पनि भन्दिनथिन्।

एक दिन सुब्बाले मनको कोठाका आएर भित्र जतिसुकै अधैर्य भए पनि वाहिर सकेसम्म गम्भीरताको भाव देखाउन खोज्दै भने—

"नानीलाई चाइने थाहा छ?—म चाइने हात हेर्न पनि चाइने जान्दछु—खै त चाइने नानीको हात!"

मनको सुकोमल हात आफ्नो कम्पित तथा उष्ण हातमा लिएर, आफ्नो बेहोश हुन लागेको हृदयलाई सह्माल्न खोज्दै, चश्माले नछोपेका आँखाले मनको हातभन्दा मुख र अरू अवयवतिर हेर्दै, अलि गला कँपाएर सुब्बाले हस्तरेखाको फल बताए—

"ओहो! हालैमा चाइने नानीको ठूलो खड्गाष्ट रहेछ, चाइने भ्रामरीको दशा रहेछ—तर अब चाइने टऱ्यो। यो आयुको चाइने रेखा हो—चालीस वर्षमा चाइने बिरामी हुने अर्को खड्गो छ, पूरा आयु चाइने सत्तरी वर्ष! यो चाइने धनको रेखा हो! अहिले धन हातमा चाइने नटिके पनि पछि पछि टिक्छ—जग्गा जमीन पनि चाइने यथेष्ट छ! अँ...नानीलाई चाइने पहिलो मान्छेवाट असल चाइने हुँदैन; दोस्रोले भने चाइने खूब माया गर्छ, घर पनि चाहिने हुन्छ!"

सुब्बा साहेबले मनको मुखतिर एकपल्ट पुलुक्क हेरेर, उनको भूँडी खोतल्न खोज्दै फेरि हस्तरेखाको फल बताए—

"नानीको चाइने पिता, माता···!"

सुब्बाको कुराको बीचमै मनले भनिन्—

"यो त मेरो दाहिने हात !"

सुब्बा एकचोटि खङग्रङ्ग भएर उनले बेहोशीपनलाई सच्च्याउन खोज्दै भने—

"ए, हो ! उही त हो नि दाहिने र चाइने देब्रे । हुन त स्वास्नी-मान्छेको चाइने वायाँ हात हेर्छन्; तर जान्नेको निम्ति चाइने केही फरक हुँदैन ! जान्नेले चाइने दाहिने हेरेर देब्रे पनि चाइने देख्छ, देब्रे हेरेर चाइने दाहिनेको कुरा पनि चाइने वताउँछ !"

आफ्नो कुराले मन पग्ललिन्—भनेर सुब्बा साहेव वनाई वनाई कति कुरा गर्थे, अनेक भूमिका बाँध्थे तर उनको गन्थने कुरामा मन अलिकति पनि ध्यान दिन्नथिन्—उनको कुराले मनमा केही पनि असर गर्दैनथ्यो । उनी जिल्ल पर्थे, भित्र भित्रै मुर्मुरिन्थे, नयाँ नयाँ उपाय सोच्तथे । जति उपाय सोचे पनि गन्थने भूमिका र दुई चार व्यंग्योक्तिको अतिरिक्त सुब्बाले आफ्नो अन्तःकरणको मुख्य कुराको निम्ति मनको अगाडि केही गरे पनि मुख वाउन सकेनन् । त्यस्तो दौर्वल्य उनलाई कसैसित, कहिले पनि भएको थिएन । उनले मनबाट अनेक प्रकारको स्वार्थलाभ गर्ने विचार गर्दै तीनोटा योजना बनाएका थिए । पहिलो योजना—मनलाई आफ्नो कावूमा ल्याइछोड्ने, केही गरी नसके दोस्रो योजनाबमोजिम उनलाई कसैको हातमा सुम्पेर उसबाट पुरस्कार लिने या कहीं सुरक्षित ठाउँमा मनको पासो बनाएर नित्य नयाँ नयाँ मोटा शिकार फसाउने खेती गर्ने; यसो गरेमा यही दोस्रो योजनाको अन्तर्गत भएर पहिलो योजना पनि फलीभूत हुन सक्छ । केही गरी त्यो दोस्रो योजना पनि सफल नभए मनको घर या बाबु, आमाको पत्ता लगाएर उनीहरूलाई वेसरी दुहने । आफ्ना यी तीन योजनामध्ये सुब्बा साहेब पहिलोमा कदम बढाउँदै

थिए—अकस्मात् उनको घरमा ठूलो राडो मच्चियो, संघर्ष छेडियो, आन्दोलनको बिगुल घन्कियो; कारण थियो उनका सुब्बिनीहरूले उनको पहिलै नम्बरको योजनाको भेद पाउनु । उनीहरूले त्यसको सहन गर्न सकेनन्, यो नयाँ बोझको वहन गर्न सकेनन् ।

सुब्बाले छकाउन खोज्दैमा छकिने, दबाउन खोज्दैमा टाङमुनि पुच्छर घुसार्दै आफ्नो अस्तित्व नै गुमाएर दब्ने सुब्बिनीहरू घाँस खाने पशु थिएनन् । पेट बोकेकी स्वास्नीमान्छे उनीहरू अलग्गै छुट्टचाउँथे । जे कुराको पनि हद हुन्छ भने—झुठ्ठा व्यवहार र दबाउको पनि हद हुन्छ; यता सहिष्णुताको पनि हद हुन्छ । हदै नाघेपछि लाटा—बाठा भएर निस्कन्छन्, बिराला बाघ भएर उफ्रन्छन्; हद नाघेपछि ज्वालामुखी पड्कन्छ, भूईंचालो जान्छ, बाँध फुट्छ, खोला उर्लन्छ, जल थल हुन्छ, प्रलय हुन्छ । हद नाघेपछि आगो निक्लन्छ, विश्व जल्छ ।

सुब्बिनीहरूले सुब्बाको आनीबानी थाहा पाइसकेका थिए । मन-लाई घरमा ल्याउनेबित्तिकै सुब्बामाथि उनीहरूलाई शङ्का भइसकेको थियो–त्यसमाथि सुब्बाले खोजीनीति नै नगर्नू, कुरा समेत नगर्नू–भनेका थिए । त्यो पनि शङ्काकै कुरा भयो । सुब्बिनीहरूले सुब्बाको चेवा गरे, उनको लक्षण विचार गरे, सुब्बाको चालै अर्को थियो । उनी हरबखत मनकै कोठामा गएर बस्थे । मनलाई फसाउने मात्र ध्यान थियो, उपाय थियो, उद्योग थियो – उनको विवाह गर्ने वेलाका छोरीहरू त्यसै, कान्छो छोरो त्यसै; सुब्बाको त्यो चाल–त्यो भ्रष्टाचार ? कसरी सहून् सुब्बिनी-हरू !–उनीहरूले चूल्हो हडताल गरे । आन्दोलनमा सुब्बिनीहरूको पक्षमा परिवारै थिए, सुब्बाको पक्षमा कोही थिएन । मनलाई परिस्थितिको ज्ञानै थिएन, आफ्नै कारणमा सुब्बा र सुब्बापरिवारमा सङ्घर्ष चलिरहेको कुरा-उनलाई केही पनि थाहा भएन । त्यसैले, उनी तटस्थ थिइन् । सुब्बासाहेब सा।विकबमोजिम भान्छा गर्न जान्छन् त – भान्छा रित्तै, चूल्हो बुझ्ने, चौका खाली । उनले आश्चर्य मानेर कान्छी सुब्बिनीलाई सोधे –

"किन ए कान्छी, आज चाड्ने कुन दशी हो ?"

जवाफमा कान्छीको बम पड्क्यो—

"को कान्छी ?—कान्छी त अर्कै होली नि ! सोध्नू क्या माथि-की कान्छी मैयाँसाहेबलाई—दसी हो कि प्रमाण हो ? यो उमेरमा पनि स्वास्नी ल्याएर हिड्न लाज नलाग्ने माथि नै फकाए त······!"

एक्कासि बम पड्केकोमा सुब्बाको रिसले तोरीको फूल देख्यो। उनले कान्छी सुब्बिनीको गालामा बाग-पन्जा जमाएर जङ्गिए—

"के वास्ता ए, चाइने तँ फूँडीलाई ! म चाइने स्वास्नी ल्याऊँ कि जेसुकै चाइने ल्याऊँ—बढेर चाइने नचाहिने कुरा चाइने·····!"

सुब्बाको बाघ-पन्जा पाएकी कान्छी सुब्बिनीले कङ्कला शब्दले डाँको छाडेर रुँदै घरै उचालेर कराइन्—

"मान्यो बाबा, रण्डीको पोइले मान्यो नि मान्यो—गुहार, गुहार !!"

कान्छी सुब्बिनीको गुहारमा सारा परिवार खनियो। ज्येठी सुब्बिनीले फरिया स्याहारेर कुलिन्—

"फूँडोले सबैलाई फूँडी देख्छ ! यस्तो अचाक्ली भएपछि अब यो घरमा आज हामी छैनौं कि कोही छैन ! मुण्टचाओन ए, तलतिर-माथिकी रण्डीलाई—जे पर्ला, पर्ला ! बडी मैयाँसाहेव भएर घर खान आएकी ! थाहा छ हामीलाई पनि सबै कुरा ! वाहिर बोकाएको पेट वाहिरै बिसाउनू ! यो घरमा···!"

सुब्बाले ज्येठी सुब्बिनीलाई पनि भकुर्नसम्म भकुरे। वाक्ता-वाक्ति भयो, रूवावासी चल्यो, लछारालछार पन्यो, सुब्बाको घरमा ठूलो कोलाहल मच्चियो। सब डफिँदै थिए—एक छिनपछि सुब्बाका छोरा-हरूले बाबु, आमाहरूलाई त्यस रणसंग्रामबाट छुट्टयाएर एक एकतिर थुपारे। मल्लयुद्ध सिद्धिए पनि वाक्युद्ध चलिरहेकै थियो। माथि कोठा-मा मन जिल्ल परेर क्रोकाइरहेकी थिइन्। अब उनलाई पनि परिस्थिति-को ज्ञान भइरहेको थियो। उनलाई ज्यादै ननिको लाग्यो—उनले बाबु जस्तो सुब्बाको मनसाय बुझिन्, चरित्र देखिन्।

सन्ध्या समय बितिसकेको थियो। सबका सब परिवार जलिरहे पनि बत्ती नबालिएकोले सुब्बाको घर अँध्यारै थियो।

स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दै मनको कोठामा पसेर आवेशमा सुब्बाले मनसित मुख फोरे—

"अब त चाइने नानीलाई सबै कुरा चाइने थाहा भयो होला! यी भुसुनाहरू चाइने भन्दैमा म डराउने मान्छे हैन! घर चाइने कसैको दाइजोमा आएको चाइने हैन— मिलेर बस्छन्, चाइने बस्छन्; बस्तैनन् चाइने बाटो लाग्छन्, अरू चाइने के नेठ्छन् चाइने यिनीहरूले ?— अबलाई चाइने मेरी कान्छी चाइने नानी नै! मेरो ज्यान चाइने छोड्छु—चाइने नानीलाई म छाड्दिनँ, तिनीहरूले चाइने भन्दैमा···!"

सुब्बा साहेब मनको अँध्यारो कोठामा बसेर जथवा तथवा फलाक्तै थिए। उनलाई त्यो वेलामा मनको अगाडि आफ्नो प्रस्ताव राख्न ठूलो आँट आएको थियो।

मनले आफ्नो एकापट्टिको कानको टप बिछ्यौनामा छोडेर सुरूक्क कोठाबाहिर निस्किन्।

सुब्बा—परिवारहरू सब एक एकतिर कचहरी जमाएर कराउदैमा मस्त थिए!

मन भऱ्याङ ओर्लेर बारीबारी र फाँटैफाँट यसरी दगुरिन्— जसरी शिकारीको फन्दाबाट उम्केको मृग दगुर्छ। मान्छेको आँखा छली, छली मन त्यो रातभरी यता र उता दगुरी नै रहिन्, कता कता दगुरिन्, कुन कुन ठाउँमा पुगिन्— उनलाई केही थाहा भएन।

महीनौं महीनौं दिनसम्म लक्ष्यहीन मन त्यसै भौंतारिइरहिन्- कहिले चार पैसाको चिउराको भरमा, कहिले दुंई अँजुली पानी र कहिले त्यसै। उनको कति मान्छेसित भेट भयो, कतिले कति कुरा गरे—मीठो, मसिनो, चिप्लो, खस्रो, उल्टो, बाङ्गो सब किसिमको—तर उनलाई कसैको पनि विश्वास लाग्दैनथ्यो। उनी जसलाई पनि मास्टर ठान्दथिन्,

जसलाई पनि गोदावरी, जसलाई पनि चाइने सुब्बा–अनि जतातते धोका, जाल, झेल, छल र कपट । उनलाई लाग्थ्यो—उनै पनि सबैलाई छलेर, जिल्ल्याएर, धोका दिएर भागिरहेकी थिइन् । उनले आफ्नै बाबु, आमा-लाईसमेत धोका दिएर भागेकी थिइन् । कति मान्छेहरूले त मनको रूप-मा भुतुक्कै भएर लोभिए पनि उनलाई बौलाही नै ठह्र्याए । मनलाई एक्लै देखेर कति डुकुलण्ठन गुण्डाहरू अघिसरा भएर छेड, पेच हान्दै उनको पछि लाग्दथे । मन आफ्नो बुद्धि र उपायद्वारा गुण्डाहरूको आँखा-बाट ओझेल हुन्थिन् । एकपल्ट मनको दुई चार गुण्डाहरूसित कुस्ताकुस्ती पनि पर्‍यो । उनले गुण्डाहरूलाई जिल्ल्याएर आफ्नो लाज बचाइन् । मनले खोलाको तीरमा, देवलको पेटीमा, थोत्रो पाटीमा र लुला, लङ्ग-डाहरूको पंक्तिमा मिलेरसमेत रातका रात बिताउनुपरेको थियो । उनले ज्यामी काम पनि गरिन् । ज्यामी काम गर्न जाँदासमेत ज्यामी नाइके उनको पछि लागेर उनलाई त्यताबाट पनि भाग्नुपर्‍यो ।

भश्मेश्वरको अखाडामा मनको शरीर फेरि सिरिङ्ग भएर काँप्यो । आगोको सुन्तले उज्यालोमा उनले आफ्नो अतीतको चलचित्र देखिरहेकी थिइन् ।

चौतीस

चोर जस्तै लुक्तै, छिप्तै भोक र तिर्खाले रन्थनिंदै, जतातर्तैबाट भाग्दै, कता कताबाट मन त्रिपुरेश्वरको एउटा घरमा भाँडा माझ्ने नोकर्नी लाग्न पुगिन् । त्यो घर बाहुनको थियो बाहुनी बज्यैलाई मनले पहिले नै बताएकी थिइन्—

"म एउटी दु:खिनी हुँ, गह्रौं जीउकी छु, गह्रौं जीउ भए पनि म तपाईंहरूको भाँडा माझेर खान्छु, बज्यै !"

बज्यैले भनेकी थिइन्—

"त्यस्तै हो नि—हामीलाई मान्छे चाहिएकै भएर भनेका थियौं, त्यस्तै त हो नि आइछस् जाती भो ! अँ···तेरो जात के नि ?"

"क्षत्रिनी हुँ !"

"घर नि ?"

"घर छैन !"

"आफ्नो मान्छे नि ?"

"बेपत्ता छन्, बज्यै !"

"त्यस्तै त हो नि सबैलाई—हुन्छ बस्, पेट बोकेकी रहिछ-बित्ररी ! खाई, लाई महीनाको अहिले तीन् मोहर दिन्छु ! बाजे मौजामा जानुभएको छ त्यस्तै त हो नि हेर्, राम्रो काम गरिस् भने बाजेसित भनेर पछि बढाइदिउँला !"

मनले त्रिपुरेश्वर—भवनाथको घरमा नोकर्नी भएर चार महीना व्यतीत गरिसकेकी थिइन् । उनको पेट बढ्दा—बढ्दा उनलाई उठ्न,

बस्नसमेत कष्ट भइरहेको थियो । बाजे मौजाबाट आश्चर्यकित थिए ।

उनी वज्यैभन्दा नरम स्वभावका थिए । ज्ञानीमान्छे नै ठहरिए—उनमा मान्छेको योग्यताको पारख गर्ने विवेक थियो । मनको एकातिर जवानी र सौन्दर्य अर्कोतिर त्यो दुःखमय परिस्थिति देखेर भवनाथ बाजेको हृदय पग्लेको थियो । उनले मनलाई भाँडा माझ्ने कामबाट छुटाएर अरू नै कुनै काममा अथवा घरेलु इलममा लगाइदिने-मतलब-का कुरा सोचेका थिए; तर वज्यैलाई भवनाथको मन—प्रतिको त्यो विवेक र भावना, त्यो दया, माया मन परेन । उनी मनलाई निकाल्ने दाउ सोचिरहेकी थिइन्— दुई, चार अपशब्द पनि सुनाउँथिन् । उनी भन्थिन्—

"मैले त यसको मान्छे कतै गएको होला —भन्ने विचार गरेर घरमा काम गर्न राखेकी—त्यस्तै त हो नि, तर यसलाई त मूढो बोकाउनेकै पत्तो रहेनछ । हुन्न, हुन्न यो घरमा यस्तो पापको पोको बिसाउन हुन्न, त्यस्तै त हो नि ! यो घरमा छोराछोरी पाएर कसले न्वारान गर्छ — त्यस्तै त हो नि, न्वारान नगरे पानी चल्दैन ! माया गरेर के गर्नु बेहोर खराब भएपछि — त्यस्तै त हो नि ! जहाँ जाने हो जानू — लौ, लौ, लौ अब गइहाल्नू — त्यस्तै त हो नि निस्किहाल्नू !"

मनलाई सुत्केरी-व्यथा लागिरहेको थियो—वज्यैले उनलाई पतिता ठह्र्याउँदै घरमा एक छिन पनि टिक्न नदिएर निकालिदिइन् ।

सुत्केरी हुने व्यथाले च्यापिरहेको मनलाई ठूलो आपद् पर्यो । कहाँ जाने, के गर्ने भनेर उनले केही विचारै गर्न सकिनन् । दिन ढल्कि-सकेको थियो, उनलाई ठूलो कष्ट भइरहेको थियो — पेटभित्र तोला हानी हानी सारा आन्द्रा लुछी लुछी ब्रह्माण्ड नै हुडुल्लिरहेको थियो । उनी आँखै नहेरीकन हातले पेट थामेर त्रिपुरेश्वर महादेवको मन्दिर-तिर दगुरिन् ।

अगुल्टोले हानेको कुकुर विजुली देख्ता पनि तर्सन्छ—भनेजस्तै भश्मेश्वरको भयंकर मूर्ति देखेर मन फेरि काँपिन् । उनको साल-

चौतीस

चोर जस्तै लुक्तै, छिप्तै भोक र तिर्खाले रन्थनिंदै, जतातत्तैबाट भाग्दै, कता कताबाट मन त्रिपुरेश्वरको एउटा घरमा भाँडा माझ्ने नोकर्नी लाग्न पुगिन् । त्यो घर बाहुनको थियो बाहुनी बज्यैलाई मनले पहिले नै बताएकी थिइन्—

"म एउटी दुःखिनी हुँ, गह्रौं जीउकी छु, गह्रौं जीउ भए पनि म तपाईंहरूको भाँडा माझेर खान्छु, बज्यै !"

बज्यैले भनेकी थिइन्—

"त्यस्तै हो नि—हामीलाई मान्छे चाहिएकै भएर भनेका थियौं, त्यस्तै त हो नि आइछस् जाती भो ! अँ···तेरो जात के नि ?"

"क्षत्रिनी हुँ !"

"घर नि ?"

"घर छैन !"

"आफ्नो मान्छे नि ?"

"बेपत्ता छन्, बज्यै !"

"त्यस्तै त हो नि सबैलाई—हुन्छ बस्, पेट बोकेकी रहिछ-विचरी ! खाई, लाई महीनाको अहिले तीन् मोहर दिन्छु ! बाजे मौजामा जानुभएको छ त्यस्तै त हो नि हेर्, राम्रो काम गरिस् भने बाजेसित भनेर पछि बढाइदिउँला !"

मनले त्रिपुरेश्वर—भवनाथको घरमा नोकर्नी भएर चार महीना व्यतीत गरिसकेकी थिइन् । उनको पेट बढ्दा–बढ्दा उनलाई उठ्न,

बस्नसमेत कष्ट भइरहेको थियो । बाजे मौजाबाट आइसकेका थिए ।

उनी बज्यैभन्दा नरम स्वभावका थिए । लोग्नेमान्छे नै ठहरिए- उनमा मान्छेको योग्यताको पारख गर्ने विवेक थियो । मनको एकातिर जवानी र सौन्दर्य अर्कोतिर त्यो दुःखमय परिस्थिति देखेर भवनाथ बाजेको हृदय पग्लेको थियो । उनले मनलाई भाँडा माझ्ने कामबाट छुटाएर अरू नै कुनै काममा अथवा घरेलु इलममा लगाइदिने-मतलब-का कुरा सोचेका थिए; तर बज्यैलाई भवनाथको मन—प्रतिको त्यो विवेक र भावना, त्यो दया, माया मन परेन । उनी मनलाई निकाल्ने दाउ सोचिरहेकी थिइन्— दुई, चार अपशब्द पनि सुनाउँथिन् । उनी भन्थिन्—

"मैले त यसको मान्छे कतै गएको होला—भन्ने विचार गरेर घरमा काम गर्न राखेकी—त्यस्तै त हो नि, तर यसलाई त भूँडी बोकाउनेकै पत्तो रहेनछ । हुन्न, हुन्न यो घरमा यस्तो पापको पोको बिसाउन हुन्न, त्यस्तै त हो नि ! यो घरमा छोराछोरी पाएर कसले न्वारान गर्छ—त्यस्तै त हो नि, न्वारान नगरे पानी चल्दैन ! माया गरेर के गर्नु बेहोर खराब भएपछि—त्यस्तै त हो नि ! जहाँ जाने हो जानू—लौ, लौ, लौ अब गइहाल्नू—त्यस्तै त हो नि निक्लिहाल्नू !"

मनलाई सुत्केरी-व्यथा लागिरहेको थियो—बज्यैले उनलाई पतिता ठह्याउँदै घरमा एक छिन पनि टिक्न नदिएर निकालिदिइन् ।

सुत्केरी हुने व्यथाले च्यापिरहेको मनलाई ठूलो आपद् पऱ्यो । कहाँ जाने, के गर्ने भनेर उनले केही विचारै गर्न सकिनन् । दिन ढल्कि-सकेको थियो, उनलाई ठूलो कष्ट भइरहेको थियो—पेटभित्र सोला हानी हानी सारा आन्द्रा लुछी लुछी ब्रह्माण्ड नै हुडुल्लिरहेको थियो । उनी आँखै नहेरीकन हातले पेट थामेर त्रिपुरेश्वर महादेवको मन्दिर-तिर दगुरिन् ।

अगुल्टोले हानेको कुकुर विजुली देख्ता पनि तर्सन्छ—भनेजस्तै भश्मेश्वरको भयंकर मूर्ति देखेर मन फेरि काँपिन् । उनको साल-

नालै समेतको वच्चोलाई भश्मेश्वरले सेकताप गरिरहेको थियो । उनले त्यो आगोको उज्यालोमा आफ्नो बच्चोलाई लिएर हेरिन्—रगतको डल्लो जस्तै रातो वच्चो हृष्टपुष्ट र राम्रो थियो । उसको दाहिने खुट्टामा साना साना छ ओटा औंला थिए ।

भश्मेश्वरले भन्यो—

"सब कुरा शङ्करको कृपा हो !—बच्चालाई लिएर आमा भित्रको कोठामा बस्नोस् । म यहीं बाहिर धूनीमा बसेर रखवारी गर्छु, कुनै कुराको डर मान्नुपर्दैन !"

मन बसेको ठाउँबाट उठ्नै सकिनन् । उनका हात, खुट्टा सिस्नुले पोलेजस्तै भएर फनफनाइरहेका थिए । उनलाई भाउन्न भइरहेको थियो, ग्लानि बढिरहेको थियो ।

वच्चो रोइरहेकोले भश्मेश्वरको सल्लाहबमोजिम मनले सकी, नसकी सह्यालिएर वच्चोलाई दूध ख्वाउन कोशिश गरिन् - तर उनको दूध आएन । उनलाई के गरूँ र कसो गरूँ भयो, वाक्वाकी आयो । उनी त्यहीं ढल्न आँटेकी थिइन् ।

भश्मेश्वरले वालक रोएकोबाट मनको दूध नआएको लक्षण विचार गरेर—एकछिनसम्म खूब गढन्त गर्दै, बच्चोलाई फेरि आफैंले लिएर भन्यो—

"जय शिव शङ्कर! बच्चोले दूध खान पाएन; यो अलि मुश्किलकै कुरा भयो–तर बिना उपायले त्यसै निच मारेर बस्नु हुँदैन ! यो वच्चो पैदा भएको सत्तलको माथिल्लो तलामा अनाथालय छ । अब यो बच्चो पनि अनाथालयमै रहेको खण्डमा आमा पनि यहीं, बच्चा पनि यहीं ! यसको निम्ति म यो वच्चालाई पहिले चूपचापसित अगिकै ठाउँमा लगेर थपक्क राखिदिन्छु—अनि होहल्ला मचाउँदै अनाथालयका कर्मचारीहरूलाई बोलाएर अनाथालयमा राख्न लाउँछु, कसो आमा !"

मनलाई भाउन्न भइरहेको हुनाले–भश्मेश्वरले बोलेको पनि कता कता टाढा बोलेको जस्तो सुनिरहेकी थिइन् । उनलाई भश्मेश्वरको

परामर्श ठीकजस्तो पनि लाग्यो, बेठीकजस्तो पनि। बच्चाको माया उत्तिकै लागिरहेको थियो–उनलाई। उनले भश्मेश्वरको कुराको जवाफमा 'हुन्छ, हुन्न' केही पनि भन्न सकिनन्। उनी वेहोश भएर ढलिन्।

मन वेहोश भएको देखेर भश्मेश्वर पनि अलिकति हडबडायो; तर उसले मसक्क आँटेर आफ्नो निधोअनुसार बच्चोलाई थाङ्नामा बेह्रेर भगिकै ठाउँमा लगेर राखिदियो—जहाँ ऊ जन्मेको थियो, जहाँ उसको बित्ता भरको जन्मथलो थियो।

रात बितिसकेको थियो। भश्मेश्वरको खलबलले धेरै मानिसहरू बच्चो रोइरहेको ठाउँमा जम्मा हुन आए। निकै हल्ला भयो। भश्मेश्वरको मद्दतमा कुम्भेश्वर, भीमगिरी पनि आएका थिए। भश्मेश्वरले स्थानीय अनाथालयका प्रबन्धक र कर्मचारीहरूलाई पनि बोलाएर ल्यायो; तर भश्नेश्वर बाबा अनाथालयका कर्मचारीहरूको कुरा सुनेर अलिकति जिल्लियो। अनाथालयका कर्मचारीवर्गको कुरा थियो—

"यो त्रिपुरेश्वरको अनाथालयमा त हुर्किसकेका अनाथहरू मात्रै पढाउन राखिन्छन्! यस्तो नाबालक त सिफलको बालघरले मात्रै लिन्छ! —यस्ता नाबालकहरूको निम्ति त्यहाँ सबै कुराको प्रबन्ध छ, धाईहरू पनि छन्!"

भश्मेश्वरले जिद्दी छोडेन—

"जे होस्, यस्तो ठण्डीमा बेर गरेर यो बालकलाई यसै मार्नु हुँदैन! —त्यसो भए सिफलै भए पनि पठाइदिनुपर्छ!"

सारा मान्छेहरूले भश्मेश्वरको पक्षमा लागेर एक स्वरले भने—

"हो, हो त्यसै मार्न हुँदैन, सिफलकै बालघरमा भए पनि पठाउनुपर्छ!"

फुसा जोगीहरूले उपस्थित वर्गबाट बालकको निम्ति दुई चार पैसा गरेर रुपियाँ, तीन मोहर जति चन्दा पनि असूल गरे। ज्यालामा बालकलाई बोकेर सिफलसम्म जाने मान्छे पनि अघि सर्‍यो।

मनको बच्चो सिफलको बालघरमा भर्ना गरियो।

भश्मेश्वरकै आश्रममा मनले यता सात दिनसम्म त आँखै उघारिनन्। उनलाई बेखबरसित ज्वरोले आक्रमण गरेको थियो । उनलाई त्यो वेलामा आफ्नो नवजात शिशुको समेत याद रहेन ।

भश्मेश्वरले मनको खूब स्याहार गऱ्यो, औषधि गऱ्यो, रातका रात छर्लङ्ग बितायो। उसको जीवनमा उसले कसैको यस्तो स्याहार गरेको थियो, थिएन—मनको त्यसरी स्याहार गऱ्यो ।

आठौं दिनमा मनले आँखा उघारिन् । उनलाई आफ्नो प्यारो बच्चोको पनि सम्झना भयो—तैपनि उठ्न सकिनन् उनी ।

भश्मेश्वरले मनलाई उनको बच्चाको बारेमा, सिफलको अनाथालयमा राख्न परेको यथार्थ कुरा बतायो; उनी बिरामी भएर ढलेकी आज कति दिन भयो—त्यो पनि सबै बतायो ।

मनले धेरै कुरा सम्झिन्, तर्क गरिन् । आखिर उनको हृदयले भश्मेश्वरको ठूलो गुन मान्यो । उनको निम्ति भश्मेश्वर महात्मा नै भयो, परोपकारी नै ठहरियो । मनले आफ्नो बच्चोलाई हेर्ने कुरा गर्दा उनलाई निमन भएर उनी हिंड्न सक्ने भएपछि भश्मेश्वरले बच्चा देखाउन लैजाने आश्वासन पनि दिएको थियो । भश्मेश्वरको स्याहारसुसारले उनी पन्ध्रौं दिनमा उठेर बस्न सकिन्, एक महीनामा हिंड्न पनि सकिन् । आफ्नो बच्चोलाई हेर्ने उनको एक मात्र ठूलो अभिलाषा थियो । एक दिन राती भश्मेश्वरको साथमा सिफलको बालघरमा पुगेर मनले आफ्नो छः औंले बच्चोलाई काखमा लिएर चुम्बन गर्न पाइन् । उनको बच्चो महीनै दिनमा निकै ठूलो भएर बढिसकेको जस्तो उनलाई लाग्यो ।

भश्मेश्वरले मनलाई बालघरको परखालबाहिरै एक कुनामा लुकाएर—आफू परखाल र बालघरको भित्ता चढेर मनको बच्चोलाई चोरेर ल्याएको थियो । मनले आफ्नो प्राणभन्दा पनि प्यारो बच्चोलाई छोड्नै सकेकी थिइनन्—एक छिनपछि भश्मेश्वरले उनको काखबाट बच्चो लिएर फेरि उसकै ठाउँमा पुऱ्याएर फर्क्यो । उनी पनि आफ्नो कबूलबमोजिम भश्मेश्वरसित त्रिपुरेश्वरमा फर्केर आइन् ।

भश्मेश्वरले आफूमाथि ठूलो गुन लगाएको भए पनि, वखतमा देवतै जस्तो भएर ऊ प्रकट भएको भए पनि—उसको लक्षण र सारा कामकुराहरू देखेर मन ऊसित सधैं डराउँथिन् । भश्मेश्वर वेलुका सधैं जाँडले टन भएर आउँथ्यो, नाना तरहको कुरा गर्थ्यो, कहिले रुपियाँको पोकै ल्याएर गन्थ्यो, कहिले किसिम किसिमको मालताल र घडी, चश्मा र कोट पनि ल्याएर मनलाई राख्न दिन्थ्यो । मनले भश्मेश्वर र उसका साथीहरूको कुरा पनि बराबर सुन्थिन् । उनीहरू सधैं आकाश, पाताल-को कुरा गर्थे, अर्कालाई बिताउने र मार्ने कुरा गर्थे, झगडा पनि गर्दथे ।

भश्मेश्वरले अलि अलि गरेर मनलाई आमा भन्न छोडेको थियो । ऊ आजकाल अर्कै किसिमको कुरा गर्थ्यो, फकाउन आउँथ्यो ।

एक दिन राती भश्मेश्वरले जाँडले लर्खराउँदै आएर मनमाथि हमला गऱ्यो । मनले फूर्तिसाथ बाहिर निस्केर भश्मेश्वरको ढोकाको साङ्ला खैमलमा अल्झाइदिइन् । भश्मेश्वर भित्रपट्टि थुनिएर हत्तपत्त निस्कन नसकेकोले भित्रबाट ढोका घच्चच्याउँदै थियो—मन बेपत्तासित भागिन् ।

भश्मेश्वरको पञ्जाबाट निस्कँदा – फरियाको एउटा धरोमा बाँधेर राखेको आफ्नो एउटा टप, एउटा फुली र औंठी मनले त्यसै बिर्सेर छोडेकी थिइन् ।

पैंतीस

हिजो संक्रान्तिको बेलुकीपख काजी चेतबहादुर सिंहले बी० बी० सिंहको तार पाए । तारमा लेखिएको थियो—

"सिमराको प्लेनबाट भोलि गउचर हवाई अड्डामा तीन बजे उत्रन्छु !

—बी० बी० सिंह"

\+ \+ \+

छोरीको विवाहमा भएको दुःखान्त घटनाले यता धेरै दिनदेखि चेतबहादुर काजीको मुख मलिन भए पनि त्यो दिन छोरो आउने खबरले प्रफुल्ल देखिएको थियो । उनी ठीक समयमै छोरोलाई लिन मोटरमा गउचर हवाई अड्डा जाने भएका थिए ।

कजिनी पनि खुशी भइरहेकी थिइन्— पढेर आएको छोरोको शुभागमनमा स्वागत गर्न पाउँदा कुन आमाको हृदय हर्षले गद्गद् नहोला !

आफ्ना पतिदेव अथवा प्यारो सुमनका पिता वसन्तको आउने खबरले धन पनि खुशी भइन् ।

आफ्नो विवाहको भयङ्कर—काण्डले पिल्सिरहेकी मिठ्ठूलाई समेत दाजुको शुभागमनमा ठूलो आधार लाग्यो । उनी पनि बाबुसित दाजुलाई लिन हवाई अड्डामा जाने भएकी थिइन् ।

तल ढोकामा मोटर ठीक थियो ।

चेतबहादुर काजीले [illegible] हेर्दै धनको [illegible] धनसित

भने—

"मिठ्ठू र म वसन्तेलाई लिन जान्छौं ! तिमीलाई पनि लगुँला भनेको, विहानमात्रै सञ्चो नभएर फेरि ज्वरो फर्क्यो भने के गर्नु ! भइ-हाल्यो तिमी नआऊ, सुमनलाई पनि सञ्चो छैन !"

धनको छोरो सुमन विछ्यौनामा हात, खुट्टा फाली खेलिरहेको थियो । काजीले सुमनको नजीकै गएर भने—


"धित्तिरी वाबु, धित्तिरी—हेरन, हाँसेको हेरन ! कस्तो ज्ञानी, यसले यो खाने मुख र नाक त काटीकुटी वसन्तेकै लिएर आएछ—हैन त ? मिठ्ठू त यो नाक—मेरो नाकसित पो मिल्छ भन्छे—फटाही भनिद्यौन, तिम्री फुफूलाई ! चिउँडो भने अलि मेरो जस्तै छ ! निधार र आँखा चाहिं आफ्नै आमाको लिएर आएछ ! धित्तिरी, ऊ फेरि हाँस्यो !—अँ, वसन्तेकी आमालाई पनि लगिनँ, यहीं काम छ उसको किन जानु, ! फेरि ऊ भनेको मङ्गलबार वार्ने मान्छे ! म त यस्तो वार सार केही पनि वार्दिनँ—वाहियात कुरा ! बारसमेत वार्न थाल्यो भने त धेरै जना जहान भएको घरमा सातै वार चल्नहल्नै नहुने हुन्छ—साध्य नै हुँदैन ! कुनचाहिं उल्लूलाई मङ्गलबारमा के पर्‍यो, अनि मङ्गलवारमा भेटघाट गरे खराव हुन्छ—भन्ने आँधि लगाइदियो ! खराब हुनेलाई बुधवार पनि खराबै हुन्छ !

वसन्तेले राज्याभिषेक देख्न पाएन, हगि ? राज्याभिषेक-प्रदर्शन त हेरिहाल्छ नि ! हेर–हेर त्यो क्यालेण्डर–अस्ति प्रदर्शनीवाट ल्याएको हैन ? क्यालेण्डर त अंग्रेजी नाम हो–हाम्रो यहाँ पात्रो भन्ने चलन छ । क्यालेण्डरलाई त पात्रो भन्नुभन्दा पनि पञ्जिका भने राम्रो होला ! अँ, के गरेर राखेको त्यो तिमीले–वसन्तेले देख्यो भने के भन्ला ? लौ, मिला-इहाल अहिले नै, लौ आजको गते, वार मिलाऊ !"

दिनदिनै गते, वार मिलाउनुपर्ने—टेबुलक्यालेण्डर राम्रो देखेर काजीले प्रदर्शनीमा धनलाई किनिदिएका थिए । टेबुलमाथि त्यो त्यसै राखिए[illegible] काजीले

भनेपछि धनले क्यालेण्डर लिएर गते, वार मिलाउन गते संक्रँदै थिइन्-काजीले फेरि भने—

"लौ, तिमीलाई त गते, वारको संझना पनि रहेनछ—भयो कि अब ! सके साल र महीना पनि थाहा छैन कि कसो ?—त्यसै भएर नै हामीलाई पात्रो चाहिएको ! लौ, मिलाऊ ! हामीले विक्रम सम्वत्को साल राख्नुपर्छ साल भनेको वर्ष ! ल, राख पहिले—'२०१३'—त्यो साल



भयो, अनि 'ज्येष्ठ' राख ! हो, त्यो महीना भयो ! आज कति गते थाहा छ ?…लौ, हिजो संक्रान्ति भएपछि आज कति ?—हो २ गते, २ राख, अनि मङ्गलवार—हो, भयो ! के भयो ?—हेर, आज—

सम्वत् २०१३ साल, ज्येष्ठ २ गते, मङ्गलबार—

भयो, बुझ्यौ ? हो, भोलि पनि यही किसिमले विहान उठ्ने वित्तिकै मिलाउनू ! विहान विहान सधैं मिलाउने गर्नू ! लौ त हामी गयौं, अब एक घण्टामा सुमनेको वाबुलाई यहीं ल्याइदिउँला, बस है ! मिठ्ठू—ए मिठ्ठू ! ल, हिंड !"

मिठ्ठू तयार भएर बाबुलाई पर्खिरहेकी थिइन् ।

मिठ्ठूसहित काजी चेतबहादुर सिंह वसन्तलाई लिन गौचर हवाई अड्डामा पुगे । तीन बज्न पाँच मिनेट जति बाँकी नै थियो । हवाई अड्डामा आफ्नो आफ्नो मान्छेलाई लिन आउने अरू मानिसहरू पनि घडी हेर्दै उभिरहेका थिए । सबमा प्रतीक्षाको एउटै भावना थियो ।

ज्येष्ठ महीनाको तेस्रो प्रहरको सूर्यको प्रखर तेजले तातेर हवाई मैदान नै धप्प बल्ला जस्तो भान हुन्थ्यो । निकै गर्मी थियो ।

ठीक तीन बजे माथि आकाशमा दक्खिनतिरवाट हवाई जहाज घन्घनाएर आयो । हवाई जहाजमा—भी. टी. डी. ए.—भन्ने अंग्रेजी अक्षर थिए । हवाइ जहाज एक चक्कर खाएर उत्तरतिरवाट हवाई मैदानमा ओर्लेर वायु-वे मा दक्खिनतिर हुइँकिँदै आइरहेको थियो । उपस्थित मानिसहरूले हवाई मैदानको बारबाहिरवाट हवाइ जहाजको झ्याल, झ्यालमा देखिएका मानिसहरूलाई हात हल्लाएर स्वागत गरे—आफ्नो, आफ्नो मान्छे चिनेर हो वा आफ्ना मान्छेलाई आफू चिनाइन हो ! कसैले त 'ऊ मुमा' भनेको पनि सुनियो । काजीसँगै वारमा उभिरहेकी मिठ्ठूले पनि हुइँकिरहेको हवाईजहाजतिर औंल्याउँदै भनिन्—

"ऊ ऊ दाजु !"

हवाई जहाजको वेगले कुइरीमण्डल लगाएर हवाईमैदानको धूलो बुङ्ग उडिरहेको थियो । आश्चर्य ! हवाईजहाज अडेन ! त्यो वायुवेगले दक्खिनतिर हुइँकिएर गुडेको गुड्यै — फेरि उड्यो !

मानिसहरूले आश्चर्य मानेर कराए—

"उड्यो !"

"फेरि उड्यो !"

"किन उड्यो ?"

"उड्यो !"

सारा उपस्थित मानिसहरूलाई आश्चर्य चकित हुनु सिवाय कुनै कुराको विचार गर्ने मौका नै भएको थिएन । हवाईमैदानमा नरोकिएर फेरि उडेको त्यो हवाईजहाजको देब्रे पङ्खा हवाई मैदानकै मुन्तिरको एउटा बकाइनाको बोटमा जोडले ठक्कर लाग्दा बकाइनाको बोटै भाँचिएर ठूलो आवाज आयो—

● "गड्याम्म !"

पृथ्वी कम्प भयो ! भूईंचालो गए जस्तै हवाईअड्डा नै डगमगाएर हल्लियो ! त्यो 'गड्याम्म' शब्दको साथै बिजुली चम्केजस्तै मिलिक्क के भएको थियो - आकाशको आकाशमै हवाईजहाज दनदनाएर बल्यो । बलिरहेको त्यो हवाईजहाज त्यहींको एउटा घरमा घसिँदै-घरलाई चक्नाचूर गराएर त्यहींनिरको खेतमा खसेर महाश्मसान बले जस्तै बल्न थाल्यो । चारैतिरबाट मान्छेहरू अतासिएर कराउँदै दौडे। जताततैबाट हाहाकारको आवाज आइरहेको थियो —

"ए बल्यो, बल्यो ! ए खस्यो, खस्यो, दौड, दौड ! बचाओ, बचाओ !!"

अविराम गतिले सङ्कटकालीन घण्टी बजाउँदै दमकल दौड्यो। आकाशै जलाउँछु – भने जस्तै गरी कालानलको सुनौला सुन्तले ज्वाला प्यांकी प्यांकी, उग्ररूपले हवाई जहाज जलिरहेको थियो । पडाक र पुड्क शब्दले चरू पड्किरहेका थिए । भयभीत भएर कागको बथान कराउँदै उडिरहेको थियो । जलिरहेको त्यो हवाई जहाजको ढोका बन्द थियो । तीन जना चालकहरू अगाडिबाट फाल हाले । केही मानिसहरू प्राण बचाउन जलिरहेको हवाईजहाजको झ्याल झ्यालबाट हामफाले तापनि मान्छे डढेको चर्को खार उडिरहेको थियो ।

● यो सत्य अथवा ऐतिहासिक घटना हो ।—   ग्रन्थकार

केही बेरपछि दमकलले हवाई जहाजको आगो त निभायो–तर त्यो डढेर कालो भएको जहाजको शरीर नै छिन्न–भिन्न भएको थियो। एकातिर पङ्खा, अर्कोतिर ढाड–कतै पुच्छर त कतै के।

जताततैबाट तमाशे मान्छेहरूको ठूलो भीड लाग्यो। मान्छेहरूले त्यो मृत हवाई जहाजको ढोका उघारेर हेरे–हवाईजहाजभित्र मान्छेका लाशै लाश थिए; लाश थिएनन्, केवल आगोले काला भएर क्लिसिएका र क्लिसिएर पिल्सिएका लाशका काला ठुटा मात्र थिए, काला मूढा मात्र। सब मुर्दा हवाईजहाजबाट बाहिर झिकेर लडाइए–एक, दुई, तीन, चार–ओहो ! पाँच, छः, सात, आठ–अफ ऊ नौ, दश, लौ नि ! एघार, बाह्र–क्या हो यस्तो ! तेह्र, चौध–राम, राम, सब डढेर काला भएका चौध लाशका चौध मूढा। त्यसमा, दुई लाशका मूढा साना थिए। ती साना–साना दुई मूढा, दुइ ना बालकका लाश थिए–कठै ! अरू सब कुन लोग्ने–मान्छेको लाश, कुन स्वास्नीमान्छेको लाश, यो स्वास्नीमान्छेको लाश, यो लोग्नेमान्छेको लाश भनेर दुई, तीन लाश छुट्याउन सके पनि जम्मै लाश छुट्याउन मुश्किल थियो–लुगा कसैको थिएन, न कपालै थियो–एक, एक लाश सब कालो मूढो जस्तै थियो– के छुट्याउने।

निष्प्राण जस्तै, अचेत जस्तै मिठ्ठू सहित काजी चेतबहादुर बाँच्ने सोह्र जना मानिसहरूमा वसन्तलाई नपाएर मूढा लाशहरूको अगाडि मृतप्राय: जस्तै भएर धर्मराउँदै आए। उनीहरू न रुनै सकेका थिए, न बेहोश हुन, न बोल्न, न सह्मालिन। त्यस्तै कति मानिसहरू आफ्नो मान्छेलाई बाँच्ने मानिसहरूमा नपाएर छाती पिट्तै लाशहरूलाई हेरी, हेरी रोइरहेका थिए–कुन आफ्नो मान्छेको लाश, कुन पराई मान्छेको ?– कत्रो भयानक दृश्य ! एक वयोवृद्ध सज्जनको त विदेशबाट पढेर, पास भएर घर फर्केका उमेरदार छोरा, छोरीहरू र काखे–बालक समेत छोरा–छोरीकी आमा पनि पाँच जना परिवार नै त्यस दुर्घटनामा परेको थियो। कठै ! मर्ने त मरे, मरे ! ती वयोवृद्ध सज्जन परिवारको लाशहरूमा घुमी, घुमी, आफ्नो मुटुलाई थिचेर छटपटाइरहेका थिए–कत्रो विजोग !

नेपालमा यसभन्दा अघि यत्रो हवाई–दुर्घटना कहिलें पनि भएको थिएन। भगवान्‌सित प्रार्थना छ—न यस्तो हुनेछ।

हवाई जहाज त एउटै मात्र डढ्यो, तर त्यो त्यसरी जल्दा यता धेरैको जहाज डुब्यो !

काजी चेतबहादुर सिंह पुत्र–शोकमा छाती पिट्तै, रुँदै र लाशहरूमा होम्मिन खोज्दै ठूलो डाँकोले कराए—

"मेरो बाबा ! मेरो छोरा !"

काजी बेहोश जस्तै भएर लाशहरूमाथि ढल्नै आँटेका थिए–उनलाई धेरै अपरिचित बुज्रुगहरूले समातेर संझाए—

"मर्ने त मऱ्यो, मऱ्यो ! बाँच्नेले आफ्नो कर्तव्यको निम्ति यसरी धैर्य छोड्नु हुँदैन ! उही पनि के तपाईंले आफ्नो छोरोको लाश चिन्नुभयो र ? लाशै नचिनेर किन यसरी धैर्य छोड्नु हुन्छ ?— यहाँ त मान्छेका चौध, चौध जना छोराछोरी परे ! हेर्नोस्, यी सबै तपाईंकै छोरा जस्तै हैनन् ? किन तपाईं आफ्नो छोरोलाई मात्र छुट्याउनुहुन्छ ? तपाईंको छोरो यो हवाई जहाजमा आउँदै नआएका भए नि ! अरु आशा राख्नोस्, बरु भगवान्‌सित यसै होस्— भनेर प्रार्थना गर्नोस् !"

त्यो हवाईजहाज सिमराबाट उडेको थियो। त्यसैले मानिसहरूले सिमरा हवाई अड्डाबाट हवाई यात्रीहरूको संख्या र नामावलीसमेत मगाए। नामावलीमा हवाई–यात्रीको संख्या तीस थियो— जसमा बाँच्ने सोह्र र मर्ने चौध भएर मिल्यो। लाशबाट नछुट्टिए पनि त्यस नामावलीको लगतबाट यति स्वास्नीमानिस यति लोग्नेमानिस र यति नाबालक भनेर पनि छुट्टियो। काजी चेतबहादुर सिंहको निमित्त नामावलीबाट बी० बी० सिंह नाम पनि खुट्टियो। उनले हिजो आफूलाई बी० बी० सिंहले पठाएको तार पनि भिडाएर हेरे,—त्यसबाट पनि तार पठाउने बी० बी० सिंहको नामसमेत—तारको महीना, गते, बार र समय पनि सब मिल्यो।

सबले प्रष्टसित 'यो लाश, यो मान्छेको हो' भनेर नचिने पनि अन्दाजै अन्दाजबाट दोस्रो र तेस्रो दिनसम्ममा आफ्नो आफ्नो मान्छेको

लास छुट्याउँदै पुनः दाहसंस्कार गर्ने काम गरेर खरानी तुल्याए ।

हवाईमैदानमा हवाई जहाज जल्यो ! यता धनको पनि जहाजै डुब्यो ।

मान्छेको जात—जस्तो सुकै आपद्, विपद् र संकष्ट पनि सहनै पर्ने ? धन विधवा भइन् ।

—

छत्तीस

मनको जीउ हल्का र फूर्त्तिलो भएको थियो । धेरै दिनदेखि सूर्य–दर्शनको अभाव भएर हो कि बाबा भश्मेश्वरको साधुवाद र असीम आशीर्वादबाट हो या उसको कालो छायाबाट पर भएर हो, मन पहिले पहिलेकीभन्दा पनि गोरी र राम्री भएकी थिइन् । धेरै दिनसम्म बदली भएर झलमल्ल घाम लागे जस्तै उनको चन्द्रवदन ज्यादै कलकलाउँदो किसिमको कोमल र तेजपूर्ण भएर शरद्–चन्द्र जस्तै चम्किरहेको थियो।

मनको गोरो मुखमा हिसीको केन्द्रविन्दु जस्तै चिउँडोको कालो कोठी प्रष्ट छुट्टिन्थ्यो ।

भश्मेश्वरको फन्दाबाट उम्केकी मनले सरासर सिफल–बालघरमा पुगेर सास फेरिन् । उनको आफ्नो बच्चोलाई हेर्ने लक्ष्य थियो । बालघरमा उनले तुरुन्त आफ्नो प्यारो बच्चोलाई देख्न नसके पनि कुनै निहुँ गर्दै त्यहाँकी धाईलाई भेट्ने बहाना गरेर, यताउतिको कुरा गर्दै साहिलु लगाएर आफ्नो छः औंले बच्चोलाई हेरिन् । बच्चोलाई लिने त उनको सामर्थ्य भएन—यद्यपि उनलाई अलिकति सन्तोष लाग्यो । धाईसित सम्बन्ध जोडिएकोले बराबर बच्चोलाई हेर्न जाने उनले एउटा राम्रो बाटो बनाइन् । गाँस र बासको निम्ति मात्र उनको चिन्ता थियो । कुनै इलम गरेर गाँस र बासको एउटा बन्दोबस्त भएपछि आफ्नो प्यारो बच्चो-लाई पनि बालघरकी धाईसित माँगेर लिने उनले अठोट गरेकी थिइन्।

त्रिपुरेश्वर—भवनाथको घरमा छँदा दुइ चार जना बाहिरका स्वास्नीमानिस र वज्यैको कुरापरेको मनको कानमा परेको थियो। उनी-

हरूको कुरा त धेरै थियो—तर मनले एउटा कुरा बिर्सिनन् । उनले संझिरहेको कुरा थियो ।

नारी–सेवा–संघ !

"नारी-सेवा-संघमा अबला र अनाथ स्वास्नीमान्छेले काम पाउँछन् । त्यहाँ उनीहरूको इज्जत हुन्छ, कदर हुन्छ । त्यहाँ स्वास्नीमान्छेहरू पढ्छन्, पढाउँछन्, अनेक इलम सिक्छन्, समाज–सेवा गर्छन्, भाषण गर्छन् । नारीसेवा संघमा ठूलठूला स्वास्नीमान्छेहरू पनि छन् । उनीहरूको काइदा, कदरको कुरा गरेर साँधी नै छैन—कत्रो कत्रो रवाफ छ । तिनीहरू पनि स्वास्नीमान्छे, हामीहरू पनि स्वास्नीमान्छे ! उनीहरू स्वतन्त्र भएर हिंड्छन्, हामी र घरको घरै सडेर बस्छौं—सधैं लात र बात सहेर, कमार्तन गरेर । नारी–सेवा–संघ यही शहरमै छ । पारी हमाल डिठ्ठाकी छोरी पनि आजकल त्यहीं जान्छे । वीरेकी बहिनी, शान्ता, तारे, निर्मला, विमला सब जान्छन् !"

बाबा भश्मेश्वरको छायाबाट मुक्ति पाएको निकै दिनपछि एक दिन विहान सबेरै मन जैसीदेवलको पेटीमा अडेर सोचिरहेकी थिइन्–

'कहाँ होला, नारी–सेवा–संघ—कसलाई थाहा होला त्यो नारी-संघ–कोसित सोधे ठीक पर्ला ?'

नेपालमै जन्मेर, हुर्केर, खेलेर त्यो उमेर भइसकेको भए पनि, कतिपल्ट काठमाडौं शहर घुमिसकेको भए पनि भोटाहिटी, असन, इन्द्रचोक, जुद्ध सडक, जैसीदेवल इत्यादि मुख्य–मुख्य टोल र नाम थाहा भए पनि मन शहरमा अल्मलिन्थिन् । त्यसमाथि नारी–सेवा–संघको अड्डा कुन टोलमा पर्छ—उनलाई त्यो थाहा थिएन ।

कसैसित सोधेर पहिले नारी–सेवा–संघमा पुग्ने; त्यहाँ बुन्ने, उन्ने, सिउने या पढ्ने, पढाउने कुनै इलम गरेर थान्को लाग्ने, बाल घरबाट आफ्नो बच्चो ल्याउने र उसलाई हुर्काउने, पढाउने, ठूलो तुल्याउने–यस्तै कल्पना गर्दै थिइन्—मन ! एक्कासि उनको ध्यान भङ्ग भयो । उनको अगाडि उभिएर एक जना मान्छेले उनलाई सोधिरहेको थियो—

"तपाईं यहाँ कहाँबाट आउनुभएको, कल्लाई खोज्नुभएको ?"

मनले त्यो प्रश्नकर्ता व्यक्तिलाई पुलुक्क हेरिन् – उसका आँखा, बिरालाका आँखा जस्तै कुइरा थिए । उसले कुमकुमसम्म आउने गरेर जुल्फी पालेको थियो । त्यो मान्छेलाई मनले उनी त्यस ठाउँमा आइ नपुग्दै केही बेरअगाडि पनि कता हो—देखेकी थिइन्; तर उल्ले कुन बेलादेखि उनलाई हेरिरहेको थियो ?—उनलाई केही थाहा भएन ।

जुल्फीवालाले मनलाई फेरि सोध्यो—

"अघिदेखि उभिएर कल्लाई पर्खनुभएको ?"

मनले सोझै कुरा बताइन्—

"कसैलाई पनि पर्खेको हैन, म नारी-सेवा-संघमा जान आएको !"

जुल्फीवालाले धेरै कुरा थाहा पाएको जस्तो भाव देखाउँदै "हुँऽऽ" गरेर त्यतैतिर टहल्लिरह्यो ।

मनले विचार गरिन्—

'यो मान्छेलाई नारी–सेवा–संघ थाहा होला–नत्र किन "हुँऽऽ" गरेर मुण्टो हल्लाउँथ्यो ! यसैसित सोधे त बताइहाल्ला नि !'

मनले त्यो जुल्फीवालासित नारी–सेवा–संघ कता पर्छ–भनेर सोध्ने विचार गरिरहेकी थिइन्-फेरि टहलिंदै आएर उनीसित उसैले सोध्यो-

"किन जानुभएन त ?"

मनले भनिन्—

"कहाँ जानु खै, थाहा नै नपाईकन; नारी–सेवा–संघ कुन ठाउँमा पर्छ—बरु तपाईंलाई थाहा छ कि ?"

जुल्फीवालाले मनको कुराको जवाफ निलेर प्रश्नै गऱ्यो—

"तपाईं त्यहाँ, कल्लाई भेट्न जाने ?"

जुल्फीवालाको खोजीनीतिमा मनलाई अलि फर्को लाग्यो । उनले भनिन्–

"कसैलाई पनि हैन !"

"उसो भए किन जाने त ?"

"त्यसैं !

"किन त्यसैं ?"

मनले यो पटक त्यो जुल्फीवालाको प्रश्नको उत्तर, प्रश्नै गरेर दिइन्—

"नारी–सेवा–सङ्घमा स्वास्नीमान्छे—किन जान्छन् ?"

जुल्फीवालाले गम्भीर भएर भन्यो—

"ऊँऽऽऽ !......त्यहाँ जानेहरूको आफ्नो एउटा एउटा लक्ष्य हुन्छ, काम हुन्छ, चिह्नेका मान्छे हुन्छन्—जान्छन् ! तपाईं त 'त्यसैं जाने' भन्नुहुन्छ !"

मनले भृकुटी चढाएर भनिन्—

"त्यसैं........भनेको तपाईंले बुझ्नुभएन छ ! जसो गर्न अरू जान्छन्, त्यसै गर्न भनेको मैले पनि !"

सौन्दर्यको साथै मनको वाक्चातुर्यमा जुल्फीवाला दङ्ग परिरहेको थियो । उसले आफ्नो अन्तःकरणमा उर्लिरहेको भाव खूब दबायो । साथै उसले मनको धेरै कुरा थाहा पायो पनि । उसलाई अब धेरै फजूलका कुरा गरिरहन ठीक लागेको थिएन । उसलाई नारी–सेवा–सङ्घको ठेगाना थाहा पनि थिएन । त्यसैले उसले आफ्नै मतलबको कुरा गर्‍यो—

"तपाईं पनि कस्तो, नारी–सेवा–सङ्घ—यसरी सोधेर कसरी पत्ता लाग्ला ? जहाँ संगठित सदस्यहरू जम्मा हुन्छन्—उहीं सङ्घ हुन्छ, अहिले त नारी–सेवा–सङ्घका सदस्य नारीहरू कोही कतै होलान्, कोही कतै !—तपाईंले खालि ठाउँ खोज्नुभएको त पक्कै हैन; अँ तपाईंले आनन्द स्वामीजीको नाम त सुन्नुभएको होला !"

जुल्फीवालाको कुरामा एउटा यस्तो आकर्षण—शक्ति थियो—मनलाई त्यो मान्छेसित कुरा गरिरहन झर्को लागेको भए पनि उनी उसको हरएक कुराको जवाफ दिइरहेकी थिइन् । उनले भनिन्—

"अँहँ, मैले सुनेकी छैन !"

"ओ हो !—आनन्द स्वामीजीको नामै सुन्नुभएको छैन

तपाईंले ?—त्यसैले त तपाईंले नारी–सेवा सङ्घको खोजी गर्नुभएको ! स्वामीजीलाई बोल्ने पशुपतिनाथ सम्झनोस्, दयाको अवतार, ज्ञानको भण्डार, दीनदुःखीका आधार ! जसले स्वामीजीको एकपल्ट दर्शन गर्छ उसको सारा दुःख, रोग, विघ्न, बाधा र मनको क्लेश पनि हरण हुन्छ ! म त उहाँकै एक भक्त हुँ, उहीं जाँदैछु ! तपाईंलाई...!"

मनले उत्तेजित भएर भनिन्—

"मलाई यस्तो कुरामा विश्वास लाग्दैन !"

"तपाईंलाई कस्तो कुराको विश्वास लाग्छ त ?"

"मलाई आफ्नो कामको विश्वास लाग्छ, इलमको विश्वास लाग्छ, सत्यको विश्वास लाग्छ !"

स्वामीभक्तले आफ्नो सत्ता प्रदर्शन गरेर भन्यो—

"अल्पविद्या भयङ्करी ! तपाईंले भनेजस्तै तपाईं आफ्नो कामको, इलमको, सत्यको विश्वास गर्नुहुन्छ–ठीक हो; तर तपाईंको काम, इलम र सत्यको प्रेरणामा, आधारमा, सम्बन्धमा अथवा मूलमा असत्य छ, धोका छ—भने नि ?"

"आत्मविश्वासमा—असत्य पनि सत्य हुन्छ !"

"आत्मविश्वास गर्दैमा विष अमृत हुँदैन, आगो हिउँ हुँदैन, खोला मास्तिर बग्दैन !"

"त्यो गर्ने आत्मविश्वास होला, हुने आत्मविश्वास हैन !"

स्वामीभक्तले बहसमा टेको हाल्यो—

"तपाईंको आत्मविश्वासमा—धोका हुँदैन त ?"

मनले टिपिन्—

"आत्मविश्वासमा सन्देह भए हुन्छ, किन हुँदैन !"

स्वामीभक्तले मूलमा ओर्ह्लिन बहसमा शाखा हाल्यो—

"नारी–सेवा सङ्घमा तपाईंको कुनै सन्देह छैन त ?"

मनको वाक्चातुर्यले यथार्थकै पक्ष लिएर अड्डी जमाउँदै, पछिल्लो वाक्यबाट विजयको शान देखायो—

"मलाई नारी–सेवा–सङ्घ छ – भन्ने कुरामा सन्देह छैन ! त्यो कस्तो छ—भन्नलाई, अहिले म त्यहाँ गएकै छैन ! तपाईं लाई नारी-सेवा–सङ्घ थाहा नभए—भइहाल्यो, जानोस् त तपाईं आफ्नै स्वामी-जीको ज्ञान सुन्न, म अरूसंगै सोध्छु !"

स्वामीभक्तले फेरि गम्भीर हुँदै कुराको पेच घुमाएर ढिग्री कस्यो–

"जोसंग सोधे पनि आखिर तपाईं ले नारी-सेवा-सङ्घका स्वामी-लाई त सोध्नै पर्छ !!"

मनले आश्चर्य मानेर सोधिन्—

"नारी–सेवा–सङ्घका स्वामी ?– को ??–कहाँ हुनुहुन्छ ???"

स्वामीभक्तले शब्दजाल फ्याँकेर मनलाई छोप्न खोज्यो—

"स्वामीजीको कुरा गर्दा अगि तपाईं ले विश्वास लाग्दैन भन्नु-भयो, स्वामीजी को अब !—जोसित सोध्नुहुन्छ सोध्नोस्, आज आनन्द स्वामीको नाम नसुन्ने मान्छे यो शहरमा विरलै होला ! स्वामी महारा-जको आश्रम हाल यहीं नजीकै छ, शहरबाहिर पवित्र स्थानमा ! स्वामीजी नै आज कति ब्रह्मचर्याश्रमका अध्यक्ष हुनुहुन्छ, सञ्चालक हुनु-हुन्छ, सभापति हुनुहुन्छ, प्रभु, मालिक र स्वामी हुनुहुन्छ, कति पाठशाला, सङ्घ, संस्था र गौशालाहरू उहाँकै अनुग्रहबाट चलिरहेका छन् ! आज, स्वामीजीको अनुकम्पाबाट कति बेइलमीहरू इलम र उद्योग गर्दछन् ! तपाईं जस्तै कति अबला स्वास्नीमान्छेहरू उहाँको ब्रह्मचर्याश्रममा ब्रह्म-चारिणी भएर नियम र संयमले इन्द्रिय—निग्रह गर्दै भगवद्भजन गरेर शान्तिमय जीवन—यापन गरिरहेका छन् । अब यस्ता धर्मका अवतार स्वामीमाथि पनि कोही वितण्डावादी अज्ञानवश अविश्वास प्रकट गर्छ भने—त्यो त आफ्नो आफ्नो मतिको कुरा हो, आफ्नै गतिको कुरा हो !– नर्क नभए स्वर्ग कसरी हुनु !"

स्वामीभक्तले शब्दजालको डोरो तानेर आफ्नो कदम बढायो । उसको कुरामा वशीभूत भएर मनको हृदय अत्यन्त अञ्चल भइरहेको थियो । अलिकति अगाडि बढेर मनले भनिन्—

"नारी–सेवा–सङ्घका स्वामी–स्वामीजी भनेर अगि तपाईंले केही पनि भन्नुभएन; अरू अरू नै कुरा गर्नुभयो !"

स्वामीभक्तले बडो गम्भीर भएर हिंड्दै भन्यो–

"पहिले अलिकति मान्छेको उद्देश्य नै नबुझेर कसैले पनि केही कुरा बताउँदैन । यो पनि मैले सबै कुरा बताएको हैन – बताएर साध्य नै छैन ! आफ्नो ⊛अनुभाव बताउने हाम्रो नियम पनि छैन – यो त कुरै कुरामा निस्केको कुरा हो ! स्वामीजी पनि कसैसंग आफ्नो बयान गर्नुहुन्न, जो कोहीसित कुरा नै गर्नुहुन्न । उहाँ स्वयं अन्तर्यामी हुनुहुन्छ यद्यपि उहाँको अनुकम्पा भएको भक्तमा परीक्षाको निमित्त एकाध प्रश्न गर्नुहुन्छ !

स्वामीभक्तको कुराले मन ज्यादै अधीर भइरहेकी थिइन् । उसमा आफ्नो कुराको प्रभाव परेको उनको भाव विचार गरेर स्वामीभक्तले फेरि भन्यो–

"लौ त देवीजी, मलाई बिदा दिनोस् !"

मनले स्वामीभक्तको पछिपछि स्वयं खिंचिदै भनिन्—

"हैन, उसो भए मलाई स्वामीजीले एउटा बाटोमा लगाइदिन सक्नुहुन्छ त ?—म नारी–सेवा–सङ्घमा बसेर इलम गर्न पाउँछु त ?"

स्वामीभक्तले भन्यो–

"स्वामी महाराज जे पनि गर्न सक्नुहुन्छ—तर पात्र हेरेर । उहाँसंग कसैले – म—यो इलम गर्छु, भन्नु पनि पर्दैन । उहाँको आश्रयमा जाने भक्तहरूलाई उहाँले जजसलाई जुन मार्गमा लगाउनुपर्ने हो – लगाइदिनुहुन्छ; रोगीलाई रोग हेरेर औषधि दिनु हुन्छ; भोका, नाङ्गालाई भोजन र वस्त्र ! तर उहाँसंग भक्तहरूले सत्य बोल्नै पर्छ !"

मनले भनिन्—

⊛ अनुभावको अर्थ वडत्व हुन्छ ।

"लौ त म पनि स्वामीजीको दर्शन गर्छु !"

बाटोमा स्वामीभक्तले मनसंग जे जे प्रश्न गर्थ्यो—मन त्यसको समुचित उत्तर दिँदै गइरहेकी थिइन् । मनको हृदयमा ठूलो अन्तर्द्वन्द भइरहेको थियो । स्वामीभक्तको पछि पछि उनका कदम अगाडि बढिर-हेका थिए । उनी नारी—सेवा—सङ्घको कल्पनामा उडिरहेकी थिइन् । त्यसैले, बीचबीचको प्रश्नोत्तरमा उनले स्वयं बकेजस्तै स्वामीभक्तलाई के के बताइरहेकी थिइन्—उनैलाई पनि ख्याल रहेन ।

स्वामीभक्तले फेरि नजानिँदो किसिमले प्रश्न गऱ्यो—

"तपाईं विवाहिता नै हुनुहुन्छ क्यार ?"

मनले भनिन्—

"मेरो एउटा सानो बच्चो छ !"

"ऊँऽऽ, बच्चो घरमै होला ?"

मनले सोझै बताइन् —

"बालघरमा !"

"तपाईंको घर···?"

"छैन !"

सौन्दर्यकी प्रतिमा मनलाई देखेर स्वामीभक्त मन्त्र—मुग्ध भएको थिए । सौन्दर्यको साथै यिनमा सुन जत्तिकै खँदिलोपन पनि छ—भन्ने कुरा स्वामीभक्तको विचारले निर्णय गरेको थियो ।

स्वामीभक्तले प्रश्नोत्तरबाट मनको धेरै कुरा थाहा पायो । उनी के चाहिन्छन्, कहाँबाट आइरहेकी थिइन् ?—भन्ने कुरा समेत स्वामी-भक्तको अन्वेषणले पत्ता लगाएको थियो ।

सैंतीस

विष्णुमती—पारी, एक सुरम्य स्थानमा, ढुङ्गे परखालले परिवेष्ठित ज्यादै मनोहर पुष्पबाटिकाको बीच, पुरानो किसिमको एउटा चौघडे भव्य मन्दिर थियो; हाम्रो त यहाँ घर भन्ने चलन छ ! तर त्यो कुनै गृहस्थीको—घर जस्तो थिएन, न त्यो विशाल दरबार र भवन जस्तो भडकिलो थियो । शायद, त्यो घर उहिलेका राजा, रानीहरू वन-विहारमा जाँदा वस्ने विश्राम—गृह कुनै राजपरिवारको निमित्त बनेको बन्दीगृह हो ! त्यहाँ एउटा शिलालेख जस्तो च्याप्टो ढुङ्गा पनि विद्यमान थियो तर त्यो ढलेर पाप्रोसमेत उप्किसकेको ढुङ्गामा कुनै बखत गोठाला केटाकेटीहरूले च्याम्पट्टी घुमाए पनि, घाँसीहरूले हँसिया उदाए पनि, त्यसले चन्दन घोट्नको निमित्त चनौटोको काम दिइरहेको थियो। त्यस चौघडे घरलाई—"यो जनरल गगन सिंहले आफ्नी एउटी रखौटीको निम्ति वनाइदिएको घर हो"– भन्ने परिपक्व इतिहास जस्तै एकाध बूढापाकाहरूको पनि परंधामको यात्रा भइसकेको थियो थियो । त्यो घरमा कस्ता मानिसहरू बसे होलान्, कति कति घटना भयो होला, कुनै वखत त्यो खाली नै रह्यो होला ! जेसुकै होस्, यता निकै दिनदेखि फेरि त्यो गुल्जार भइरहेको थियो । श्री १०८ महर्षि परमानन्द स्वामीजीको तपोगृह भइरहेकी थियो, आश्रम भइरहेको थियो—त्यो ।

स्वामीजी वडा प्रतिभाशाली विद्वान् तथा तेजस्वी थिए। उनको मधुर तथा गम्भीर वाणीको सदुपदेश पनि उत्तिकै गहीरो र प्रभावशाली

हुन्थ्यो। स्वामी महाराजको उपदेश सुन्न बिहान सधैं भक्तगणको भीड लाग्थ्यो—त्यसमा लोग्नेमान्छे; स्वास्नीमान्छे, बूढा, तरुनी, पण्डित, स्वाँठ, सन्त, लण्ठ सब हुन्थे।

ज्ञानोपदेशको अतिरिक्त कसै-कसैलाई स्वामीजीको दुई, चार चमत्कारपूर्ण कामहरू पनि देख्ने सौभाग्य भएको थियो। कोही भन्थे—

"बसेको बस्यै स्वामीजी अन्तर्ध्यान हुनुहुन्छ बाबै, मैले नै देखेको!"

कोही भन्थे—

"कहाँ अन्तर्ध्यान मात्रै भन्छौ, गएको सूर्य—ग्रहणमा म यहाँ स्वामीजीसित बिदा भएर गएको थिएँ! काशी—मणिकर्णिका घाटमा यात्रीहरूको ठूलो भीड थियो मैले त्यहाँ स्वामीजीको दर्शन पाएँ! मैले स्वामीजीलाई दौडेर भेट्टाउन खोजें, स्वामीजी आफ्नै चालमा बिस्तारै हिंडिरहनुभएको थियो; तर मैले केही गरे पनि भेट्टाउन सकिनँ। यहाँ आएर मैले त्यो कुरा सबैलाई बताएँ, सबसित बुझें—तर स्वामीजी त यहीं हुनुहुन्छ उता जानुभएकै छैन— भने सबजनाले, कस्तो अचम्म!" अर्कोले भन्यो—

"···फेरि स्वामी महाराजको कमण्डलुको जलको कत्रो शक्ति! हैजा लागेर धतूरेकी आमा मरिसकेकी थिई—स्वामी महाराजको कमण्डलुको जल मुखमा पर्ने बित्तिकै फेरि बौरिएर आई!"

कसैले भन्थ्यो —

"स्वामीजीको सेवा — टहल गर्ने मान्छेहरू हेरन, कस्तरी सप्रेर आएको। नाराने खान पाउँदैनथ्यो—स्वामीजीको चाकरी गर्न थालेदेखि कस्तो धनी भएर आयो!"

कोही आश्चर्य मानेर भन्थे—

"स्वामीजीको यत्रो खर्च छ—कहाँबाट रुपियाँ आउँछ, भनेको! म त छक्क पर्छु—नोट त खोस्टा बराबर छन् गाँठे! चन्दा नै दिनुहुन्छ महीनाको सात, आठ सय! फेरि बखत बखतमा त्यत्रो त्यो ब्राह्मण-

भोजन !"

कोहो भन्थे—

"स्वामीजी—राजकुमार रे, वावै !"

कोही भन्थे—

"हैन, उहाँ पश्चिमतिरका ब्राह्मण हुनुहुन्छ—धेरै पढेर स्वामी हुनुभएको ! शास्त्रार्थमा उहाँसित कोही पनि सक्तैन !"

कोही भन्थ्यो—

"ठूलठूलो ठाउँवाट स्वामीजीलाई लिन मोटर आउँछ !"

कोही भन्थ्यो—

"मङ्गलनिवास दरवारबाट त हप्तैपिच्छे मोटर आउँछ। त्यहाँ द्रौपदी महारानीलाई हप्ताको एकपटक भए पनि स्वामीजीको दर्शन नगरी हुँदैन—रे। द्रौपदी महारानी अव त बूढी भइसकिन्—महात्माहरूको यति भक्ति पनि नगरे के गरून् त त्यत्रो सम्पत्ति छ, खाने कोही छैनन् !"

कोही भन्थे—

"स्वामीजी महात्मा नै हुनुहुन्छ; उहाँ कहिले कस्तो, कहिले कस्तो भेष वदलेर पनि हिंड्नुहुन्छ ! उहाँ कुनै वखत हिन्दुस्थानमा वकील पनि हुनुहुन्थ्यो - भन्ने सुनिन्छ !"

मानिसहरूले तरह तरहवाट स्वामीजीको गुणको परिचय पाए पनि यथार्थ तवरले स्वामीजीको व्यक्तिगत परिचय, कसैलाई पनि थाहा थिएन। स्वामी महाराज समुद्र जस्तै अगम र आकाश जस्तै गम्भीर थिए।

स्वामीजीको आश्रम नै ब्रह्मचर्याश्रम जस्तो भएकोले त्यहाँ ब्रह्मचारी तथा ब्रह्मचारिणीहरूको पनि आश्रय थियो।

पूर्व मोहडा भएको आश्रमको ठीक ढोकाअगाडि दलानमै फूलमालाका लर्कनले सुसज्जित तथा धूप, दीपादिको सुवासयुक्त मञ्चबाट पूर्व मोहडा नै गरेर स्वामी महाराजको प्रवचन हुन्थ्यो। मञ्चअगाडि

बायाँपट्टि श्रोतृवर्ग स्वास्नीमान्छेलाई बस्नको निम्ति तेर्सो परेर बनेको टहरो थियो । दाहिनेपट्टि पनि लोग्नेमानिसहरूको निम्ति त्यस्तै टहरो भए पनि लोग्नेमानिसहरू मञ्चअगाडि चोकमा समेत यत्रतत्र छरिएर स्वामी महाराजको प्रवचन सुन्दथे ।

नौ बजेको समय थियो बिहानको ।

स्वामीजीको अघच मञ्च सुसज्जित थियो ।

सुगन्धित वासना उडिरहेको थियो ।

मञ्चअगाडि चोकमा टनाटन मानिसहरू स्वामी महाराजको प्रतीक्षामा थिए । स्वास्नीमानिसहरू पनि टहरोमा कोही बत्ती कातिरहेका, कोही कुरा गरिरहेका थिए, कोही आउँदै थिए !

आश्रमनिर, पुगेर स्वामीभक्तले मनलाई स्वास्नीमान्छे बस्ने टहरो देखाउँदै भने—

"स्वामीजीको प्रवचनको वेला भयो ! तपाईं पहिले त्यहीं टहरोमा बसेर स्वामीजीको प्रवचन सुन्नोस् ! प्रवचन समाप्त भएपछि स्वामी महाराजसित आफ्नो दुःख, दर्द विन्ति गर्नुपर्ने मान्छेहरू बस्छन्, अरू सब जान्छन् । तपाईं पनि त्यही बेलामा स्वामी महाराजसित जे भन्नुपर्ने—भन्नुहोला !"

स्वामीभक्त अन्तर्ध्यान भए ।

पवित्र स्थानको शुभागनमले हो कि, मनको हृदय आश्रमको पुष्पवाटिका जस्तै प्रफुल्ल भयो । आफ्नो घुम्टी ओराल्रे र उनी प्रवचन सुन्ने स्वास्नीमानिसहरूको पंक्तिमा गएर मिलिन् ।

एक्कै छिनपछि सारा उपस्थित मानिसहरू भररर्र शब्दले उठे । यता, स्वास्नीमान्छेहरू पनि उठ्दै मञ्चतिर नमस्कार गरेको देखेर मनले पनि सबैसँग उठेर मञ्चतिर हात जोरेर प्रणाम गरिन् ।

गम्भीर—गतिका आश्रमको ढोकाबाट स्वामी महाराजको पदार्पण भइरहेको थियो ।

स्वामीजीको उमेर अन्दाजी चालीसको भए पनि उनको तेजले

उनी भर्खरका जस्ता देखिन्थे । पुष्ट भाल, कमलनेत्र, सुडौल आकृति, मेघवर्ण, ऊच्च कद, भव्य मूर्ति, अनुपम व्यक्तित्व झल्किरहेको थियो— स्वामीजीको । पाउमा खराउ, सेतो धोती र बहुमूल्य पीताम्बरमा सुशोभित तेजस्वी मूर्ति स्वामी महाराजको दर्शनले श्रद्धालु भक्तजन अपूर्व भक्तिले गद्गद् भइरहेका थिए ।

सर्वप्रथम, पट्टलबन्द स्वामी महाराजबाट गम्भीर र लयदार वाणीमा एक श्लोक मन्त्रोच्चारण भयो । उपस्थितवर्ग सब मन्त्र— मुग्ध भए । मञ्चमा पद्मासन जमाएर विराजमान हुँदै स्वामी महाराजबाट मुसुक्क हाँसेर सबैलाई हातको इशाराले बस्ने आज्ञा भयो ।

सब बसे । मन पनि बसिन् ।

स्वामी महाराजबाट उपस्थित श्रोतृवर्गतिर कटाक्ष भएर दुइ तीन व्यक्तिलाई सम्बोधन गर्दै आदेश भयो—

"कसो त रामकृष्ण ? भन्नोस्, पण्डित गङ्गाधरजी ! अहो ! आज त विश्वेश्वरजी पनि आउनुभएछ !—लौ, भन्नोस्, आज कुन विषयमा बोलूं ?"

सम्बोधित व्यक्तिहरू अनुशासनपूर्वक उठेर हात जोद—"जो निगाह"— भन्ने भाव देखाइरहेका थिए । स्वामीजीको पुनः आदेश भयो—

"हाम्रो हिन्दू— धर्ममा नारी र नारी–धर्मको ठूलो महत्त्व छ ! आज त्यही विषयमा केही प्रवचन गर्ने हो कि ! तर श्रोतृवर्गको अभिरुचिको कुरा हो—श्रोतृवर्ग जे भन्छ···!"

श्रोतृवर्गको तर्फबाट ससम्मान अनुरोध भयो—

"आज स्वामी महाराजबाट हामीलाई "नारी र नारी—धर्म"-कै विषयमा उपदेश होस् !"

पुनः मुसुक्क हाँसेर शान्त र गम्भीर वाणीमा, जोडदार शब्दले स्वामी महाराजबाट प्रवचनको शुरू भयो—

"नारी—महामाया, महाशक्ति जगदम्बाकी अवतार हो !

जसबाट संसारको सृष्टि र स्थिति हुन्छ ! नारी नै पृथ्वीको रूप हो, नारी नै राज्यलक्ष्मी, गृहलक्ष्मी र गृहस्थीको घरबार हो—आधार हो ! संसारको जुनसुकै धर्ममा, जुनसुकै शास्त्र र पुराणमा नारीको ठूलो स्थान र ठूलो मान छ । नारी नभए संसार शून्य हुन्थ्यो —अब नारी अर्थात् आमा नै नभए पनि मनुष्यको उत्पत्ति भएर संसार आबाद भएको एकछिन मिथ्या कल्पना गरेर सम्झे पनि नारीविना मनुष्यको उद्योग र उन्नति हुनु त असम्भवकै विषय हुन्थ्यो—असम्भवं हेममृगस्य जन्म !

"पृथ्वीको गुरुत्वाकर्षण जस्तै सृष्टिस्थित्यन्तकारिणी नारीको पनि पुरुषहरूमा ठूलो आकर्षण छ । जुन आकर्षण—शक्तिले नथिदै पुरुषहरू मेसीन अथवा कठपुतली जस्तै भएर अनेकानेक उद्योग र उन्नति गर्दछन्; घर—खेती, समाज र राष्ट्रको निर्माण गर्दछन् । समाज, धर्म, अर्थ र राजनीतिको सिर्जना गर्दछन् । त्यसमा पर्ने विघ्न, बाधाको निमित्त मानिसहरू क्रान्ति गर्दछन्, सङ्घर्षक्षेत्रमा उत्रन्छन्, युद्ध र महायुद्धसमेत गर्दछन् ! त्यसको लागि हजारौं किसिमका शस्त्र र अस्त्रको निर्माण हुन्छ । युद्धपछि पुनः मनुष्यहरू शान्तिमार्गको अन्वेषण गर्दछन्—यसरी संसारचक्र चलेको छ । यसको एक मात्र हेतु हो—नारी शक्ति ! पुरुषको प्रकृति नै नारी, नारी नै प्रकृति ! जसबाट मनुष्य पैदा हुन्छ, जोसँग भुलेर जीवन बिताउँछ । दृष्टान्तमा नारीकै कारण श्री रामचन्द्रको वनवास भयो, नारीकै कारण राम र रावणको युद्ध भयो, रामायण बन्यो । यो भयो नारी—शक्तिको कुरा ! अब यस्ता शक्तिरूपिणी जगदम्बा नारीको धर्मको विषयमा—नारीधर्म भनेर शास्त्रमा ठूलठूलो उल्लेख छ । यस्ता कौस्तुभमणि जस्ता नारीलाई धर्मशास्त्रले सुरक्षित राख्तछ ! नारीधर्ममा········!"

सरस, सुमधुर र गम्भीर वाणीमा स्वामी महाराजको प्रवचन गम्किरहेको थियो । ज्ञानोपासक भक्तजनहरू प्रवचनको रसास्वादन गरिरहेका थिए, फुलिरहेका थिए ।

सारा मानिसहरू प्रवचन सुन्नमा यति तल्लीन थिए, यति शान्त

थिए—घन्किरहेको प्रवचनको वाक्यको पूर्व-विराममा सभास्थलमा कसैले सियो खसालेको भए पनि—सियो बजेको छ्यान्द्राङ्ङ आवाज सुनिन्थ्यो होला ।

स्वामी महाराजको मुक्तकण्ठको प्रवचनले मनलाई पनि स्वामीजीप्रति भक्तिको सञ्चार भइरहेको थियो । उनी प्रवचनमा प्रभावित भइरहेकी थिइन्, भक्तिले पुलकित भइरहेकी थिइन् । श्रोतृवर्ग प्रवचनको प्रवाहको सतहमा गोता लगाइरहेकै थियो । कसैलाई थाहा नै भएन—सुन्दरी मनमा स्वामी महाराजको दृष्टिपात भयो—पुलुक्क !

एकाग्र चित्तले प्रवचनमा तन्मय भएर घुम्टीले फोकस मिलाएको आफ्नो अनिमेष-दृष्टिले मन स्वामीजीलाई हेरिरहेकी थिइन् । एकदमसित चार कमलनयन जुध्दा विनाबादल मिलिक्क बिजुली चम्क्यो ।

मनको दृष्टि—प्रसिद्धिपूर्ण तपस्वी, परम दुर्द्धर्ष, महामहिम स्वामी महाराजको तेजस्वी दृष्टिमा टिक्न नसकेर झुकिहाल्यो, लत्रिहाल्यो-प्रचण्ड सूर्यलाई कल्ले हेरिरहन सक्छ—र ! त्यस संघर्षबाट मनको मुटु नै ढुक् ढुक् हानेर उफ्रिरहेको थियो । उनी विमोह भइन् । उनको श्रवण-शक्ति पनि बेकम्मा भएर कतिबेरसम्म त स्वामीजीको प्रवचनसमेत सुन्न सकेन ।

स्वामी महाराजको प्रवचनको गम्भीर ध्वनि यथास्थिति घन्किरहेकै थियो—उत्ताल तरङ्गमा, स्वच्छन्दमा, आरोहमा, अवरोहमा, द्रुतविलम्बित चालमा, भुजङ्गप्रयात गतिमा ।

नारीको कर्त्तव्य र पतिव्रता-धर्ममा पनि स्वामीजीबाट किसिमकिसिमका कथा र दृष्टान्तसहितको प्रवचन भयो । सारगर्भित प्रवचनमा सती-प्रथाको विश्लेषण थियो; रजस्वला नहुँदैका नारीको बालविवाह-प्रथाको चर्चा थियो, विधवा-धर्मको व्याख्यान थियो ।

निकै बेरसम्म रनभुल्लमा परेर मनको श्रवण-शक्तिले स्वामी महाराजको प्रवचन फेरि सुन्यो —

"....नारीबाट संसार त सृष्टि भएको छ, नारी शक्ति-रूपिणी पनि हुन्—तर नारीकै कारणबाट यो संसार स्वर्ग र नर्क पनि बन्दछ । जुन

वस्तु जति असल हुन्छ—त्यो बिग्रँदा त्यति नै खराब पनि हुन्छ । बिग्रेको नारीको शक्तिले घर, समाज र संसारै विध्वंस गर्दछ ।

"नारी–शरीर र मनले पनि कोमल हुन्छन् कोमलाङ्गिनी नारीको कोमलतामा विध्वंसकारी कठोरता हुन्छ ।

"स्वास्नीमान्छेलाई मीठो, मसिनो र राम्रो बोल्न जान्ने समाजद्रोही व्यक्तिले यसरी फकाउँछन् कि स्वास्नीमान्छे त्यसै फकिन्छन्, त्यसै बिग्रन्छन् । मान्छेलाई स्वास्नीमान्छेमा आकर्षित भएर समाजद्रोही र नर–पिशाच बन्न बाध्य गराउने पनि स्वास्नीमान्छेकै आकर्षण हो—अनि के गरोस् मान्छेले पनि ! यसै भएर, मानव–समाजमा मानव–समाजको रक्षाको निमित्त कुनै बखत बाल–विवाह–प्रथा चलाएका थिए । बालविवाहबाट पनि समाजको रक्षा हुन सकेन—कारण, कुमारीहरू चाँडै नै स्त्रीरूपमा परिणत हुँदा–पर–स्त्री अपहरण हुन थाल्यो, नाना तरहको अत्याचार बढ्न थाल्यो । त्यसपछि समाजका कर्णधारहरूले स्त्री–रक्षाको निमित्त प्रौढसित बालिकाको विवाह गराए । त्यसबाट पनि झन् समाज उग्ररूपले बिग्रन थाल्यो–कारण, प्रौढ पुरुष चाँडै नै वृद्ध हुन्थे, बालिका–युवती त्यसबाट–वृद्धस्व तरुणी विषम्–भएर मानव–समाज झन्झन् पतित भयो ! साथसाथै वृद्ध पतिको मृत्यु हुँदा, युवती स्त्री बहु मात्रामा विधवा हुन थाले । विषय–वासनाले उच्छृङ्खल भएका विधवा युवतीहरूबाट समाजमा भ्रष्टाचार बढ्यो । युवती विधवाहरूको सौन्दर्याकर्षणले समाजका सदस्यहरू बत्तीमा कीरा होमिएजस्तै होमिन थाले । सहन नसकेर समाजका ठेकेदारहरूले पुरुष मर्ने बित्तिकै स्त्रीले सती जानुपर्ने–सतीप्रथा चलाएर धेरै वर्षसम्म धेरै स्वास्नीमान्छेहरूलाई जीउँदै चितामा जलाए । अब त्यो पनि बन्द भयो । ठाउँ–ठाउँमा विधवा–विवाह चलेको छ–त्यसबाट पनि समाजको रक्षा हुन सकेको छैन–इत्यादि कारणबाट नै नारीको निमित्त धर्मशास्त्रमा ठूलो बन्धन छ ।

"नारी कुनै अवस्थामा पनि स्वतन्त्र हुँदैनन् । नारी स्वतन्त्र भएर हिंड्नु पनि हुँदैन । स्वतन्त्रतामा स्वास्नीमान्छे पथभ्रष्ट हुन्छन् । जब

नारी नै पथ—भ्रष्ट हुन्छन्, कुल भ्रष्ट भएर मानव–समाज भ्रष्ट हुन्छ; राष्ट्र—भ्रष्ट हुन्छ ।"

स्वामीजीको प्रवचनले मनको शरीर फेरि सिरिङ्ग भएर काँप्यो। प्रवचनले उनैलाई लक्ष्य गरेको जस्तै लाग्यो—उनलाई । उनले आफ्ना पिता र मास्टर सम्झिन्, अनि आफ्नो बच्चो पनि फल्फली सम्झिरहेकी थिइन्–उनी ।

प्रवचन भइरहेकै थियो—

"..........यसै भएर घर, समाज र देश—रक्षाको निमित्त बहुजनहिताय, सर्वजनहिताय शास्त्र, पुराणादिमा नारी—धर्मको महत्त्व-पूर्ण उल्लेख भएको छ । नारी—धर्मले नारीको रक्षा गर्छ; नारी–रक्षाले नै मानव–समाज सुरक्षित रहन्छ ।

"नारी गृहलक्ष्मी हुन् । गृहलक्ष्मीले घरकै सम्भार गरेर बस्नु-पर्छ, स्वतन्त्र भएर हिंड्नु हुँदैन । नारीको कोमल शरीरले घरको बोझ र सन्तानोत्पत्तिको कठोर बोझसमेत बहन गर्नुपर्ने हुँदा—उनीहरूलाई अरू विशेष काम शास्त्रले मनाई गरेको छ, मान्छेको के कुरा—पशु, पक्षीमा समेत यही रीत छ । गाईलाई कसैले जोत्दैन—गोरू नै जोतिन्छ । पोथी फूल पारेर गुँडमै ओथारो बस्छे, भाले आहारा खोज्न बाहिर निस्कन्छ—यी सब प्रकृतिसिद्ध कुरा हुन् । हाम्रो धर्मशास्त्र बिलकुल प्रकृतिको अनुकूल छ ।

"अब आजकाल विदेशी सभ्यता र कुशिक्षाको हावा लागेर बिग्रेका स्वास्नीमान्छेहरू प्रकृति र देश, काल, परिस्थितिको विरुद्ध स्वतन्त्र भएर, मनपरी गरेर हिंड्न चाहन्छन् । विदेशी भाषा पढेर परपुरुषसंग हिंड्नु, एकान्त वार्ता गर्नु र जोसंग पायो ऊसंग हातेमालो र अङ्गालो मारेर होटेल होटेलमा नाच्नु आजकाल केही स्वास्नीमानिसहरूको निमित्त सभ्यता भए-को छ । कोही स्वास्नीमानिसहरू—सङ्घ र संस्थामा दगुरिहेका छन्, कति खेलको मैदानमा देखिन्छन्—यी सब विदेशी सभ्यता हुन् । हाम्रो धर्म, समाज र हाम्रो देशमा यसरी स्वास्नीमान्छेले स्वतन्त्र भएर हिंड्नुमा ठूलो

दोष छ ! नारीस्वतन्त्रता हाम्रो धर्म—शास्त्रको विरुद्ध विषय हो !"

स्वामी महाराजले एकपल्ट फेरि मनको मुखमा पुलुक्क हेरे—मन शून्यमा हेरिरहेकी थिइन् ।

एवकै छिनपछि प्रवचन समाप्त भयो ।

स्वामीजीको मन्त्रोच्चारणको आखिरी शब्दमा सबले उठेर जयघोष गरे ।

स्वामी महाराजलाई दर्शन, ढोग र प्रणाम गरेर भक्तिभावले गद्गद् हुँदै सारा मानिसहरू एक एक गरेर स्वामीजीसित विदा हुँदै थिए । स्वामीजीले आफ्ना दुवै हात उठाएर भक्तहरूलाई आशीर्वाद दिइरहेका थिए । मन टहरैमा थिइन् । टहराका श्रोतृवर्ग स्वास्नीमान्छे पनि सबै निखि्रसकेका थिए । स्वामीजीको भित्र सवारी भयो ।

मनले केही विचार गर्ने मौका नै पाएकी थिइनन्—सफा वस्त्र धारण गरेकी एउटी ब्रह्मचारिणी जस्ती अधबैंसे उमेरकी स्वास्नीमान्छेले उनको समीपमा आएर भनिन् —

"स्वामी महाराजसित तपाईंको कुनै प्रश्न छ क्या र, भित्र पाल्नोस् ! महाराज फेरि पूजामा राज हुन्छ !"

मनले जाऊँ कि नजाऊँ जस्तो गर्दै दुई कदम अगाडि बढाइन् । आश्रमको ढोका उदाङ्ग भएर मुख बाइरहेको थियो । ब्रह्मचारिणी मनको अगाडि लागिन् ।

फूलमालाले सिङ्गारिएको रित्तो मञ्चबाट धूप र भर्खरै निभेको बत्तीको वासना धुँवाएर उडिरहेको थियो—मनका खुट्टा काँपिरहेका थिए । ब्रह्मचारिणीले पछिल्तिर फर्केर मनलाई आफ्नो अगि लगाउँदै फेरि भनिन्—

"पाल्नोस्, पाल्नोस् !"

मन—ब्रह्मचारिणीको अगिअगि आश्रमको ढोकाभित्र पसिन् । ढोका बन्द भयो ।

अठतीस

मनसँग छुट्टिएपछि स्वामीभक्त स्वामी महाराजको आश्रमको कराँसोतिरबाट गएर आश्रमपछिल्तिरको एउटा सानो वन्द छिंडीभित्र पसे । उनी छिंडीभित्र पस्ने बित्तिकै छिंडीको ढोका फेरि वन्द भयो ।

स्वामीभक्त बडा विलक्षण व्यक्ति थिए । मनले उनलाई स्वामीभक्तको रूपमा भेटे पनि कसैले कुनै रूपमा र कसैले कुनै रूपमा उनलाई नचिन्ने मानिस नेपालमा कमै होलान् । उनलाई बाबा भश्मेश्वर, भीमगिरी र कुम्भेश्वरहरू समेत चिन्दथे; तर स्वामीभक्तको रूपमा हैन, एक फक्कड गँजडीको रूपमा ।

एक दिन—राती त्रिपुरेश्वरको एउटा भट्टीमा टन भएर भश्मेश्वर, भीमगिरी र कुम्भेश्वरहरू कुरा गरिरहेका थिए । भीमगिरीले भश्मेश्वरको कामको सह्रनी गर्दै भन्यो—

"मान्छे त जुलूमकी नै भेट्टायो के भश्मेले !"

कुम्भेश्वरले आफ्नो रबाफ देखायो—

"के भेट्टायो खै, आमा भन्छ ! ---त्यै पनि क्रण्डै खुस्केकी, हेर् भीमगिरी, मेरो ओखतीले खूब वचायो नि—के भन्छस् ! जे भए पनि बाबा कुम्भेश्वरको ओखती पो त !"

भश्मेश्वरले वतायो—

"आमा त वच्चोकी पो भनेको त ! स्वास्नी भन्नुभन्दा आमा भन्नु सजिलो हुन्छ !—हेरिरहो न आँखा तानेर–बाबा भश्मेश्वरको काम,

भेट्टाउँछ कि भेट्टाउँदैन अब !! सुनकी चरीको मामलो पो हो—एकै चोटिमा अत्याएर भुर्र उडाउनुभन्दा बिस्तारै रत्याएर घुर्रा उडाउनु वेस—भनेर पो त !···बच्चोलाई बालघरमा पठाएर कसरी यल्लाई आफ्नो मुठीमा राखियो, कसरी यसलाई रत्याइरहेको छु—अब यल्ले मेरो कुरा नमानेर सुखै छैन, बिरामी भई र पो ! अब आज, भोलिमै बाबा भश्मेश्वरले यल्लाई हत्याएर आफ्नो मनोरथ सिद्ध गर्छ–के भन्छौ !"

भट्टीको एक अँध्यारो छेउमा एउटा फक्कड खूबसित गाँजा मोल्दै त्रिपुरेश्वरका त्रिमूर्तिहरूको एक एक कुरा सुनिरहेको थियो, भश्मेश्वरले त्यो फक्कडलाई देकेर हेर्दै नजीकै आएर सोध्यो—

"ए फक्कड, क्या हो—गाँजा कि कक्कड ?"

फक्कडले खूब अकडिएर फूर्तिसाथ भन्यो—

"मेरो नाम फक्कड छैन, न यो कक्कड छ। नाम मेरो मस्तराम छ, शिवबूटीको काम छ !—म यस जग्गामा आगोको वास्ते आएको थियो। वस्नुहोस्, शिवबूटीको दम लगाउनुहोस् !"

भश्मेश्वरले मस्तरामसित खुशी भएर—त्यहींबाट साथीहरूलाई आफ्नो भाव व्यक्त गऱ्यो—

"बन्द गर ए, अब त्यो सीमाको टुटी—तयार छ यता बाबा मस्तरामको शिवबूटी !"

कुम्मेश्वर र भीमगिरी पनि मस्तरामको समीप थुप्रिन आए—भश्मेश्वर गाँजाको दम खिचिरहेको थियो। पालैपालोसँग सबले दम लगाए।

मस्तरामले अर्को चिलिम तयार गर्दै मतलबको गफ लडायो—

"यस शिवबूटीको बहुत बडा करामत छ। यसको यस कारणबाट बूटी नाम भयो—यसलाई कायदाले इस्तेमाल गर्ने बालासँग रमणीहरू आफसे आप प्रसन्न रह्यो। बाबा महादेवको सङ्ग माता पार्वती किन आकर्षित भयो ?—इसी बूटीको कारण छ !"

भश्मेश्वरले प्रफुल्ल भएर भन्यो—

"उसो भए म फेरि दम लगाउँछु !"

"अच्छा, अच्छा ओ, आफूको पनि कुनै पार्वतीलाई आकर्षण गर्नु होला !"

भश्मेश्वरले आफै मस्त भएर भन्यो—

"हो बाबा, तपाईंले कसरी जान्नुभो— कुरा ?"

मस्तरामले भश्मेश्वरको हातमा गाँजाको चिलिम दिदै फुलेर भन्यो—

"बाबा मस्तराम सब कुछ जान्छ ! आफू एक सुन्दरी जनानामा बहुत मोहित छ—जो आफूकै साथमा छ, परन्तु आफूमा उसको दिल छैन !"

गाँजाको दमलेभन्दा मस्तरामको कुराले रन्थनिदै टाउकोमा हात राखेर भश्मेश्वरले सोध्यो—

"ओहो ! अब के गरूँ त बाबा ?"

मस्तरामले भश्मेश्वरलाई सान्त्वना दिदै भन्यो—

"यिसमा घबराउने कोही बात छैन । आफूको वास्ते म जो प्रसन्न छ ! मैले आफूलाई यस्तो एक बूटी देला—जसलाई उस सुन्दरीको दिल आपसे आप आफूमा पर्ला ! परन्तु मुश्किलको बात त यो भयो उस सुन्दरीको पनि आफूको नामले मेरै हातबाट बूटी देना पड्छ । उस बूटीमा आफूको केश, नख रखना पड्छ !"

भश्मेश्वरले आतुर भएर भन्यो—

"केही मुश्किल छैन बाबा, केही, मुश्किल छैन ! म यहाँ नजीकै बसेको छु—त्यो मान्छे मेरै अखडामा छ । तपाईंले उल्लाई आफ्नै हातले बूटी दिन सक्नुहुन्छ । म मेरो केश र नङ्ग पनि तपाईंलाई दिन्छु ! मेरो निम्ति तकलिफ गरेर········!"

"तब ठीक छ, ठीक छ ! परन्तु मैले स्त्रीको अङ्ग छुनुहुँदैन–यो

मेरो व्रत छ ! आफूको लागि मैले उसलाई दूरबाटै बूटी देना पड्छ–प्रसादको नामबाट !"

भश्मेश्वरले अत्यन्त खुशी भएर हात जोर्दै भन्यो—

"हवस्, बाबा !"

चिलिमपछि चिलिम गाँजा उडिसकेको थियो । आँखा सबका लठ्ठिएका थिए । बाबा मस्तरामले आफ्नो सत्ता प्रदर्शन गर्दै बुलन्द आवाजले भट्टी नै थर्काएर डकाऱ्यो—

"अउम् शङ्कर !!"

भश्मेश्वरको इशाराबमोजिम कुम्भेश्वर र भीमगिरीले भट्टीबाट प्रस्थान गरे ।

भश्मेश्वरले बाबा मस्तरामलाई आफ्नो नङ्ग र केश दिएर भन्यो—

"बाबा, यो तपाईंले भन्नुभएको !"

मस्तरामले एक टुक्रा टालोमा भश्मेश्वरको केश र नङ्ग बेह्रेर बूटी बनाउँदै फुकेर खूब छिटो छिटोसित मन्त्र फलाक्यो—

"ॐ शङ्कर, फू मन्तर कल्यानकारी जन्तर,
सहदेवी—सहदेव प्रवेशित हृद्तन्तर—अन्तर;
हुं, ह्लि ह्लिँ फट् फट् फट् !
महा मोहनी चट् चट् चट् !!"

मन्त्र फलाकिसकेपछि मस्तरामले भश्मेश्वरलाई बूटी दिँदै भन्यो–

"अच्छा ! अब पहिले म आफूको लागि बूटी दिन्छ–ये गलामा धारण कर्ना पड्छ !"

भश्मेश्वरले घाँटीमा बूटी बाँधेर भन्यो—

"अब अखाडामा······!"

मस्तरामले आफ्नो झोली, तुम्बा ठीक गरेर उठ्दै भन्यो—

"अच्छा अच्छा अब चल्ना पड्छ !"

भश्मेश्वरले मस्तरामलाई आफ्नो अखाडामा मनको समक्ष पुऱ्यायो।

एक्कासि आफ्नो अगाडि फक्कड मस्तरामलाई देखेर मन निकै डराइन्।

बत्ती जस्तै बलिरहेको मनको सौन्दर्य देखेर बाबा मस्तरामको हृदयमा हाहाकार मच्चियो। उसले आफूलाई सह्मालेर आफ्नो बूटी लिएको हात मनको अगाडि पसार्दै भन्यो —

"ले देवी, ये महाप्रसाद छ — यसको धारणले समस्त दुःख, दर्द दूर हुन्छ !"

मनले उपेक्षाको भावले भए पनि प्रसाद लिइन्।

भश्मेश्वर खुशी भयो।

मनको सौन्दर्यमा मोहित भएको मस्तरामले त्यस दिन विशेष केही सोच्नै सकेन, केही गर्नै सकेन। केही बेरपछि उसले भश्मेश्वरसित भन्यो—

"अच्छा त अब म जान्छु !"

भश्मेश्वरले बाबा मस्तरामलाई बाहिर सडकसम्म पुऱ्याएर— मनको निम्ति सुर्दै अखाडामा फर्क्यो।

मस्तरामको हृदय घाइते चरो जस्तै छट्पटाइरहेको थियो—अब कसो गर्ने र कुन उपायले मनलाई भश्मेश्वरको फन्दाबाट फुत्काउने— भनेर। रातभर पनि बाबा मस्तरामको आँखामा पटक्कै निद्रा लागेन। भोलिपल्ट बिहानै, मनलाई हत्याउने मनमनै एउटा ठूलो तर्जुमा मिलाएर मस्तराम एक ब्राह्मणको भेषमा भश्मेश्वरको अखाडामा जान्छ त— भश्मेश्वर चीत परिरहेको, मन बेपत्ता !

बाबा मस्तरामले मनको धुइँधुइँती खोजी गऱ्यो—कहिले बौलाहाको भेषले, कहिले पण्डितको रूपले र कहिले साधारण गृहस्थीको अवतारले। मनको उसले कतै पनि पत्ता लगाउन सकेको थिएन।

एक दिन बिहान झिसमिसेमै स्वामीभक्तको भेषमा मस्तरामले एक्कासि मनलाई एक्लै टुँडिखेलबाट शहरतिर पस्न लागेको देखेर ऊ पछिपछि लाग्यो । असन पुगेर एउटा मोडमा उसले उनलाई नियालेर हेऱ्यो–तिनी उनै थिइन् । इन्द्रचोक पुगेर उसले उनलाई फेरि हेऱ्यो—तर बोल्ने मौका परेन ।

आखिर जैसीदेवलमा स्वामीभक्तले मनको अगाडि गएर मुख उघाऱ्यो ।

उनन्चालीस

बूढेसकालमा कप्तान, कप्तान्नीलाई आघात र प्रतिघातको चोटमाथि ठूलो चोट पर्‍यो । उनीहरू त्यसै त्यसै औइलाएको मूला जस्तै भइरहेका थिए, काल पर्खिरहेका थिए ।

कप्तान, कप्तान्नीले मनको धेरै खोजी गरे—कतै पनि पत्ता लाउँन सकेनन् ।

मनलाई लिन भनेर कप्तान कत्रो आशले धाई बूढीसित गोदावरीको घरमा पनि गएका थिए । गोदावरीसित एक दुइटा कुरा गर्ने बित्तिकै धाईबूढी खङ्ग्रङ्ग भएर ढुन्मुनिदै पो कराइन्—

"मेरो बाबा !"

कप्तान आफ्नै छातीमा मुड्कीले हानेर थचक्क बसे । मनको कहीं पनि पत्ता लागेन ।

छोरो जस्तै मधुको हालतमा पनि कप्तान, कप्तान्नी त्यसै मर्माहत भइरहेका थिए—विवाह भएको वर्ष दिन नै नपुगीकन धनको वैधव्यको कुरा सुन्नुपर्दा उनीहरू जीउँदै मरेतुल्य भए । यता वर्ष दिनमै कप्तान, कप्तान्नीको उमेर दोबर बढेजस्तै देखिएको थियो । उनीहरूले आफूलाई अभागी, अनाथ र असहायक जीव सम्झेका थिए । उनीहरूको अन्तःकरणमा र आँखामा पनि प्रतीक्षाको एउटै भावना थियो ।

बूढौती र कमजोरीको कारण कप्तान साहेब बाहिर घुमफिर गर्न असमर्थ भइसकेका थिए तापनि दिनभर उनी झ्यालमा उभिएर बाहिर सडकतिर हेरिरहन्थे । बिहान सबेरै उठ्यो—झ्यालमै, दिनभर—झ्यालमै,

बेलुका झमक्क साँझ परिसकेपछि पनि झ्यालमै भर गरेर आँखा तानी तानी कप्तान बाहिर बाटोतिरै हेरिरहन्थे । राती पनि उनको श्रवण—शक्ति सजग नै रहन्थ्यो । एक दिन हैन, दुइ दिन हैन—उनी सधैं निराश हुन्थे । जति जति उनी निराश हुन्थे, उनको आशा उत्तिकै ताजा हुन्थ्यो । उनी झ्यालबाट बाहिर हेरेर कसैलाई खोजिरहन्थे; रात, रात-भर जागा रहेर कसैको आवाज सुन्न उनी कान थापिरहन्थे । झ्यालबाट हेर्दाहेर्दा धमिलो भएर उनका आँखाबाट आँसु बगेको उनलाई पत्ता नै हुँदैनथ्यो । उनका आँखा टट्टाएर हातले मिच्नुपरेको समेत उनी थाहा पाउँदैनथे । त्यस्तै, कप्तान्नी पनि दिन परदिन सुकिरहेकी थिइन्—फू गर्दा पनि ढल्लिन् भने जस्तो भएकी थिइन् ।

कप्तान, कप्तान्नीको हालत देखेर आफन्तहरूले धेरै नै संझाए, बुझाए—उनीहरूको मन के मान्थ्यो ! धेरै आफन्त र छिमेकीहरूले अडकल गरेका थिए—अब यी बूढाबूढी यसै मर्छन्—अझ कप्तान त पागल भएर मर्न बेर छैन । एक किसिमले कप्तान त पागल भइसकेकै थिए—जतिले जति संझाए, बुझाए पनि उनी झ्यालबाट हेर्न छोड्दैनथे, निद्रा उनलाई पटक्कै थिएन, उस्तो कसैसित पनि बोल्दैनथे—बोलिहाले पनि छोरीहरूकै कुरालाई लिएर बोल्थे । कतिपल्ट उनी झ्यालमा उभिएको उभिनै यैडे, कतिपल्ट बाहिर कुनै उनाउ स्वास्नीमानिसलाई देखेर दौडेर लिन जाँदा भऱ्याङमै पछारिए । राती पनि कप्तान 'मन' भनेर कराउँदै ढोका खोल्न दौडन्थे ।

धन र नाति सुमनको मुख हेरेर कप्तान, कप्तान्नी, अलिकति चित्त बुझाउँथे तापनि—यता धेरै दिनदेखि उनीहरूले नाति सुमन समेत धनलाई पनि देख्न पाएका थिएनन् ।

'जूठो बारेको बेलामा माइतीको मुख हेर्न हुँदैन'—भन्ने बूढीरूढीले धन माइत आएकी थिइनन् ।

एक दिन एउटा चाडमा—'सुमनलाई मात्र भए पनि एकछिन पठाऊ'—भनेर कप्तान्नीले सुमनलाई लिन मान्छे एठाएकी हुनाले, धनले सुमनलाई पठाइदिएकी थिइन् ।

कप्तान्नीले सुमनलाई काखमा लिएर—वेलैं न भएको भए पनि 'च्याम मुठी बाबु, च्याम मुठी' भनिरहेकी थिइन्—टुप्लुक्क मधु आइपुगे। कप्तान्नीले मधुलाई हेरेर भनिन्—

"ओहो बाबु, अब कस्तो छ तपाईंलाई ?"

मधुले सुमनलाई हेरेर भने—

"ठीकै छ आमा मलाई, यो बच्चो धनको हैन ?—कति राम्रो, यसले त धनकै अनुहार पो लिएर आएछ !—मलाई एकछिन लिन दिनोस् न।"

मधुले कप्तान्नीको काखबाट सुमनलाई लिएर मग्न हुँदै ज्यादै प्यारो गरेर म्वाइँ खाइरहेका थिए, गाला सुमसुम्याइरहेका थिए। कप्तान्नीले भनिन्—

"अब बाबुले मिठ्ठूलाई ल्याउनुपर्छ, बा ! विहा गरेपछि त्यसै छोडेर अर्काको जीवन बिगार्नु हुँदैन, उनी पनि बिचरीको के दोष ?"

मधुले भने—

"यो छोरो मलाई दिएदेखि म मिठ्ठूलाई ल्याउँछु !"

कप्तान्नीले भनिन्—

"साँच्चि ?"

मधुले सुमनको गाला सुमसुम्याउँदै जवाफ दिए—

"साँच्चि नै हो········· !"

मधुले धेरै बेरसम्म सुमनलाई छोड्दै छोडेनन्—कप्तान्नी साहेबलाई डर पनि लाग्यो। त्यही दिन कप्तान्नीले सुमनसंगै मधुको कुराको समाचार पनि धनकहाँ भनिपठाइन्। कुरा चाखलाग्दो भए पनि मधुको माँग पुग्न सकेन। आफ्नो एक मात्र छोरो गुमे पनि छोरोको ठाउँमा एउटा नाति भएकोले त्यही बालक नातिलाईनै छोरो संझेर चित्त सह्यालिरहेका काजी, कजिनीले मधुको कुरालाई—बौलट्ठी कुरा भनेर त्यसै उडाइदिए।

एक दिन राती कप्तानले आफ्नो जीवनसँग निरास भएर धेरै दिनदेखि पकाइरहेको कुराको कप्तान्नीसित सल्लाह गरे—

"मनकी आमा ! हामीहरू बूढा, बूढी भइहाल्यौं । अब डाँडा-माथिको जूनको के भरोसा, अहिले हो कि भरे हो ! त्यसैले अब यो घर, सम्पत्ति र जे भएको जग्गा, जमीन पनि धनकै नाउँमा दान-पत्र लेखिदिनु पऱ्यो ! छोरो न भए पनि छोरीपट्टिको नाति त छ–नत्र कल्लाई दिने त अब ?"

कप्तान्नीलाई कप्तानको कुरा ज्यादै ठीक लाग्यो। उनले भनिन्–

"दुवै दिदी, बहिनी भएका भए–दुवैलाई दिनु हुन्थ्यो ।…तर धनलाई दिएपछि मन आए पनि दिदी, बहिनीले बाँडेर लिइहाल्छन् नि !…हो धनकै नाममा लेखिदिनुपर्छ !"

कप्तान, कप्तान्नीको सल्लाह मिल्यो । कप्तानले धनलाई चिठी लेखे–

"छोरी धन !

श्री माननीय संधीज्यू र संधिनीज्यूहरूलाई हाम्रो दण्डवत् भने ! नाति सुमनसमेत तिमीलाई भगवान्ले सधैं कुशल, मङ्गल राखून् !

छोरी, तिमीलाई ठूलो चोट परेको छ ! सुमनको निमित्त उसको मुख हेरेर आफ्नो चित्त सह्याल्नेछयौ—भन्ने हाम्रो आशा छ ! के गर्नु, भगवान्को यस्तै मर्जी रहेछ !

छोरी, हामीलाई पनि घरले जा जा र वनले आ आ–भनिरहेको छ ! मनको कहीं पत्ता लागेन । अब यो घर, सम्पत्ति र जे भएको जग्गा–जमीन तिमीलाई नै दिएर काल पर्खने, हामी दुइटै बूढा, बूढीको सल्लाह भएकोले–तिमी चाँडै नै यो आफ्नो सम्पत्ति सह्याल्न आऊ !

तिम्रो प्यारो मुख देख्न नपाएको पनि धेरै दिन भयो । 'जूठो बारेको वेलामा—बाबु, आमालाई मुखै देखाउन हुँदैन'—भन्ने कुरा एउटा रूढी मात्र हो ! बूढा, बूढी—बाबु, आमालाई दर्शन दिने काम गरे बढिया होला !

प्यारो नातिसमेत तिमीलाई हाम्रो शुभाशीर्वाद !

—नरबहादुर"

रातभरिको सल्लाहले बिहानै धनलाई चिठी पठाएर कप्तान, कप्तान्नीहरू जवाफको प्रतीक्षा गरिरहेका थिए। उही दिन - बेलुकीपख, चिठीको जवाफ आयो। धनले लेखेकी थिइन् —

"श्री ६ पिता, माता !

तपाईंहरूले यो अभागिनी छोरीमाथि स्नेह गरेर पठाउनुभएको पत्र पाएँ ! यो प्यारो पत्र पाएर मेरो हृदयको आलो घाउमा अलि शीतल भएजस्तै लाग्यो। मेरा माननीय सासू, ससुराज्यूबाट पनि तपाईंहरूलाई नमस्ते भन्नुभएको छ। उहाँहरूले मलाई तपाईंहरूको सेवामा आउन बिदा पनि दिनुभएको छ। भोलि मासिक छ, पर्सि ससुराज्यूको जन्मबार भएकोले म निपर्सि बिहानै आउँछु !

ममाथि तपाईंहरूले स्नेह गर्नुभएजस्तै — यहाँ पनि उहाँहरूको ममाथि उत्तिकै स्नेह छ। त्यसैले, उहाँहरूले मलाई — घर र माइत गरिरहनू, बा-आमाहरूको पनि मन राख्नुपर्छ, यहाँ हामीलाई पनि छाड्नुहुँदैन, भन्नुभएको छ।

तपाईंहरूको घर र श्रीसम्पत्ति मलाई दिनुहुने कुराले म ज्यादै खुशी भएँ, यो कुरा सासू, ससुरालाई पनि सुनाएँ ! — तर मलाई मेरै जीउ पनि बर्ता भइरहेकोले मलाई तपाईंहरूको स्नेहबाहेक अरू केही पनि चाहिँदैन ! सुमनलाई उसकै बाबुको घर र हाँडाचिण्डा छँदैछन्।

दिदीको आजसम्म पनि पत्ता लागेन—मेरो मनमा त दिदी आउनुहोला जस्तो लाग्छ ! त्यसैले, बरु बा-आमाहरूले जे दिनुपर्ने दिदीलाई नै दिनुपर्छ। पत्रमा ज्यादा के लेखूँ—हरफको ऊँचनीचमा माफ रहोस् !

अभागिनी छोरी धनको
दण्डवत् !"

चालीस

स्वामी महाराजको आश्रमको भित्रीचोकमा पनि वसन्त ऋतुको शासन थियो ।

ठाउँठाउँमा परिमित हिसाबले मिलाएर राखिएका गमलाहरूमा ढकमक्क फुलेका किसिमकिसिमका वासनायुक्त फूलहरूले भमराहरूलाई फुलाएर गम्भीर स्वरले वेद-ध्वनि गराइरहेका थिए । कतै फूलको रस सञ्चय गर्दै माहुरीहरूले पनि मङ्गल गाइरहेको सुनिन्थ्यो ।

महामूर्ति स्वामी महाराज चोकको सुसज्जित तुलसीको मठ-अगाडि एउटा सफा आसनीमा पद्मासन कसेर बसेका थिए । स्वामी महाराजको करकमलमा स्फटिकको जपमाला घुमिरहेको थियो ।

ब्रह्मचारिणीले मनलाई सोझै स्वामी महाराजको समक्ष पुऱ्याएर आफू अदृश्य भइन् ।

स्वामी महाराज ध्यान-मग्न थिए । उनको मुख-मण्डलमा अनुपम तेज विद्यमान थियो । पट्टल बन्द गरेर ध्यानमा निमग्न भएका स्वामी महाराजको बगलमा मन निकै बेरसम्म उभिरहिन् । उनका खुट्टा काँपिरहेका थिए । उनी उभिरहेको स्वामी महाराजलाई पत्तै थिएन—जस्तो थियो । केही बेरपछि स्वामी महाराजले पट्टल खोलेर मनलाई पुलुक्क हेरे । मनको हृदय फेरि हल्लियो ।

स्वामी महाराजले मुसुक्क हाँसेर भने—

"ओ ! म त तिम्रै विषयमा सोच्न पुगेछु ! मेरो आश्रयमा आउने जुनसुकै भक्तको प्रति मेरो विवेचनाले पहिले नै स्वागत गर्छ ! अँ, तिमी

पापी भश्मेश्वरको फन्दाबाट खूब उम्किछौ !"

स्वामी महाराजको कुराले मन महान् आश्चर्यमा परिन् । उनी सोचिरहेकी थिइन्—

"कसरी यी स्वामीजीलाई म भश्मेश्वरको फन्दाबाट उम्केको कुरा थाहा भयो ? यिनी सिद्ध नै हुन्……!"

स्वामीजीले फेरि भने—

"बच्चोलाई बालघरमा पठाउनु नै भश्मेश्वरको एउटा ठूलो कपट थियो ! अँ, मेरो विचारमा नारी-सेवा-संघमा जानाले तिम्रो कल्याण छैन !"

मनले अधीर भएर, स्वामी महाराजलाई हात जोरेर आर्त्तनादले विन्ति गरिन्—

"महाराज, यो अबलाले साह्रै दुःख पाएँ ! बा, आमाको घर-बाट भागेर बच्चोकै निम्ति म मर्न पनि सकिनँ ! नारी-सेवा-संघमा गएर, काम गरेर बालघरबाट बच्चोलाई ल्याएर हुर्काउने विचार गरेकी थिएँ ! त्यहाँ जान पनि कल्याण छैन—आज्ञा हुन्छ भने—अब म के गरूँ, कहाँ जाऊँ ! मेरो कतै पनि आधार छैन !"

मन रोइरहेकी थिइन् ।

स्वामीजीले भने—

"हो, हो, मलाई सबै कुरा थाहा छ ! मलाई तिम्रा पिता, माताको कुरा र विवाहको रातमा तिमी भागेर निस्केको कुरा पनि थाहा छ !"

स्वामी महाराजको कुराले मनलाई ज्यादै नै आश्चर्य लाग्यो । आश्चर्यले उनी सिरिङ्ग भइन् । उनले एक छिनपछि रोएर फेरि अनुनय, विनय गरिन्—

"महाराज, अब मैले के गरेर त्यो एउटा बच्चो हुर्काउन सक्छु ?—के गरे, त्यसको कल्याण होला ?"

स्वामीजीले आश्वासन दिए—

"नरोऊ, नरोऊ !—कल्याणको बाटो छ, किन छैन; आत्तिनु

हुँदैन ! संसारमा धेरै उपाय छन्, धेरै काम छन्—किन अधैर्य हुनु ! अँ…'इन्द्रिय—दमन गर्न सकौली ?"

मनले अलिकति सङ्कोच मानिन् । उनको सङ्कोचले—इन्द्रिय-दमन गर्न सक्तिनँ – भन्ने हैन, सक्छु—भन्ने भाव झल्काइरहेको थियो । तर स्वामी महाराज मुसुक्क हाँसे ।

मनले भनिन्—

"म मर्न पनि सक्छु !"

"सब मर्छन् । मर्ने कुरा बेग्लै हो । नियम, संयममा रहेर इन्द्रिय-निग्रह गर्ने कुरा बेग्लै हो ! आत्महत्याको पाप त त्यसैले गर्छ—जो इन्द्रियको वशमा हुन्छ ! अँ, केही दिन तिमी ब्रह्मचर्याश्रममा बसेर हेर, तिम्रो सारा दुःख निर्मूल हुनेछ । स्त्रीजातिले यसरी स्वतन्त्र भएर हिंड्नु हुँदैन ! यो आश्रम तिमीजस्तै आश्रयीहरूको निमित्त ब्रह्मचर्याश्रम हो । यहाँ अरू पनि ब्रह्मचारिणीहरू नियम र संयममा रहेर ब्रह्मको उपासना गर्दछन् । यिनीहरू सब शान्त छन्, चिरसुखी छन् । अँ, ब्रह्म-चर्यको नियम त धेरै छ—जो तिमीलाई बताइनेछ । मुख्य कुरा ब्रह्म-चारिणीले सधैं पवित्र रहेर पुरुषको चिन्तन गर्नु हुँदैन, स्मरण नै गर्नु हुँदैन—गरे ब्रह्मचर्यमा बिघ्न पर्छ ! त्यसपछि सकेसम्म थोरै बोल्नू, संसारबाट आफूलाई अलग्ग रहेको सम्झनू ! तीन दिनसम्म तिमी यही तीन कुराको अभ्यास गर ! अभ्यासको निमित्त हृदयलाई एकाग्रतामा राख्न, एकान्तवासको अत्यन्त आवश्यकता छ । अँ, कुनै उत्तेजनशील वस्तुको प्रदर्शन वा स्मरणले हृदयमा प्रभाव पारुन्जेलसम्म ब्रह्मचर्यको योगाभ्यास छोड्नु हुँदैन !"

स्वामीजीको कुराले मनको हृदयमा एक्कै छिन अस्थिरताको एउटा आँधी चल्यो । उनी आश्चर्य मानिरहेकी थिइन् यद्यपि उनी खुशी थिइन् । उनलाई एउटा कस्तो कस्तो किसिमको आँट आइरहेको थियो । त्यस आँटबाट उनले पछि हट्न पनि खोजेकी हुन्—तर स्वामीजीको प्रभाव-शाली कुराले उनलाई मुग्ध पारिरहेको थियो । उनले आफ्नो बच्चो-

लाई पनि बिर्सन सकेकी थिइनन् । उनले विनीत भावले प्रश्न गरिन्—

"मेरो बच्चो नि !"

"त्यो देशको बच्चो हो—ठीक छ, चिन्ता नगर ! ऊ हुर्कन्छ, बढ्छ, संसारमा पुरुषार्थी बन्दछ !"

मनले खुशी र अलिकति अधीर पनि भएर भनिन्—

"महाराज, मेरा, बा, आमाहरू मेरो निम्तिमा ज्यादै दुःख मानिरहेका होलान्…!"

"हेर, मन ! तिमीमा कस्तो अधैर्य छ ! यो तिम्रो ठूलो दोष हो ! संसारमा धेरै वस्तु छन्—ती सबको चिन्ता गर्न थाल्यो भने मान्छे माया, मोह र जंजालबाट कहिले पनि छुट्कारा पाउन सक्तैन; उसलाई कहिले पनि शान्ति हुँदैन, सुख हुँदैन—उसले कुनै ठूलो काम गर्न सक्तैन ! अँ, म एकपल्ट तिम्रा पिता, माताको कुरा पनि तिमीलाई बताउँछु । त्यसपछि फेरि अरू कुरामा चित्त नलगाए ।"

स्वामी महाराजले निमेषभर पट्टल बन्द गरेर मनलाई बताए—

"अँ, तिम्रा पिता, माता कुशल छन् ! उनीहरूलाई अहिले कुनै कुराको दुःख छैन !"

स्वामी महाराजले आफ्नो परिमार्जित र पुष्ट स्वर अलिकति चढाएर सम्बोधन गरे—

"प्रज्ञा !"

प्रज्ञा तुरुन्त हाजिर भइन् । तिनी उनै श्वेत वस्त्र—धारिणी ब्रह्मचारिणी थिइन् ।

स्वामी महाराजबाट आश्रमको माथिल्लो तलाको उत्तर-पश्चिम लङ्कको कुनातिर शिरले इशारा गरेर देखाउँदै प्रज्ञाप्रति गम्भीर वाणीमा आज्ञा भयो —

"अँ यिनलाई अहिले त्यही कोठा देऊ ! अनि हेर, भोजनको सामग्री पनि ठीक गरिदिनू—आफै बनाउँछिन् !"

प्रज्ञाले स्वामीजीको आज्ञामा स्वीकृतिसूचक मुण्टो हल्लाएर कदम

बढाइन् ।

मनलाई लक्ष्य गरेर स्वामीजीको फेरि आज्ञा भयो—

"स्वयं—पाक्य भोजन बेस हुन्छ, लौ जाऊ त देवी !"

अन्यमनस्क भावले उभिरहेकी मन प्रज्ञाको पछि लाग्न विवश-जस्ती भइन् । उनका खुट्टा यन्त्रजालित वस्तुजस्तै भएर अगाडि बढे । उनी गइन्— तर सूर्य – दर्शन गरेर अँध्यारोतिर हेर्दा सूर्यको टाटो आँखा-ले बोकेजस्तै उनको अन्तर्चक्षुमा स्वामीजीको भव्य मूर्ति अङ्कित भएको थियो । चोकबाट सिँढी उक्लिरहेको बेलामा मनले पछिल्तिर फर्केर स्वामीजीलाई हेरिन्— स्वामीजीले उनीतिर हेरेका थिएनन् । उनी पूर्व-वत् ध्यान—मग्न थिए ।

एकचालीस

प्रज्ञाको पछि पछि लागेर मन उक्लेको बज्रको सिंढी आश्रमको छुट्टै सिंढी जस्तो थियो ।

सिंढी उक्लिरहेको वेलामा मनले "छिन्द्रिङ्ग" चुरा बजेको आवाज सुनेर यता उति हेरिन्–सिंढीको भित्ताको एउटा सानो दण्डी–झ्यालको खापा करेउँ पारेर एउटी सुन्दरी स्वास्नीमान्छेले च्याइरहेकी जस्तो उनलाई लाग्यो । उनले देख्ने बित्तिकै त्यो स्वास्नीमान्छे अदृश्य भई ।

सिंढीको टाउकैको एउटा बन्द ढोकाको ताल्चा खोलेर ढोका उघार्दै प्रज्ञाले मनलाई अगि लगाइन् । भित्र, बरण्डाजस्तो किसिमको निकै लामो एउटा बन्द सोतो घुमेपछि अर्को बन्द ढोकाको अगाडि मनको गति रोकियो । प्रज्ञाले त्यो ढोका पनि खोलिन् । त्यस ढोकाभित्र पनि एउटा सानो सोतो थियो । सोतोको सिह्लातमा चूह्लो थियो, अलि यता डूँड र भाँडाकुँडा पनि थिए । सोतोको बाँयापट्टि मनले अर्को बन्द ढोका देखिन् । त्यो तेस्रो बन्द ढोका एउटा कोठाको ढोका थियो । त्यहाँ पुगेर मन यसरी अलमलिइन्–उनलाई पूर्व, पश्चिम र उत्तर, दक्खिनको पनि ज्ञान भएन । त्यो तेस्रो बन्द ढोकाको हाराहारी ठीक सामुन्ने भित्तामा एउटा सानो खिड्खिडे झ्यालजस्तो थियो, त्यो पनि बन्दै थियो । प्रज्ञाले त्यो सानो बन्द झ्यालअगाडिको तेस्रो ढोका उघारेर मनलाई भित्रतिर देखाउँदै भनिन्—

"भित्र कोठामा गएर बस्नोस् ! म खाने, पकाउने, सामान यीं वाहिर ल्याइदिन्छु—भोजनको काम यीं बाहिरै गर्नुपर्छ !"

मनले बाहिरैबाट भित्रतिर यसो च्याएर कोठामा पसिन् ।

प्रज्ञाले बाहिरैबाट मनलाई एउटा नियम सुनाइन्—

"यहाँ भित्र पस्दा ढोका बन्द गरेर छेस्किनी लाउने नियम छ !"

मनले भित्रबाट ढोका बन्द गरिन् ।

ईंटको भूईं भएको कोठा फराकिलो र सफासुग्घर नै थियो । ढोकाको दायाँतिर कोठाको सिह्लानमा ओछ्याइएको एउटा बुट्टे कार्पेट-को आधा भागमा भित्तातिर सेतो तन्ना कसिएको ओछ्यान र ओछ्यान-माथि सेता सेता दुइटा तकिया थिए । ओछ्यानमा एउटा सुक्लिो तीन तहको डम्बर कुमारीको ख़ास्टो पनि पट्ट्याएर राखिएको थियो । सिह्ला-ननिर एउटा खटियामाथि अलिकति पुस्तक चाङ्ग पारेर राखिएका थिए; एक तङ्गी पोस्टकार्ड पनि घोप्ट्याएर राखिएको थियो । ऐना, बत्तीको टुकी र सलाईका बट्टा पनि थिए ।

कोठामा ज्यादै माथि माथि मान्छेले भेट्टाउनै नसकिने, फलामे डण्डी लागेका लहरै गोटा चार पाँचेक झ्याल थिए । ढोकाको वायाँपट्टि कोठाको पुछारको अगाडि भित्तामा एउटा सानो खण्ड थियो—त्यो शौचालम थियो । अरू केही थिएन ।

परिस्थितिमा मनलाई ज्यादै नै आश्चर्य लागिरहेको थियो । उनी कहाँबाट कहाँ आइपुगिन्—अब जोगिनी हुने ? फेरि कस्तो किसिमको यो एकान्त वास ! नारी–सेवा–सङ्घमा जानाले कल्याण छैन—रे ! स्वामीजीको कुरा नमान्ने पनि कसरी ? जो अन्तर्यामी छन्, सिद्ध छन्, अर्काको अन्तःकरणका कुरासमेत जान्दछन् ! आश्चर्य हुनुबाहेक मनले कुनै विषयमा पनि गडेर विचारै गर्न सकेकी थिइनन् । निकै वेरसम्म मन त्यो विचित्र कोठामा यता र उता टहलिरहिन् । त्यो उनको छट्पटी नै थियो—तर उनलाई त्यो आफ्नो छट्पटीको समेत याद थिएन । एक छिनपछि मनले सबभन्दा पहिले, अन्यमनस्क भावले खटियामाथि घोप्ट्या-एर राखेको पोस्टकार्डको तङ्गी उठाएर यसो आँखा लगाएकी मात्रै थिइन्—एक सुरमा लागेको वेलामा अकस्मात् सर्प छोइएजस्तै उनी तर्सेर

पछि हटिन् । उनको मुटु ढुक् ढुक् गरेर उफ्रियो । उनी तर्संदा उनको हातबाट खसेर पोस्टकार्ड पनि सबै यता र उता छरिए ।

पोस्टकार्डमा चित्त बिगार्ने किसिमका स्त्री र पुरुषका क्रियाशील नग्न चित्र थिए । त्यो देखेर मन तर्सेकी थिइन् । त्यसमाथि कार्पेटमा छरिएर पल्टेका अरू किसिम किसिमका त्यस्तै कति नग्न चित्रहरू पनि मनले नहेरूँ—भनेर पनि देख्नुपर्‍यो । त्यो वीभत्स दृश्य हेर्न नसकेर मनले आँखा चिम्लिन् । आँखा चिम्लिरहेर साध्य थिएन – अर्काको घर, अर्काको कोठा, अर्काको वस्तु– उनले किन उठाएर हेरिन् ? उनको छाती नै ढक्क भएर फुलिरहेको भए पनि उनले फेरि साहस गरेर छरिएका पोस्टकार्डहरू सबै उल्टो सुल्टो मनपरी बटुलेर ठाउँको ठाउँमै राखिदिइन् । मनको एक मनमा ती रङ्गविरङ्गका पोस्टकार्डहरू सबै एक-एक गरेर हेरूँ हेरूँ जस्तो पनि लागेको थियो–तर उनले हेरिनन् । स्वामीजीप्रतिको उनको सद्भावनामा, विश्वासमा उनलाई सन्देह भयो, डर पनि लाग्यो । फेरि मनले ती चित्रहरू पनि बिर्सन सकेकी थिइनन् । उनको मुख सुकिरहेको थियो, छाती हानिरहेकै थियो, खुट्टा काँपिरहेका थिए । उनले उद्विग्न चित्तले ढोका उघारिन् ।

कोठाबाहिर सोतोमा खाने, पकाउने सामान सब ठीक पारेर राखिएका थिए । निफनेको चामल, काटेको आलु, केलाएको दाल, घिउ, नून, तेल, मसला र आगो, पानी, भाँडाकुँडा सब दुरुस्त । मान्छे कोही पनि थिएन । मनले ती मालसामानमा समेत पोस्टकार्डको उही चित्र देखिन् । उनलाई स्वामीजीले भनेको कुरा पनि संझना भयो—

"...अँ, कतै उत्तेजनशील वस्तुको प्रदर्शन वा स्मरणले हृदयमा प्रभाव पारूञ्जेल ब्रह्मचर्यको योगाभ्यास छोड्नु हुँदैन !"

स्वामीजीले भनेको उपर्युक्त कुरालाई पोस्टकार्डको उत्तेजनशील चित्रले चरितार्थ गरेर मनलाई उनको विवेचनाले सान्त्वना दिलायो ।

ती चित्र अस्थिर–हृदयको परीक्षाको निमित्त राखिएको हुनुपर्छ ! कस्तो कमजोर हृदय मनको–हत्तेरी ! जसमा त्यसको प्रदर्शन मात्रले यत्रो

प्रभाव पाऱ्यो, यतिविघ्न चञ्चल गरायो !

मनले धैर्यको घुम्टी ओढिन् । भोजनको सामग्री देखेर उनको भोक जागिरहेको थियो । उनले विचार गरिन्—यो मेरै निम्ति प्रज्ञाले ठीक पारिदिएकी हुन् !

मनले पकाइतुल्याई गरेर भोजन गरिन् । त्यो स्वयं–पाक्य भोजन स्वादिष्ट र रुचिकर थियो ।

खानपिन गरेर मन फेरि कोठाभित्र पसिन् । दिन ढल्किसकेको थियो । प्रज्ञाले भनेबमोजिम मनले भित्र पसेर ढोकामा छेस्किनी लाउन बिर्सिनन् ।

मनमा नाना तर्क, वितर्क गर्दै मन एक छिनसम्म त त्यसै टोलाइ-रहिन् । कहिले उनी मसक्क आँटेर विचार गर्थिन्—

"आऽऽ ! वेसै भयोनाइँ, मलाई कसको के वास्ता त ! हृदयराज-को मलाई के वास्ता ? उल्लाई छोडेर मैले अरूको वास्ता गरेर हिड्नु त्यसै भएन । लाज र शरमले समाजको अगाडि यो सुख देखाउन नसकेरै म भागेकी थिएँ--भने अब मेरो निम्ति यो एक्लो जीवन ज्यादै ठीक छ । एक किसिमले चाहेकै जस्तो भयो—मलाई !"

कार्पेटमा दुवै कुहिना टेकेर, हातले घोप्टो परेको टाउकोलाई भर दिएर थाम्दै नाना तरहको तर्क गर्दागर्दै, एउटै विषयमा धेरैपल्ट विवेचना गर्दागर्दै ऋमक्क साँझले छोपिसकेको पनि मनलाई थाहा भएको थिएन। उनी यसो टाउको उठाएर हेर्छिन् त अँध्यारो भइसकेको थियो ।

मनले सलाई कोरेर खटियामाथिको टुकी बालिन् । कोठा उज्यालो भयो । हातको बलिरहेको सलाई पनि मनले हात नपोलुन्जेलसम्म समा-तिरहेकी थिइन्—हात च्वास्स पोलेपछि 'आथ्था' भनेर भुईंतिर आफ-लिन् । त्यो भूईंमा बलेर निःशेष भयो—तर मनको तर्क भने तुरिएन । उनी आफ्ना बाबु, आमा र धनलाई समेत संझेर कुरा खेलाइरहेकी थिइन्—

'म सिफलसम्म कतिचोटि पुगें, सिफलसम्म पुगेपछि मैले एकचोटि बानेश्वरतिर गएर पनि उनीहरूको खबर बुझनुपर्ने ! तर त्यत्रो धोका दिएर, उनीहरूको स्नेहलाई लात मारेर–भागेर जस्तो आएपछि हम्मेसि

बा, आमाको अगाडि त कुन मुखले जानु ? राती धाईबूढीको घरमा गएको भए हुन्थ्यो ! धाईबूढीले पनि फेरि बच्चोको खोजीनिती गरे नि—के भन्नु ! बालघरमा राखेकी छु, कसरी भन्ने !! रहेन भनुँ भने पनि—त्यति राम्रो आफ्नो बच्चोलाई त्यस्तो नराम्रो बोली कसरी गर्नु ! मेरो बच्चो राम्रो छ, गोरो छ, बाटुलो मुख छ त्यसको, दाहिने खुट्टामा एउटा औंला बढ्ता छ—पछि त्यो एक औंला कटाए पनि होला । हा: किन कटाउनु, दुख्छ । खान माग्दैन, केही गर्दैन—रहोस् न त्यो । खाने मुख त मेरैजस्तो छ ! त्यसको नाम के राख्नु–हँ, नाम ?– हो, हो नाम के राखुँ हँ साँच्चि ! राम, कृष्ण, शिव, गणेश, कुमार–हैन, देवताको नाम के राख्नु, फेरि यस्तो नाम जसको पनि छ ! नयाँ किसिमको राख्नुपर्छ नाम ! ऊँ, मन मेरै भयो, नर बाको, आमाको ज्ञानू–रे ! हृदय–ऊँहुँ भएन राम्रो छैन ! के त के ? ऊँ ऊँ त्रिपुरेश्वर– छि: ! के नाम राखुँ–मेरो बच्चोको; जसले मेरो जीवनमा परिवर्त्तन गरायो–फेरि म त्यसकै निम्ति बाँचिरहेकी छु–जो मेरो जीवनकै आधार भएको छ ! ए, जीवन– जीवन ! हो, जीवन राम्रो हुन्छ, सुहाउँछ ! म मेरो बच्चाको नाउँ जीवन राख्छु–जीवन !'

मनको तन्द्रा बढिरहेको थियो—

'कठै जीवन !—कस्तो ठाउँमा जन्मियो ! आमाको दूध समेत खान पाएन त्यल्ले ! आमा छँदाछँदै पनि अनाथ भयो । बालघरमा, त्यस्ती बोक्सीजस्ती धाईको हातमा त्यो कसरी हुर्केला ?–सबै आमाले यसरी आफ्नो सन्ततिलाई मिल्काए–संसार शून्य हुन्थ्यो, मै हुन्नथेँ ! मातृजातिको कर्त्तव्य यो हैन ! म मेरो जीवनलाई जेसुकै होस् भनेर मिल्काइदिऊँ– बिर्सँ ! मेरो जीवन नै त्यही हो ! म जीवनलाई संझिरहन्छु ! म उल्लाई बालघरबाट ल्याउँछु–यो पापी समाजमा, यो कपटी समाजमा म मेरो जीवनलाई एउटा कट्टर क्रान्तिकारी बनाएर ठड्याउँछु । जीवन! जीवन !!'

मनले तन्द्रा हदसम्म पुगिसकेको थियो । उनले तन्द्राको पछिल्लो शब्द आवेशमा आएर मुखैले फलाकिछन्—उनको तन्द्रा छयाङ्ङ भएर

उत्र्यो । तन्द्राबाट उत्रे पनि उनी थर्र काँपिरहेकी थिइन् । उनको स्मृतिमा जीवनकै अनुहार नाचिरहेको थियो । मनले आफूलाई सह्याल्न खटियाको एउटा पुस्तक उठाएर पल्टाइन् ! त्यो पुस्तक पनि मन बिगार्न ती तसबीर-भन्दा कुनै मात्रामा कम थिएन । उनले पुस्तक बन्द गरेर उपेक्षाको भावले ठाउँको ठाउँमै राखिदिइन् । आफ्नो उत्पीडित हृदयमा मनले त्यो सचित्र पुस्तकलाई अलिकति पनि स्थान दिइनन्, त्यसको कुनै महत्त्व राखिनन् ।

बत्तीको टुकीमा घटिरहेको मट्टीतेलले रात छिपिइरहेको अन्दाज गरेर, मानसिक र शारीरिक थकाइको अनुभव गर्दै, एकपल्ट बन्द कोठाको चारैतिर हेरेर मन ओछ्यानमा बुड्लुङ्ग पल्टिन् । उनको भित्र अटेस मटेस भएर कुरा खेलिरहेकै थियो । उनले आँखा बन्द गरेकोले केही पनि नसम्झन कोशिश गरिन् । उनको स्मृति भने क्न् क्न् फूर्तिलो भइरहेको थियो । क्षोभले खास्टो तानेर मुखसमेत छोपिन्—मनले । उनको विवेचना काँचै हुनाले पाको हुन कता, कताको कुरा जोरिरहेको थियो, घटाइरहेको थियो, भाग लगाइरहेको थियो । उनले फेरि तर्क गरिन्—

"स्वामी महाराज ! — कस्तो भव्य स्वरूप स्वामी महाराजको ! कति गम्भीर, कस्तो तेज ! — जसले यस अनाथिनीमाथि यत्रो ठूलो दया गर्‍यो ! मेरो निम्ति स्वामी महाराज देवता नै हुन्; उनी मानिस हुन्—सच्चा मान्छे यस्तै हुन्छन् । हाम्रो समाजमा मान्छे नै छैन, मान्छेको रूपमा पशु, पिशाच, राक्षस र दैत्य मात्र हुन् — भनेर मैले ठानेकी थिएँ ! हो त— हृदयराज, मङ्गला, गोदावरी, गोदावरीको प्रभु, चाइँने सुब्बा, बाटा बाटामा भेट भएका ती चार आँखे र पतलूनवालाहरू, त्यो ज्यामी नाइके, भवनाथकी बाहुनी, भश्मेश्वर - यी सब मनुष्य — रूपका पशु र पिशाच हैनन् ? — राक्षस हैनन् ती ? तिनीहरूलाई देखेर हाम्रो समाजमा सबै त्यस्तै होलान्— भन्ने विचार गरेकी थिएँ; तर हैन, हाम्रो समाजमा मानवताका प्रतीक स्वामी महाराजजस्ता देवता भन्न लायकका मान्छे पनि छन् ! स्वामी महाराज महात्मा नै हुन् ! आज मैले सिद्ध पुरुषको दर्शन पाएँ, मेरो जीवन सफल भयो ! जसको चरणमा मैले शरण पाएँ— जो

अन्तर्यामी हुनुहुन्छ ! हो, अन्तर्यामी; अन्तर्यामी नभए—मेरो परिस्थिति, भश्मेश्वरको कुरा, मेरो जीवन र मेरो मनको कुरा उहाँलाई कसरी ज्ञान भयो ? तर, उहाँको आश्रयमा बसेर मैले यसरी बसी बसी कति दिन खानु ? ब्रह्मचर्यमै बसेर पनि मैले आफूले जानेको काम गर्न कसो होला ? सोधुँ भने पनि उहाँ स्वयं ज्ञानी हुनुहुन्छ, मेरो मनको यति कुरा पनि थाहा पाइहाल्नुहोला नि ! अहा, स्वामी महाराज ! कत्रो ज्ञान, कति सुन्दर, कति गम्भीर—धन्य !"

मन खास्टोले मुख छोपेर स्वामी महाराजकै ध्यानमा तल्लीन थिइन्—एकदमसित कोठाको निरवतालाई भङ्ग गर्दै ढोकामा आवाज भयो—

"घडचाक्क, कररर्र—कुइँक्क !!"

खास्टो फ्याँकेर मन जुर्मुराउँदै उठिन् ।

मनको अगाडि स्वागी महाराजको उही भव्य मूर्ति मुसुमुसु हाँसेर उभिरहेको थियो ।

अकस्मात् त्यसवेला राती, ढोका बन्द गरेको कोठाभित्र स्वामी महाराजको दर्शन पाउँदा मन आश्चर्यचकित भइन् । उनलाई आफ्नै आखाँको पनि विश्वास—भएको थिएन—स्वामी महाराजबाट गम्भीर वाणी भयो—

"अँ, मैले तिमीलाई पुरुषजातिको स्मरण नगर्नू—भनेको थिएँ; तर तिमीले मेरो चिन्तन गर्‍यौ, आराधना गर्‍यौ !—म आएँ !"

मन जुरुक्क उठिन् ।

स्वामीजीको गम्भीर वाणीमा अलिकति कसर थियो । मनलाई अवाक् देखेर उनले फेरि भने—

"आश्चर्य नमान ! मेरो भक्ति र उपासना गर्ने जुनसुकै भक्तको समक्ष दाखिल हुने मेरो नियम छ—यसलाई मैले आफ्नो कर्तव्य ठानेको छु !"

मनलाई के भन्ने हो—केही पनि सुझेको थिएन ।

स्वामी महाराजले खजमजिएका पोस्टकार्डको तङ्गीतिर आँखा लगाएर मुसुमुसु हास्तै मनको हात समातेर ओछ्यानमा विराजमान मात्र भएका थिए —मन हडबडाउँदै ओछ्यानबाट कार्पेटतिर सरिन् ।

स्वामीजीले भने—

"किन उठ्यौ, बसन !"

मनले धक फुकाएर भनिन्—

"...........स्मरण त गर्नु हुँदैन भने—एकै आसनमा स्त्रीजातिले परपुरुषसँग कसरी बस्नु ?"

स्वामीजीले हाँसोको एक गम्भीर लहर छोडेर भने—

"आराध्यदेव—परपुरुष ? उसो भए तिम्रो भनाइमा राम, कृष्ण, शिव सब परपुरुष—जसमा भक्त, भक्तिनीहरू भक्तिले तल्लीन भएर लीन हुन चाहन्छन् ! अँ, म तिम्रो स्वामी महाराज हुँ, भने कसरी परपुरुष भएँ ?......"

मनलाई होश सह्माल्न विलकुलै मुश्किल परिरहेको थियो । स्वामी महाराजले मनको पुष्ट शरीरमा कटाक्ष गर्दै अलि सानो स्वरले भने—

"मलाई तिमी परपुरुष ठान्छ्यौ भने—अँ; अव आफ्नै वनाऊ न त !"

मनको संसार डगमगाइरहेको थियो—स्वामीजीले हात लम्काउँदै मनको हात समातेर ताने ।

मनले स्वामीजीको हात फुस्काउन बल गर्दै आवेशमा भनिन्—

"यो के गर्नुभएको ? छोड्नोस्, छोड्नोस्—मलाई ! मलाई ठूलो धोका भयो ! तपाईं त त्यत्रो त्यत्रो शास्त्र छाँट्नुहुन्थ्यो, स्त्रीजातिलाई जगदम्बाको अवतार मान्नुहुन्थ्यो, गीता सुनाएर वर्णसङ्करको निन्दा गर्नुहुन्थ्यो—भने कर्त्तव्याकर्त्तव्यको किन ख्याल गर्नु हुन्न ? यस्तो अत्याचार र पाप नगर्नोस्, ईश्वरको डर मान्नोस् ! छोड्नोस्, मलाई !"

स्वामीजीको गँगटे हातले मनको हात छोडेन । उनले भने—

"के गरूँ, तिम्रो सौन्दर्यले मलाई यसरी खिच्यो ! अब म

तिमीलाई छोड्न सक्तिनँ ! अँ, सम्झ–सर्वसुन्दरी मेनकामा भुलेर आज फेरि विश्वामित्रको तपस्या भङ्ग भयो ! ईश्वर ! कहाँ छ खै ईश्वर ?– यो त एउटा ढोंग मात्र हो, जाल हो, मूर्खहरूको अन्ध—विश्वास हो ! ईश्वर छैन, छैन ईश्वर–यो हामीलाई थाहा छ, ब्रह्मज्ञानीलाई थाहा छ ! कसको डर, केको डर ? मेरो कुरा मान ! शास्त्र पनि त्यस्तै हो–जसले मूर्खहरूलाई भुलाउँछ ! हात्तीका दाँत दुई किसिमका हुन्छन्–चपाउने र देखाउने । त्यस्तै सच्चा ज्ञानीको पनि दुई मार्ग हुन्छ–देखाउने र लाग्ने ! म तिमीलाई सच्चा बाटो देखाउँछु–त्यो यही हो ! संसारमा शक्तिवान्-ले जे गरे पनि हुन्छ ! यसैले, संसारमा जन्मेर संसारको सुखभोग लूट, मोज गर !

यावज्जीवेत्सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत् ।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ।

समाज त मूर्ख छ, शिर धेरै भए पनि यसको हृदय शून्य छ; यसका धेरै खुट्टाका धेरै मार्ग छन्, यो उल्टो हिंड्छ, बिन्ल्याँटो देख्छ; सत्य कुराको विश्वास गर्दैन; यसको बुद्धि पछाडि हुन्छ; जीवात्मालाई मारेर मृतात्माको पूजा गर्छ; आफ्नो अगाडिको वस्तु छोडेर यो शून्याकाशको फलमा आशा राख्छ ! यसैले, यसको अगाडि धर्मशास्त्र र परमेश्वर तेर्साऊ, गीता देखाऊ, ढोँग गर–यो यसैमा भुलिरहोस् ! आफू चाहिं आफ्नै बाटो लाग, सत्यको बाटो लाग–आऊ !!"

स्वामीजीले मनलाई जोडले तानेर ओछ्यानमा थच्च्याए ।

मनले स्वामी महाराजको सकली रूप देखिन्, उनको सत्य–पथ देखिन्, मत देखिन्, कर्म देखिन् । उनको होशहवास उड्यो, धैर्य उड्यो । उनको सारा शरीर काँपिरहेको थियो । उनले जोशले दाह्रा किटेर सिंहिनी गर्जेजस्तै गर्ज दै, स्वामीजीको बाहुपाशबाट उफ्रेर फुत्किन् । आवेशमा उनी नकारात्मक शब्द जोडेर कराइरहेकी थिइन्—

"छोड्, मेरो हात ! नराधम, नरपशु, नास्तिक, नीच !"

स्वामीजीको हृदयमा मनको गाली अलिकति पनि बिझेन, उनमा

केही पनि असर नपरेको जस्तै देखिएको थियो। शायद, स्वामीजी कति भुक्तभोगी योगी थिए—उनी मनको गालीले के पछि हट्थे ?—अथवा उनी सहनशील थिए। उनले भने—

"शान्ति, शान्ति ! धैर्य गरेर विचार गर–तर यो तिम्रो प्रभावशाली चण्डीरूपले मेरो हृदय झन् आतुर भइरहेको छ। अँ···हेर मेरा कुरा मान्नाले तिम्रो ठूलो उपकार हुनेछ ! यहाँ मसँग तिमीलाई कुनै कुराको दुःख हुने छैन—धन, भोजन, वस्त्र, मानमर्यादा कुनै कुराको अभाव हुने छैन। मूर्ख-समाजले तिमीलाई ब्रह्मचारिणी भनेर शिर झुकाउने छन् ! विषयसुख पनि खूब उडाऊ, दुवै हातमा लड्डू राख; भुक्ति मुक्ति दुवै नछोड; म तिम्रो कदर गर्छु ! मेरी आराध्यदेवी बन, गृहिणी बन !—यता आऊ !"

मन स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दै दाह्रा किटेर काँपिरहेकी थिइन्। उनले ढोका खोलेर भाग्ने दाउ गर्दै भनिन्—

"चाहिँदैन मलाई यो नारकीय जीवन, चाहिँदैन कसैको उपकार !"

स्वामीजीले मनलाई झम्टेर फेरि समात्तै भने—

"तिमी यहाँबाट भाग्न सक्तिनौ !"

मन र स्वामीजीको निकै बेरसम्म कुस्ताकुस्ती पऱ्यो ! आखिर स्वामीजीलाई पनि क्रोध चढ्यो। उनको आँखाबाट आगो जस्तै तेज निकालेर कठोर स्वरले भने—

"करा, रो—यहाँ कसैले सुन्दैन ! सड्, मर्–तेरो सहायता गर्न कोही आउँदैन !"

बाहिर सोतोमा के हो—घन्द्रयाङ्ग घुन्द्रुङ्ग गरेको आवाज सुनेर एकपल्ट बन्द ढोकातिर हेर्दै स्वामीजीले अलि सानो स्वरले भने—

"म आफ्नो विजय गरिछोड्छु ! अँ, विचार गर्नू, म फेरि आउँछु !"

मनलाई ओछ्यानमा थच्च्याएर, स्वामीमहाराज फूर्तिसाथ बाहिर निस्के। आश्चर्य ! उनी ढोकामा पुग्नेबित्तिकै ढोका खुल्यो, उनी बाहिर

निस्के, ढोका बन्द भयो । ढोकामा भित्रपट्टिबाट लगाएको छेस्किनी जस्ताको तस्तै थियो ! मनलाई केही पनि याद भएन— ढोका कसरी खुल्यो, कसरी बन्द भयो !!

स्वामी कोठाबाट निस्कनासाथ मन पनि ढोकाको छेस्किनी खोलेर कोठाबाहिर निस्किन् । बाहिर अँध्यारो सोतोमा कोही थिएन, तर कोठाको हाराहारी, अगिल्तिर भित्ताको सानो खिड्खिडे झ्याल बन्द भएको आवाज सुनियो —

"घड्याक्क !"

सोतोबाट बाहिर निस्कने ढोका बन्द थियो । मनले त्यो ढोका खोल्न खोजिन्—केही गरे पनि खुलेन, त्यही सानो झ्याल पनि खुलेन । मनले आफूलाई बन्दिनी सम्झिन् । उनले फेरि कोठाभित्र पसेर ढोका बन्द गरिन्–रोइन्, कराइन्, भाग्ने बाटो खोजिन्, छट्पटाइन्–अरण्य-रोदन बाहेक कुनै उपाय थिएन । उनले आत्महत्या गर्ने विचार पनि गरिन्; तर कुनै साधन थिएन । त्यसै प्राण निस्केन–कसरी मर्ने उनलाई सुझेन ।

मनले छट्पटीमै घण्टौं बिताइन् । कहिले उनी ढोका खोलेर बाहिर सोतोसम्म निस्कन्थिन्, कहिले भित्र पसेर ढोका बन्द गर्थिन् । खटियामाथि उभिएर कोठाको भेट्टाउनै नसकिने डण्डीवाल झ्याल उक्लन पनि उनले अनेक कोशिश गरिन्— केही जोड चलेन ।

कता, कता कुखुरा बासेको सुनेर — मनलाई रात बितेको थाहा भयो । अब कसरी यस कालकोठरीबाट, यस नरक–कुण्डबाट निस्कन सकिएला भनेर उनी सुस्ताइरहेकी थिइन्— ढोकाको फेरि उही आवाज आयो—

"घड्याक्क, कररर्र—कुइँक्क !!"

ढोकाको आवाज सुनेर स्वामीजीको डरले मन त्यसै त्यसै निष्प्राण भइन् । उनले स्वामीजीलाई पहिले जति बेस मानेकी थिइन् त्यो भन्दा बर्ता अधम र नीच ठह्र्याएकी थिइन् । ढोकाको आवाजले उनलाई स्वामीजीको भयङ्कर मूर्तिको स्मरण भयो । स्वामीजीले भनेका थिए—

"···विचार गर्नू, म फेरि आउनेछु !"

मनले डरले काँपेर स्वामीजीसित सामना गर्न ढोकातिर हेरिन्–

ढोकाबाट एउटी सुन्दरी स्वास्नीमान्छे डरले त्यसै खुम्चिएको भावले भित्र पस्तै मनतिर हेरेर इशारा गरिरहेकी थिइन्—

"चूप ! चूप !!"

मनलाई आश्चर्यभित्रै संकना भयो—प्रज्ञाको पछि पछि सिंढी उक्लिरहेको बेलामा उनलाई सिंढीको झ्यालबाट च्याउने त्यही स्वास्नी-मान्छे थिई—जो उनले हेर्ने बित्तिकै अदृश्य भएकी थिई । उनको उमेर त्यही बीस, एक्काईस वर्षको हुँदो हो । उनी निकै राम्री थिइन् । उनले बिरालोको चालले मनको नजीकै आएर, स्वर दबाएर भनिन्—

"तपाईं यहाँबाट भाग्नुहुन्छ ? भाग्नुहुन्छ भने आफ्नो ज्यान हत्केलामा राखेर तपाईंलाई म भगाइदिन्छु ! अहिले···बाहिर गएको छ, थाहा पायो भने मलाई मार्छ !"

सुन्दरी स्वास्नीमान्छेको कुराको पूरा विश्वास नलागे पनि मनले जुर्मुराएर भाग्न तर्म्सदै भनिन्—

"भाग्छु, भाग्छु म यो नरक-कुण्डबाट–मलाई भगाइदिनोस् !"

स्वास्नीमान्छेले बाहिरतिर कान थापेर उस्तै किसिमले भनिन्–

"एक्कैछिन पख्नोस् !—त्यो राक्षसनी प्रज्ञा पनि निस्कने वेला भयो बाहिरतिर, त्यल्ले आज दुई घण्टाको बिदा लिएकी छ–हिजै ! हैन, तपाईं कहाँबाट आउनुभएको यस्तो ठाउँमा ? तपाईंलाई कल्ले ल्यायो ?"

मनले बताइन्—

"हिजो बिहान एउटा जुल्फीवालाले मलाई जैसीदेवलमा भेटेर यहाँ ल्यायो ! त्यसको नाम त थाहा छैन—स्वामीभक्त हुँ, भन्थ्यो !"

सुन्दरीले भनिन्—

"अलि बिस्तारै बोल्नोस् ! ए, त्यो यही मोरो स्वामी भनाउँदो हो ! यो स्वामी भनाउँदो किसिम किसिमको भेष बनाएर हिँड्छ···!"

मन सिरिङ्ग भइन् । उनलाई त्रिपुरेश्वरमा भश्मेश्वरसित आउने

जटाधारी फक्कडको पनि संझना भयो । सुन्दरी बताउँदै थिइन्–

"कामै गुप्तचर यसको ! यो केको स्वामी महाराज हुन्थ्यो–यो त हिन्दूस्तानको एउटा ठूलो दर्जाको 'सी. आई. डी.' रे ! यो अल्मोडाको खुल्वे–रे। एक दिन एउटा मान्छे आएर योसित यहाँ धूमधामसित झगडा गऱ्यो । मैले लुकेर सुनेको–उसकी छोरी पनि यसले उतै वेपत्ता गराएको–रे । उसले यसलाई भन्नु नभन्नु भन्यो । उसले भनेको–

"हिन्दुस्थान सरकारको यत्रो सी. आई. डी. को यो चरित्र ! म रिपोट गर्छु !"

सुन्दरीले मनलाई स्वामी महाराजको परिचय दिंदै थिइन्—

"आखिर त्यो मान्छेलाई यसले रुपियाँको बुझो लगाएर थामथुर गरायो । साँच्चि नै यो सी. आई. डी. नै रहेछ – मैले यसको एक दुइटा चिठीहरू पनि फ़ेला पारेकी थिएँ ।"

मनले स्वामीभक्त हुँ—भन्नेको हुलिया बताएर सोधिन्—

"त्यो स्वामीभक्त हुँ – भन्नेको आँखा त कुइरा थिए ! यो त कुइरो छैन नि ?"

"यही त अचम्म छ–यही मोरो हो ! मलाई पनि तपाईंलाई जस्तै यसले त्यही कुइरे भेषले यहाँ ल्याएको ! म यहाँ आएको एघार महीना भयो !"

मनले अलिकति तर्क गरेर सोधिन्—

"मलाई त तपाईंले भगाउन लाग्नुभयो– आफू किन भाग्नुभएन त ?"

सुन्दरीले भित्तामा अडेस लागेर कमजोर बोलीले मनलाई आफ्नो कथा बताइन्—

"भाग्न खोज्दा खोज्दै मलाई यसले विगारिछोड्यो ! म वाहुनकी छोरी हुँ । विधवा थिएँ, घरमा मलाई दुःखै थियो । अव यहाँ यसकी स्वास्नी भएर वसिरहेकी छु–खान, लाउनको दुःख छैन ! मलाई उस्तो कसैको चिन्ता पनि छैन ! अव, तपाईंलाई यसले यहीं राख्यो भने मलाई

हेलाँ गरेर फ्याँक्नेछ, किनभने, तपाईं मभन्दा राम्री हुनुहुन्छ । म यहाँ आएपछि यसले एउटीलाई लाटी तुल्याएर निकाल्यो–तपाईं बस्नुभयो भने मलाई पनि यल्ले त्यसै गरी, यता न उताकी तुल्याउन बेर छैन !

–राती, त्यो यहाँ भित्र पसेको थाहा पाएर, पछि पछि आएर बाहिरबाट मैले तपाईंको र त्यसको सबै कुरा सुनें । यहाँ भित्र कुस्ता–कुस्ती परेको थाहा पाएर त्यो हच्कोस् भनेर मैले बाहिर आवाज गरेकी हुँ ! हेर्नोस्, तपाईं अहिले बिग्रनुभएको छैन । यस ठाउँलाई नरक–कुण्ड भन्नुहुन्छ; यसैले तपाईं भाग्नोस्, म भगाउँछु ! मेरो स्वार्थ मैले तपाईंलाई बताइहालें !

बरु, तपाईं यहाँबाट भागेर कहाँ जानुहुन्छ ? फेरि यल्ले न भेट्टाओस् – भेट्टायो भने तपाईंलाई त यल्ले बिगारिछोड्छ, मेरो ज्यान पनि बाँकी राख्तैन !"

मनले भनिन् –

"खै, कता जाऊँ—जान्छु नि एकतिर ! — नारी–सेवा–सङ्घ खोज्दै हिंडेकी थिएँ···!"

सुन्दरीले सोधिन्—

"नारी–सेवा–सङ्घ ? — त्यहाँ कति कामले जानुहुन्छ ?"

मनले आफ्नो प्यारो बच्चो जीवनलाई सम्झेर भनिन्—

"त्यहाँ गएर म जीवनको निम्ति कुनै इलम गर्छु !"

सुन्दरीलै एकैछिन विचार गरेर भनिन्—

"ए, लौत म तपाईंलाई त्यहाँ जानको निम्ति एउटा उपाय बताउँछु । तपाईं यताबाट सरासर ताहाचल जानोस्–नजीकै पर्छ । त्यहाँ पुगेर कसैसित अचार्जको घर सोध्नोस् – पत्ता लाग्छ । दक्खिन फर्केको दुइतले झिङ्गटीघर छ–त्यो मेरै दिदीको घर हो । भिनाज्यू छैनन् । दिदीलाई–शान्ता बज्यै भन्छन् । दिदीलाई भेटेर मैलें पठाएकी भन्नोस्–सुटुक्क; मेरो नाउँ शारदा हो ! दिदीलाई "मेरो धन्दा मान्नुपर्दैन, मलाई सन्चै छ" भनिदिनुहोला ! त्यहाँ दिदीका देवर पनि छन् । उनले

"समाज—सुधारक—सङ्घ" भन्ने पार्टी खोलेका छन् । उनीहरूले तपाईंलाई "नारी—सेवा—सङ्घ" मा पुऱ्याइदिनेछन् । सके दिदीलाई पनि थाहा होला—त्यो । दिदी "हरि—कीर्त्तन पार्टी" मा हुनुहुन्छ । लौ तं तपाईं एक्कैछिन पर्खनोस् है त, प्रज्ञा गई कि छ—म चालामाला बुझेर आउँछु !"

शारदा ढोका खोलेर बाहिर निस्किन् । ढोका आफैं बन्द भयो । शारदाले ढोका खोलेको र बन्द गरेको देखेर मन आश्चर्य मानिरहेकी थिइन् । कारण, ढोकाको छेस्किनी जस्ताको तस्तै थियो । आश्चर्यको साथै मनको निमित्त एउटा रहस्यको पनि उद्घाटन भयो । शारदाले ढोकाको खापा नउघारेर चौकोसै उघारेकी थिइन् । ढोका चौकोसै समेत एकै फक्ल्याँटो भएर उही आवाज गर्दै खुलेर बन्द भएको थियो । मनले, स्वामी महाराजले र शारदाले पनि कसरी ढोका खोलेर भित्र पस्न सकेका थिए—त्यो थाहा पाइन् । चौकोस एकातिरका ठूलठूला कब्जाबाट अडिएको थियो । मनले पनि भित्रबाट ढोकाको खापा न उघारीकन चौकोस उगार्न खोजिन् तर जानिनन् ।

शारदाको कुराको विश्वास गर्ने कि न गर्ने ?—मन सोचिरहेकी थिइन्—

"ओहो, मान्छेहरूको कत्रो कत्रो धोका !—कसको विश्वास गर्नु, कसको नगर्नु ! स्वामी महाराज त यस्तो नरपिशाच भएर निस्क्यो भने शारदाको कुराको पनि के विश्वास ! शारदाको कुरामा लाग्नुं ठीक होला ? सम्झनुपर्ने के–रे ? अँ, ताहाचल अनि अचार्जको दक्खिन फर्केको दुइतले झिङ्गटी–घर, शान्ता बज्यै । तर शारदाले त मसँग खुलस्तै कुरा गरेकी जस्ती छ–उसले आफ्नो स्वार्थ पनि बताई !"

मन सोच्तै थिइन् शारदाको कुरा,–ढोकाले फेरि आवाज गऱ्यो–

"घड्याक्क, कररररर—कुइँक्क !"

शारदाले भित्र पस्दै स्वर दबाएर भनिन्—

"आउनोस्, झट्टै आउनोस्—प्रज्ञा अगि नै गइछ, फेरि

आइपुग्ली !"

मनलाई ट्वाल्लपरेर, के हो सोचिरहेको जस्तो देखेर शारदाले डराएर भनिन्—

"लौन नि ! तपाईंलाई त खुल्वेले टुना पो गरेछ कि क्या ! यो·· टुनामुना पनि गर्छ ! अहिले तपाईंले त्यल्लाई सम्झनुभयो ? त्यल्ले टुना गरेको भए त्यसैलाई सम्झिरहन मन लाग्छ, जहाँ गए पनि फर्केर आउन मन लाग्छ ! मैले यसको औषधि जानेकी छु—फरियाको टुप्पो गाँठो पार्नोस् त ! हो, अब कुल्चनोस् !! हो, त्यल्लाई सम्झे कि यसै गर्नुहोला है, अनि छुट्छ !"

शारदाले एउटा सानो कागतको पुरिया खोँकिलाबाट झिकेर मनलाई दिँदै भनिन्—

"यसमा एक जोर टप छ, यो मैले दिएको भनेर दिदीलाई दिनुस्—है ! यो दिदीकै टप हो—यहाँ आउने वेलामा मैले लाएकी थिएँ ! अँ, दिदीलाई मसँग अन्तै भेट भएको भन्नुहोला, अरू सब कुरा कुन्नि, है त ! यो स्वामी भनाउँदोको कुरा पनि केही नगर्नोस् ! लौ त हिँड्नोस् अब !"

शारदासित मन कोठाबाट बाहिर निस्किन् । ढोका फेरि चौकोसैसमेत खुलेर बन्द भयो । शारदाले कोठाको ढोका हाराहारीको सानो खिड्खिडे बन्द झ्याल घच्याडेर खोलिन् । त्यो झ्याल पनि एउटा कोठामा काठको सानो भऱ्याङ्गबाट ओर्ल्ने ढोकै रहेछ । त्यो भऱ्याङ्ग ओर्लेपछि शारदाले एउटा सजिसजाउ कोठाको एक कुनाको कार्पेट पल्टाइन्, कार्पेटमुनि घोप्टे रहेछ । उनले त्यो घोप्टे पनि खोलिन् । घोप्टे भूईंतलामा ओर्ल्ने भऱ्याङ्गको थियो । भूईंतलामा ओर्लेपछि बत्ती बालेर शारदाले मनसित भनिन्—

"हेर्नोस् यो ठाउँ, त्यसको भेष बदल्ने ठाउँ हो !"

त्यो भूईंतलाको भित्ताका ठाउँठाउँका कीलाहरूमा किसिम किसिमका लुगा, दाह्री, जुँघा र जगल्टाहरू झुण्डिरहेका थिए, कतै

कम्बल कुण्डिरहेको थियो; ऐना र अनेक किसिमका मालसानान थिए। एउटा कीलामा कुण्डिएका जगल्टा र लुगा हेरेर मनले शारदाको कुराको प्रत्यक्ष विश्वास गर्दै भनिन्—

"ए, यो त त्यही त्रिपुरेश्वरमा आउने, फक्कडको लुगा हो, जगल्टा पनि यही हो; यो लुगाचाहिं त्यो "स्वामीभक्त हुँ" भन्नेको हो !"

शारदाले त्यो भूईं तलाको ढोका उघारेर वाहिरतिर च्याउँदै भनिन्—

"आउनोस्, आउनोस्—उज्यालो हुन लागिसकेछ !"

मन—शारदाको पछिपछि ढोकाबाहिर निस्किन् । त्यो ढोका आश्रम - पछिल्तिरको, उहीं स्वामीभक्त पसेको छिडीको ढोका थियो ।

आश्रम—वाहिर व्हिसमिसे उज्यालोमा मनलाई एउटा गोरेटोमा पुऱ्याएर शारदाले हातलें देखाउँदै भनिन् —

"ल, यतावाट सोझै जानोस्, अलि पर पुगेपछि चार दोबाटो आउँछ, त्यसको दाहिनेतिर लाग्नोस्—बायाँतिर एक कलधारा आउँछ, एउटा पसल पनि छ ! तीं पुगेर अचार्जको घर सोध्नोस् ! ल, जानोस् त हैं—म फर्कन्छु !"

मन र शारदा विपरीत दिशातिर लागे ।

बयालीस

यौवन—मदले त्यसै लर्बराएकी एउटी पाकी युवतीले हातमा चियाको गिलास लिएर कोठामा प्रवेश गर्दै भनिन्—

"बाबु, ए बाबु, लौ उठ्नोस् अब !"

ओछ्यान खज्मजिएको खाटमा एउटा मान्छे गुडुल्किएर सुतिरहेको थियो—बाबु तिनै होलान् अब !

बाफ उडिरहेको चियाको गिलासको मुख हत्केलाले ढाक्दै बाबु गुडुल्किरहेको खाटमा बसेर युवतीले फेरि भनिन्—

"घाम लागिसक्यो, कति सुतिरहनुभएको—भनेको !'

बाबुले आँखा मिच्तै उठेर भने—

"यो भाउज्यू त के हुनुभएको—बेलुका पनि सुत्न दिनुहुन्न, बिहानै पनि आएर उठाउनुहुन्छ, कस्तो मीठो निद्रा बिग्र्यो !"

भाउज्यूले मस्केर भनिन्—

"छिः के भन्नुभएको, कसैले सुन्ला !"

बाबुले चिया लिंदै भने—

"सुनेर के त ! विधवा भाउज्यू, देवरकी जोई—यो आजको चलन हो—र ! हेर्नोस् भाउज्यू, तपाईंले यसरी सिङ्गार पारेर आउँदा त झन् म भुतुक्कै हुन्छु ! टीका खै त ?"

"विधवाले पनि के टीका लाउनु छिः ! उही पनि आजकाल सधवाले त लाउँदैनन् टीका !"

"म हुदाहुँदै तपाईं कसरी विधवा ?"

भाउज्यूले भनिन्—

"बाबुले चिया खाएपछि म कीर्त्तनमा जान्छु है, गुरुले बोलाउनुभएको छ ?"

बाबुले चिया खान लागेको देखेर भाउज्यूले कर्के आँखाले हानेर भनिन्—

"छि: कुल्ला गरेर त खानुपर्छ !"

बाबुले चिया चुस्तै भने—

"हामी "समाज—सुधारक" को निम्ति यस्तो भद्दा कुरा हटाउनोस्, हेर्नोस् भाउज्यू ! कुल्ला गरेर मुख सफा गर्ने हैन ? मुख सफा यही तातो चियाले गरिहाल्छ नि !"

"छि: बाबुसित को कुरा गर्न सक्छ ! हैन, ईश्वर र कुमारी त हिजो दिउँसै गएका, रात बितेर यो वेला भइसक्यो—आउँदै आएनन् ए ! बिहा गर्ने वेला भएका बाहुनका छोरीहरूको के चाल हो, यस्तो !"

बाबुले भने—

"को—तपाईंका नन्दहरू ? के गरून् त जाँचको वेला छ—मास्टरको घरमा पढ्न बसे होलान् ?"

"अँ, क्या रातभरि पनि पढ्छन् अब !"

"अंग्रेजीमा धेरै थोक पढ्नुपर्छ ! उनीहरूलाई मास्टर फिसै नदिएर पनि कत्रो प्रेमले पढाउँछन्—पढून् न ! शङ्का गर्नु हुन्न के, आजकालको जमानामा शङ्का गरे कुरा अर्कै हुन्छ ! हेर्नोस् भाउज्यू, उनीहरू पनि के गरून्—जमानाअनुसार अलिकति पढ्नै पर्ने; तपाईंले मास्टरको फिस दिनुभएको छैन, मैले दिएको छैन । हेर्नोस् भाउज्यू ! बिचराहरू आफै कमाउँछन्, लाउँछन्, मास्टरलाई खुशी तुल्याएर पढ्छन् भने पढून् न—यस्तोमा हामीले आँखा चिम्लनुपर्छ । आखिर, मेरा बहिनीहरू बिहा पनि आफ् आफै गर्छन् ! हेर्नोस् भाउज्यू—हामीलाई कति सजिलो !"

भाउज्यूले बाबुको निधारमा लर्केको घुम्र कपाल औंलाले यसो

पन्छाएर भनिन्—

"बाबुको यो मुन्द्रामुन्द्रा परेको कपाल मलाई चौपट्टै मनपर्छ —कति राम्रो ! आफूभने कति गर्छु—यस्तो मुन्द्रा मुन्द्रा पर्दैपर्दैन !"

बाबुले भने—

"मुन्द्रा नपरे गाँठो पारिराख्नोस्न त !"

भाउज्यूले बाबुको गालामा स्नेहको हल्का थप्पड लगाएर जीउ मर्काउँदै भनिन्—

"छिः बाबु त !"

बाबुले भने—

"हेर्नोस् भाउज्यू, आज तपाईं कीर्त्तनमा नजानोस्, तपाईंको हरिकीर्त्तनको कुरा मलाई एक एक थाहा छ—त्यहाँ के हुन्छ, के गर्छन् भनेर । तपाईंको हरिकीर्त्तनको बयान "शान्ति" भन्ने उपन्यासमा पनि छ । तर जेसुकै होस्; मलाई त्यसको वास्ता छैन । आज यहाँ समाज-सुधारकहरू आउँछन्; सङ्घको प्राइभेट मिटिङ्ग छ—आठ बजे ! यहाँ तपाईंको ठूलो काम छ, हेर्नोस् भाउज्यू—माथि चिट्ठीलाई मान्छे गनेर चिया बनाउन लाउनुहोला !"

भाउज्यूले भनिन्—

"यहाँ गिलासै पुग्दैन, चिया पकाउने ठूलो भाँडो पनि छैन ! चिया त होटेलैमा लिन पठाउनुपर्ला, कसैलाई !"

बाबुले भने—

"हुन्छ ! अँ हेर्नोस् भाउज्यू, तपाईंलाई थाहा छ ?—हिजो हाम्रो सङ्घले बुरमान्चा च्यामेबाट तीन हजार रुपियाँ चन्दा असूल गर्‍यो ! खड्गे कसाईसित पनि एउटा ठूलै रकम चन्दा असूल गर्ने हामीहरूको सल्लाह छ ! त्यसलाई आज यहीं बोलाएको छ । आजै कोषाध्यक्षको पनि चुनाउ छ । हेर्नोस् भाउज्यू, मेरो विचारमा कोषाध्यक्ष तपाईं हुनोस् ! म सभापतिको हैसियतले प्रस्ताव राख्छु—सबले समर्थन गरिहाल्छन् ! सभापति जयेन्द्रनाथ, कोषाध्यक्ष शान्तादेवी भएपछि हेर्नोस्

भाउज्यू, के चाहियो !"

शान्ता देवीले छाले पारेर भनिन्—

"आमै, स्वास्नीमान्छे पनि कसरी कोषाध्यक्ष हुनु ?"

जयेन्द्रनाथले भने—

"किन नहुनु, हाम्रो समाजसुधारक सङ्घमा लिङ्ग–भेद छैन, न जाति भेद छ–हेर्नोस् भाउज्यू !"

जयेन्द्रनाथले अलि सानो स्वरले भने—

"हेर्नोस् भाउज्यू, तपाईंलाई थाहा नै छैन—धेरै दिनदेखिको ठूलो विचारले मैले तपाईंलाई आज यो समाजसुधारक सङ्घमा सामेल गराइरहेको छु ! यसबाट सङ्घ सुसंगठित भएर फुल्ने फल्नेछ। तपाईंको आकर्षणले हरिकृष्णे, तेजकान्त, काजीमानसमेत सारा सदस्यहरू सङ्घका दास हुनेछन् । आफ्नो आफ्नो व्यक्तिगत स्वार्थमा ती सब हाम्रो खुशामद गर्न आउनेछन् । यसबाट हाम्रो ठूलो प्रसिद्धि र ख्याति हुनेछ। आकाशको फल करोस् न तिनीहरूले पाउन सकून् । तिनीहरूलाई आफ्नो वशमा राखेर नचाउन—आकाशको फल नझरे पनि झर्ने आशा देखाउनभने छोड्नु हुँदैन; त्यसो भएपछि प्रसिद्धिको कारणले गर्दा हाम्रो निम्ति मन्त्रिपद एक दिन आफै लडेर आउनेछ— हेर्नोस् भाउज्यू !

"एक दिन यो घरमा सब जना एकै ठाउँमा बसेर भात खाने पनि हाम्रो कार्यक्रम छ ! बुरमान्चा च्यामे, खड्गे कसाई, सैंचा पोडे सब हुन्छन्, लालवीर दमाई, झम्के कामी, पञ्चे सार्की सब आउँछन् हेर्नोस्...!"

शान्ताले भनिन्—

"म त खान्नँ, त्यस्ताले छोएको भात ! ती च्यामे, पोडेको मल सोहोरेको हात गनाउँदै होला—हजारपल्ट धोए पनि त्यो गन्ध जाँदैन !"

"पैसाले धोए एकैचोटि जस्तो गन्ध पनि जान्छ ! उही पनि प्रजातन्त्रमा छुवाछूतको के भेदभाव ? कुन सानो काम,–कुन ठूलो काम ?

आजकाल त सानो काम नै ठूलो काम ठहरिएको छ–हेर्नोस् भाउज्यू ! कत्रा कत्रा मान्छेले मल सोहोरेर आफ्नो प्रजातान्त्रिक इज्जत राखेको तपाईंलाई थाहा नै छ नि ! हाम्रो सङ्घको पहिलो उद्देश्य नै छ–जातिपाती र छुवाछूतको भेदभाव निर्मूल गर्ने । तपाईं चूप लाग्नोस्–यसैमा महत्वपूर्ण कुरा छ ! तपाईं आफ्नो कोषमा आठ, दश हजार रुपियाँ त जम्मा गर्नोस्–अनि "समाजसुधारक सङ्घ" का सभापति जयेन्द्रनाथजीले भनेबमोजिम गर्नुहोला, धेरै कुरा किन अहिले । हेर्नोस् भाउज्यू, आफैंले एकै ठाउँमा खाएर पनि नदेखाए–कहाँबाट चन्दा उठ्छ ? अरू, तिनीहरूको अगाडि मलाई बाबु नभन्नोस्, म पनि तपाईंलाई भाउज्यू नभनेर शान्तादेवी भन्छु–हेर्नोस् भाउज्यू ! मलाई चाहिं कहिले सभापतिज्यू र कहिले जयेन्द्रनाथज्यू भन्नोस्–यो प्रजातान्त्रिक प्रणाली हो ।

"हेर्नोस् भाउज्यू, आज आउने मान्छे कसैले पनि तपाईंलाई राम्रोसँग चिनेका छैनन् । त्यसैले, तपाईंले यो घरमा बाहिरबाटै आएको जस्तो भाव देखाउनुपर्छ ! हो, सिङ्गार गरेर लुगासुगा लाउनुभएको पनि ठीकै भयो !"

शान्ताले सोधिन्—

"हरिकृष्णे भन्ने त्यही पाँच पटके चोर हरिकृष्णे त हैन ?"

"हो, त्यही हो ! हेर्नोस् भाउज्यू, तपाईंले त्यल्लाई चिन्नुभएको रहेछ—तपाईंलाई पनि त्यल्ले चिनेको छ कि कसो ?"

"छि तपाईं त, के भन्नुभएको होला !"

जयेन्द्रनाथले आफ्नो रवाफ देखाउँदै भने—

"भइहाल्यो–त्यल्ले तपाईंलाई चिने पनि केही, छैन, त्यो मेरो आफ्नै पेटको मान्छे हो ! हामीलाई त्यस्तै मान्छें चाहिएको छ–चोरहरू खूब चलाक र बुद्धिमान् हुन्छन्, हेर्नोस् भाउज्यू ! फेरि त्यो त पीडित, भुक्तभोगी र धेरै कुराको अनुभवी पनि छ । त्यस्ताबाट सङ्घको ठूलो काम बन्छ !"

जयेन्द्रले झ्यालबाट बाहिर हेरेर भने—

"हेर्नोस् भाउज्यू, ऊ बुरमान्चा च्यामे कति चाँडै आइपुग्यो ! अब सब एक एक गरेर आउँछन्–आठ बजेसम्म ! तपाईं त्यहाँ मेचमा बस्नोस् !"

जयेन्द्रले अलि कराएर भने—

"ओहो, माथि आउनोस्—माथि आउनोस् बुद्धिमान्जी ! शान्ता देवी पनि आउनुभएको छ !"

बुरमान्चा च्यामे माथि कोठामा आएपछि उसलाई खूब आदर पूर्वक शान्ताको अगाडि मेचमा बसालेर आफू पनि बगलतिर बस्तै जयेन्द्रले भनें—

"हेर्नोस्, शान्तादेवी ! हाम्रो भाषा अपभ्रम्न्श भएर बिग्रँदा बिग्रँदा बुद्धिमान्को बुरमान् हुन गएको हो–यसको पनि हामीले सुधार गर्नुपर्छ ।} बुरमान्की बुद्धिमान्, चाको ठाउँमा "जी" भइहाल्यो, थर राख्नुपरे–थरमा मानव राखेर "बुद्धिमान् मानव" भने कसो होला ? शान्तादेवी ! तपाईं पनि आफ्नो राय प्रकट गर्नोस् !"

शान्ताले उठेर भनिन्—

"सभापतिजीको यो शब्द– सुधार बिल्कुल ठीक छ, म यसको समर्थन गर्छु !"

अध्यक्ष जयेन्द्रनाथज्यूबाट आफ्नो नामको सुधार भएर शान्ता-देवीबाट त्यसको समर्थनसमेत हुँदा बुरमान्चा च्यामे मस्त भएर फुल्यो ।

झ्यालबाट तल चोकमा एक्कासि एउटी गजबकी स्वास्नीमान्छे-लाई देखेर आश्चर्य मान्दै जयेन्द्रले भने—

"त्यो को स्वास्नीमान्छे हो ? साइनबोर्डमा खूब आँखा लगाएर तल उभिरहेकी छ ! कुनै सुधारको विषय लिएर आएकी हो कि त्यो, हेर्नोस् शान्तादेवी !"

दक्खिन फर्केको दुइतले फिङ्गटी घरमा "समाजसुधार सङ्घ" भन्ने साइनबोर्ड फुण्डिरहेको देखेर मन माथि झ्यालतिर हेरिरहेकी थिइन् ।

विष्णुमतीमा हात मुख धोएर, आफ्नो भविष्य–जीवनको विचार विनिमय गर्दै र शारदाको कुरामा तर्क गर्दै मनले तीन घण्टा व्यतीत गरिसकेकी थिइन् । शारदाको कुरामा नलागेर एकातिर हिँड्ने उनको विचार थियो तर उनले अर्काको नासो लिएकी थिइन् । उनी आइन् ।

शान्तादेवीले झ्यालबाट हेरेर तल मनसित सोधिन्—

"कल्लाई खोज्नुभएको ?"

मनले भनिन्—

"शान्ता बज्यैलाई !"

शान्ता बज्यै झ्यालबाट फर्केर दगुर्दै तलतिर ओर्लिन् ।

सुन्दरी मनलाई देखेर, माथि जयेन्द्रनाथको चित्त विभ्रम भइरहेको थियो ।

तल शान्ता बज्यैले मनलाई दलानमा बोलाएर सोधिन्—

"कहाँबाट आउनुभएको ?"

मनले शारदाले दिएको कागतको पुरिया शान्ता बज्यैलाई दिएर भनिन्—

"यो लिनोस् !"

शान्ता बज्यैले कागतको पुरिया लिएर खोल्दै भनिन्—

"के यो !"

"......"

कागतको पुरियामा आफ्नो टप देखेर आश्चर्य मान्दै शान्ताले भनिन्—

"यो तपाईंलाई शारदाले दिइपठाएकी हो—कहाँबाट ?"

मनले भनिन्—

"हो, उहाँले "दिदीलाई यो दिएर नारी–सेवा–सङ्घ देखाइमाग्नु"—भन्नुभएको छ ! उहाँ...!"

मनले कुरा टुङ्ग्याउनै पाएकी थिइनन्—जयेन्द्रले आएर मनलाई खुब गडेर हेर्दै शान्तासित सोधे—

"हेर्नोस् शान्तादेवी, उहाँ को हुनुहुन्छ ? माथि नै पाल्नुभएर कुरा गरे त भइहाल्छ नि !"

टुप्लुक्क—समाज—सुधारक—सङ्घको एक प्रमुख सदस्य हरिकृष्णको प्रवेश भयो। जयेन्द्रनाथ उसको चिह्नारू भए पनि शान्ता र मनको निमित्त अपरिचित भएर उल्लाई अलमलिनुपर्‍यो। जयेन्द्र र शान्ता पनि निकै अप्ठ्यारो परिस्थितिमा परे। जयेन्द्रले वातावरण गम्भीर भएको अनुभव गरेर, प्रजातान्त्रिक सभ्यताको प्रदर्शन गर्दै शान्ता र मनलाई हरिकृष्णको परिचय गराए—

"ठीक वेलामा आइपुग्नुभयो ! यहाँ हाम्रो सङ्घको एक कर्मठ कार्यकर्ता हुनुहुन्छ ! यहाँको शुभनाम छ–हरिकृष्णसिंह प्रजापति !"

जयेन्द्रनाथले हरिकृष्णलाई शान्ताको परिचय पनि गराए—

"हेर्नोस्...यहाँ हुनुहुन्छ शान्तादेवी—जसको मैले धेरै दिनदेखि तपाईंसित चर्चा गरेको थिएँ ! यहाँलाई आज हाम्रो सङ्घको कार्यकारिणी सदस्यको निम्ति प्रस्ताव पेश गर्ने हाम्रो विचार छ !"

नमस्तेको आदान-प्रदान भयो।

जयेन्द्रले शान्तालाई, हरिकृष्ण र मनले नदेख्ने गरी आँखा झिम्क्याएर मनको परिचय गराउने इशारा गरे। शान्तालाई बडो अप्ठ्यारो पर्‍यो—कारण, उनैले पनि मनको परिचय पाएकी थिइनन्। उनीहरूसँग सोझो कुरा गरेर, आफू मनबाट अपरिचिता भएकी देखाएर आफ्नो शान घटाउन उनलाई ठीक लागेन। उनको मनसँग सम्बन्ध राख्ने दृढ इच्छा भइसकेको थियो। उनले आफ्नो अप्ठ्यारोपनलाई हल गर्दै बडो बुद्धि पुर्‍याएर भनिन्—

"यहाँ मेरै साथी हुनुहुन्छ—समाज—सुधारक सङ्घमा आउनुभएको हैन। यहाँको मसँग व्यक्तिगत काम छ।"

हरिकृष्णले मनप्रति लक्ष्य गरेर भने—

"यहाँको शुभ नाम ?"

मनले आफ्नो नाउँ बताउँछिन् कि भन्ने थियो–शान्तालाई, तर

उनी चूप लागिरहेको देखेर उनलाई फेरि अप्ठ्यारो पर्‍यो । उनले पनि मनलाई आँखा झिम्क्याएर—उनको नाम आफैले फर्माउँदै उनीहरूलाई बताइन् —

"यहाँको शुभ नाम छ – श्रीमती शोभादेवी !"

हरिकृष्णले मनलाई नमस्तेको हात जोडेर भने—

"ओ'''जस्तो नाम यहाँको, उस्तै रूप ! कस्तो व्यक्तिगत काम ? यहाँ के हाम्रो देशको सडिरहेको समाजको सुधार चाहनुहुन्न र ? हाम्रो सङ्घको निमित्त, आजको सभामा यहाँको उपस्थिति अनिवार्य छ, कसो सभापतिजी ? म आशा गर्छु—यहाँ पनि समाज–सुधारक सङ्घको एक सदस्य हुनुहुनेछ !"

मनलाई त्यहाँको भद्दा वातावरणमा कुरीकुरी लागिरहेको थियो । जयेन्द्रले भने —

"प्रजापतिजीको कुरा बिलकुल मनासीब छ—हेर्नोस्'''यसमा म पनि हार्दिक अनुरोध गर्दछु !"

शान्ताले ढोकातिर अरू मानिसहरू पनि आइरहेको देखेर अलि हडबडाएको भावले भनिन्—

"यहाँ उभिएर सबैसित परिचय र अनुरोध गरेर साध्य हुँदैन ! हिंड्नोस्, हिंड्नोस् मास्तिर !"

जयेन्द्रनाथ र हरिकृष्ण मनको ठूलो आशा लिएर मास्तिर उक्ले ।

मनले शान्तासित भनिन्—

"म माथि जान्ने शान्ता बज्यै, मलाई'''!"

शान्ताले टिपेर भनिन्—

"आऽऽ, के भन्नुभएको—तपाईं त छि: ! म परचक्री हुँ र—भनेको, म शारदाकी दिदी हुँ, मलाई तपाईंले आफ्नै दिदी सम्झनुपर्छ, यो आफ्नै घर हो ! म छँदाछँदै कल्ले के गर्न सक्छ त्यसै पनि यतिका मान्छे भएको घरमा ! कसको डर ? हिंड्नोस् हिंड्नोस्, केही कुरै गर्न पाएको छैन !"

वास्तवमा मनलाई समाज—सुधारक सङ्घमा दाखिल गराएर सदस्य बनाउन शान्ताले चाहेकी थिइनन् । उनले मनलाई देख्नेवित्तिकै उनको अन्तःकरणमा अर्कै कुरा खेलेको थियो । उनले आफ्नो हरिकीर्त्तन मण्डल सम्झिन्, मण्डलका आचार्य सम्झिन्—मनबाट लाभ उठाउने धेरै कुरा सम्झिरहेकी थिइन्—उनी ।

माथि मटानमा पुगेर शान्ताले मनलाई लक्ष्य गर्दै जयेन्द्र र हरिकृष्णसित भनिन्—

"यहाँसित मेरो केही व्यक्तिगत कुराकानी गर्नुछ, हामी एक्कै-छिनपछि आउछौं । तपाईंहरू सभा सञ्चालन गर्दै गर्नोस् !"

मनलाई अगि लाउँदै शान्ता बज्यै माथि बुइँगलतिर उक्लिन् । तल धमाधम मानिसहरू आएर कोठाभित्र पसिरहेको कुरा माथिबाटै थाहा भइरहेको थियो ।

माथि बुइँगलमा बाह्र तेह्र वर्षकी सानी ठिटी बासी भाँडा माझिरहेकी थिई । शान्ता बज्यैले मनलाई एउटा पिरुका दिएर बसाल्दै, आफू पनि बसेर भनिन्—

"कुरा गर्न पनि पाइएन—मोराहरूले छोपेर ! ज्याऽऽ ए चिट्टी, त्यो घोप्टे पनि लाइदे लौ लौ ! अँ, पर्दैन ब्यारे—कसैको सङ्घको सदस्य हुन, नयाँ स्वास्नीमान्छे देख्नै हुँदैन मोराहरूलाई ! मैले त तपाईंको नाउँ पनि शोभादेवी भनेर बताएँ तिनीहरूलाई—के भन्नु त त्यसै पनि तातो न छारोसित ! साँच्चि तपाईंको नाउँ के त ?"

मनलाई आफ्नो नाउँ बताउन—शान्ता बज्यैले सिकाइसकेकी थिइन् । उनले पनि मुखमा आएको नाम बताइन्—

"चिन्ता !"

"ओ हो, कति नौलो नाउँ—राम्रो छ लौ अँ, शारदा कहाँ छ त ? तपाईंलाई त सबै कुरा थाहा होला के !"

शान्ता र मनको कुरा चिट्टीले खूब ध्यान लगाएर सुनिरहेकी थिई ।

मनले भनिन्—

"उहाँको अरू कुरा त मलाई केही पनि थाहा छैन ! मलाई नारी–सेवा–सङ्घमा जाने काम परेर सोद्धै हिंडेकी थिएँ, वाटैमा उहाँसित भेट भएर कुराकानी भएको ! मलाई उहाँले त्यही अगिको माल दिएर दिदीसँग "मलाई सञ्चै छ, मेरो धन्दा मान्नुपर्दैन—भन्नोस्; नारी–सेवा–सङ्घ पनि दिदीलाई थाहा होला–तपाईंलाई दिदीले देखाइदिनुहुन्छ"—भन्नुभएर य यहाँ तपाईंकहाँ आएकी !"

शान्ताले भनिन्—

"हेरन, शारदा कत्तिकी निठुरी ! अस्लि नै एकपल्ट पनि मान्छे पठाएकी थिई त्यल्ले, आफू कहाँ वसेकी हो— थाहा नै दिन्न मलाई ! अँ, नारी–सेवा–सङ्घमा तपाईं कति कामले जानुहुन्छ, कसैलाई भेट्न हो कि ?"

मनले केही भन्नै पाएकी थिइनन्—चिट्टीले शान्ता वज्यैसित सोधी—

"नारी–सेवा–सङ्घ भनेको, उही अस्ति तपाईंले मलाई साथी लिएर जानुभएको ठाउँ हैन वज्यै ?"

शान्ताले चिट्टीलाई आँखा तर्दै सीटेर भनिन्—

"तँ किन वर्ता भएर बोल्छेस् हँ चिट्टी बीचमा—चूपो लागेर नबसेर !"

तल मटानवाट जयेन्द्रनाथ शान्तालाई बोलाइरहेका थिए । शान्ताले तलतिर हेरेर "आएँ, आएँ" भन्दै खूबसित हड्बडाएर मनसँग-भनिन् —

"तपाईं नारी – सेवा — सङ्घमा भोलि, पर्सितिर जानुहोला, मै लगिदिउँला ! मेरो आज हरिकीर्त्तनमा जानु छ । तल मिटिङ्ग सिद्धिए-पछि दुवै जना हरिकीर्त्तनमा जाने आज—खानपिन – पनि उहीं गर्ने, असाद्धै रमाइलो हुन्छ ! म तल गएर ती मोराहरूसित तपाईं गइसक्नु-भयो—भन्छु ! नपत्याएर त्यहाँ भऱ्याङ्गवाट यहाँ माथि कोही हेर्न

आउला, बरु तपाईं एकछिन त्यो आँटपछाडि बस्नोस् न है !"

मनले त्यहाँको चालामाला र शान्ता बज्यैको विलक्षणता देखेर डराउँदै र आश्चर्य मान्दै भन्दै थिइन्—

"भइहाल्यो शान्ता बज्यै, म यहाँ लुक्तिनँ—जान्छु ! म हरिकीर्तनमा पनि जान्न !"

शान्ता बज्यैले मनको कुरा सुन्दै नसुनेर—"आऽऽ हिँड्नोस् हिँड्नोस्—एक छिन चूपो लागेर बस्नोस् त्यहाँ !" भन्दै मनलाई आँटपछाडि राखेर, चिट्टीसित पनि—"छैन भन्नू !" भन्ने इशारा गरेर आफू तलतिर ओर्लिन् ।

तल मानिसहरूले ओहोर-दोहोर गरेको आवाज आइरहेको थियो । मन भाग्ने मौका हेरिरहेकी थिइन् ।

तल मटानमा खस्याक्‌खुसुक् गरेर सासले कुरा गरेको आवाज सुनियो । कोठामा चाहिँ एकैपल्ट धेरै जना मान्छे बोलिरहेका थिए, बहस चलिरहेको थियो, ठूलो गोलमाल पनि भयो—सभा नै भङ्ग भएको अनुमान हुन्थ्यो । एक्कै छिनपछि घरै थर्काएर भर्‍याङ्गबाट मान्छेको पल्टनै ओर्लियो–शायद, सभा स्थगित गरियो ।

माथि, आँटपछाडि गएर चिट्टीले मनसित दयनीय भावले भनी–

"शारदा बज्यैले मलाई असाध्ये माया गर्नुहुन्थ्यो ! शारदा बज्यैलाई तपाईं फेरि भेट्नु हुन्छ बज्यै ?"

चिट्टीले फेरि आँसुको ढिका खसाल्दै भनी—

"शारदा बज्यैलाई कुन्नि र आजको दिनसम्म यो घरमा बसें, मलाई उहाँले नै यहाँ ल्याएको—उहाँ कहाँ जानुभो कहाँ ! अब म पनि जान्छु, यो घरमा एक छिन पनि बस्तिनँ ! म तपाईंसितै जान्छु, मलाई पनि लग्नोस् बज्यै !"

चिट्टीको कुरा सुनेर मन पग्लिरहेकी थिइन् । उनले भनिन्—

"अहिले मै अलपत्रमा छु, मसित कहाँ जान्छचौ ! तिम्रा आमा, बा छैनन् ?"

"छैनन् बज्यै ! बालाज्यूमा फूपूको घर छ–उहीं जान्छु के उसो भए, आजै जान्छु, भागेर जान्छु – यहाँ त बस्तै बस्तिनँ, खानु पाउनु नास्ति—जीउको सास्ती !"

मनले भनिन्—

"उसो भए, तिमी यहाँबाट निस्केर मलाई नारी–सेवा–सङ्घको घर देखाइदेउन त—म तिम्रो ठूलो गुन मान्छु ! मेरो थान्को लागेपछि तिमीलाई मैसँग राख्छु, बरु तिमीलाई पो कहाँ खोज्नु ?"

"मलाई बज्यै ? बालाज्यूमा खुट्टा सुन्निएकी सेती मगर्नीको घर सोधे–जल्ले पनि देखाइदिन्छ ! सेती मगर्नी मेरै फूपू हुन्—म तीं हुन्छु ! बज्यैलाई नारी—सेवा—सङ्घको घर म देखाइदिन्छु ! अहिले जयेन्द्र बाजे बाहिर निस्कन्छ, शान्ता बज्यै पनि हरिकीर्त्तनमा जानुहुन्छ । बज्यैले तपाईंलाई पनि लान खोजे–तपाईं नजानोस् है त ! सञ्चो भएन, म यहीं बसिरहन्छु—भन्नोस् न ! अनि तिनीहरू निस्केपछि हामी पनि सुरुक्क निस्कने !"

मनले भनिन्—

"हुन्छ, हुन्छ ! तर तिमीलाई यहाँबाट मैले भगाएको—जस्तो पर्छ नि !"

"हैन बज्यै, म त तपाईं नआउनुभएको भए पनि यहाँबाट आजै निस्कन्थें !"

शान्ता बज्यै तल कराइरहेकी थिइन्—न भन्दै जयेन्द्र र हरिकृष्णे बुइँगलको भऱ्याङ्गको टाउकोसम्म आए । हरिकृष्णेले ठीकबेठीक कस्तो कस्तो हिन्दी भाषामा भन्यो—

"हत्तेरी शाला, मान्छे त उम्काउन नहुने नै थिई—म त तेरै भर गरेर बसिरहेको, खूब काम गरिस् काठा !"

जयेन्द्रले तल शान्तासित रिसाएर भने—

"हेर्नोस् भाउज्यू, तपाईंको यस्तो बानी मलाई मन पर्दैन ! हामी के गर्थ्यौं र तपाईंकी शोभा महारानीलाई—यति चाँडै भगाउनुपर्थ्यो;

बरु त्यसको पनि हामी सुधार गर्थ्यौं । हामीले फ्वाँकमा समाजसुधारक सङ्घ खोलेको हैन—बुझनुभो ! मलाई थाहा छ तपाईंको चाल, हेर्नोस् भाउज्यू !"

"थाहा भए के त—तातो न छारोसित मलाई केको घच्का ? म के गरूँ त जाने मान्छेलाई ?"

जयेन्द्रले चिट्टीसित सोधे—

"ए, हेर्—त्यो अगि आएकी स्वास्नीमान्छे कुन बेला गएकी हुँ ?"

चिट्टीले भनी—

"भर्खरै हो, तीं बाहिरतिरै भेटिएला !"

चिट्टीसित हरिकृष्णेले पनि सोध्यो—

"कतातिर गई त—देखिस् तैंले ?"

चिट्टीले भनी—

"खै, सिम्भूतिर हो क्यार !"

हरिकृष्णेले हडबडाएर भऱ्याङ्गबाट ओर्ल्दै जयेन्द्रसित भन्यो—

"हिंड् हिंड्, जयेन्द्र, दौडी—एक्लै छ त्यो, छोड्नु हुन्न बुझिस् !"

जयेन्द्रनाथ र हरिकृष्णे दुवै जना दौडेर भऱ्याङ्ग ओर्ल्दै बाहिरतिर निस्के ।

शान्ता बज्यैले माथि बुइँगलमा आएर, खित्का छाडेर हाँस्तै भनिन्—

"गए, मोराहरू ! चिट्टीले पनि खूब काइदा गरी क्याबात ! ए चिट्टी तँ यीं घरमै बस्—हामी हरिकीर्त्तनमा जान्छौं ! लौ लौ आउनोस् अब, उहीं खानपिन गर्नुपर्छ—असाध्ये रमाइलो पो हुन्छ !"

मनले आँटपछिल्तिरबाटै भनिन्—

"...अहिलेको अहिले नै मलाई असाध्ये पेट दुखेर आयो—उठ्नै हुँदैन ! मलाई यस्तै हुन्छ, उठेर हिंडे—बीच बाटोमै लडेर मूर्छा पर्छु ! म आज कतै पनि जान्ने, बज्यैलाई पर्खेर यीं बस्छु ! बज्यैले भन्नुभएको ठाउँमा भोलि, पर्सितिर जाउँला, जहाँ भने पनि जाउँला बरु !!"

शान्ता वज्यैले भनिन्—

"हँ, के भयो त ? लौ त लौ ! ए चिट्टी, तँ यीं बस् उहाँसित–म जान्छु, बेर भयो !···उहाँसित केही कुरै गर्न पाएको छैन–अब आएर गर्नुपर्ला !"

शान्ता वज्यै निस्किन् ।

एक छिनपछि चिट्टी र मन पनि निस्के ।

शान्ता बज्यैको थोत्रो पाटी जस्तै घरमा "समाज—सुधारक सङ्घको" साइनबोर्ड झुण्डिरहेको थियो ।

त्रिचालीस

गोरी, पातली–उमेरमा त्यही सैतीस अठ्तीसकी हुँदिहुन्; पाउमा चप्पल, आँखामा चश्मा, हल्का परिधान, मीठो बोलीवचन निकै बेस देखिन्थिन्–'नारी-सेवा-संघ'की सभापति । उनलाई संघमा सबै स्वास्नीमान्छेहरू 'आफू' भन्दथे ।

आफूसंग कुराकानी गरेर मन ज्यादै खुशी भइन् । उनको धेरै दिनदेखिको नारी-सेवा-संघमा आउने मनको धोको पुगेको थियो। आफूले उनलाई प्रेम गरेर, उनले इच्छा गरेबमोजिमको केही बुन्ने र सिउने काम पनि दिइन्–त्यसबाट हुने फाइदा पनि मनलाई उनले बताएकी थिइन् ।

आफूले अह्राएबमोजिम निर्मला र विमलाले मनको निम्ति संघकै घरमा एउटा सानो कोठा पनि ठीक गरिदिएका थिए ।

संघको घरमा अफिसबाहेक साना साना धेरै कोठाहरू थिए । सब कोठामा संघका सदस्य नारीहरू एक एक थोक इलम गरेर बस्थे ।

संघका लोग्नेमानिसहरू पनि आउँथे तापनि मनको कोठा छुट्टै भएको हुनाले—उनलाई कुनै पर्वाह थिएन ।

मन अब जीवनलाई बालघरबाट ल्याउने भएकी थिइन् । उनको सीप र इलम देखेर आफूसमेत संघका सारा स्वास्नीमान्छेहरू उनीसँग खुशी भएका थिए ।

तेस्रो दिन बेलुका —एक्कासि आफूको कोठाभित्र ढोकाको पर्दाबाट गोदावरीलाई देखेर मनलाई आश्चर्य लाग्यो । मेचमा बसेर गोदावरी भनिरहेकी थिइन्—

"भइहाल्यो नाइँ अब, पात्तिएको बूढो फेरि आइपुग्यो—के गर्नु त !"

आफूले भनिन्—

"हुन्छ, लानोस् लान त—तर त्यतिले हुँदैन ।

मन खङ्ग्रङ्गै सुकिन् । उनी आफ्नो कोठामा लुकेर गोदावरीलाई च्याइरहेकी थिइन् । गोदावरीले आफ्नो साथमा निर्मलालाई लगेको देखेर उनको ज्यानमा ज्यान आयो । त्यो वेला त उनको ज्यानमा ज्यान आयो तर उनी ज्यादै विचलित भइन्—यो आफूको कस्तो व्यवहार हो भनेर ।

चिन्तामग्न मन कोठामा बसेर बत्तीको उज्यालोमा आफ्नो काम गरिरहेकी थिइन्—आफूले बाहिरबाट ढोका घच्चच्याउँदै भनिन्—

"ए, ढोका खोल त !"

मनले उठेर ढोका उघारिन् ।

मनले ढोका खोल्नेबित्तिकै आफूको पछि पछि एक जना सेर-मानी लगाएको व्यक्ति पनि मनको कोठामा पस्यो ।

आफूले मनलाई त्यो व्यक्तिको परिचय गराउँदै भनिन्—

"यहाँ नेताजी हाम्रो संघको मुख्य सञ्चालक हुनुहुन्छ ! यहाँकै कृपाबाट यो संघ चलेको छ !"

आफूले मनलाई देखाउँदै नेताजीसित पनि भनिन्—

"यिनै हुन्, मान्छे ज्यादै बेस रहिछन् । काइदा, कदर पनि यिनको ज्यादै बेस छ! लौ त तपाईं यिनीसँग कुरा गर्नोस्—म जान्छु !"

मनलाई होश सह्माल्न मुश्किल परिरहेको थियो । आफूले कोठा-बाहिर निस्केर मनसित भनिन्—

"ढोका लाऊ, है !"

ढोका त्यसै उदाङ्ग थियो । नेताजीले बुङ्ग चुरोटको धूवाँ उडाएर मनसित भने—

"ढोका लाऊन त !"

मन काँपिरहेकी थिइन् । नेताजी आफैले उठेर ढोका लाए । उनले

मुसुमुसु हाँस्तै मनतिर आएर ढेस्सिन खोज्दै—मनको हात समातेर भने–

"बस न !"

मनले आफ्नो हात थुत्तै, निसासिएर भनिन्—

"छोड्नोस्, अलि उता जानोस् ! मसित के कुरा छ यहाँको ?"

"बस न, म कुरा गर्छु !"

नेताले फेरि दुवै हातले मनलाई समातेका मात्रै थिए—मनले चिच्याएर भनिन्—

"छोड्नोस्, छोड्नोस्—यो के गरेको ?"

मन नेताजीको हातबाट फुत्केर ढोका उघार्दै, स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गरेर भागिन् । नेताजी पनि जिल्ल परेर बाहिरतिर आइरहेका थिए । बाहिर आफूले मनलाई छेकेर भनिन्—

"किन दौडेकी, हिँड कोठामा !"

आफूले नेताजीलाई पनि आँखाले इशारा गरेर भनिन्—

"के भन्नुभयो हँ, तपाईंले यिनलाई ? भइहाल्यो, तपाईं अहिले उतातिर जानोस् !"

मनलाई कोठातिर फर्काएर आफूले साखुल्ले भएर भनिन्—

"तिमी किन कस्ती पाखण्डी भएकी हँ—ठूलठूला मान्छेहरूसँग यस्तो व्यवहार गर्नु हुन्छ ? यिनीहरूलाई त खुशी तुल्याएर चन्दा झार्नुपर्छ ! तिमीलाई !"

मनले भनिन्—

"मबाट यस्तो व्यवहार हुन सक्तैन ! यहाँ यस्तै व्यवहार गर्नुपर्छ भने मलाई बिदा दिनोस् आफू, म जान्छु !"

आफूले गम्भीर भएर एक छिनसम्म मनलाई हेरिसकेपछि पछिल्तिर फर्केर भनिन्—

"भइहाल्यो, ढोका लाएर बस !"

आफू निस्किन् । बाहिर खस्याक्खुसुक् गरेको सुनियो । ढोकाबाहिर विमला उभिरहेकी थिइन् ।

\+ + +

आफ्नो कोठामा आएर आफूले नेताजीसित भनिन्—

"आज तपाईं उही अगि मैले देखाएको कोठामा बस्नोस् त–त्यो पनि वेस छ ! मैले भनेकी नै हुँ नि, अहिले हुँदैन नौली छ–भनेर ! तपाईंले ढिपी गर्नुभो, के गर्नु !"

नेताजी गएपछि आफूले एउटी थसुल्ली, भूतपूर्व युवतिलाई बोलाएर भनिन्—

"हेर डिठ्ठिनी आमा ! त्यो नौलीले क्रण्डै बेइजती गरेकी; तालीम गर्नुपऱ्यो के अब ! उही, के रे त्यो रामकुमारीलाई तालीम गरेजस्तै–उही ! एकछिनपछि तिमी त्यसको कोठामा जानू, उता भोलि बिहानै ! अँ, हिजो इन्दिराबाट आमदानी भएको चालीसमा दश र पाँच कटाएर मलाई यहाँ तिमीले पच्चीस बुझाउनुपर्ने हैन ? तिमीले त पन्ध्र पो बुझायौ नि ।"

डिठ्ठिनीले भनिन्—

"हैन आफू, इन्दिराले यसपालि दश बढी लिइन्–कुन्नि कसलाई दिनुपऱ्यो भनेर–आफूसित भनूँला भन्थिन् नि भनिनन् ? सोध्नोस् न !"

आफूले भनिन् –

"ली त भइहाल्यो ! त्यो नौली ठीक भएपछि तिम्रो भाग अलि बढाइदिउँला ! अँ, तिमीलाई थाहा छ–त्यो को हो ?"

"मलाई के थाहा, आफू !"

"मलाई थाहा छ, त्यसको सप्पै कुरा ! त्यो बिहा गर्न नमानेर, जन्ती आइसकेपछि बाबुआमाको घरबाट भागेर निस्केकी मान्छे हो ! मलाई केही पनि थाहा छैन, भन्ने छ त्यल्लाई ! अहिले यो कुरा भइहाल्यो; अँ हेर त्यो भाग्न त नपाओस् नि !"

डिठ्ठिनीले भनिन्—

"हस्, यसमा म छँदैछु नि !"

डिठ्ठिनीलाई पठाएर आफूले विमलालाई डाकेर भनिन्—

"भाग्ली नि !"

"आँटेकी थिई ! हामीहरूले फर्कायौं !"

\+ \+ \+

मनले नारी–सेवा–सङ्घबाट भाग्ने दाउ गर्दागर्दै टचाङ्ग टचाङ्ग गरेर रातको एघार हान्यो । उनको कोठा उघारै थियो । आँखा भरि भरि आँसु लिएर उनी भित्तामा अडेस लागेर उभिरहेकी थिइन् । उनको टाउको भारी भइरहेको थियो, खुट्टा काँपिरहेका थिए ।

डिठ्ठिनीले मनको कोठाभित्र पसेर, डराएको भावले ढोका लाइसकेपछि, मनको सन्निकट आएर साउती गर्दै भनिन्—

"बस्नोस् नानी, बस्नोस् ! मैले सबै कुरा थाहा पाएँ ! यस्तैछ यहाँको चालामाला ! यस्तो खराब काम गर्न थालेपछि हामीले यहाँ कसरी टिक्नु–हरे ईश्वर, मान्छे किन यसरी भाँडिएर गएका होलान् !"

मनले डिठ्ठिनीको काखमा मुख जोतेर रुँदै भनिन् –

"डिठ्ठिनी आमा, यहाँ म एक छिन पनि बस्तिनँ !"

डिठ्ठिनीले मनलाई साँच्चिकै माया गरेर भनिन्—

"कठै ! नरुनोस्, नरुनोस् अब ! नानी, कहाँ जानुहुन्छ त ?"

"जहाँ हुन्छ,—यहाँ त बस्तिनँ !"

डिठ्ठिनीले गहभरि आँसु गरेर भनिन्—

"लौ वा लौ, भोलि बिहान राती नै यहाँबाट भागेर निस्कने ! म नानीलाई मेरै घरमा लग्छु, एउटा इलममा लाइदिन्छु ! हातमा सीप भएको मान्छेलाई जहाँ पनि पाइन्छ इलम गर्न ! यही च्यानमा मात्र छैन इलम !"

भोलिपल्ट विहानै नारी–सेवा–सङ्घबाट डिठ्ठिनी र मन भागेर निस्के ।

मासङ्गल्लीभित्र–एउटा तीनतले घरको माथिल्लो तलाको एउटा कोठामा पुऱ्याएर डिठ्ठिनीले मनलाई भनिन्—

"यो मेरै घर हो नानी ! अब आनन्दसित बस्नोस्, केही कुराको फिक्री मान्नुपर्दैन !"

डिठ्ठिनी–मन बसेको कोठाबाट मान्छे भेटन आफ्नो कोठामा गइरहन्थिन् । दिनभरि डिठ्ठिनीलाई भेट्न आउने नाना थरीका मानिस-हरूको पद–ध्वनि र भाँती भाँतीका अस्पष्ट आवाज सुनेर मन सशङ्कित भइरहेकी थिइन् । उनलाई सञ्चो भएन । उनले केही पनि खाइनन् । मनले वमन गरिरहेको देखेर डिठ्ठिनी पनि ज्यादै डराइन । मनलाई ज्वरले ढाल्यो ।

डिठ्ठिनीका इष्टमित्र हुन् कि पाहुना हुन्–नाना रकमका लोग्ने-मान्छे डिठ्ठिनीसित बिरामी मनलाई हेर्न आउँथे, कोही र मनको माया गरिटोपल्थे, औषधि बताउँथे—मनलाई फर्को लाग्थ्यो ।

सात दिनसम्म त मन उठ्न सकिनन् । आठौं दिनमा उनलाई ज्वरले छाड्यो । नवौं दिनमा उनले जाउलो खाइन् ।

दशौं दिनको राती डिठ्ठिनीले कोठामा आएर मनलाई खूब फकाइन्—

"नानीकोजति माया त मलाई आफ्नै छोराछोरीको पनि लागेन; त्यसै भएर त रात छर्लङ्ग बिताएर सह्यार गरेर नानीलाई बचाइछोडें–औषधि मात्रै सय रुपियाँको लाग्यो होला ! जेहोस् अब निको भयो, ठूलो कुरा यही भयो ! जीउ रहे–रुपियाँ, पैसा भनेको कति आउँछ, कति जान्छ–हातको मयल न हो ! अँ, नानी बिरामी भएको वेलामा, नानीलाई एक जना राम्रा मान्छे हेर्न आएका थिए नि, उनको नाउँ गोपिकृष्ण हो ! नानीलाई देखेको दिनदेखि हत्ये प्राण ठोकिरहेका छन–उनले, के भन्नु ! मान्छे त तिनी ज्यादै असल छन्, धनी पनि छन् । आऽऽ दुई दिनको चोला त हो नि, मरेर लाने के छ–र, उमेर भनेको सधैं रहिरहने कुरा हैन–प्रेम भनेको गर्नैपर्छ ! गोपिकृष्ण यहाँ अहिले आउने वेला भयो ! म त उनलाई यीं नानीको कोठामा पठाइ-दिन्छु, यसो बातचीत गर्नु के !"

डिठ्ठिनीको कुराले मनको शरीरको रक्तसञ्चार नै बन्द भए-जस्तै भयो । बल्ल उनलाई डिठ्ठिनीको अभिप्राय थाहा भयो । उनले

भनिन्—

"के कुरा गर्नुभएको आमा यस्तो ? मैले त तपाईंलाई आफ्नै आमाजस्तो ठानेर कत्रो विश्वास गरेकी थिएँ ! तपाईंले पनि ममाथि ठूलो गुन गर्नुभएको हो; तर यस्तो कुरा नगर्नोस्, बिन्ती भन्छु !"

डिठ्ठिनी एकदमसित सुकेको परालमा आगो लागे जस्तै दन्कन थालिन्—

"चाहिँदैन मलाई कसैको बिन्ती सिन्ती ! मैले गुन गरेर त गुनको बदला पाएँ नि—अझ मै विश्वास—घातिनी भएँ हैन के ! मेरो यति सानो कुरा पनि पुगेन ! यस्तो कुरा नगर्नु रे, कस्तो कुरा गरूँ त ? लातको मान्छेलाई बातले के हुन्थ्यो ! अरूथोक नभए पनि यतिञ्जेलसम्म खाएको नूनको सोझो गर्ने विचार त गर्नुपर्ने—बैगुनी कहाँकी ! जसको पनि एउटा एउटा स्वार्थ हुन्छ ! आफ्नो स्वार्थको विचार गर्नेले अर्काको स्वार्थको विचार गर्नुपर्दैन ? यो घरबाट पनि भाग्ने सुर होला—यो घरबाट सित्तीमित्ती भाग्न त मर्नुपर्छ ! सोझो कुराले नहुनेसित व्यवहार गर्न मैले पनि जानेकी छु—हेरूँला नि ! के गर्नु त आफ्नो यतिञ्जेलको खर्च त्यसै गुमाउँन सकिएन—जसरी भए पनि उठाउनै न पर्‍यो । बडी आई कप्तानसाहेबकी छोरी महारानी ! मलाई······"

डिठ्ठिनीले कोठाको ढोकानिर हेरेर भनिन्—

"को हुँ त्याँ बाहिर ? ए गोपिबाबू ? यहाँ भित्र आउनोस् !"

गोपिकृष्ण भित्र आयो ।

मनको शरीरमा कम्प छुटिरहेको भए पनि उनको निम्ति भूईं-चालो आएर घर भत्केन, कोठा भासिएन ।

डिठ्ठिनी कोठाबाट निस्किरहेकी थिइन्—मनले उनको खुट्टामा छाँद हालेर रुँदै भनिन्—

"बिन्ती भन्छु आमा, मलाई यस्तो नगर्नोस्—म जसरी भए पनि तपाईंको लागेको खर्च दिन्छु ! ज्याला गरेर दिन्छु, काम गरेर दिन्छु,

दिन्छु—मलाई यसरी नबिगार्नोस् !"

डिठ्ठिनीले मनले छाँद हालेको आफ्नो खुट्टा थुतेर कोठाबाट निस्कँदै भनिन् —

"वडी आई खर्च दिने, ज्याला गर्ने, काम गर्ने ! असल गरूँ-भन्दाखेरि म बिगार्ने भएँ ! हो अब विग्रन्छेस्, भत्कन्छेस्, मर्छेस् । लौ गोपिकृष्ण, आफ्नी महारानीलाई आफैंले ठीक गर्नू—म त गएँ ।"

डिठ्ठिनी निस्कनेबित्तिकै गोपिकृष्ण ढोका लाएर मनको अगाडि बढ्यो । मनले उसलाई भनिन्—

"लाज लाग्दैन, यसरी एउटी अबला स्वास्नीमान्छेमाथि यस्तो अत्याचार गर्न तस्सिन ? यही हो लोग्नेमान्छेको पुरुषत्व ? म तपाई-लाई दाजु भन्छु — मलाई यस्तो नगर्नोस् ।"

गोपिकृष्णले "हिँहिँ" गरेर ङिच्च दाँत देखाउँदै मनलाई समात्न हात लम्काएको मात्र थियो — मनले उसलाई एक लात जमाइन् । मर्म-स्थलमा परेर हो कि मनको एकै लातले गोपिकृष्ण ढुनमुनिएर पछारियो । उसले तुरुन्तै उठेर फेरि मनमाथि जाइलाग्दा मनले उसमाथि मुक्का वर्षाइन् । टाउकोमा, नाकमा, मुखमा जहाँ जहाँ पायो उहीं उहीं । मनको मुक्काले गोपिकृष्ण अड्नै सकेन । मुक्काको चोटले रन्थनिएको गोपिकृष्णले ढोका खोलेर निस्कँदै आफ्नो ज्यान बचायो ।

बाहिरबाट ढोका लाउँदै डिठ्ठिनी कराइरहेकी थिइन् —

"ए ताल्चा ले, ताल्चा ले ! खूब बल देखाउने भएकी डङ्किनी, हेर्छु म पनि यसको बलको ताइँ ! ए मखने, जा जा दानचा पहलवान-लाई डाकेर ले — त्यो भर्खर तीं उसकै कयालमा बसिरहेको थियो ! यस राँडलाई आज ठीक गर्न सकिनँ भने — म डिठ्ठिनी नै हैन !"

मनले दानचा पहलवानलाई देखेकी थिइन् । उनी बिरामी भएर लडिरहेको वेलामा डिठ्ठिनीसित त्यो उनको कोठामा आएको थियो । त्यो ज्यादै नराम्रो र डरलाग्दो अनुहारको थियो—कालो मुश्लो घनटाउके । बाहिर डिठ्ठिनी कराइरहेकी थिइन्, खलबल भइरहेको थियो ।

खलखली पसीना काढेर मनले भित्रबाट माथि र तल दुवैतिर ढोकामा छेस्किनी लाइन् । उनलाई के गरूँ र कसो गरूँ, कसरी प्राण राखूँ भनेजस्तो भइरहेको थियो ।

एक्कै छिनपछि बाहिर शायद, दानचा पहलवान आइपुगेर होला—डिठ्ठिनीले उसलाई भनिरहेकी थिइन्—

"लौ, दानचा ! अब तिम्रै हातमा पर्ने भई···! तिमी भित्र गएर त्यल्लाई जे जे गर्न मन लाग्छ—गर !"

बाहिरबाट ढोका खोल्न खोज्दै दानचाले भन्यो—

"खै, ढोका त उघ्रेन—भित्र छेस्किनी लाएको छ क्या र !"

डिठ्ठिनीले उतर्सेर भनिन्—

"हँ, छेस्किनी लाइछ– अब के गर्ने ? फोर न ढोका, के हेर्छौ ! यसै नोक्सानी भो, उसै नोक्सानी भो—बनाउँला भोलि ! के ठानेकी छ त्यल्ले मलाई ? फोर फोर, ढोकै फोरेर भए पनि जाऊ !"

नभन्दै बाहिरबाट मान्छेहरू ढोकामा धक्का दिँदै ढ्याङढ्याङ र ढुङढुङ गर्न थाले ।

मनले कोठाको दक्खिन् झ्याल खोलेर बाहिरतिर हेरिन्, बाहिर जून लागिरहेको थियो । झ्यालमुन्तिर शायद, तल्लो तलाको झ्यालको पाली हो कि झिङ्गटीको लामो छाना थियो, त्यहाँबाट गएको खण्डमा पश्चिमतिर अर्को घरको छाना चढ्न सकिएला जस्तो थियो; तर चिप्लेर खसेको खण्डमा हाडखोड चकनाचूर ! कोठाबाहिर ढोका फोर्ने उद्योग हुँदै थियो—मन साहस गरेर, झ्यालबाट बाहिर छानामा ओर्लिन् ।

चार हातखुट्टा टेकेर बामे सर्दै आफ्नो जीवनको निम्ति जीवनकै माया मारेर मन छानैछाना यसरी दगुरिन् जसरी बाँदर दगुर्छ । एक ठाउँमा हातले समातेको झिङ्गटी उखेलिएर मन तलतिर खसिसकेकी थिइन्—तै खूब अडिन् । त्यो वेला उनको मुटु नै थिएनजस्तो भान हुन्थ्यो । भाग्यले भन्ने हो कि केले हो शहरका घरका छाना धेरै नै जोडिएका थिए । ज्यानलाई हत्केलामा राखेर एक घरको छानाबाट अर्को

घरको छाना, अर्को घरको छानाबाट अर्को घरको छाना गरेर, गोटा सातेक घरको छाना पार भएपछि मनले एउटा घरमा सानो कौसी देखिन्; तर त्यो कौसीमा पुग्न छानाबाट तीन हात जति तल हामफाल्नु पर्थ्यो। मनले आँखा चिम्लेर छानाबाट त्यो कौसीमा फालहालिन्—

"भुद्रुक्क !"

कौसीको तीनतिर वार र एकतिर घरभित्र पस्ने ढोका थियो। कौसीको ढोका करेउँ परिरहेको छुनाले भित्र बत्तीको उज्यालो देखिन्थ्यो।

'भुद्रुक्क' आवाज सुनेर भित्रबाट मान्छेहरू कौसीतिर आउँदै कराए-

"को, हँ !—ए चोर, चोर !"

मनले कौसीबाट भित्र चोटामा पसेर आँसुको धारा वहाउँदै, आतसले एकै सासमा भनिन्—

"हैन हैन, म चोर हैन ! मलाई डिठ्ठिनीले मार्न लागी ! मलाई बचाउनोस्, एक्कै छिन यहाँ टाउको लुकाउन दिएर मेरो शरण लिनोस् !"

चोटामा चश्मा लाएको एउटा बूढो र एउटी बूढी – मनलाई 'चोर' भन्ने ठानेर डराउँदै हस्याङ्ग र फस्याङ्ग गरिरहेका थिए। दुई तीनेक केटाकेटीहरू सुतिरहेका थिए – अरू कोही थिएन।

मनको आर्त्तपुकार सुनेर बूढा, बूढी आश्चर्य मानिरहेका थिए। मन आँखाबाट आँसुको बलिन्द्रधारा बगाएर दयनीय भावले उनीहरूको मुख ताकिरहेकी थिइन्।

बूढाले भने—

"को, त्यही कुटुनी डिठ्ठिनी ? बदमाश्नीले कोठी खोलेर सबराका छोरी, बुहारी बिगारिसकी ! कठै, छानै–छाना भागेर आइछन्—बस, बस ! यहाँ त्यसको बाबुले पनि केही गर्न सक्तैन !"

बूढीले मनसित सोधिन्—

"त्यल्ले तपाईंलाई कहाँबाट ल्याई त ?"

मनले बताइन्—

"मलाई त्यल्ले इलममा लाइदिन्छु–भनेर ल्याएकी थिई। त्यसको

सुर अर्कै रहेछ ! मैले रोएँ, कराएँ बिन्ती गरें—त्यल्ले मेरो कुनै पुकार सुनिन, कोठाबाट निस्कन पनि दिइन—ढोकै थुनिदिई ! भित्रबाट छेस्किनी लाएर बसेकी थिएँ— म पनि ! मलाई बिगार्न दानचा पहल-वानलाई डाकेर, ढोकै फोरेर भित्र पसाल्न आँटेकी थिई—त्यल्ले, म झ्यालबाट फालहालेर छानैछाना यहाँ आएँ !"

बूढीले भनिन्—

"कस्ती ज्यानमारा बदमाश्नी ! तपाईं कस्सो छानाबाट लड्नु-भएन—हत्तेरी ! बस्नोस्, बस्नोस्—सजिलोसित बस्नोस् ! हाम्रो छोरालाई बरालेर—त्योसित हाम्रो पनि झगडा परेको छ !"

बूढा— सूचिकार रहेछन् । बूढा, बूढी दुवै जना त्यो बेलासम्म पनि लुगा सिइरहेका थिए । लुगा सिउने कल चलिरहेको थियो—

"घ्यार्र घ्यार्र···।"

सूचिकारको पछाडि र दायाँ—बायाँ भित्ताभरि रङ्ग विरङ्गका सिउन बाँकी र सिइसकिएका लुगाहरू झुण्डिरहेका थिए । सुकुलमा पनि त्यस्तै नयाँ कपडाका टुक्रा टुक्रीहरू पडिरहेका थिए ।

मन अलि पर दोछायामा कुचू्क्क परेर बसिरहेकी थिइन्—उनको हृदय काँपिरहेकै थियो । उनी डिठ्ठिनीको भयङ्कर अनुहार सम्झि-रहेकी थिइन् । उनलाई अहिले पो छानाबाट खस्ने डर लाग्यो—उनी सिरिङ्ग भइन्—

सूचिकार बूढा कल चलाउँदै भनिरहेका थिए—

"यो संसारमा सीधासाधा र काम गरेर खाने मान्छेलाई ज्यादै दुःख छ ! यहाँ बेईमान र बदमाशको मात्रै मोज छ, तिनीहरू नै धनी छन् । बूढो भइयो, दुई दिन विरामी भएर ढल्दा मान्छेहरूको लुगा त्यसै रहेर कराउँन आउँछन्—काम थुप्रै बाँकी छ । के गर्नु, काम नगरे मुखमा माड नलाग्ने ! गरूँ कति गरूँ—कसको गरूँ; कसको नगरूँ ! एउटा छोरो पनि बदमाश भएर निस्क्यो ! काम नगरेर, त्यसै डुलीडुली खान आउँछ उल्लू ! हेरी छाड्नु न गरी छाड्नु,—भोलि बिहानसम्ममा चार जोर लुगा

नसिद्ध्याईहुँदैन ! दुइटा ब्लाउज र त्यो कमीज पनि बिहानै लिन आउँछन्-के गर्नु । एउटी बुहारी र बूढा, बूढी छौं–दिनभरि हात खाली छैन ! बुहारी पनि के गरोस्—केटाकेटीले पिरलेर काम गर्न दिँदैनन् !"

कल चलिरहेको थियो—

"घ्यार्र घ्यार्र……"

मनले सिउने कलको आवाजभित्रै विचार गरिन्—

"यी सूचिकार बूढाको काम म किन नसकाऊँ ? आफूले जानेको काम गरिदिनैपर्छ ! बूढाले मलाई यहाँ बस्न नदिएका भए–यो रातको बेलामा कहाँ जानु लौ लौ ! बूढा कति जाती ! मैले यिनको काम सकाइदिनैपर्छ !!"

मनले बूढानिर आएर, बूढाको बगलको खाली कलको रित्तो बाजनमा धागो भरेर ठीक गरिसकेपछि भनिन्—

"त्यो…ब्लाउजको कपडा हो क्यार—दिनोस् त बा !"

बूढाले आश्चर्य भावले मनलाई हेरेर भने—

"किन र तपाईं सिउन जान्नुहुन्छ—र !"

मनले भनिन्—

"त्यो एउटा सिएर बालाई देखाउँछु, ठीक भयोभने अरू पनि सिउँला !"

"बिग्रन्छ बा बिग्रन्छ !"

"सकेसम्म बिगार्दिनँ—दिनोस् न !"

बूढाले विश्वास नमानेर हाँस्तै, ब्लाउजको कपडा र एउटा पुरानो ब्लाउज पनि मनको अगाडि सार्दै भने—

"लौ, लिनोस् ! यही नमूनाबमोजिम तयार पार्नुपर्छ !"

मनले पुरानो ब्लाउज हेरेर, हातले नापिसकेपछि–भूईंको कैंची उठाएर नयाँ कपडा काटिन् । सूचिकार बूढा आँखा तन्काएर हेरिरहेका थिए ।

कर्करी कपडा काटेर मनले ब्लाउजको बाहुला, आङ, कप, कलर

र बुट्टाका टुक्राहरू पनि कुनै सिद्धहस्त सूचिकारले छुट्याएजस्तै छुट्याइसकेपछि, टाँका दिएर गाँसिन् र कलमा हालिन् ।

एकै छिनमै मनले नमूनाबमोजिमको ब्लाउज तयार पारेर सूचिकार बूढालाई देखाइन् ।

मनको सीप देखेर सूचिकार बूढा छक्क परे । सूचिकार्नी बूढी पनि ज्यादै खुशी भइन् ।

त्यसपछि मनले सूचिकार बूढाले भने, भनेबमोजिमका दुइटा ब्लाउज र कमीज पनि सिएर तयार पारिन्—टाँकघर बुनेर टाँक पनि हालिन् । काम ज्यादै सफा र राम्रो थियो ।

सूचिकार बूढाले मनलाई कुनै सीपकी देवी प्रकट भएजस्तै माने ।

मनले भोलिपल्ट पनि धेरै लुगाहरू सिइन् । उनले सिएका लुगाहरूमा कसैले पनि कुनै खोट लाएन ।

मनले सूचिकारसँग भनेकी थिइन्—

"बालाई दुःख हुँदैन भने—म केही दिन बाकै घरमा बसेर लुगाहरू सिउन सकाइदिन्छु !"

सूचिकार बूढालाई त "के खोज्छस् काना ? आँखा !" भनेजस्तै भएको थियो । उनले मनलाई भने—

"बस्नोस् बा बस्नोस् ! म तपाईंलाई बेग्लै कोठा ठीक पारिदिन्छु !"

सूचिकारले मनको निम्ति चोटाभित्रपट्टि एउटा छुट्टै कोठा ठीक गरिदिए ।

सूचिकार बूढाको काम धेरै नै हल्का भएको थियो । बेलुका बूढाले मनले सिएका लुगाहरूबाट आएको ज्याला मनलाई बुझाउँदै भने—

"कमीज र एउटा ब्लाउजको ज्याला लिन बाँकी छ, अहिले यो बाह्र रुपियाँ उठ्यो—लिनोस् !"

मनले भनिन्—

"मैले ज्याला लिन लुगा सिएको हैन ! मैले त बाको काम सकाइदिएकी पो । राख्नोस् आफैं !"

मनले सूचिकार बूढाको घरमा लुगाहरू सिएर सुबिस्तासाथ महीना दिन बिताइसकेकी थिइन् । सूचिकारको घरबाट वाहिर निस्कन डरलागे पनि एक दिन सूचिकार बूढाको साथमा बालघरमा पुगेर उनले आफ्नो जीवनलाई धेरै दिनमा फेरि हेरिन् । सूचिकार बूढाले मनलाई आफ्नो बच्चो आफैंसित राख्नुपर्छ—भन्ने सल्लाह दिएका थिए । मनको पनि त्यही इरादा थियो—तर बालघरकी धाईले 'अड्डाका मानिसहरूलाई बोलाएर, लेखापढी गरेर मात्र—लानुपर्छ' भनेकीले त्यो दिन मनले जीवनलाई ल्याउन पाइनन् ।

सूचिकारको घरमा सबै कुरा सुबिस्ता भए पनि मनको निमित्त एउटा अप्रिय कुरा फेरि खडा भयो, त्यो थियो सूचिकारको छोरो देवरत्नको मनप्रतिको वक्रदृष्टि । त्यही विषयमा बाबु र छोरोको झगडा पनि पर्‍यो ।

बाबु, आमाजस्तै बूढाबूढी आफ्नो पक्षमा भएकाले देवरत्नको उत्तिको डर नमाने पनि मन सधैं सतर्क भएर लुगा सिउने काम गरिरहन्थिन् ।

चवालीस

दिन चढिरहेको थियो ।

धन कोठामा बसेर सुमनलाई खेलाइरहेकी थिइन्—

"हो, हो बाबु—हो, हो !!"

मिठ्ठूले कोठाभित्र पसेर आफूले लाएको ब्लाउज उनलाई देखाउँदै भनिन्—

"ए भाउज्यू, यो ब्लाउजको छाँट हेर्नोस्—कस्तो छ ? मलाई त असाध्ये मनपर्‍यो बाबै !"

मिठ्ठूले लाएको ब्लाउज देखेर धन आश्चर्य भइन् । उनी सम्झिरहेकी थिइन्—

"यो छाँटको ब्लाउज मिठ्ठूलाई कसले सिइदियो ? ब्लाउजको यो छाँट दिदी र मैले निकालेर—आफैंले सिएको पनि दुइटै मात्र हो ! कपडा फरक भए पनि छाँट र बुट्टा सब एकदम उही छ !"

धनले ब्लाउजको बुट्टा गनेर मिठ्ठूसित सोधिन्—

"खै, खै—उता फर्कनोस् त ! अँ.........कसले सिएको हो, यो ब्लाउज ?"

"त्यही भाजुरत्ने सूचिकारले सिएर ल्याएको हो ! भाजुरत्नेलाई सबैले गाली गर्छन्—मलाई भने ज्यादै बेस लाग्छ । बूढो भए पनि कस्तो सीप पुर्‍याएर काम गर्छ बाबै त्यो ! बुट्टै हेर्नोस्न यो ब्लाउजको कस्तो मिलेको !"

धनले गम्भीर भएर सोधिन्—

"हो, राम्रो छ! कहिले आएको थियो त्यो सूचिकार हँ ?"

"किन र भाउज्यू, तपाईं पनि सिउन दिनुहुन्छ ? अहिले नै आएको छ बाबै—तल !"

सुमनलाई पिठिउँमा बोक्तै धनले मिठ्ठूसित भनिन्—

"हँ ? हिंड्नोस् त जाऊँ !"

तल उही सूचिकार बूढा दलानमा बसेर काजीको भोटोमा तना सारिरहेका थिए ।

सूचिकारको अगाडि आएर धनले सुमनलाई मिठ्ठूको हातमा दिंदै भनिन्—

"ए सूचिकार बा, मिठ्ठू मैयाँको यो ब्लाउज कसले सिएको हँ ?"

सूचिकारले नाक फुलाएर भने—

"मिलेन र हजूर, मैले नै सिएको हो !"

धनले भनिन्—

"तिमीले भन्दैमा म पत्याउँछु अब ? बूढो भएर पनि फटाहा कुरा गर्ने—भनन, कसले सिएको ?"

सूचिकार अलि अलमल्लमा परे । उनले भने—

"हजूरसित नभएको कुरा गरेर मलाई के फाइदा, मेरै घरमा सिएको हो हजूर !"

धनलाई केही फेला परेजस्तै लाग्यो । धनले भनिन्—

"ऊ क्या ऊ, त कसले सिएको भनेको ?"

सूचिकारलाई—'बताउन हुने हो हैन' भनेर भनेर सन्देह भइरहेको थियो । नबताएर पनि के गर्ने—धन केरिरहेकी थिइन्, फेरि कुरा पनि खुस्किसकेको थियो । उनले असजिलो मानेर भने—

"स्वास्नीमान्छेले सिएको हो !"

मिठ्ठू जिल्ल परिरहेकी थिइन् ।

धनले खोजेको कुरा पत्ता लाग्दै आयो । उनले फेरि सोधिन्—

"को स्वास्नीमान्छेले ?"

अवभने सूचिकारलाई साँच्चि नै फसाद पऱ्यो । उनले अझ पनि छल्न खोजेर अलिकति कुरा चपाउँदै भने—

"घरकै स्वास्नीमान्छेले सिएको हो, हजूर !"

धनले अलि फर्केर भनिन्—

"कस्तो कुरा गरिरहेको छिः सोझो कुरा नगरेर ! वनकी स्वास्नीमान्छेले सिएको होला भनेर—मैले पनि भनेको हैन ! को स्वास्नीमान्छेले सिएको, सोझो कुरा गरन !"

सूचिकारले धनलाई एक छिन हेरिरहेर भने—

"किन र हजूर ! एउटी स्वास्नीमान्छे मकहाँ आएकी छन्—महीना दिनजति भयो ! मैले उनलाई छोरी त के भन्नु हजूर आमा—जस्तै गरेर राखेको छु ! उनैले सिएको हो !"

धनलाई तिनी मन नै होलिन्—भन्ने निश्चय भयो । उनले विचार गरेर पक्कामाथि पाइन चढाउन खोज्दै अझ कुरा खोतलिन्—

"हो, अघि नै त्यसो भनेको भए त कुरा सिद्धिहालेको थियो नि ! अँ, उनी एक्लै छन् कि उनको छोराछोरी पनि छ ?"

"मकहाँ त उनी एक्लै छन् ! उनको एउटा सानो छोरो छ, अन्तै छ !"

"कहाँ अन्त ?"

"बालघरमा !"

धन सिरिङ्ग भइन् । तिनी मन नै हुन्—भनेर उनलाई पच्चीसै आना विश्वास भयो । उनले एक छिन विचार गरेर उथलपुथल मचाउँदै हत्पतसित भनिन्—

"तिमी एक छिन पर्ख है सूचिकार बा, म माथि गएर आउँछु !"

धन माथि जान भनेर गइसकेकी थिइन् । स्वास्नीमान्छेको विचार अब, दलानको ढोकैबाट फर्केर उनले फेरि सोधिन्—

"तिनी के उमेरकी छन् त वा ?"

सूचिकारले भने—

"भर्खरकी नै छन् हजूर—हजूरहरूजस्तै !"

धनले आफ्नो चिउँडोमा औंलाले देखाएर हुलिया पनि सोधिन्—

"उनको यस्तोमा कोठी छ, हगि बा ?"

"छ बयार हजूर !"

धन दौडेर मास्तिर उक्लिन् । मिठ्ठूलाई आश्चर्य लागिरहेको थियो । उनी पनि धनकै पछिपछि मास्तिर उक्लिन् ।

माथि – चेतबहादुर काजीसाहेब "गोरखा-पत्र" हेरेर बसिरहेका थिए । धनले हत्पताउँदै आएर काजीसित एकै सासमा भनिन्—

"मलाई एक छिन बिदा बक्से—म सूचिकारको घरसम्म गएर आउँछु !"

काजीले अनौठो मानेर सोधे—

"किन हँ ?"

सुमनलाई बोकेर मिठ्ठू पनि आइरहेकी थिइन् । धनले काजीसित भनिन्—

"दिदीको पत्ता लाग्यो ! उहाँ सूचिकारको घरमा हुनुहुन्छ–रे !"

सूचिकारलाई धनले केरिरहेको कुरा बल्ल मिठ्ठूको टाउकोमा चढ्यो ।

काजीले धनलाई भने—

"हुन्छ, जाऊन त !"

धन–बिदा पाउनेबित्तिकै काजीको कोठाबाट फर्किहालिन् ।

काजीले एक्कै छिन विचार गरेर धनलाई बोलाए । धनलाई फेरि फर्कनुपर्‍यो । काजीले धनसित सोधे—

"अँ–तिम्री दिदी सूचिकारको घरमा कहिले आएकी रे ?"

"महीना दिनजति भयो–रे !"

काजीले भने—

"हेर, तिमीले उनलाई थाहा नै नदिईकन त्यहाँ गएर, तुरुन्तै आफूसँग ल्याउँन सके बेस है, नत्र हामीले थाहा पाएपछि तिनी त्यहाँबाट फेरि अर्कैतिर हिँड्लिन् । अँ, ल्याउन त सक्छ्यौ तिमी–उनलाई ?"

"................"

काजीले उठेर कोट र टोपी लाउँदै भने—

"...मोटर लिएर जानुपर्छ, पख म पनि जान्छु !"

धन खुशी भइन् ।

मिंठ्ठूले भनिन्—

"म पनि आउँछु है, बा !"

"हँ ? यल्लाई त मोटरको नामै सुनाउन हुँदैन–ल ल हिँड्, सुमनेलाई तैंले नै बोक्नुपर्छ नि !"

मिठ्ठूले भनिन्–

"मोटरले बोकिहाल्छ नि !"

"हो हो, ल हिँड् !"

काजीसाहेवले कजिनीलाई बोलाएर भने—

"वुहारीकी दिदीको पत्ता लाग्यो नि, बुझ्यौ ? वस है त हामी गयौं !!"

सुमनलाई बोकेकी मिठ्ठू, धन र काजी पनि एकैचोटि सँगसँगै तल ओर्ले ।

तल –काजीले सूचिकारलाई बोलाउँदै भने—

"आइज ए, भाजुरत्ने ! आज हामी सबै जना तेरो घरमा जान्छौं–के खान दिन्छस् ?"

सूचिकार बूढा परिस्थिति नबुझेर डराइरहेका थिए । यद्यपि उनले हाँसिटोपलेर हात माड्दै भने—

"सवारी होस् हजूर, सवारी होस्, जे छ उही टक्र्याउँछु !"

काजीले एउटा मान्छेलाई भाडाको मोटर ल्याउन दौडाएर पठाए । लाजिमपाटको ठाउँ—मोटर तुरुन्तै आइपुग्यो ।

सूचिकारसमेत सब जना मोटरमा बसेर हावा भए ।

सूचिकारले बताएबमोजिमै मोटर मछीन्द्रबहालअगाडि पुगेर रोकियो ।

सूचिकारले केही बोल्नै पाएनन्–सब जना ग्वार्ग्वार्ती भएर सूचिकारको घरमा उक्ले ।

माथि–कोठामा बसेर, मन कलमा लुगा सिइरहेकी थिइन्—कलको आवाज आइरहेको थियो । एक्कासि आफ्नो अगाडि धनलाई देखेर मन जुर्मुराउँदै उठेकी मात्रै थिइन्–धनले मनलाई छाँद हालेर भनिन्–

"दिदीऽऽ !"

मनका आँखामा पनि स्नेहको आँसु उर्लियो । उनले पनि धन-लाई प्यारो गरेर भनिन्—

"धनऽऽ !"

एक छिनसम्म दुवै दिदीबहिनीको घाँटी मस्किएको जस्तो भएर वाक्य नै फुटेन ।

सुमनलाई बोकिरहेकी मिठ्ठू र काजी बाहिरपट्टिको सूचिकार-को चोटामै उभिरहेका थिए ।

भित्र—एक छिनपछि मनले धनलाई आँसु भरिएर धमिला भएका आँखाले धनको दुब्लो शरीर र जूठाको सेतो लुगा देखेर आत्ति-एर भनिन् –

"धन, तिम्रो के भयो यस्तो ?"

धनले पनि उस्तै काँपेको स्वरले भनिन् —

"नसोध्नोस् दिदी, मेरो हाल–नसोध्नोस् !"

मिठ्ठू भित्र आइसकेकी थिइन् ।

धनले मिठ्ठूको बुईबाट सुमनलाई लिएर मनको हातमा राखि-दिँदै भनिन्—

"लौ दिदी, सुमन !"

मनले सुमनलाई लिएर छातीमा लगाइन् । धनका आँखाबाट झरेका स्नेहका अश्रुविन्दुले सुमनको टाउको भिजिरहेको थियो ।

एक छिनपछि धनले मनको कानैनिर मुख लगेर के, के हो भनिन् । काजी पनि ढोकानिर उभिरहेका थिए । मनले उठेर काजीलाई नमस्ते

गरिन्, मिठ्ठूले मनलाई ।

काजीले मिठ्ठूलाई भने—

"मिठ्ठू, यहाँ बाहिर आ न–कति दिनमा भेट भएका दिदी, बहिनीलाई कुरा गर्न दे !"

मिठ्ठू कोठाबाट निस्केपछि धनले भनिन्—

"हिंड्नोस् दिदी, हामी तपाईंलाई लिन आएका ! तपाईंको मायाले उहाँ बा, आमाको हाल कस्तो भइसक्यो, तपाईं भने यस्तो ! हिंड्नोस्, बिन्ती भन्छु !"

मनले भनिन्—

"म बा, आमालाई कुन मुख देखाउन जाऊँ—धन ?"

धनले भनिन्—

"यै मुख देखाउने, कुन मुख अब ! तपाईंलाई बा, आमाको माया लाग्दैन ? बालाई आराम छैन, एकचोटि तपाईंको मुख हेरेर मर्न पाए हुन्थ्यो--भन्नुहुन्छ !"

थाम्दा-थाम्दै पनि मनको गलाबाट फेरि हिक्का छुटंचो । उनले हत्त र पत्त उठेर हिक्क, हिक्क गर्दै भनिन्—

"हिंड धन, हिंड–म जान्छु मेरो बालाई हेर्न !"

मन र धन बाहिरपट्टिको चोटामा निस्के ।

मनले सूचिकार बूढा र बूढीनिर गएर भनिन्—

"बा, तपाईंहरूको मलाई ठूलो गुन छ ! म अहिले जान्छु, भेट्न आउँला !"

सूचिकारको घरबाट सब जना ग्वार्ग्वार्ती भएर ओर्ले । सूचिकार बूढा र बूढी पनि उनीहरूलाई तल मोटरसम्म पुऱ्याउन आएका थिए ।

मन, धन, काजी र सुमनसमेतकी मिठ्ठूलाई लिएर मोटर वायु-वेगमा उड्यो ।